# उत्पत्तिको पुस्तकको भूमिका

*'पवित्र बाइबलको पहिलो पुस्तकचाहिँ पवित्र धर्मशास्त्रका पुस्तकहरूमध्ये हामीलाई मनमुग्ध गराउने सबैभन्दा चाखलाग्दो खण्ड हो; यसको निम्ति निम्न कारणहरू छन्, जस्तैः ग्रन्थ-सूचिमा यसको विशेष स्थान, पवित्र बाइबलका अरू पुस्तकहरूसित यसको सम्बन्ध, अनि यस पुस्तकमा समावेश गरिएका भिन्न-भिन्नै, आकर्षक विषयहरू र तिनका विशेषताहरू । यी विभिन्न कारणहरूले यस पुस्तकलाई पवित्र धर्मशास्त्रका अरू सबै पुस्तकहरूभन्दा प्रमुख स्थान प्रदान गर्छन् । यसकारण युगौंयुगका परमेश्वरका जनहरू जब तिनीहरूले वास्तविक अध्यात्मिक अन्तर्दृष्टिको साथ यस पुस्तकसित आफ्नो रुचि राख्थे र गम्भीरतासाथ यसमाथि आफ्नो ध्यान लगाइदिन्थे, तब तिनीहरूले सठीक काम गरे ।'*

*श्री डब्लू. एच. ग्रिफिथ् थोमस्*

## क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

ग्रीक भाषामा उत्पत्तिको पुस्तकको नाम 'शुरुआत' भनिन्छ भने, यहूदीहरूले यस पुस्तकको नाम हिब्रूमा 'बेरेशित' अर्थात् 'शुरुमा' भन्ने नाम राखेर यस पुस्तकको निम्ति सही शब्द प्रयोग गरेका छन्; किनभने पवित्र बाइबलको यस आकर्षक खण्डले सृष्टिको उत्पत्तिको एकमात्र सत्य विवरण पेश गर्छ; किनकि एकमात्र सृष्टिकर्ता परमेश्वरले नै सबै कुराहरू सृष्टि गर्नुभयो; अनि शुरुमा उहाँ मात्र हुनुहुन्थ्यो ।

अनि पवित्र आत्माले परमेश्वरको दास मोशाद्वारा यस पुस्तकमा पुरुष र स्त्रीको सृष्टि, विवाह र घर-परिवारको शुरु, पाप र बलिदानको आरम्भ, साथै शहरहरू, व्यापार-वाणिज्य, खेतीपाती, संगीत, परमेश्वरको आराधना, संसारका भाषाहरू, जातिहरू र राष्ट्रहरू कसरी शुरु भए, सो सुस्पष्ट रूपरेखा प्रस्तुत गर्नुभएको छ। यी सबै कुराहरू उत्पत्तिको पुस्तकका पहिला एघारवटा अध्यायहरूमा पढ्न पाइन्छ ।

त्यसपछि, उत्पत्तिको पुस्तकको बाह्र अध्यायदेखि पचास अध्यायसम्म हामी इस्राएली जातिको शुरुआतको विषयमा पढ्न पाउँछौं – परमेश्वरको यस प्रयोगशालारूपी जाति कहाँबाट शुरु भएको थियो, सो देख्दछौं, जुन जातिबाट संसारका सबै जातिहरूको आत्मिक सूक्ष्म दर्शन मिल्छ। कुल-पिताहरू अब्राहाम, इसहाक, याकूब र उनका बाह्रैजना छोराहरूका जीवनीहरूले, अँ, विशेष गरी ईश्वरभक्त यूसुफको आकर्षित तुल्याउने जीवनीले साना नानीहरूदेखि लिएर बाइबलका ठूला-ठूला विद्वान्हरूसम्म अनगिन्ती ठूलासाना मानिसहरूलाई प्रेरणा प्रदान गरेका छन् ।

पवित्र बाइबलका बाँकी पैंसट्ठी पुस्तकहरू राम्ररी बुझ्नु हो भने हामीले पहिले उत्पत्तिको पुस्तकको ठोस अर्थ बुझ्नैपर्छ; किनकि यस पुस्तकरूपी सुन्दर, आयामिक, साहित्यिक आधारमाथि बाइबलका सबै बाँकी पुस्तकहरू निर्माण गरिएका छन् ।

**ख) यस पुस्तकको लेखक को हुन् ?**

यहूदीहरू र इसाईहरूको प्राचीन शिक्षाअनुसार मोशाले उत्पत्तिको पुस्तक संकलन गर्नको साथै यो पुस्तक लेखेका हुन्। अनि हामी यो तथ्य सहर्षसाथ स्वीकार गर्छौं। उनी परमेश्वरका दास र शास्त्रकार हुन्, जसद्वारा परमेश्वरले इस्राएली जातिलाई व्यवस्था दिनुभयो। उत्पत्तिको पुस्तकमा उल्लेख गरिएका सबै घटनाहरू मोशाको समयभन्दा पहिले नै घटेका थिए; यसकारण निस्सन्देह पवित्र आत्माबाट मिलेको प्रकाश र मार्गदर्शनअनुसार उनले पुराना लेखहरू र, हुन सक्छ, पुर्खाहरूका मौखिक बयानहरू पनि प्रयोग गरी लेखे। मोशा नै उत्पत्तिको पुस्तकको लेखक थिए भन्ने सम्बन्धमा अझ बढ़ी जानकारी चाहेमा तपाईंले 'पेन्टटुकको भूमिका'मा हेर्नुहोला।

**ग) यस पुस्तकको लेख्ने मिति के हो ?**

प्रायः सबै बाइबल संरक्षक विद्वान्हरू प्रस्थानको पुस्तकको लेख्ने मिति ख्रीष्टपूर्व १४४५ सालतिर लगाइदिन्छन्। यसो हो भने, उत्पत्तिको पुस्तक ख्रीष्टपूर्व १४४५ साल र मोशाको मृत्यु हुने सालको बीचमा, अर्थात् यी चालीस वर्षको बीचमा लेखिएको अनुमान लगाउन सकिन्छ। तर यो पनि सम्भव देखिन्छ, कि पेन्टटुकको यो पहिलो पुस्तकचाहिँ प्रस्थानको पुस्तकभन्दा अघि नै लेखिएको थियो; किनभने उत्पत्तिको पुस्तकमा उल्लेख गरिएका सबै घटनाहरू कालक्रमको हिसाबले प्रस्थानका महान् घटनाहरूभन्दा अघि घटेका थिए। यसको विषयमा तपाईं 'पेन्टटुकको भूमिका' पढ़ेर अझै बढ़ी जानकारी पाउन सक्नुहुन्छ।

**घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?**

यहूदीहरू र इसाईहरूमध्ये, जसको मनमा पवित्र बाइबलको विरुद्ध कुनै झुकाउ छैन, तिनीहरू सबैको बीचमा एकमत छः उत्पत्तिको पुस्तकचाहिँ अति प्राचीन समयहरूका घटनाहरूको आकर्षक सत्य विवरण हो, जसमा यूसुफको जीवनीको मनोरम ऐतिहासिक कथाजस्तै अरू अन्य वृत्तान्तहरू छन्।

पवित्र बाइबलको यस पहिलो पुस्तकको सन्दर्भ के हो त ? अथवा छोटकरीमा भन्नु हो भने, यस पुस्तकको पृष्ठभूमि के हो त ?

'परमेश्वर यथार्थ व्यक्ति हुनुहुन्छ' भन्ने कुरा सरासर इन्कार गर्ने व्यक्तिहरूले प्रायः उत्पत्तिको पुस्तक दन्त्यकथाहरूको संग्रहको दर्जामा राख्छन् र यी कथाहरू केवल मेसोपोटामियावासी अन्यजातिहरूका पौराणिक कथाहरूको रूपान्तर गरिएका रचनाहरू हुन् भन्छन्। तिनीहरूको नास्तिक विष लागेको धारणाअनुसार, यहूदीहरूले यी कथाहरूबाट बहुईश्वरीय तत्त्वहरू हटाएर ती कुराहरू एकेश्वरीय तत्त्व तुल्याए र हिब्रूहरूको रस र स्वादको निम्ति पच्ने बनाए अरे।

अरू मानिसहरू छन्, जसले उत्पत्तिको पुस्तकलाई यस प्रकारको शङ्कापूर्ण दृष्टिले हेर्दैनन्। तिनीहरूले उत्पत्तिको पुस्तक गाथाहरू र पौराणिक कथाहरूको संग्रहको रूपमा हेर्छन्, जुन कथाहरूमा केही ऐतिहासिक अर्थ छ।

अरू मानिसहरू पनि छन्, जसको विचारमा, उत्पत्तिको पुस्तकचाहिँ प्रकृति र संस्कृतिसित सम्बन्धित कुराहरू कहाँबाट आएका हुन्, सो कुराको स्पष्टीकरण गर्ने कथाहरूको संगालो हो रे। पवित्र बाइबलको पुरानो नियममा विशेष गरी शुरुआतहरूको

विषयमा लेखिएको यस प्रथम पुस्तकमा उत्पत्ति र हेतुको विज्ञानअन्तर्गत पर्ने कति सत्य वृत्तान्तहरू छँदैछन्, जस्तैः पापको शुरुआत भएको, आकाशमा पहिलो पल्ट ईन्द्रेणी देखा परेको, इस्राएली जाति अस्तित्वमा आएको इत्यादि; तर यी कथाहरू अऐतिहासिक वृत्तान्तहरू हुन् भन्न मिल्दैन ।

उत्पत्तिको पुस्तकको बयान इतिहास नै हो । अरू सबै इतिहासका विवरणहरूजस्तै उत्पत्तिको पुस्तकमा पनि विभिन्न अर्थ लगाउन सकिन्छ। उत्पत्तिको पुस्तक धर्मशास्त्रीय इतिहास हो; किनभने यस पुस्तकमा बताइ-दिइएका तथ्यहरू ईश्वरीय योजनाअन्तर्गत प्रस्तुत गरिएका छन्। अङ्ग्रेजीमा यस प्रकारको मज्जाको भनाइ छः 'History is His story' अर्थात् 'इतिहासचाहिँ उहाँको कथा हो ।'

उत्पत्तिको पुस्तक 'तोरा' नामक धर्मनियमको पहिलो पुस्तक भए ता पनि यसमा कानुनी केही पनि छैन। ('तोरा'को शाब्दिक अर्थ निर्देशन हो ।) तर यस पुस्तकले प्रस्थानको पुस्तकदेखि लिएर व्यवस्थाको पुस्तकसम्म धर्मशास्त्रको त्यस खण्डको निम्ति, साथै परमेश्वरले पछि मोशाद्वारा दिनुभएको दस आज्ञाहरूरूपी व्यवस्थाको निम्ति उपयोगी जग तयार गर्दछ। वास्तवमा, उत्पत्तिको पुस्तकले बाइबलीय इतिहासको निम्ति, र मानव-इतिहासको निम्ति पनि उचित, सुयोग्य जग बसाल्छ।

उत्पत्तिको पुस्तकको रचना दुईवटा तथ्यहरूले – आशिष र श्रापरूपी धागोहरूले होशियारसाथ र खूबै सुन्दर ढङ्गमा बुनेको छ। अनि यो कुरा सम्पूर्ण पवित्र बाइबलको विषयमा पनि सत्य ठहरिएको छः आज्ञा-कारिताले प्रचुर आशिष ल्याउँछ भने अनाज्ञाकारिताले यसको ठीक विपरीत कुराहरू अर्थात् यी अनाज्ञाकारी मानिस-हरूमाथि श्रापहरू ल्याउँछ।

पापको पतनबाट आएका ठूला श्रापहरूचाहिँ विश्वव्यापी जलप्रलय हो, र बाबेलमा संसारको भाषाको खलबल पनि हो । अनि महान् आशिषहरूचाहिँ मुक्तिदाता दिन्छु भन्ने परमेश्वरको प्रतिज्ञा र मानिसहरूको बाँकी भाग जलप्रलयबाट भएर बाँचेको, साथै परमेश्वरले छान्नुभएको इस्राएली जातिद्वारा उहाँको अनुग्रहको धारा बगिरहेको ।

यदि उत्पत्तिको पुस्तक वास्तविक इतिहास हो भने, मोशाले कसरी यी उहिलेका वंशावलीहरू, यी प्राचीन मानिसहरूको बीचमा चलिरहेका बातचितहरू, त्यस बेलामा घटेका घटनाहरू र ती घटनाहरूको सठीक अर्थ जान्न सके ?

पहिले हामी सफासँग यो भन्छौंः उत्पत्तिको पुस्तकमा उल्लेखित पितापुर्खाहरू र उनीहरूका प्रथाहरूको विषयमा पुरातत्वको खोजले उत्पत्तिको पुस्तकको वृत्तान्त धेरै क्षेत्रहरूमा पुस्टि गरेको छ। यस पुरातत्वका अनुसन्धानहरू प्रमाणको रूपमा नलिए ता पनि यी अनुसन्धानहरूले कम्तीमा यस दिव्य वृत्तान्तको समर्थनको काम त गर्छन् र विभिन्न तत्त्वहरू उदाहरणहरूको रूपमा पेश गरेर कुरा स्पष्ट पार्छन् ।

उन्नाइसौं शताब्दीमा बाँचिरहेका अन्टोन हार्टमन्न् नाम गरेका उदारवादी विद्वान्को शिक्षाअनुसार मोशाले पेन्टटुक लेखेनन् अरे; किनभने त्यस बेलासम्म लेख्ने कला विकसित भएको थिएन।[1)] तर वर्तमान समयमा प्राप्त ज्ञानअनुसार मोशाले मिस्र देशको विद्या हासिल गरेका थिए; यसकारण उनले प्राचीन लिपिहरूमध्ये कुनै एउटा प्रयोग गरी पेन्टटुक लेख्न सके ।

यूसुफले छोड़िदिएका लिखित वर्णनहरू, ढुङ्गाका पाटीहरू, चर्मपत्रमा लेखिएका पुस्तकहरू र प्राचीन मेसोपोटामियाबाट अब्राहाम र तिनका सन्तानहरूले एक पुस्तादेखि अर्को पुस्तालाई सुम्पिएका मौखिक

बयानहरू लिएर मोशाले उत्पत्तिको पुस्तक लेख्न प्रयोग गरेका हुन्; यस कुरामा कुनै शङ्का छैन। पितापुर्खाहरूका वंशावलीहरूको विषयमा, विशेष गरी 'आदमको वंशावलीको पुस्तक' नामक खण्ड र अरू यस्ता खण्डहरूको विषयमा उक्त कुरा पनि लागू हुन्छ।

यति भनेमा हाम्रो विश्लेषणको कुराको अन्त भएको छैन। किनभने हामीले भन्नुपर्छः पवित्र आत्मा परमेश्वरले मोशालाई यथार्थ र सठीक सामग्रीहरू चुनेर प्रयोग गर्ने, तर अरू बाँकी सबै सामग्रीहरू रद्द गर्ने प्रेरणा दिनुभएको हो। अनि हुन सक्छ, अलौकिक प्रकाशद्वारा मोशाले कतिपय बातचितहरू र अन्य बेलीबिस्तारहरूको विषयमा ज्ञान हासिल गरेर यी कुराहरू यस उत्पत्तिको पुस्तकमा पनि पेश गरे होलान्।

यस सम्बन्धमा हाम्रो निष्कर्ष यस प्रकारको छः यो सब विश्वासमा आधारित तथ्य हो। के परमेश्वर आफ्नो दास मोशाद्वारा उत्पत्तिको पुस्तकको रचना गर्न सक्षम हुनुहुन्छ? मानव-इतिहासको शुरुदेखि नै आजको दिनसम्म पुस्तौंपुस्ताका सबै विश्वासीहरूले परमेश्वर सत्य हुनुहुन्छ भन्ने तथ्यमाथि आफ्नो मोहर-छाप लगाएका छन्।

पुरातत्वका अनुसन्धानहरूले हामीलाई उत्पत्तिको समयमा बाँचिरहेका पितापुर्खा-हरूको संस्कृति के-कस्तो थियो, सो कुरा बताएर बाइबलका वर्णनहरू सजीव पार्न सहयोग गर्लान्,[2] तर पवित्र आत्माले मात्र उत्पत्तिको पुस्तकमा प्रकट गरिएको सत्यता हाम्रो हृदयमा र हाम्रो दैनिक जीवनमा उज्ज्वल तुल्याउन सक्नुहुन्छ।

जब तपाईं उत्पत्तिको पुस्तक अथवा पुरानो नियमको अरू कुनै पनि पुस्तकको विषयमा यस 'विश्वासीहरूको निम्ति लेखिएको पवित्र बाइबलको टिप्पणी' नामक पुस्तकमा पढ्नुहुन्छ, तब तपाईंले यी टिका-टिप्पणी-हरूबाट आत्मिक लाभ उठाउनको निम्ति पवित्र आत्माको प्रकाशमाथि निर्भर गर्नुहोस्, तब तपाईंले सीधा पवित्र वचनबाट अमूल्य आशिषहरू उठाउनुहुनेछ। पवित्र बाइबलको जुनै पनि असल टिप्पणीचाहिँ सीधा हाम्रो निम्ति आशिष प्राप्त गर्ने माध्यम हुने खोज्ने होइन, तर त्यसले बाणको काम गर्छ, जुन बाणले *'परमप्रभु यसो भन्नुहुन्छ'* भन्ने वाक्य-माथि हाम्रो ध्यान खिज्न खोज्छ।

# रूपरेखाः

**खण्ड १) उत्पत्ति १-११ः पृथ्वीका प्रारम्भिक युगहरू**

**क) उत्पत्ति १-२ः** सृष्टिको उत्पत्ति

**ख) उत्पत्ति ३ः** मानिसको परीक्षा र पतन

**ग) उत्पत्ति ४ः** कयिन र हाबिल

**घ) उत्पत्ति ५ः** सेत र तिनका सन्तानहरू

**ङ) उत्पत्ति ६-८ः** विश्वव्यापी पाप र जलप्रलय

**च) उत्पत्ति ९ः** जलप्रलयपछि नूहको जीवन

**छ) उत्पत्ति १०ः** जातिहरूको सूचि

**ज) उत्पत्ति ११ः** बाबेलको धरहरा

**खण्ड २) उत्पत्ति १२-५०ः इस्राएलका पितापुर्खाहरू**

**अ) उत्पत्ति १२ः१-२५ः११ः** अब्राहाम

- **क) उत्पत्ति १२ः१-९ः** अब्राहामको बोलावट
- **ख) उत्पत्ति १२ः१०-१३ः४ः** मिस्र देशमा अब्राहामको प्रवेश र कनानमा तिनी फर्केको
- **ग) उत्पत्ति १३ः१-१४ः२४ः** लूत र मेल्किसेदेकसँग गरेका अब्राहामका अनुभवहरू
- **घ) उत्पत्ति १५ः** अब्राहामलाई प्रतिज्ञा गरिएको उत्तराधिकारी
- **ङ) उत्पत्ति १६-१७ः** इश्माएलचाहिँ शरीरअनुसार अब्राहामको सन्तान हो
- **च) उत्पत्ति १८-१९ः** सदोम र गमोरा
- **छ) उत्पत्ति २०ः** अब्राहाम र अबिमेलेक
- **ज) उत्पत्ति २१ः** इसहाकचाहिँ प्रतिज्ञा गरिएको पुत्र हुन्
- **झ) उत्पत्ति २२ः** इसहाकरूपी बलिदान
- **ञ) उत्पत्ति २३ः** अब्राहामको परिवारको निम्ति निर्धारित कब्रस्तान
- **ट) उत्पत्ति २४ः** इसहाकको निम्ति एउटी दुलही
- **ठ) उत्पत्ति २५ः१-१८ः** अब्राहामको वंश

**आ) उत्पत्ति २५ः१९-२६ः३५ः** इसहाक

- **क) उत्पत्ति २५ः१९-३४ः** इसहाकको परिवार
- **ख) उत्पत्ति २६ः** इसहाक र अबिमेलेक

**इ) उत्पत्ति २७ः१-३६ः४३ः** याकूब

- **क) उत्पत्ति २७ः** एसाव याकूबद्वारा ठगिएका
- **ख) उत्पत्ति २८ः** याकूब हारानमा भागेर गएका
- **ग) उत्पत्ति २९ः१-३०ः२४ः** याकूब, उनका पत्नीहरू र उनका छोराछोरीहरू
- **घ) उत्पत्ति ३०ः२५-४३ः** याकूबले बुद्धिद्वारा लाबानलाई जितेका

**ङ) उत्पत्ति ३१ः** याकूब कनान देशमा फर्केका

**च) उत्पत्ति ३२-३३ः** याकूब र एसावको मेलमिलाप

**छ) उत्पत्ति ३४ः** शेकेममा हुन गएका पापहरू

**ज) उत्पत्ति ३५ः** याकूब बेतेलमा फर्कन्छन्

**झ) उत्पत्ति ३६ः** याकूबको दाजु एसावका सन्तानहरू

**ई) उत्पत्ति ३७ः१-५०ः२६ः** यूसुफ

**क) उत्पत्ति ३७ः** यूसुफ कमारा हुनलाई मिस्र देशमा बेचिएका

**ख) उत्पत्ति ३८ः** यहूदा र तामार

**ग) उत्पत्ति ३९ः** यूसुफको परीक्षा र विजय

**घ) उत्पत्ति ४०ः** यूसुफले मिस्रका राजाका मद्य टक्राउने नोकर र रोटी पकाउने नोकरका सपनाको अर्थ खोलिदिएका

**ङ) उत्पत्ति ४१ः** यूसुफले मिस्रका राजाका सपनाहरूको अर्थ खोलिदिएका

**च) उत्पत्ति ४२-४४ः** यूसुफका दाजुभाइहरू मिस्र देशमा आएका

**छ) उत्पत्ति ४५ः** यूसुफले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरेका

**ज) उत्पत्ति ४६ः** आफ्ना परिवारसँग यूसुफको पुनर्मिलन

**झ) उत्पत्ति ४७ः** मिस्र देशमा भएको यूसुफको परिवार

**ञ) उत्पत्ति ४८ः** याकूबले यूसुफका छोराहरूलाई आशीर्वाद दिएका

**ट) उत्पत्ति ४९ः** आफ्ना छोराहरूको सम्बन्धमा याकूबको भविष्यवाणी

**ठ) उत्पत्ति ५०ः** मिस्र देशमा याकूबको मृत्यु र त्यसपछि यूसुफको मृत्यु

# उत्पत्तिको पुस्तकको टिप्पणी

## खण्ड १

## उत्पत्ति १-११ः

### पृथ्वीका प्रारम्भिक युगहरू

**क) उत्पत्ति १-२ः सृष्टिको उत्पत्ति**

**उत्पत्ति १ः१ः** *'शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ...'* पवित्र बाइबलका यी पहिला शब्दहरूचाहिँ हाम्रो विश्वासको सत्‌आधार हुन् । तपाईंले यी शब्दहरू विश्वास गर्नुभयो भने, तपाईंले पवित्र बाइबलमा लेखिएका अरू सबै कुराहरू विश्वास गर्न सक्नुहुन्छ। उत्पत्तिको पुस्तकले सृष्टिको उत्पत्तिको एकमात्र साधिकारयुक्त वर्णन प्रस्तुत गर्दछ, जुन वर्णनचाहिँ सबै उमेरका मानिसहरूको निम्ति अर्थपूर्ण हुन्छ, र जसको अर्थ कसैले पनि पूरा पत्ता लगाएर निकाल्न सकेको छैन। यस ईश्वरीय वर्णनले परमेश्वरको अस्तित्व प्रमाण गर्ने कोशिश गर्दैन, तर बरु उहाँको अस्तित्वको अपेक्षा गर्छ । परमेश्वरको अस्तित्व इन्कार गर्नेहरूका निम्ति पवित्र बाइबलले 'मूर्ख' भन्ने विशेष उपाधि दिएको छ (भजन १४ः१ र ५३ः१) । जसरी पवित्र बाइबल परमेश्वरबाट शुरु भएको छ, त्यसरी नै हाम्रो जीवन पनि उहाँबाट शुरु भएको हुनुपर्छ अर्थात् उहाँले हाम्रो जीवनमा पहिलो स्थान पाउनुपर्छ ।

**उत्पत्ति १ः२ः** यस पुस्तकमा दिइएको सृष्टिको विवरणमा अर्थ लगाउने संरक्षक धारणाहरूमध्ये एउटाचाहिँ सृष्टिको पुनर्रचना भनिन्छ । त्यस धारणाअनुसार उत्पत्ति १ः१ पद र १ः२ पदको बीचमा एउटा अन्तराल समय आएको थियो, जुन समयमा एउटा महा-विपत्ति घटेको थियो; हुन सक्छ, त्यस समयमा शैतानको पतन भएको हुनुपर्ला (इजकिएल २८ः११-१९) ।[3] अनि यही घटनाद्वारा परमेश्वरले सिद्धतामा सृजना गर्नुभएको उहाँको प्रारम्भिक मूलसृष्टि आकारविहीन र शुन्य हुन गयो; हिब्रूमा यस परिस्थितिलाई 'तोहू-व-बोहू' भनिन्छ। यशैया ४५ः१८ पदअनुसार परमेश्वरले पृथ्वीलाई उजाड़ र व्यर्थको सृष्टि गर्नुभएन; यसकारण त्यहाँ कुनै बलजफतकारी प्रकोप वा दुर्घटना घटेको हुनुपर्छ, जुन प्रकोपको फलस्वरूप पृथ्वीचाहिँ आकारविहीन र शुन्य अवस्थामा ल्याइएको र उत्पत्ति १ः२ पदमा बताइएअनुसारको स्थितिमा आइपुगेको थियो। यस धारणाका समर्थकहरूले के भन्छन् भने, उत्पत्ति १ः२ पदमा हिब्रूमा जुन *hâyethâ* भन्ने शब्द 'थियो' भनेर अनुवाद गरियो, त्यो शब्द 'हुन गयो वा बन्यो' भनेर पनि अनुवाद गर्न सकिन्छ।[4] यसर्थ

'पृथ्वीचाहिँ आकारविनाको र शून्य हुन गयो' भन्न मिल्दो रहेछ।

*'परमेश्वरको आत्मा पानीको सतह-माथि घुमिरहनुहुन्थ्यो;'* हामी यहाँ पवित्र आत्माको क्रियाशीलता देख्दछौं, जो एउटा सृजनात्मक कामद्वारा पृथ्वीलाई पुनर्निमाण गर्ने तयारीमा हुनुहुन्थ्यो। यस अध्यायका बाँकी पदहरूले सृष्टिका छ दिनहरू वर्णन गर्छन्, जुन समयभित्र परमेश्वरले पृथ्वीलाई मानिसको वासस्थान हुनका निम्ति पुनर्निमाण गर्नुभयो।

**उत्पत्ति १ः३-५ः** *पहिलो दिनः* पहिलो दिनमा परमेश्वरले अन्धकारबाट ज्योति चम्किनिस्कोस् भनेर आज्ञा गर्नुभयो, अनि दिन-रातको नित्य क्रम स्थापित गर्नुभयो। उहाँले पहिलो दिनमा उज्यालो सृजना गर्नुभएको कार्य र चौथो दिनमा सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभएको कार्यको बीचमा हामी अल्मलिनुहुँदैन। २ कोरिन्थी ४ः६ पदमा प्रेरित पावलले परमेश्वरले अन्धकार-बाट ज्योति चम्काइदिनुभएको कार्य र एकजना पापी मानिस पापको अन्धकारदेखि ख्रीष्ट येशूकहाँ फर्केर आएको कुरामा केही समानता देखेका छन्।

**उत्पत्ति १ः६-८ः** *दोस्रो दिनः* सृष्टिको दोस्रो दिन हुनुभन्दा अघि पृथ्वी बाक्लो पानीको तहले पूरा ढाकिएको बुझिन्छ; हुन सक्छ, त्यो पानीको तहचाहिँ बाक्लो वाफको रूपमा थियो, कि कसो हो? दोस्रो दिनमा परमेश्वरले त्यस पानीको तहलाई दुई भाग लगाउनुभयो र बीचमा वायुमण्डल हालि-दिनुभयो। मुनिको भागको पानीले पृथ्वीलाई पुरेको थियो भने, पानीको अर्को भागचाहिँ बादलहरू बन्यो। अनि पृथ्वीमाथिको पानी र आकाशमा भएको पानीको बीचमा वायु-मण्डलीय तहहरू थिए, जसलाई अन्तर वा गुम्बज भनिएको छ। परमेश्वरले त्यस अन्तरलाई 'आकाश' भन्नुभयो, जुन आकाश-चाहिँ पृथ्वीदेखि उभो फैलिएर गएको खाली भाग हो; सूर्य, चन्द्रमा र ताराहरू भएको ठाउँ आकाशमण्डल भनिन्छ भने स्वर्ग अथवा तेस्रो स्वर्गचाहिँ परमेश्वरको वासस्थान हो। उत्पत्ति १ः२० पदअनुसार स्पष्ट बुझिन्छ, कि यो आकाशचाहिँ वायुमण्डल हो, जहाँ पक्षीहरू उड्छन्।

**उत्पत्ति १ः९-१३ः** *तेस्रो दिनः* त्यसपछि परमेश्वरले पृथ्वीरूपी ग्रहलाई ढाकिदिने पानीबाट सुक्खा जमिन देखा पर्ने तुल्याउनु-भयो। यसरी भूभाग र समुद्र अस्तित्वमा आए। अनि यही तेस्रो दिनमा उहाँले किसिम-किसिमका हरिया वनस्पति र रूखहरू पनि यस भूभागबाट उमार्नुभयो।

**उत्पत्ति १ः१४-१९ः** *चौथो दिनः* चौथो दिन नभएसम्म परमप्रभुले आकाशमा सूर्य, चान्द्रमा र ताराहरू राख्नुभएन, जुन नक्षत्रहरू पृथ्वीमा उज्यालो प्रदान गर्ने र ऋतु, वर्ष, महिना इत्यादि ठहऱ्याउने अर्थात् मानव जातिको निम्ति तारिख-सूचि स्थापित गर्ने माध्यम बने।

**उत्पत्ति १ः२०-२३ः** *पाँचौं दिनः* पाचौं दिनमा समुद्रको पानी सबै प्रकारका माछा र जलजन्तुहरूले भरियो भने, भूभागदेखि मास्तिरको वायुमण्डलचाहिँ सबै प्रकारका पक्षीहरू र कीराफटेंग्राहरूले भरियो। यहाँ 'पक्षीहरू' भनेर अनुवाद गरिएको शब्दको अक्षरशः अर्थचाहिँ 'पखेटादार' हो, जुन पखेटा भएका प्राणीहरूमा चमेराहरू र अन्य उड्ने कीराहरू पनि समावेश हुन्छन्।

**उत्पत्ति १ः२४-२५ः** *छैटौं दिनः* छैटौं दिनमा परमेश्वरले सबै प्रकारका पशुप्राणी र जमिनमा घस्रने जन्तुहरू सृजना गर्नुभयो। अनि प्रजननको नियम यहाँ *'आ-आफ्नो जातअनुसार'* भन्ने शब्दहरूद्वारा घरिघरि प्रस्तुत गरिएको छ। सबै पशुप्राणी र जीवजन्तु-हरूचाहिँ किसिम-किसिमका हुन्छन्; तिनी-हरूमा थरिथरिका उपजातहरू हुन्छन्। तर

कुनै प्राणी र कुनै जीवजन्तुले आफ्नो जात नाघेको छैन, अँ, कुनै जीव अर्को जात बनेको पनि छैन ।

**उत्पत्ति १ः२६-२८ः** परमेश्वरको कामको ताजचाहिँ मानिस हो, जसलाई उहाँले आफ्नै स्वरूपमा र आफ्नो समानतामा सृष्टि गर्नुभयो। यसर्थ मानिस यस पृथ्वीमा परमेश्वरको प्रतिनिधि गर्छ, र मानिस कतिपय कुराहरूमा परमेश्वरतुल्य हुन्छ। परमेश्वर त्रिएक हुनुहुन्छ अर्थात् पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ; ठीक त्यस्तै मानिस पनि आत्मा, प्राण र शरीर भएको त्रिएक प्राणी हो । परमेश्वरमा भएझैं मानिसमा पनि समझ र विवेक छ, उसमा एउटा नैतिक स्वभाव छ र अरू मानिसहरूसँग बातचित गर्ने क्षमता छ। अनि मानिसमा भावनात्मक स्वभाव पनि छ, जुन भावनात्मक स्वभावचाहिँ अरू प्राणी-हरूमा भएको सहजज्ञानभन्दा धेरै उच्च स्तरको हुन्छ। मानिस परमेश्वरको समानतामा सृष्टि गरियो भन्नाले यहाँ कुनै शारीरिक समानता बुझ्नुहुँदैन। तर मानिस पशु होइन; किनकि मानिसले परमेश्वरको आराधना गर्छ; उसले शब्दद्वारा आफ्ना विचारहरू व्यक्त गर्न सक्छ; अनि मानिसमा भएको सृजनात्मक शक्ति ठूलो हुन्छ।

उत्पत्ति १ः२६ पदचाहिँ त्रिएकतासूचक पद हो; किनभने यसरी लेखिएको छः *'अनि परमेश्वरले भन्नुभयोः "हामी मानिसलाई हाम्रै स्वरूपमा, हाम्रै समानतामा बनाऔं!" '* हिब्रूमा यस वाक्यमा 'परमेश्वर' भन्ने संज्ञा बहुवचनमा, 'भन्नुभयो' भन्ने क्रियापद एकवचनमा र 'हामी' भन्ने सर्वनाम फेरि बहुवचनमा छ।

परमेश्वरले मानिसलाई *'फल्दै-फुल्दै र वृद्धि हुँदै जाओ'* भन्ने आज्ञा गर्नुभयो। यसकारण पवित्र बाइबलअनुसार मानिसको पुलिङ्ग र स्त्रीलिङ्गचाहिँ परमेश्वरको सृजनात्मक काम हो। 'क्रमागत विकास' नामक सिद्धान्तले मानिसलाई पुरुष र स्त्री छुट्ट्याउने लिङ्गहरू कहाँबाट आए, सो कुरा अहिलेसम्म बताउन सकेको छैन।

परमेश्वरले मानिसलाई सारा सृष्टि वशमा राख्ने र त्यसमाथि प्रभुत्व जमाउने अधिकार सुम्पनुभयो, र उसलाई सृजिएका सबै कुराहरू प्रयोग गर्न दिनुभयो, तर दुरुपयोग गर्न चाहिँ होइन। वर्त्तमान संसारमा भइरहेका वातावरण सम्बन्धी समस्याहरू मानिस जातिको लोभ-लालच, स्वार्थीपन र बेपरवाहको कारण नै भएका हुन्।

**उत्पत्ति १ः२९-३०ः** यी पदहरूबाट यो कुरा स्पष्ट भएको छ कि सबै पशुप्राणीहरू सृष्टिदेखि नै मांसाहारी थिएनन्, साघपात खाने प्राणी थिए, र मानिस पनि शाकाहारी थिए। तर उत्पत्ति ९ः१-७ पदको खण्ड-अनुसार जलप्रलयपछि सबै प्राणीहरूको खानपान गर्ने आदतमा केही परिवर्त्तन आयो।

के सृष्टिका छ दिनहरूचाहिँ चौबीस घण्टाको अवधि भएका दिनहरू थिए त? अथवा के ती दिनहरू भूविज्ञानद्वारा तोकिएका निर्दिष्ट युगहरू थिए? अथवा के ती दिनहरू प्रभावशाली दर्शन पो थिए कि, जुन दर्शनद्वारा परमेश्वरले मोशालाई सृष्टिका विवरणहरूको प्रकाश दिनुभयो? सृष्टिका ती छ दिनहरू-चाहिँ सौरजगत्का वास्तविक दिनहरू नै थिए भन्ने धारणाको विरुद्ध आजको दिनसम्म कुनै यस्तो एउटै वैज्ञानिक प्रमाण पनि पाइएको छैन, जसद्वारा यो धारणा खण्डन गर्न सकिन्थ्यो। तर वचनले के भन्दछ? *'अनि साँझ पर्‍यो र बिहान भयो।'* यसबाट के बुझिन्छ भने ती दिनहरू चौबीस घण्टाको अवधि भएका दिनहरू थिए। पवित्र बाइबलको पुरानो नियमभरि नै जतातते 'दिन' भन्ने शब्दले सौरजगत्का सामान्य दिनहरू थिए।

यस सम्बन्धमा आदमको कुरा आयोः सृष्टिको सातौं दिन लगायत आदम नौ सय तीस वर्षसम्म बाँचे; यसकारण सृष्टिको सातौं दिनचाहिँ भूविज्ञानद्वारा तोकिएको कुनै निर्दिष्ट युग हुन सक्दैन ।

अब हिब्रूको भाषाको कुरा आयोः पवित्र बाइबलमा जहाँ 'दिन' भन्ने शब्दसित कुनै सङ्‌ख्या प्रयोग गरिएको छ, जस्तैः 'पहिलो दिन' आदि, त्यहाँ त्यो दिन सधैं एउटा सामान्य दिन भएकै हो । उदाहरणको निम्ति, जब परमेश्वरले इस्राएलीहरूलाई विश्राम-दिनमा विश्राम गर्नू भन्ने आज्ञा दिनुभयो, तब उहाँले छ दिनसम्म परिश्रम गर्नुभएपछि सातौं दिनमा विश्राम गर्नुभएको तथ्यमाथि आधारित यो आज्ञा दिनुभएको हो (प्रस्थान २०ः८-११) । यसकारण हाम्रो व्याख्यामा अनुकूलता हुनु हो भने हामीले 'दिन'को अर्थ लगातार एउटै अर्थमा दिनुपर्छ ।

तर यस कुरामा एउटा समस्या रहेको छः जसरी हामी सौरजगत्‌को चौबीस घण्टा भएको दिन जान्दछौं, त्यस प्रकारको दिन त सृष्टिको चौथो दिनसम्म चालू भएको थिएन (उत्पत्ति १ः१४-१९) ।

पवित्र बाइबलबाट विदितै छ, कि आकाश र पृथ्वीको सृष्टिको उत्पत्तिको मिति, दिन र तारिख दिइएको छैन । यसरी नै मानिसको सृष्टिको मिति पनि तोकिएका छैन । यसो भए ता पनि बाइबलमा मानिसका विभिन्न वंशालवीहरू दिइएका छन्; अनि यी वंशावलीहरूको बीचमा अन्तराल समयहरू लगाइदिएर पनि मानिस लाखौं वर्षहरू यस पृथ्वीमा बसेको थिएन भन्ने कुरा पुष्टि हुन्छ । विकास-सिद्धान्तवादीहरूले दाबी गरेको कुरा कहाँ गयो त ?

यूहन्ना १ः१ र १४ पद, अनि कलस्सी १ः१६ र हिब्रू १ः२ पदहरूबाट हामी यो जानकारी पाउँछौं कि प्रभु येशू ख्रीष्ट सृष्टिको काममा क्रियाशील कर्ता हुनुहुन्थ्यो, र उहाँविना कुनै थोक पनि हुन आएन । उहाँको सृष्टिका कहिल्यै अन्त नहुने अचम्मका कामहरूको निम्ति उहाँ अनन्त-अनन्तसम्म आराधना पाउन योग्यको हुनुहुन्छ ।

**उत्पत्ति १ः३१ः** सृष्टिका छ दिनहरूको अन्तमा परमेश्वर आफूले सृष्टि गर्नुभएको प्रत्येक थोक जाँचेर हेर्नुभयो, र ती सबै थोकहरू साँच्चै साह्रै असल थिए ।

**उत्पत्ति २ः१-३ः** *सातौं दिनः* सातौं दिनमा परमेश्वरले सृष्टि गर्नुभएका सबै कामहरूबाट विश्राम लिनुभयो । तर यो विश्राम धेरै परिश्रम गरेपछि थकाइ मार्नको निम्ति लिने विश्राम थिएन, तर उहाँको विश्रामचाहिँ सुन्दर र असल ढङ्गमा र सिद्ध रूपले काम गरि-सिद्ध्याइसकेपछि सन्तुष्टि लिएको विश्राम थियो । तर याद रहोस्ः यस बखतमा परमेश्वरले मानिसलाई विश्राम-दिन पालन गर्ने आज्ञा दिनुभएन; ता पनि उहाँले यहाँ सात दिनहरूमध्ये कुनै एउटा दिनमा सबै परिश्रमका कामहरूबाट विश्राम लिनुपर्ने पाठ र नियम सिकाइदिनुभयो ।

**उत्पत्ति २ः४-६ः** मानिसको सृष्टि भइसकेपछि मात्र यहाँ उत्पत्ति २ः४ पदमा पहिलो पल्ट 'परमप्रभु परमेश्वर' भन्ने नाम पढ्न पाइन्छ । हिब्रूमा 'याह्वे एलोहिम' अर्थात् 'परमप्रभु परमेश्वर' । 'एलोहिम' शब्दको अर्थ सृष्टिकर्ता हो भने, 'याह्वे' भन्ने शब्दको अर्थ यस प्रकारको छः परमेश्वरचाहिँ 'याह्वे' भन्ने नामअनुसार मानिससँग करारबद्ध सम्बन्धमा रहनुहुन्छ । बाइबलका कतिजना आलोचक-हरूले यो कुरा नबुझेर परमेश्वरका यी विभिन्न नामहरू प्रयोग गरेको अर्थ सठीक रूपले लगाउन सकेनन्; किनकि तिनीहरूको विचारमा, यी भिन्न नामहरूले विभिन्न लेखकहरूको माग गर्छन् अरे ।

उत्पत्ति २ः४ पदमा *'सृष्टिको विवरण यही हो'* भनेर लेखिएको वाक्यले उत्पत्ति एक अध्यायमा लेखिएका सृष्टिको वृत्तान्त सङ्केत

गरेको हो । अनि उत्पत्ति २:५ पदले उत्पत्ति १:१० पदमा बयान गरिएको अवस्था वर्णन गर्दछ; किनभने त्यस पदमा यसो लेखिएको छः *'तबसम्म पृथ्वीमाथि मैदानमा कुनै बोटविरुवा थिएन र मैदानको कुनै सागपात अझै पनि उम्रेको थिएन।'* यसकारण यो बयान त्यस समयमा फर्केको छ, जुन बेलामा कुनै वनस्पति देखा परेको थिएन, तर पृथ्वीको भूभाग मात्र देखा परेको थियो । त्यस बेलामा पृथ्वीमाथि पानी परेको थिएन, तर कुइरोको ओसले समस्त भूमिलाई भिजाउने गर्थ्यो ।

**उतपत्ति २:७ः** यस पदमा मानिसको सृष्टिको पूर्ण वृत्तान्त दिइएको छ । परमेश्वरले मानिसको शरीर माटोबाट बनाउनुभयो, तर उहाँको श्वास मानिसभित्र पसेपछि मात्र ऊ एउटा जीवित प्राणी भयो । मानिस रातो माटोबाट बनिएको कारणले पहिलो मानिसको नाम आदम राखियो । हिब्रूमा आदमको अर्थ कि त 'रातो', कि त 'माटो' हो ।

**उत्पत्ति २:८-१४ः** परमेश्वरले अदन नामक ठाउँमा एउटा बगैंचा लगाउनुभयो, जुन बगैंचा अदनको पूर्वपट्टि परेको थियो । पूर्व भन्नाले इस्राएल देशको पूर्वतिर परेको बुझिन्छ; किनभने पवित्र बाइबलमा समस्त ठाउँहरूका दिशाचाहिँ ती ठाउँहरू केन्द्र-विन्दुरूपी इस्राएल देशदेखि कहाँ-कहाँ पर्ने गर्थे, सही दृष्टिले बयान गरिन्थ्यो । यसर्थ अदनको बगैंचाचाहिँ मेसापोटामिया देशमा, हिद्देकेल अर्थात् टिग्रिस र यूफ्रेटिस महा-नदीहरूको छेउमा अवस्थित थियो ।

अनि असल र खराबको ज्ञान दिने रूखले मानिसको जीवनमा आज्ञाकरिताको जाँच खड़ा गर्‍यो । यस रूखको फल खानु नहुने एकमात्र कारणचाहिँ परमेश्वरले 'नखानू' भन्नुभएको थियो । अनि यो पनि बुझ्नुहोस्ः विभिन्न रूपमा परमेश्वरले 'नखानू' भन्नु-भएको यो फल आजको दिनमा पनि अझै हामीसित छँदैछ ।

**उत्पत्ति २:१५-२३ः** परमेश्वरले दिनु-भएको आज्ञा उल्लङ्घन गरेको दण्डचाहिँ मृत्यु थियो (उत्पत्ति २:१७); अनि यहाँ, यस ठाउँमा मृत्यु भन्नाले तत्कालिक आत्मिक मृत्यु र विस्तारै हुने शरीरको प्रगतिशील मृत्यु बुझिन्छ ।

पशु र पक्षीहरूको नामीकरण गर्दाखेरि आदमले यो कुरा थाह गरेको हुनुपर्छ कि ती सबै पशुप्राणीहरू भाले र पोथी हुँदा रहेछन् । प्रत्येक जातको पशुप्राणीको निम्ति आफूजस्तै भएको र पनि फरक जोड़ी थियो । यस कुराले आदमलाई 'मलाई पनि मसँग मेल खाने एउटी सहयोगीको खाँचो परेको छ' भन्ने बोध गराएको हुनुपर्छ । तिनकी दुलहीचाहिँ तिनी घोर निद्रामा परेको बेलामा तिनका करङ्गहरूबाट निकालिएको एउटा करङ्गबाट बनिएकी थिई । ठीक योजस्तै ख्रीष्ट येशूको छातीबाट मण्डली अर्थात् उहाँकी दुलही निकालिएकी हो, जब उहाँले असीम कष्टको साथमा त्यसका निम्ति बगाउनुभएको आफ्नो अमूल्य रगतद्वारा त्यसलाई प्राप्त गर्नुभयो । त्यो स्त्री आदमको टाउकोबाट निकालिएर बनिएकी होइन; नत्र ता स्त्रीले पुरुषलाई अधीनतामा राख्नेथिई होली । त्यो न खुट्टाबाट निकालिएकी थिई, नत्र ता परुषको खुट्टाले थिचिएर र पेलिएर ऊ अवहेलित अवस्थामा बाँच्नुपर्नेथियो होला । तर त्यो स्त्री आदमको पाखुरामनिको ठाउँबाट, अँ, तिनको मुटुको छेउको करङ्गबाट निकालिएर यस हेतुले बनिएकी थिई, कि आदमले उसलाई सधैं प्रेम गरेका होऊन्, र उसले सदैव तिनको सुरक्षा पाएकी होस् ।

मानिसमा पाप प्रवेश हुनुभन्दा पहिले परमेश्वरले आदमलाई पत्नीको शिर तुल्याइ-सक्नुभयो । १ कोरिन्थी ११:८-९ पदमा प्रेरित पावलले यस विषयमा आफ्नो तर्क पेश गर्दा एक, सृष्टिको क्रमबाट र दुई, सृष्टिको उद्देश्यबाट आफ्ना दुईवटा बुँदाहरू प्रस्तुत

गरेका छन्। किनकि एक, पुरुष पहिले सृष्टि गरिएको थियो; अनि दुई, स्त्रीचाहिँ पुरुषकै निम्ति सृजिएकी थिई। अनि यस विषयमा कुरा साँचो छ, कि हव्वाले पहिले पाप गरेकी थिई; यसो भए पनि पवित्र बाइबलमा के लेखिएको छ भने, आदमद्वारा नै पाप यस संसारमा प्रवेश भएको हो; किनकि आदम शिर थिए र यही कारण तिनी जिम्मेवार थिए।

उत्पत्ति २:१९ पदको क्रियापदचाहिँ पूर्ण भूतकालमा[5] छ, जब यसो लेखिएको छः *'अनि परमप्रभु परमेश्वरले मैदानको हरेक पशुलाई र आकाशको हरेक पक्षीलाई भूमिबाट* ***रच्नुभएको थियो****।'* यसर्थ उहाँले मानिसलाई सृष्टि गर्नुभन्दा अघि नै सबै वनपशु र आकाशका सबै पक्षीहरू बनाउनु-भएको रहेछ।

**उत्पत्ति २:२४ः** यस पदअनुसार एकजना पुरुषले एउटै मात्र स्त्रीलाई विवाह गर्ने एकपत्नीक विवाहको विधि परमेश्वरले स्थापना गर्नुभयो। अनि अरू सबै ईश्वरीय विधिहरूजस्तै यो विधि पनि मानिसको भलाइको निम्ति स्थापित गरिएको हो; यसकारण दण्ड नपाई कसैले पनि यो पवित्र विधि उल्लङ्घन गर्नेछैन नै। अनि विवाहको बन्धनले येशू ख्रीष्ट र उहाँको मण्डलीको बीचमा भएको सम्बन्ध चित्रण गर्दछ (एफेसी ५:२२-३२)।

**उत्पत्ति २:२५ः** आदम र हव्वा अदनको बगैंचामा नाङ्गा थिए तापनि तिनीहरू लजाउँदैनथिए।

## ख) उत्पत्ति ३ः मानिसको परीक्षा र पतन

**उत्पत्ति ३:१-६ः** हव्वाकहाँ देखा परेको साँपचाहिँ शैतान थियो। परमेश्वरको वचनले पछिबाट यो कुरा प्रकट गरेको छ (प्रकाश १२:९ पद हेर्नुहोस्!)। जुन मानिसहरूले पवित्र बाइबललाई दन्त्यकथामुक्त पार्न खोजेका छन्, ती मानिसहरूको विश्वास-अनुसार यो घटना अक्षरशः होइन, तर काल्पनिक हो रे। मानिसको सोरमा बोल्ने साँपचाहिँ तिनीहरूको तर्कको प्रमाण हो। के साँपले हव्वालाई छक्याएको यो वर्णन वास्तविक तथ्यको रूपमा स्वीकार गर्न सकिन्छ? प्रेरित पावलले यो बयान वास्तविक ठानेका छन् (२ कोरिन्थी ११:३)। प्रेरित यूहन्नाले पनि यो बयान वास्तविक र सत्य नै ठानेका छन् (प्रकाश १२:९ र २०:२)। पवित्र धर्मशास्त्र बाइबलमा पशुप्राणीले बोलेको एकमात्र सन्दर्भ यो पनि होइन। किनभने गन्तीको पुस्तकको बाईस अध्यायमा परमेश्वरले बालामको गधालाई बोल्न लगाउनुभयो, ताकि त्यसले यी अगमवक्ताको मूर्खतामा लगाम लगाओस्। अनि प्रेरित पत्रुसले फेरि यो वृत्तान्तको यथार्थता स्वीकार गरेका छन् (२ पत्रुस २:१६)। यी तीनै प्रेरितहरूले जे लेखे, यिनीहरूले त्यो पवित्र आत्माको प्रेरणा पाएर लेखे। यसकारण जुन व्यक्तिले मानिसको पतनको विवरण इन्कार गर्छ, त्यस व्यक्तिले पवित्र धर्मशास्त्रचाहिँ पवित्र आत्माको प्रेरणाको फल हो भन्ने कुरा पनि सरासर इन्कार गर्छ। पवित्र बाइबलमा रूपक र दृष्टान्तहरू नभएका होइन, तर यहाँ उल्लेख गरिएको यो घटना कुनै दृष्टान्त नै होइन।

यहाँ मानिस पापमा पतित भएका ती खुड्किलाहरू विचार गर्नुहोस्! पहिलो कदमः पहिले शैतानले 'के परमेश्वरले साँच्चै भन्नुभएको हो र?' भन्ने प्रश्न गरेर मानिसको हृदयमा परमेश्वरको वचनप्रति शङ्का हालि-दियो। त्यसले परमेश्वरलाई उहाँले आदम र हव्वालाई प्रत्येक रूखबाट खान मनाही गर्नुभएको जस्तो रूप दिएर उहाँलाई बेठीक तरिकाले प्रस्तुत गर्न खोजेको थियो। दोस्रो कदमः हव्वाले साँपलाई यसो भनीः 'होइन, होइन, हामी बगैंचाका सबै रूखहरूबाट खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखको

फलचाहिँ खानुहुँदैन र छुनु पनि हुँदैन।' तर परमेश्वरले असल र खराबको ज्ञान दिने रूख छुनुहुँदैन भन्ने विषयमा केही पनि भन्नुभएको थिएन (उत्पत्ति २:१७)। तेस्रो कदमः शैतानले सरासर परमेश्वरको कुरा खण्डन गऱ्यो, र 'अनाज्ञाकारीहरूमाथि परमेश्वरको न्याय कहाँ आइपर्नेछ र' भनेर त्यसले परमेश्वरको सुस्पष्ट वचन काटिहाल्यो। ठीक त्यस्तै आज पनि शैतानका कर्मठ अनुयायीहरूले नरक र अनन्त दण्डको वास्तविकता अस्वीकार गर्दछन्। शैतानले यहाँ परमेश्वरलाई कुन झूटो रूप दियो त? त्यसले परमेश्वरलाई उहाँले आदम र हव्वाबाट तिनीहरूलाई भलाइ गर्ने कतिपय कुराहरू रोकिराख्नुभएको चित्रणमा पेश गऱ्यो।

हव्वा तीनमुखी परीक्षामा फसीः *'खानको निम्ति असल'* भनेको शरीरको अभिलाषा बुझिन्छ भने, *'आँखाको निम्ति मनोहर'* भनेको आँखाको अभिलाषा बुझिन्छ, अनि *'बुद्धिमान् बनाउनका निम्ति त्यो रूख चाहना गर्न लायकको रहेछ'* भन्ने वाक्यले जीवनको सेखी सङ्केत गर्छ। पापको परीक्षासित हारेर हव्वाले आदम आफ्नो शिरदेखि स्वतन्त्र भएर काम गरी। उसले आदमको अधिकार नाघ्नु होइन, तर तिनीसँग सल्लाह लिनुपर्नेथियो। *'तब हव्वाले त्यसको फलबाट टिपेर खाई'* भन्ने शब्दहरूमा व्याख्याको चाबी छः सबै प्रकारका रोगबिमारहरू, सबै दुःखकष्ट र डरत्रासहरू, सबै दोष र मृत्यु कहाँबाट आए, त्यसको निम्ति सठीक उत्तर यहाँ छ; किनकि त्यस समयदेखि उसो यी कुराहरूले मानिस जातिलाई ग्रस्त पारेका छन्। यस विषयमा एकजना अज्ञात भाइले यसो भनेका छन्, 'नष्टभ्रष्ट भएको संसार र असंख्य चिहानहरूले यो साक्षी दिन्छन् कि परमेश्वर सत्य हुनुहुन्छ र शैतानचाहिँ झूटा हो।' हव्वा बहकाउमा परिहाली (१ तिमोथी २:१४); तर आदमले चाहिँ स्वतन्त्र र स्वेच्छापूर्वक परमेश्वरको विरुद्धमा विद्रोह गरे।

'तिमीहरू परमेश्वरजस्ता हुनेछौ' भन्ने शैतानको झूटले सांसारिक मानवतावादमा निरन्तरता पाइरहेको छ।

**उत्पत्ति ३:७-१३:** पापले ल्याएको पहिलो प्रतिफलचाहिँ लाज र डरको भावना थियो। आदम र हव्वाले नेभाराका पातहरू गाँसेर बनाएका वस्त्रले मानिसहरूका व्यर्थका प्रयासहरू सङ्केत गर्छ, जुन मानिसहरूले आफैलाई बलिदानको रगतरहित धर्म अपनाएर बचाउन खोज्छन्। जब परमेश्वरले मानिसहरूको जीवनको लेखा लिनुहुन्छ, त्यस बेलामा पापी मानिसहरूले सधैं बहना निकालिहाल्दा रहेछन्। आदमले यसो भनेः 'जुन स्त्री तपाईंले मलाई मसँग रहन भनी दिनुभएको थियो, त्यस स्त्रीले मलाई त्यस रूखबाटको फल दिई र मैले खाएँ।' यसरी दोष त तिनको होइन, तर परमेश्वरको हुने भयो (हितोपदेश १९:३)। अनि त्यसरी नै हव्वाले भनीः 'त्यस साँपले पो मलाई छल गऱ्यो, र मैले त्यो खाएँ' (उत्पत्ति ३:१३)।

*'तिमी कहाँ छौ?'* भन्ने प्रश्न गर्दै परमेश्वरले पापमा पतित भएका मानिस-हरूलाई, उहाँले बनाउनुभएको सृष्टिलाई दया र प्रेमको साथ खोज्नुभयो। यस प्रश्नले दुईवटा कुराहरू प्रमाण गर्छः एक, मानिस हराएको थियो र परमेश्वर हराएकाहरूलाई खोज्न आउनुभयो। दुई, यस प्रश्नबाट मानिसको पाप र परमेश्वरको अनुग्रह प्रमाणित भएको छ।[6] मुक्तिको काममा परमेश्वरले पहिलो कदम चाल्नुहुन्छ – उहाँको प्रेम यस्तो पो छ है! जुन कुराको सम्बन्धमा शैतानले हव्वाको हृदयमा 'परमेश्वरले तिमीहरूलाई प्रेम गर्नुहुन्न' भन्ने शङ्का हालिदियो, त्यस कुरामा परमेश्वर उतीर्ण हुनुभयो।

**उत्पत्ति ३:१४:** परमप्रभु परमेश्वरले साँपलाई श्राप दिनुभयोः त्यसको अधःपतित,

अनादर र पराजय सुनिश्चित भयो । साँप अरू सबै घरेलु पशुहरू र वनका पशुप्राणीहरूभन्दा बढ़ी श्रापित भएको कुराबाट के बुझिन्छ भने, यहाँ प्राथमिक रूपले शैतान श्रापित भएको होइन, तर सबै घस्रने जन्तुहरू पो श्रापित भए ।

**उत्पत्ति ३ः१५ः** तर अबचाहिँ यस पदले सीधा शैतानलाई ताकेको छ । यो पद आद्य सुसमाचारको नामले चिनिन्छ, जसको अर्थ 'प्रारम्भिक सुसमाचार' हो । यस पदले शैतान र स्त्रीको बीचमा, अनि शैतानको सन्तान र स्त्रीको सन्तानको बीचमा निरन्तर रहिरहने शत्रुताको बारेमा भविष्यवाणी गरेको छ । यस स्त्रीले यहाँ सारा मानव जातिलाई सङ्केत गर्छ भने, शैतानको वंशचाहिँ त्यसका प्रतिनिधिहरू हुन्, अनि यस स्त्रीको सन्तानचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ । यस स्त्रीको सन्तानले शैतानको टाउको कुच्याउनेछ; यसर्थ शैतानको टाउकोमा लागेको यस घातक चोटले त्यसको पूरा हार सङ्केत गर्छ । गलगथाको क्रूस त्यो ठाउँ हो, जुन ठाउँमा शैतानलाई यो नश्वर चोट दिइएको थियो; त्यस ठाउँमा मुक्तिदाता प्रभुले शैतानमाथि सुनिश्चित, दीर्घकालीन विजय प्राप्त गर्नुभयो । अनि उक्त पदअनुसार शैतानले यसको सट्टामा ख्रीष्ट येशूको कुर्कुच्चा कुच्याउनेछ । यहाँ येशू प्रभुको कुर्कुच्चा कुच्याइएको त्यस घाउले उहाँको दुःखकष्टको सङ्केत दिनुको साथै उहाँको शारीरिक मृत्यु समेत सूचित गरेको हुन सक्छ, तर ख्रीष्ट येशूको हारचाहिँ होइन । यसकारण ख्रीष्ट येशूले क्रूसमा दुःखकष्ट भोग्नुभयो, र उहाँ मर्नु पनि भयो, तर उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो । परमेश्वरलाई स्तुति होस् ! उहाँ मृत्यु, पाप, नरक र शैतानमाथि विजयी हुनुभयो । अनि उहाँ यहाँ, यस पदमा स्त्रीको सन्तान कहलिनुभएको अर्थचाहिँ उहाँको कन्याबाटको जन्म यसको सुझाउ भएको हुन सक्छ । यहाँ, यस पदमा प्रकट भएको परमेश्वरको दयामाथि आफ्नो ध्यान लगाउनुहोस् ! किनभने परमेश्वरले उत्पत्ति ३ः१६-१९ पदको खण्डमा न्यायका फैसलाहरू सुनाउनुभन्दा पहिले एकजना मुक्तिदाताको, अँ, ख्रीष्ट येशूको प्रतिज्ञा गर्नुभयो ।

**उत्पत्ति ३ः१६-१९ः** पापका अपरिहार्य नतिजाहरू हुन्छन्-हुन्छन् । यस स्त्रीको निम्ति प्रसव-वेदना सहनुको साथसाथै आफ्नो पतिको अधीनतामा बस्नुपरेको थियो । अनि आदमचाहिँ ? तिनको निम्ति न्यायको फैसला यस प्रकारको थियोः सिउँड़ी र काँड़ाहरू उमार्ने श्रापित भूमिबाट तिनले आफ्नो जीविका जलाउनुपरेको थियो; तिनले पसिना बगाएर परिश्रम गर्नुपरेको थियो । तिनको जीवनको अन्तमा, तिनको मृत्यु भएपछि तिनी माटोमा फर्किजानुपरेको थियो । यहाँ हामीले याद गर्नुपर्ने कुरा यो हो, कि तिनले काम गर्नुपरेको कुरा श्राप गनिँदैन । किनभने हाम्रो निम्ति काम गर्नुचाहिँ आशिषको कुरा पो हो । तर कामसित जोड़िएका दुःखकष्ट, परिश्रम, निराशा, पसिनाहरू र थकावटहरूचाहिँ हामीले श्राप मान्नुपर्छ ।

**उत्पत्ति ३ः२०-२१ः** आदमले आफ्नी पत्नीको नाम 'हव्वा' राखे, एउटा यस्तो समयमा, जब यस स्त्रीबाट कुनै बालकको जन्म भएकै थिएन । यो कुरा विश्वास भनिन्छ । हव्वाको शाब्दिक अर्थ होः 'सबै जीवितहरूकी आमा ।' त्यसपछि एउटा निर्दोष पशु मारियो, अनि परमेश्वरले त्यस पशुको छालाबाट मानिसहरूको निम्ति वस्त्रको प्रबन्ध गर्नुभयो । यस कुराले दोषी पापी मानिसहरूको निम्ति धार्मिकताको वस्त्ररूपी ईश्वरीय प्रबन्ध सङ्केत गर्छ; किनभने प्रभु येशू, परमेश्वरको थुमाले बगाउनुभएको रगतमा हाम्रो निम्ति यो अमूल्य प्रबन्ध गरिएको छ, जुन प्रबन्ध हामीले विश्वासद्वारा ग्रहण गर्नुपर्छ ।

**उत्पत्ति ३:२२-२४:** शैतानले बोलेको झूटमा सत्यताको छाया भएको थियो। किनकि मानिस एक प्रकारले परमेश्वरजस्तै हुनेछ; उसले असल र खराब कुरा के हो, सो जान्नेछ (उत्पत्ति ३:५)। किनकि आदम र हव्वाले कठिन अनुभवद्वारा, अँ, तिनीहरूले बटुलेका दुःखद अनुभवहरूद्वारा मात्र असल र खराब कुरा जान्न सके। तिनीहरूले पापी अवस्थामा जीवनको रूखबाट खाएका भए तिनीहरू सधैं जिउनेथिए, तर अनन्त-अनन्तसम्म रोगबिमारको चपेटमा, अधःपतित र कमजोर भएको अवस्थामा मरणशील शरीरहरूमा जिउनुपर्नेथियो। यसकारण परमेश्वरले तिनीहरूलाई अदनमा फर्केर आउन नदिनुभएकोमा हामीले उहाँको कृपा देख्नुपर्छ। करूबहरूचाहिँ स्वर्गीय प्राणीहरू हुन्, जसको काम 'पतित भएको मानिसको हठीपन र अहमबाट परमेश्वरको पवित्रतालाई सुरक्षित राख्नु हो।'[7)]

आदम र हव्वाले निर्णय गर्नुपरेको थियो। झूट बोल्नेचाहिँ कि त परमेश्वर हुनुहुन्थ्यो, कि त शैतान थियो। तिनीहरूले यस ठाउँमा आएर परमेश्वरलाई नै झूट बोल्ने ठहऱ्याए। *'विनाविश्वास परमेश्वरलाई रिझाउनु असम्भव छ।'* यसैकारण तिनीहरूका नामहरू हिब्रूको पुस्तकको एघार अध्यायमा भएको आदर-सूचिमा सामेल भएका छैनन्।

अदनको बगैंचामा वातावरण सिद्ध थियो; तर यस कुराले पापको प्रवेश रोक्न सकेन। यसकारण बुझ्नुहोस्: आज पनि मानिसको निम्ति अनुकूल, सबै प्रकारका सुविधाहरूले भरिपूर्ण वातावरण सृजिएमा उसका समस्या-हरू हल हुनेथिएनन्।

### ग) उत्पत्ति ४: कयिन र हाबिल

**उत्पत्ति ४:१:** *'आदम आफ्नी पत्नी हव्वाकहाँ गए'* भनेको मतलब यो हो कि आफ्नी पत्नीसँग तिनको सम्भोग भयो; अनि हव्वाले कयिनलाई जन्माई। जब उसले कयिनलाई जन्माई, तब त्यसको जन्मचाहिँ परमप्रभुको सहायताले मात्र सम्भव भयो भन्ने कुरा उसले स्वीकार गरी। हव्वाले त्यस बालकलाई 'कयिन' नाम दिई, जसको अर्थ 'प्राप्त गरेको' हो। अनि हुन सक्छ, त्यस बालकलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको सन्तान सम्झेर उसले त्यसलाई यो नाम दिई कि के हो?

**उत्पत्ति ४:२-६:** उत्पत्ति ३:३ पदको पहिलो खण्डमा लेखिएको 'केही समयपछि' भन्ने वाक्यांशले चाहिँ एउटा निक्कै लामो अवधि देखाउँछ होला, जुन अवधिभित्र संसारको जनसङ्ख्या सामान्य रूपले बढ़ेर गएको सम्भव देखिन्छ।

अनि यस्तो समय पनि भएको हुनुपर्छ, जब कयिन र हाबिल दुवैले मानिसको सट्टामा बलि गरिएको कुनै निर्दोष पशुको बलिको रगतको आधारमा मात्र पापी मानिसले पवित्र परमेश्वरलाई भेट्न सक्छ भन्ने पाठ सिक्ने अवसर पाए। कयिनले यो प्रकाश इन्कार गरे र एउटा रगतरहित भेटी, अर्थात् सागपात र फलफूलहरूको भेटी परमेश्वरकहाँ चढ़ाए। तर हाबिलले चाहिँ यो स्वर्गीय निर्देशन विश्वास गरे र केही पशुहरू मारेर तिनीहरूलाई बलिदानको रूपमा चढ़ाए। यसरी नै तिनले आफ्नो विश्वास प्रकट गरे; अनि यस विश्वासको आधारमा परमेश्वरले तिनलाई धर्मी ठहऱ्याउनुभयो (हिब्रू ११:४)। तिनले आफ्नो बगालबाट पहिले जन्मेका पाठाहरू ल्याए; किनकि परमप्रभु सर्वोत्तम वस्तु चढ़ाइन योग्यको हुनुहुन्छ। हाबिलको भेटीले येशूरूपी परमेश्वरको थुमाको मृत्यु सङ्केत गर्छ, जो पापी मानिसहरूको सट्टामा मर्नुभयो र जसले संसारको पाप उठाइलैजानुभयो (यूहन्ना १:२९)।

**उत्पत्ति ४:७:** कयिनको ईर्ष्याले पूर्ण क्रोधचाहिँ प्रारम्भिक हत्या थियो; त्योचाहिँ

हत्या गर्ने पहिलो कदम हो। यसकारण परमेश्वरले उनीसँग प्रेमपूर्वक बोल्नुभयो र उनलाई यसको विषयमा चेताउनी दिनुभयो। उत्पत्ति ४:७ पद विभिन्न प्रकारले बुझ्न सकिन्छ, जस्तैः

'तिमीले पश्चात्ताप गरेर सठीक काम गर्‍यौ भने तिमी आफ्नो रिस र त्यसको दोषबाट मुक्त हुनेछौ र फेरि आफ्नो अनुहार उठाउन पाउँछौ। तर हाबिललाई अझै पनि घृणा गरेर तिमीले खराब गर्‍यौ भने, पाप तिम्रो ढोकामै तिमीलाई नाश गर्न तयारीको साथमा ढुकिबस्छ। तिमीले सठीक काम गर्‍यौ भने हाबिलले तिम्रो अधिकार किन स्वीकार गर्दैन र? अँ, तिमी उसमाथि शासन गर्नेछौ।'

अथवाः

'तिमीले सठीक काम गरेको भए अर्थात् (सेप्टुवजिन्टको अनुवादले भनेझैं) तिमीले सठीक प्रकारले भेटी चढ़ाएको भए तिमी ग्रहणयोग्य किन हुँदैनौ र?' यसको अर्थ यही हो, कि कयिनले तब सठीक काम गर्नेथिए, जब उनले सठीक बलिदान चढ़ाउनेथिए। हाबिलले सठीक काम गरेका थिए; किनभने तिनले ग्रहणयोग्य बलिदानको सहारा लिएका थिए र त्यस सुयोग्य बलिदानको पछाड़ि लुकेका थिए। कयिनले नराम्रो के पो गरे त? उनले रगतविनाको भेटी चढ़ाए। अनि त्यसपछिको उनको व्यवहार हेर्नुहोस्! त्यो व्यवहार उनको बेठीक आराधनाको उचित प्रतिफल पो थियो।[8)]

आउनुहोस्, हामी आर.एस.वी.-को अनुवाद पनि सुनौं, जहाँ यसो लेखिएको छः 'तिमीले सठीक काम गर्‍यौ भने तिमी किन ग्रहणयोग्य हुनेछैनौ, तिमी अवश्य ग्रहणयोग्य हुनेछौ। तर तिमीले सठीक काम गर्दैनौ भने यो बुझ, कि पाप तिम्रो मनको ढोकामै ढुकिबसेको छ है! तिमीप्रति पापको कुइच्छा हुन्छ-हुन्छ; तर तिमीले जुनै हालतमा पनि पापमाथि राज्य गर्नुपर्छ।'

श्री एफ. डब्लू. ग्राण्टले आफ्नो 'न्यूमरिकल बाइबल'मा यसो लेखेका छन्ः

> 'तिमीले सठीक काम गर्‍यौ भने, एउटा पापबलि तिम्रो ढोकामै तयार छँदैछ।'[9)]

अर्को शब्दमा भन्नु हो भने, यदि कयिनले चाहेका भए परमेश्वरको असल प्रबन्ध उनको निम्ति तयार भएकै थियो।

**उत्पत्ति ४:८-१२:** कयिनको ईर्ष्याको आवेग, उनको यो दुष्ट स्वभाव कति चाँड़ै दुष्कर्ममा, आफ्नै भाइको हत्यामा परिणत भयो!! हाबिलको मृत्यु भए तापनि तिनको जीवनले हामीलाई अझ पनि साक्षी दिन्छ कि विश्वासको जीवनचाहिँ परमेश्वरको गन्तीमा आउने खास जीवन हो (हिब्रू ११:४)। परमप्रभुको प्रेमिलो प्रश्नले पश्चात्ताप नगर्ने कयिनबाट कति रूखो उत्तर पाएको!! यसकारण उहाँले न्यायको फैसला गर्नुभयोः अबदेखि उसो कयिनले खेतीपाती गरेर आफ्नो जीविका चलाउन पाउनेछैनन् नै, तर मरुभूमिहुँदा उनी भगुवा र डुलुवा हुनुपरेको थियो।

**उत्पत्ति ४:१३-१६:** के तपाईंले कयिनको अत्यासले पूर्ण शिकायत सुन्नुभयो? उनले आफ्नो दोषको खातिर होइन, तर केवल आफ्नो पापको नतिजाको खातिर खेद प्रकट मात्र गरे। यसो भए पनि परमप्रभु परमेश्वरले कयिनमाथि सुरक्षाको एउटा चिन्ह लगाइ-दिनुभयो र ती डुलुवालाई मार्ने व्यक्तिमाथि एउटा श्राप लगाइदिनुभयो। यसरी नै उहाँले ती निर्वासित कयिनको मर्ने डर दूर गरि-दिनुभयो। कयिन परमेश्वरको उपस्थितिबाट निस्केर गए। परमेश्वरबाट छुट्टिने बिदाइ-जस्तो अझै बढ़ी दुःख्ने अरू कुनै दुःखदायी बिदाइ नै छैन।

**उत्पत्ति ४:१७-२४:** कयिनले आफ्नी बहिनीलाई, नभई साइनु पर्ने आफ्नी कुनै नातादारलाई विवाह गरे। अघि हामीले उत्पत्ति ४:३ पदअन्तर्गत भनिसक्यौं कि त्यहाँ

जनसङ्ख्या वृद्धि हुने एउटा समय थियो; अनि उत्पत्ति ५ः४ पदअनुसार आदमका अरू छोराछोरीहरू थिए। यसर्थ आफ्नै नातादार-भित्र बिहाबारी गर्ने कुरा अझै पनि निषेध गरिएको थिएन, न ता यस प्रकारको विवाह-सम्बन्धबाट कुनै आनुवंशिक खतरा आउनेथियो।

उत्पत्ति ४ः१७-२४ पदको खण्डमा कयिनको वंशावली दिनुको साथै पहिले भएका कुराहरूको श्रृंखला प्रस्तुत गरिएको छ, जस्तैः हनोक नामक पहिलो शहर, प्रथम बहुविवाह, पहिलो नियमबद्ध पशुपालन, संगीत कला र धातु शिल्पकलाको शुरुआत; अनि हिंसा र रक्तपातको विषयमा रचिएको प्रथम गीतको रचना। यस गीतमार्फत लेमेकले आफ्ना पत्नीहरूलाई आफ्नो व्यवहारको सफाइ गरे; किनकि तिनले आफ्नो जीवन बचाउन खोज्दा एक जवान मानिसलाई मारेका थिए। तर यो घटना र कयिनले आफ्नो भाइ हाबिलको हत्या गरेको बीचमा निक्कै फरक थियो; किनभने लेमेकले गरेको हत्याचाहिँ योजनाबद्ध थिएन; यसकारण लेमेकचाहिँ प्रतिहिंसाबाट बाँचे; तिनी हत्याको बदलादेखि सुरक्षित रहे।

**उत्पत्ति ४ः२५-२६ः** यी दुःखलाग्दा घटनाहरूपछि अबचाहिँ सेतबाट ईश्वरभक्त वंशक्रम शुरु भएको कुरा पढ़ेर बल्ल हाम्रो मन बिसाउन पाउँछ। किनकि अन्तमा आएर सेतको वंशबाट नै येशू ख्रीष्टको जन्म हुने नै भयो। अनि जब एनोस जन्मे, (जसको नामको अर्थ 'कमजोर' वा 'मरणशील' हो), त्यस समयदेखि मानिसहरूले परमेश्वरलाई 'परमप्रभु' अर्थात् 'याह्वे' भन्ने नाम दिन थाले। अथवा यो अर्थ पनि सम्भव देखिन्छः हुन सक्छ, त्यस समयदेखि मानिसहरूले सार्वजनिक रूपमा परमप्रभुको नाम पुकार्न थाले।

**घ) उत्पत्ति ५ः सेत र तिनका सन्तानहरू**

उत्पत्तिको पुस्तकको पाँच अध्यायमा बारम्बार *'... अनि तिनी मरे'* भन्ने वाक्यांश दोहोरिएको कारणले यो अध्याय 'मृत्युको घण्टी बजेकै-बजेको अध्याय' भनिन्छ। यस खण्डमा आदमदेखि नूहको छोरा शेमसम्मको वंशावलीको विवरण उल्लेख गरिएको छ, जुन रगतको नाता र साइनु अन्तिम आएर येशू ख्रीष्टमा टुङ्गिनेथियो (यो अध्याय लूका ३ः३६-३८ पदको खण्डसित तुलना गरेर हेर्नुहोस्)।

**उत्पत्ति ५ः१-१७ः** आदम परमेश्वरको स्वरूपमा सृष्टि गरिएका थिए भने, सेतचाहिँ आदमको स्वरूपमा जन्मे। यी दुईवटा घटनाहरूको बीचमा मानिसको पतन भएको थियो; अनि त्यस पापले परमेश्वरको स्वरूपमा बनेको मानिसको रूप बिगार्‍यो। अनि जुन कुरा परमेश्वरले उत्पत्ति २ः१७ पदमा भन्नुभएको थियो, अर्थात् मानिसको शारीरिक मृत्यु हुनेछ, त्यो कुरा यहाँ, उत्पत्ति ५ः५ पदमा पूरा भयो। तर आदमले पाप गरेकै दिनमा तिनको आत्मिक मृत्यु भइसकेको थियो।

**उत्पत्ति ५ः१८-२४ः** यहाँ, यस खण्डमा भनिएका हनोक र लेमेक अनि चार अध्यायमा भएका हनोक र लेमेकको बीचमा हामी अल्मलिनुहुँदैन। उत्पत्ति ५ः१८ पदको हनोकचाहिँ आदमदेखि सात पुस्तापछिको मानिस हुन् (यहूदा १ः१४)। आदमदेखि तेस्रो पुस्ताको हनोक नाम गरेको मानिस अर्को हनोक हुनुपर्छ। तीन सय वर्षसम्म हनोकले विश्वासद्वारा परमेश्वरको साथ-साथ हिँड़ेर उहाँलाई खुशी तुल्याए (हिब्रू ११ः५)। यसो हेर्दा उत्पत्ति ५ः२२[क] पदअनुसार मतूशेलह तिनको पुत्रको जन्मले हनोकको जीवन पवित्र पार्ने र खार्ने प्रभाव पारेको हुनुपर्छ। असल रीतिले शुरु गरेको शुरुआत असल कुरा हो,

तर अन्तसम्मै दृढ़तापूर्वक निरन्तर अघि बढ्नुचाहिँ भन् उत्तम कुरा हो। साथ-साथ हिँड्नु भनेको केवल कहिलेकाहीं हुने आकसमिक भेटघाट बुझिँदैन; होइन, तर यस शब्दले एउटा दृढ़ र प्रगतिशील सम्बन्ध बुझाउँछ। परमेश्‍वरको साथ-साथमा हिँड्नु-चाहिँ हाम्रो जीवनभरिको कर्तव्य हो, र केही क्षणसम्म उहाँसँग गरिने रोमाञ्चक भेटघाट होइन। जसरी हनोक जलप्रलय हुनुभन्दा अघि नै स्वर्गमा उठाइलगिए, ठीक त्यसरी नै ख्रीष्टको मण्डली पनि सङ्कष्टकाल शुरु हुनुभन्दा अघि नै संसारबाट उठाइलगिनेछ (१ थिस्सलोनिकी ४:१३-१८; प्रकाश ३:१०)।

**उत्पत्ति ५:२५-३२:** मतूशेलह अरू सबै मानिसहरूभन्दा बढ़ी समय बाँचे अर्थात् नौ सय उनहत्तर वर्ष बाँचे। यदि श्री जर्च विलियम्सले भनेझैं 'मतूशेलह' नामको अर्थ 'यो पठाइनेछ'[10] हो भने, यो नाम हामीले एउटा भविष्यवाणीको रूपमा लिनुपर्ला; किनभने उनको मृत्यु भएको वर्षमा जलप्रलय आएको थियो। अनि हुन सक्छ, जब लेमेकले आफ्नो छोराको नाम नूह राखे, तब तिनले भविष्यको त्यस दिनको बाटो हेरे होलान्, जुन दिनमा यस संसारको शान्तिदाता आउनुहुनेछ; किनभने प्रभु येशू ख्रीष्टचाहिँ नूहको सबैभन्दा महान् सन्तान हुनुहुन्थ्यो। नूह नामको अर्थ 'विश्राम' हो। अनि समय बित्दै जाँदा मानिसहरूको आयु पनि घट्दै गयो। भजन ९०:१० पदले बताएअनुसार मानिसको सामान्य उमेर सत्तरी वर्ष हुँदो रहेछ।

### ङ) उत्पत्ति ६-८: विश्‍वव्यापी पाप र जलप्रलय

**उत्पत्ति ६:१-२:** यस अध्यायको दुई पदको विषयमा दुईवटा मुख्य व्याख्याहरू छन्। प्रथम व्याख्या यस प्रकारको छः परमेश्‍वरका छोराहरू ती स्वर्गदूतहरू हुन्, जसले आफ्ना वासस्थान त्यागे (यहूदा १:६), अनि जसले पृथ्वीमा भएका स्त्रीहरूसँग वैवाहिक सम्बन्ध राखे। तिनी-हरूको बीचमा स्थापित भएको यो अवैध विकाररूपी यौनको सम्बन्ध परमेश्‍वरको दृष्टिमा अति नै घृणित थियो। यो धारणा अपनाउनेहरूले के भन्छन् भने, परमेश्‍वरका छोराहरूचाहिँ स्वर्गदूतहरू थिए, जसले अय्यूब १:६ र २:१ पदहरूअनुसार परमेश्‍वरको उपस्थितिमा प्रवेश गर्न पाउँथे। सेमिटिक भाषाको सामान्य प्रयोगमा स्वर्गदूतहरूलाई 'परमेश्‍वरका छोराहरू' भनिन्छ। अनि यहूदा १:६-७ पदहरूबाट पाइने सुझाउअनुसार आफ्नो वासस्थान छोड़ेर जाने ती स्वर्गदूतहरू फोहोर यौन-आचरणको सम्बन्धमा दोषी थिए। पतित भएका स्वर्गदूतहरूको वर्णन दिइनेबित्तिकै यहूदा १:७ पदको शुरुमा 'सदोम र गमोरा' भन्ने शब्दहरू लेखिएको कुरा तपाईंले ख्याल गर्नुहोला।

यस व्याख्याको विरोधमा जनाइएको प्रमुख आपत्तिचाहिँ यही हो कि हाम्रो बुझाइ-अनुसार स्वर्गदूतहरूले यौन सम्पर्कद्वारा सन्तान उत्पन्न गर्दैनन्। मत्ती २२:३० पद आफ्नो तर्क पुष्टि गर्ने प्रमाण-स्वरूप लिएर मानिसहरूले भन्छन्, कि स्वर्गदूतहरू विवाह गर्दैनन् भन्ने कुरा प्रभु येशू आफूले सिकाउनुभएको हो। तर यस पदले खास गरी के भन्दछ भने, *स्वर्गमा* स्वर्गदूतहरूले न विवाह गर्छन्, न ता तिनीहरूको विवाह गराइदिइन्छ। एक समयमा मानिसको रूप लिएका स्वर्गदूतहरू अब्राहामकहाँ देखा परे (उत्पत्ति १८:१-५), अनि वचन मनन् गर्दा यस्तो पनि लाग्छ कि सदोम र गमोरामा गएका दुईजना स्वर्गदूतहरूसँग मानिसका शरीरका अङ्गहरू थिए र तिनीहरूसँग मानिसको मनमुद्रा पनि थियो।

यस विषयमा दोस्रो व्याख्या यस प्रकारको छः परमेश्वरका छोराहरूचाहिँ सेतका ईश्वरभक्त सन्तानहरू थिए, र मानिसका छोरीहरूचाहिँ कयिनको दुष्ट वंश थिए। यो धारणा अपनाउनेहरूको तर्क यस प्रकारको छः परमेश्वरको वचनको सन्दर्भअनुसार उत्पत्ति चार अध्याय कयिनको वंशसँग सम्बन्धित छ भने, उत्पत्ति पाँच अध्याय सेतको वंशसँग सम्बन्धित छ। अनि उत्पत्ति ६:१-४ पदको खण्डले यी दुईजनाका सन्तानहरूको बीचमा अन्तर-विवाह भएको कुरा बयान गर्दछ अरे। यस खण्डमा स्वर्गदूतको शब्द छैन । अनि उत्पत्ति ६:३ र ५ पदले मानिसहरूको दुष्टता ज्यादा भएको बताउँछ। यसकारण स्वर्गदूतहरूले पाप गरे भने त मानिस जाति किन नाश हुनुपर्ने ? व्यवस्था १४:१, भजन ८२:६, होशे १:१० र मत्ती ५:९ पदमा भक्त जनहरू 'परमेश्वरका छोराहरू' कहलिए; यसो भए पनि उत्पत्ति ६:२ पदमा प्रयोग गरिएको हिब्रू शब्दको रचनाचाहिँ उक्त खण्डहरूमा प्रयोग गरिएको शब्दको दुरुस्त रूप होइन ।

यस व्याख्यामा नमिल्ने कुराहरू धेरै छन् । यस प्रकारको व्याख्याबाट निम्न प्रश्न उठेको छः 'सेतको वंशका पुरुषहरूमध्ये किन सबैजना भक्त जनहरू थिए र कयिनको वंशका सबै स्त्रीहरूचाहिँ किन दुष्ट थिए ? अनि सेतको वंशमा जन्मेकाहरू सबैजनाले भक्ति कायम राखे भन्ने प्रमाण खोई, कहाँ छ ? परमेश्वरको वचनमा यसको कुनै सङ्केत छैन । अनि सेतका सबै सन्तानहरू भक्त जनहरू थिए भने तिनीहरू किन नाश भए त ? अर्को कुराः भक्त पुरुषहरू र भक्तिहीन स्त्रीहरूको वैवाहिक सम्बन्धले किन नेफिलहरूलाई, यी ठूलो-ठूलो कदका मानिसहरूलाई जन्म दियो त ?

**उत्पत्ति ६:३:** परमप्रभुले चेताउनी दिएर यसो भन्नुभयोः *'मेरो आत्माले मानिससित सधैंभरि विवाद गर्नेछैन; किनकि त्यो पक्का पनि शरीर हो। तैपनि त्यसका दिनहरू एक सय बीस वर्ष हुनेछन्।'* यसर्थ मानिस-हरूमाथि जलप्रलयरूपी न्याय आइपर्नका निम्ति एक सय बीस वर्ष बाँकी रहेको थियो । परमेश्वर धीरजी हुनुहुन्छ; कोही पनि नाश नहोस् भन्ने उहाँको इच्छा छ; तर उहाँको सहनशीलताको पनि सीमा छँदैछ। जलप्रलय हुनुभन्दा अघि बाँचेका मानिसहरूलाई ख्रीष्ट येशूले नूहद्वारा प्रचार गर्नुभएको तथ्य प्रेरित पत्रुसले हामीलाई आफ्नो पत्रमा बताएका छन् (१ पत्रुस ३:१८-२०; २ पत्रुस २:५) । ती मानिसहरूले तिनीहरूलाई प्रचार गरिएको यो सन्देश इन्कार गरे, र अहिले तिनीहरू कैदमा छन् ।

**उत्पत्ति ६:४-५:** नेफिलहरूचाहिँ, (जसको शाब्दिक अर्थ 'पतित भएकाहरू' हुन्छ), ठूलो-ठूलो कदका मानिसहरू थिए। उनीहरूको विषयमा श्री मेरिल एफ. उङ्गरले यस प्रकारको स्पष्टीकरण दिएका छन्ः

> 'धेर मानिसहरूको विचारमा, नेफिलहरू-चाहिँ आंशिक दैविक शरीर भएका भीमकाय मानिसहरू सम्झिइएका छन्, जो "मानिसका छोरीहरू" र "परमेश्वरका छोराहरू"को बीचको अर्थात् मरणशील स्त्रीहरू र स्वर्गदूत-हरूको बीचको अवैध वैवाहिक सम्बन्धबाट जन्माएका अप्राकृतिक सन्तान हुन्। यस प्रकारको वैवाहिक सम्बन्ध सम्पूर्ण रीतिले अप्राकृतिक र अवैध थियो। यस कुराले परमेश्वरले सृष्टि गरिएका प्राणीहरूको बीचमा स्थापना गर्नुभएका वर्गहरूको क्रम बिगार्‍यो । यसबाट कत्रो आघातलाग्दो असामान्य प्राणीको रचना थियो यो ! ! यस दुःर्भाग्यपूर्ण कुराले गर्दा अनिवार्य थियो कि परमेश्वरको न्यायको रूपमा सारा संसारमाथि विश्वव्यापी जलप्रलय आइपर्नु थियो ।' [11]

**उत्पत्ति ६:६-७:** *'पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभु पछुताउनुभयो।'*

यसबाट के बुझ्नुपर्छ, त्यसमा हामी होशियार बस्नुपर्छ। परमेश्वर हामीजस्तो मानिस हुनुहुन्न; हामीले मनमानी आफ्नो विचार बदली गर्छौं। तब यहाँ खास कुरा के हो त? परमेश्वरप्रति मानिसको व्यवहारमा हेरफेर आएको कारणले उहाँको मनको विचार बदलिएको हो। उहाँ पवित्र हुनुहुन्छ; यसकारण उहाँले पापप्रति केही न केही प्रतिक्रिया जनाउनैपर्छ।

**उत्पत्ति ६:८-२२:** नूहले परमेश्वरको दृष्टिमा अनुग्रह प्राप्त गरे, र उहाँबाट एउटा पानीजहाज बनाउने पूर्वचेताउनी पाए। यस पानीजहाजको नाप हातको नापअनुसार दिइएको छः एक हात बराबर अठार इन्च अर्थात् डेढ़ फीट हुन्छ। यसरी त्यस जहाजको लमाइ ४५० फीट, त्यसको चौड़ाइ ९५ फीट र त्यसको उचाइ ४५ फीट थियो। त्यसका तीन तल्ला थिए। उत्पत्ति ६:१६ पदमा बताइएको झ्याल त्यसको शाब्दिक अर्थ-अनुसार 'उज्यालोको लागि खाली राखिएको ठाउँ' थियो। यसर्थ यो झ्यालचाहिँ पानी-जहाजको सम्पूर्ण लमाइमा वरपर उज्यालो पस्न र हावा छिर्न सक्ने खुला छोड़िएको भाग थियो।

नूह अनुग्रहद्वारा बचाइएका थिए; यो परमेश्वरको सर्वाधिकारभित्र रहेको कार्य थियो। अनि तिनको उत्तरदायित्व के थियो? परमेश्वरले आज्ञा गर्नुभएअनुसार तिनले सबै कामहरू गर्नुपरेको थियो (उत्पत्ति ६:२२)। आज्ञाकारिता मानिसको जिम्मेवारी हो। आफ्नो परिवार बचाउनको निम्ति उनले एउटा पानीजहाज बनाए, तर त्यसको ढोका थुन्ने काम परमेश्वर स्वयम्ले गर्नुभयो। परमेश्वरको सर्वाधिकार र मानिसको उत्तरदायित्व एक-अर्कालाई बाहेक गर्दैनन्, तर एक-अर्कोको निम्ति पूरकको काम पो गर्छन्।

पवित्र धर्मशास्त्र बाइबलअनुसार नूह र हनोक – यी दुईजना मात्र परमेश्वरको साथमा हिँड्ने मानिसहरू थिए (उत्पत्ति ५:२२ र ६:९)। यदि हनोकले स्वर्गमा उठाइलगिने ख्रीष्टको मण्डलीलाई सङ्केत गर्छन् भने, नूहले ती विश्वासी यहूदीहरूलाई सङ्केत गर्दछन्, जसलाई परमेश्वरले ख्रीष्ट येशूको हजार वर्षको राज्यमा जिउनको निम्ति सङ्क्ष्टकालबाट भएर बचाउनुहुनेछ।

पवित्र बाइबलको उत्पत्ति ६:१८ पदमा सबैभन्दा पहिलो करार उल्लेख गरिएको छ। श्री सी. आई. स्कोफिल्डले आठवटा करारहरूको सूचि तयार गरेका छन्, जस्तैः **क)** अदनको बगैंचामा परमेश्वर र मानिसको बीचमा स्थापित भएको करार (उत्पत्ति २:१६), **ख)** आदमसँग बाँधिएको करार (उत्पत्ति ३:१५), **ग)** नूहसँग स्थापित गरिएको करार (उत्पत्ति ९:१६), **घ)** अब्राहामसँग बाँधिएको करार (उत्पत्ति १२:२), **ङ)** मोशासँग स्थापित भएको करार (प्रस्थान १९:५), **च)** प्रतिज्ञाको देशको सम्बन्धमा स्थापित भएको करार (व्यवस्था ३०:३), **छ)** दाऊदसँग बाँधिएको करार (२ शमूएल ७:१६) र **ज)** नयाँ करार (हिब्रू ८:८)। यी आठवटा करारहरू, साथै राजा सुलेमानसँग स्थापित गरिएको करार यस पाठमा तल छुट्टै विषयबद्ध लेखको रूपमा गाभिएका छन्। यी करारहरू विभिन्न धर्म-विज्ञानका विद्यालयहरूमा आ-आफ्नै अर्थ लगाएर व्याख्या गरेको कारणले यो एउटा जटिल विषय बन्न गएको छ। अनि यहाँ, यस ठाउँमा हामी यी करारहरूको सम्बन्धमा 'विभिन्न युगहरूका निम्ति परमेश्वरले विभिन्न प्रबन्धहरू गर्नुभएको र हजार वर्षको राज्यभन्दा अघि ख्रीष्टको मण्डली उठाइलगिने' पारम्परिक दृष्टिकोण प्रस्तुत गर्छौं।

**पवित्र धर्मशास्त्र बाइबलमा प्रस्तुत गरिएका मुख्य करारहरू**

**क) उत्पत्ति १:२८-३० र २:१६-१७:** *अदनको बगैंचामा परमेश्वर र मानिसको बीचमा स्थापित भएको करार*

अदनको बगैंचामा स्थापित भएको करारचाहिँ निर्दोष मानिससित स्थापित भएको थियो। त्यस करारअनुसार मानिसलाई फल्दै-फुल्दै र वृद्धि हुँदै पृथ्वीलाई भरिदिने र त्यसलाई वशमा पारिदिने जिम्मावारी दिइएको थियो। अनि सबै पशुप्राणीहरूमाथि प्रभुत्व जमाउने अधिकार मानिसलाई दिइएको थियो। मानिसले अदनको बगैंचा खनजोत गर्नु र देखरेख गर्नु थियो, साथै त्यस बगैंचाको बीचमा भएको असल र खराब ज्ञान दिने रूखको फलबाहेक त्यहाँ भएका अरू सबै फलफूलहरू खान पाउँथे। 'तिमीले असल र खराब ज्ञान दिने रूखको फल खानुहुँदैन' भन्ने आज्ञा उल्लङ्घन गरेको खण्डमा त्यस अनाज्ञाकारिताले उसमाथि अवश्य मृत्यु ल्याउनेथियो।

**ख) उत्पत्ति ३:१४-१९:** *आदमसँग बाँधिएको करार*

मानिस पापमा पतित भएपछि परमेश्वरले साँपलाई श्राप दिनुभयो अनि स्त्री र त्यसको बीचमा र ख्रीष्ट येशू र शैतानको बीचमा शत्रुता रहिरहने पूर्वजानकारी दिनुभयो। शैतानले ख्रीष्ट येशूलाई चोट पुऱ्याउने भए तापनि उहाँले त्यसलाई नाश गर्नुहुनेथियो। स्त्रीको प्रसव पीड़ा हुनेथियो र ऊ आफ्नो पतिको अधिकारमनि रहनुपर्नेथियो। भूमिमाथि श्राप परेको थियो; यसकारण मानिसले खेतीपाती गर्दा काँड़ा र सिउँड़ीसँग संघर्ष गर्नुपर्नेथियो र उसको काममा पसिना र थकावट हुनेथियो, र अन्तमा ऊ माटोमा फर्केर जानुपर्नेथियो, जहाँबाट ऊ बनिएर आएको थियो।

**ग) उत्पत्ति ८:२०-९:२७:** *नूहसँग स्थापित गरिएको करार*

परमेश्वरले नूहसँग भूमिलाई फेरि नसराप्ने र सम्पूर्ण पृथ्वी जलप्रलयद्वारा फेरि ध्वंस नगर्ने करार बाँध्नुभयो। अनि प्रतिज्ञाको रूपमा उहाँले बादलमा ईन्द्रेणीको धनु राखिदिनुभयो। यस करारअन्तर्गत मानिसहरूको बीचमा शासन गर्ने सरकार स्थापित भएको कुरा पनि हालिएको थियो, जुन सरकारको हातमा मृत्युदण्ड दिने अधिकार थियो। परमेश्वरले विभिन्न समय र ऋतुहरूका नियमहरू कायम राख्ने आश्वासन गर्नुभयो, मानिसलाई पृथ्वी भरिदिने आदेश दिनुभयो र सबै पशुप्राणीहरूमाथि उसको प्रभुत्व पुनर्स्थापना गर्नुभयो। अबदेखि उसो मानिस शाकाहारी भोजन मात्र होइन, तर पशुको मासु पनि खान सक्ने भयो। नूहको वंशको सम्बन्धमा परमेश्वरले हामको छोरा कनानलाई श्राप दिनुभयो; यसकारण त्यो छोराचाहिँ शेम र येपेतको कमारा बन्यो। अनि परमेश्वरले शेमलाई कृपादृष्टिको स्थान प्रधान गर्नुभयो। अनि शेमको वंशक्रम येशू ख्रीष्टमा टुङ्गिएको कुरा हामीलाई थाहा छ। येपेतले चाहिँ शेमको पालमा रहेर ठूलो समृद्धि र प्रशस्त भरपूरी उपभोग गर्ने आशीर्वाद पाए।

**घ) उत्पत्ति १२:१-३; १३:१४-१७; १५:१-८ र १७:१-८:** *अब्राहामसँग बाँधिएको करार*

परमेश्वरले अब्राहामसँग गर्नुभएको करार सर्तरहित थियो। किनभने उत्पत्ति १५:१२-२१ पदको खण्डमा परमेश्वरले आफूलाई एउटा धूवाँ निस्किरहेको अँगेठी र एउटा बल्दै गरेको

राँकोको रूपमा प्रकट गर्नुभयो, जुन अँगेठी र जुन राँको मात्र बलि गरिएको पशुका ती दुईवटा मासुका टुक्राहरूको बीचबाट भएर पार भए; यो अर्थपूर्ण र महत्त्वपूर्ण कुरा हो। जब दुईजना व्यक्तिहरूले आपसमा एउटा करार बाँध्थे, तब ती दुवै व्यक्तिहरू सँगै बलि गरिएका ती दुई मासुका टुक्राहरूको बीचबाट भएर जान्थे, जसको अर्थ यस प्रकारको थियोः ती दुईजनाले आपसमा स्थापित भएको करारका सर्तहरू पालन गर्नेथिए; तिनीहरू आफ्ना सर्तहरूले बाँधिएका थिए। तर यहाँ परमेश्‍वरले अब्राहामसँग करार बाँध्नुहुँदा उनीमाथि कुनै पनि सर्त राख्नुभएन। यसकारण अब्राहामका सन्तानहरू विश्‍वासयोग्य भए-नभए उनलाई प्रतिज्ञा गरिएका सबै ईश्‍वरीय प्रावधानहरू सुनिश्‍चित भए। अब्राहामसित सुनिश्‍चित गरिएका परमेश्‍वरका प्रावधानहरू के-के थिए, तपाईंले निम्न सूचिमा हेर्नुहोला।

'परमेश्‍वरको चुनिएको प्राचीन यहूदी जातिको निम्ति अब कुनै भविष्य छैन' भन्नेहरूले घरिघरि के गर्न कोशिश गर्छन् भने, तिनीहरूले अब्राहामसित बाँधिएको करार, विशेष गरी कनान देशको विषयमा सर्तपूर्ण करार तुल्याउन चाहन्छन्। त्यसपछि तिनीहरूले इस्राएली जातिका सबै आशिषहरू मण्डलीको निम्ति दाबी गर्छन्, र त्यस चुनिएको जातिको निम्ति कुनै आशिष छोड्दैनन्।

अब्राहाम र उनका सन्तानहरूसँग बाँधिएको करारअन्तर्गत निम्न प्रतिज्ञाहरू गाभिएका छन्ः

**क)** एउटा महान् जाति इस्राएल

अब्राहामका निम्ति हुने उनका व्यक्तिगत आशीर्वादहरूः

**क)** एउटा प्रतिष्ठित नाम;

**ख)** उनी अरू मानिसहरूका निम्ति आशिष बन्नेछन् (उत्पत्ति १२ः२);

**ग)** उनका मित्रहरूमाथि ईश्‍वरीय निगाह, तर उनका शत्रुहरूमाथि श्राप आउनेछ;

**घ)** उनीद्वारा सबै जातिका मानिसहरू आशिषित हुनेछन्; यो कुरा येशू ख्रीष्टद्वारा पूरा भयो (उत्पत्ति १२ः३);

**ङ)** एउटा प्रतिज्ञा गरिएको देश, जुन देश कनान देशको नामले सुपरिचित भएको छ, जुनचाहिँ उनको अनन्त उत्तरअधिकारको भाग भएको छ; पछि त्यस देशको नाम 'इस्राएल' र 'प्यालेस्टाइन्' पनि भयो (उत्पत्ति १३ः१४, १५ र १७);

**च)** असङ्‍ख्य शारीरिक र आत्मिक सन्तानहरू (उत्पत्ति १३ः१६; १५ः५);

**छ)** इसहाक र इश्माएलबाट जन्मेका धेरै जातिहरू र राजाहरूमाथिको पितृत्व (उत्पत्ति १७ः४, ६);

**ज)** परमेश्‍वरसँग विशेष नजिकको घनिष्ठ सम्बन्ध (उत्पत्ति १७ः७[क])।

**ङ) प्रस्थान १९ः५ र २०ः१-३१ः१८ः** *मोशासँग स्थापित भएको करार*

विस्तृत रूपले हेर्दा मोशासँग स्थापित भएको करारअन्तर्गत दस आज्ञाहरू पनि समावेश गर्नु सठीक ठहरिएला, जुन दस आज्ञाहरूमा परमेश्‍वरप्रतिको हाम्रो कर्तव्य व्यक्त गर्नुको साथ-साथै आफ्नो छिमेकीप्रतिको हाम्रो जिम्मेवारी के हो, सो पनि प्रस्तुत गरिएका छन् (प्रस्थान २०ः१-२६); अनि त्यस करारमा इस्राएलीहरूले सामाजिक जीवनमा पालन गर्नुपर्ने कयौं नियमहरू समावेश छन् (प्रस्थान २१ः१-२४ः११); अनि यहूदीहरूको धार्मिक जीवनको सम्बन्धमा दिइएका विस्तृत विधिहरूको विवरण पनि उल्लेख गरिएको छ (प्रस्थान २४ः१२-३१ः१८)।

यो व्यवस्था इस्राएली जातिलाई दिइएको थियो, अन्यजातिका मानिसहरूलाई होइन । मोशासँग स्थापित भएको यो करार सर्तपूर्ण थियो; यसकारण यसमा मानिसको पूरा आज्ञाकारिता चाहिएको छ । यो करार मानिसको आज्ञाकारिताविना पूरा हुन नसकेको कारणले रोमी ८ः३ पदअनुसार यो शरीरद्वारा दुर्बल र अशक्त व्यवस्था ठहरिएको थियो । दस आज्ञाहरू कहिल्यै पनि मानिसलाई मुक्ति प्रदान गर्न सक्ने साधन थिएन, तर यो त मानिसहरूलाई तिनीहरूले बिराएका कुराहरू र तिनीहरूको पापको दोष देखाउनका निम्ति दिइएको थियो । विश्राम-दिन मान्नुपर्ने आज्ञाबाहेक अरू बाँकी सबै नौवटा आज्ञाहरू नयाँ नियममा दोहोराइएका छन् – दण्डको आज्ञासहितको धर्मनियमको रूपमा होइन, तर अनुग्रहद्वारा मुक्ति पाएका मानिसहरूको निम्ति उपयोगी र सुहाउँदो आचरणरूपी मानदण्डको रूपमा प्रस्तुत गरिएका छन् । ख्रीष्ट-विश्वासीहरू अनुग्रहमनि राखिएका छन्, व्यवस्थाको अधीनतामा होइन; यसो भए पनि उनीहरू ख्रीष्ट येशूसित प्रेमले बाँधिएका छन्, उनीहरूको निम्ति आज्ञाकारी हुने कत्रो प्रेरणा ! !

**च) व्यवस्था ३०ः१-९ः** *प्रतिज्ञाको देशको सम्बन्धमा स्थापित भएको करार*

परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभएको देशको विषयमा यस करारले सम्बन्ध राख्दछ, जुन देश यहूदीहरूले भविष्यमा पूरा अधिकार गर्नेछन् । त्यस देशको साँधसिमाना मिस्रको खहरे खोलादेखि लिएर महानदी युफ्रेटिससम्म जाने रहेछ (उत्पत्ति १५ः१८) । इस्राएलीहरूले प्रतिज्ञा गरिएको जम्मै देश कहिल्यै आफ्नो अधिकारमा लिएनन् । राजा सुलेमानको शासनकालमा यस देशको पूर्वीय भागमा पर्ने जातिहरूले कर त तिरे (१ राजा ४ः२१, २४); तर यो कुरा यहूदीहरूले प्रतिज्ञा गरिएको देश ओगटेको वा अधिकार गरेको भन्न मिल्दैन ।

इस्राएलीहरू आफ्नो अनाज्ञाकारिताको कारणले संसारका सबै जातिहरूको बीचमा तितरबितर हुनेछन्, पछि उनीहरू प्रभुकहाँ फर्कनेछन्, प्रभु येशूको दोस्रो आगमन हुनेछ, उनीहरू आफ्नो देशमा फर्कनेछन्, आफ्नो देशमा उनीहरूले खूबै फलिफाप गर्नेछन्, परमप्रभुलाई प्रेम गर्न र उहाँको आज्ञापालन गर्ने किसिमले उनीहरूको हृदयको परिवर्तन हुनेछ र इस्राएलीहरूका शत्रुहरूमाथि परमेश्वरको सजाय आइपर्नेछ – यी सबै कुराहरू यस करारको पूर्वदृष्टिले प्रकट गरेको छ ।

**छ) २ शमूएल ७ः५-१९ः** *दाऊदसँग बाँधिएको करार*

परमेश्वरले दाऊदलाई के प्रतिज्ञा गर्नुभयो भने, उनको राज्य सदाको निम्ति स्थिर रहने नै छ; यति मात्र होइन, तर निरन्तर रूपले उनको सिंहासनमाथि उनको कुनै न कुनै सन्तान बस्ने नै छ । यो करार सर्तरहित करार थियो, जुन करारले दाऊदको आज्ञाकारिता वा उनको धार्मिकतामाथि कुनै प्रकारले पनि निर्भर गरेको थिएन । मत्तीको सुसमाचारको एक अध्यायअनुसार यूसुफको वंशावलीबाट के बुझिन्छ भने, राजा सुलेमानमार्फत ख्रीष्ट येशू दाऊदको सिंहासनको कानुनी उत्तराधिकारी हुनुहुन्छ । अनि लूकाको सुसमाचारको तीन अध्यायअनुसार मरियमको वंशावलीबाट के देखिन्छ भने, नातानमार्फत प्रभु येशूचाहिँ दाऊदको वंशबाट जन्मनुभएको तिनको साख सन्तान हुनुहुन्थ्यो । उहाँ अनन्त-अनन्तसम्म जीवित रहनुहुनेछ; यसकारण उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन, तर उहाँको राज्य पनि अनन्त हुनेछ । अनि उहाँको एक हजार वर्षको राज्य परमेश्वरको अनन्त राज्यमा गाभिनेछ ।

**ज) २ शमूएल ७ः१२-१५; १ राजा ९ः४-५; २ इतिहास ७ः११-२२ः** *राजा सुलेमानसँग स्थापित गरिएको करार*

अनन्त राज्यको सम्बन्धमा सुलेमानसँग स्थापित गरिएको करार सर्तरहित थियो; तर उनीपछि उनका सन्तानहरूमध्ये को-को त्यस सिंहासनमाथि बस्न पाउनेछ, सो कुरा केही सर्तहरूमाथि निर्भर गर्थ्यो (१ राजा ८ः४-५; २ इतिहास ७ः१७-१८)। उनका सन्तानहरूमध्ये कोनियाहचाहिँ, जो उनको सिंहासनमाथि बसे, तिनको कुनै साख सन्तान पनि दाऊदको सिंहासनमाथि बस्न पाउनेछैन (यर्मिया २२ः३०)। यसकारण बुझ्नुहोस्ः येशू ख्रीष्टचाहिँ राजा सुलेमानको साख सन्तान हुनुहुन्न; नत्र ता उहाँ पनि कोनियाहमाथि परेको श्रापको प्रभावमनि पर्नुहुनेथियो।

**झ) यर्मिया ३१ः३१-३४; हिब्रू ८ः७-१२; लूका २२ः२०ः** *नयाँ करार*

नयाँ करार स्पष्टसँग इस्राएल र यहूदाको घरानासित स्थापित भएको करार हो (यर्मिया ३१ः३१)। यर्मियाले आफ्नो पुस्तक लेख्दा यो घटना अझै पनि भिवष्यमा हुन बाँकी नै थियो (यर्मिया ३१ः३१[क])। यो नयाँ करारचाहिँ मोशासँग स्थापित गरिएको सर्त-सर्तैले पूर्ण करारजस्तै होइन, जुन करार इस्राएलीहरूले उल्लङ्घन गरे (यर्मिया ३१ः३२)। यस करारअन्तर्गत परमेश्वरले कुनै सर्त नराखी 'म यो गर्नेछु, त्यो गर्नेछु' भनेर निम्न प्रतिज्ञाहरू समावेश गर्नुभएको छ, जस्तैः

- **क)** इस्राएलको राष्ट्रको पूनर्जन्म हुनेछ (इजकिएल ३६ः२५);
- **ख)** मानिसहरूको हृदयभित्र पवित्र आत्माले वास गर्नुहुनेछ (इजकिएल ३६ः२७);
- **ग)** परमेश्वरको इच्छा पालन गर्न पूरा इच्छुक भएको हृदय उनीहरूको हुनेछ (यर्मिया ३१ः३३[क]);
- **घ)** परमेश्वर र उहाँका जनहरूको बीचमा एउटा विशिष्ट सम्बन्ध रहनेछ (यर्मिया ३१ः३३[ख])।
- **ङ)** इस्राएल देशका सबै मानिसहरूले प्रभुलाई चिन्नेछन् (यर्मिया ३१ः३४[क]);
- **च)** उनीहरूका सबै पापहरू क्षमा हुनेछन्, र क्षमा हुनुको साथै पापहरूको सम्झना धरि हुनेछैन (यर्मिया ३१ः३४[ख]); अनि अन्तमा,
- **छ)** यस जातिको अस्तित्व सधैंभरि रहिरहनेछ (यर्मिया ३१ः३५-३७)।

इस्राएली जातिले अहिलेसम्म नयाँ करारका यी आशिषहरू र सुविधाहरू प्राप्त गरेका छैन, तर ख्रीष्ट येशूको दोस्रो आगमन भएपछि यी सबै आशिष र सुविधाहरू उपभोग गर्नेछ। त्यस बेलासम्म साँचो ख्रीष्ट-विश्वासीहरू यस करारका केही आशिषहरूमा सहभागी भएका छन्। नयाँ करारसित मण्डलीको सम्बन्ध प्रभुभोजबाट स्पष्ट देखिन्छ; किनभने प्रभुभोजको कचौराचाहिँ नयाँ करारको प्रतिनिधि गर्छ भने ख्रीष्टको रगतमा चाहिँ यो नयाँ करार पारित भएको छ (लूका २२ः२०; १ कोरिन्थी ११ः२५)। प्रेरित पावलले आफ्नो सेवकाइको विषयमा र अरू प्रेरितहरूको सेवकाइको विषयमा कुरा गर्दा 'हामी नयाँ करारका सेवकहरू हौं' भनी भनेका छन् (२ कोरिन्थी ३ः६)।

आउनुहोस्, हामी टिप्पणीमा फर्कौं!

नूहले तयार गरेका पानीजहाजभित्र जीवित पशुप्राणीहरूका सबै जातहरूबाट एक-एक जोड़ी ल्याउनुको साथै उनले तिनीहरूको निम्ति चाहिएको आहारा पनि त्यसमा हाल्नुपरेको थियो। यहाँ आलोचकहरूको कुरा आयोः यिनीहरूको विचारमा, सबै प्रकारका पशुप्राणीहरू र तिनीहरूको निम्ति एक वर्ष र सत्र दिनसम्म पुग्ने आहारा अँटाउन नूहको जहाज सानो थियो अरे। तर हुन सक्छ, त्यस जहाजभित्र मूल-प्रकारका पशुप्राणीहरू र पक्षीहरूले मात्र प्रवेश गरे होलान्। यी मूलप्रकारका पशुप्राणीहरूबाट पछिबाट तिनीहरूका प्रशस्त उपजातहरू बने। यसो हो भने, यो जहाजको आकार सबै मूलजातका पशुप्राणीहरू र पक्षीहरू, साथै तिनीहरूका निम्ति चाहिने आहारा अँटाउन पर्याप्त थियो।

**उत्पत्ति ७ः१ः** यस पदमा पहिलो चोटि 'आऊ' भन्ने शब्द देखा परेको छ। अनुग्रहको सुसमाचारको निमन्त्रणा सुन्नुहोस्ः 'तपाईं र तपाईंको घराना सुरक्षा पाउनको निम्ति यस जहाजभित्र आउनुहोस्!'

**उत्पत्ति ७ः२-१८ः** परमेश्वरले नूहलाई सात जोड़ा शुद्ध पशुप्राणीहरू, तर केवल एक जोड़ी अशुद्ध पशुप्राणीहरू जहाजभित्र ल्याउने आज्ञा किन गर्नुभयो, सो कारण यहाँ बताइएको छैन। यो हाम्रो अनुमानको कुरा होः हुन सक्छ, यी शुद्ध पशुहरू मानिसहरूको अहारा हुनुपरेको थियो कि? अथवा के यी शुद्ध पशुप्राणीहरूचाहिँ पछि परमेश्वरलाई बलि चढ़ाउँदा चाहिएका थिए कि? (उत्पत्ति ८ः२० पदमा हेर्नुहोस्!)। जलप्रलयको पानी पर्नुभन्दा र जमिनका मूलहरू फुट्नुभन्दा सात दिनअघि पानीजहाज नूहका परिवार र पशुप्राणीहरूले भरियो। त्यसपछि चालीस दिन र चालीस रातसम्म मुसलधार पानी परिरह्यो। पवित्र बाइबलमा चालीसको सङ्ख्याले प्रायः परीक्षणकाल वा जाँचको अर्थ लिन्छ।

**उत्पत्ति ७ः१९-२४ः** के यो जलप्रलय केवल स्थानीय बाढ़ पो थियो, जसरी कति मानिसहरूले अनुमान गर्छन्? तब तपाईंले निम्न ठोस तत्त्वका बुँदाहरूमाथि विचार पुर्‍याउनुहोलाः *'सारा आकाशमनि भएका सबै अग्ला-अग्ला पहाड़हरू छोपिए'* (उत्पत्ति ७ः१९)। यदि यस खण्डमा उल्लेख गरिएको जलप्रलय सानो मुलुकमा सीमित रहेको साधारण बाढ़ हुँदो हो ता परमेश्वरले नूहलाई यत्रो ठूलो जहाज, एक र आधा फुटबल-मैदानजति ठूलो र लगभग आठ सयवटा रेल-धब्बामा अँटाउने परिमाण भएको जहाज बनाउने आदेश कहाँ दिनुभयो र!! यसको निम्ति कुनै आवश्यकता हुनेथिएन। मुलुकी जलप्रलय हुनु हो भने, उहाँले नूहको आठजनाको परिवार र ती पशुप्राणीहरू संसारको कुनै अर्को ठाउँमा सार्न सक्नुहुनेथियो नि। संसारका सबै क्षेत्रहरूमा विश्वव्यापी जलप्रलयका पौराणिक कथाहरू किन सुन्न पाइन्छ? अरारट पहाड़का टाकुरा-हरूको उचाइ सत्र हजार फिट हो। अनि उत्पत्ति ७ः१९-२० पदअनुसार जलप्रलयको पानी ती टाकुराहरूलाई नाघेर तीदेखि पन्ध्र हात माथिसम्म पुग्यो। तब यत्रो पानी मुलुकी तुल्याइदिने यो कस्तो अद्‌भुत आश्‍चर्यकर्म हुनुपरेको थियो, होइन र? उत्पत्ति ९ः१५ पदमा परमेश्वरले के प्रतिज्ञा गर्नुभयो भने, अबदेखि उसो कुनै जलप्रलयको पानीले कहिल्यै सबै प्राणीहरूलाई यस पृथ्वीबाट नष्ट गर्नेछैन। यो घटना घटेपछि संसारका विभिन्न क्षेत्रमा स्थानीय बाढ़रूपी जलप्रलयहरू आइरहे, तर नूहको समयमा जस्तै गरी विश्वव्यापी जलप्रलय फेरि कहिल्यै भएन। अनि यदि उत्पत्तिको पुस्तकको सात अध्यायमा विवरण गरिएको जलप्रलय आजभोलि भइरहेको बाढ़ मात्र भएको भए परमेश्वरले उत्पत्ती ९ः१५ पदमा गर्नुभएको आफ्नो प्रतिज्ञा पछि भङ्ग गर्नुभएको हुनेथियो,

र यस प्रकारको निष्कर्षमा आइपुग्न हाम्रो निम्ति असम्भव छ। अब प्रेरित पत्रुसको कुरा आयोः २ पत्रुस ३ः६ पदमा तिनले के लेखे भने, जसरी नूहको पालोमा पानीद्वारा पृथ्वी विध्वंस भएको थियो, ठीक त्यसरी नै भविष्यमा पृथ्वी आगोद्वारा नष्ट हुनेछ।

नूहको पानीजहाजले येशू ख्रीष्टको चित्रण गर्छ। अनि जलप्रलयको पानीले परमेश्‍वरको न्याय सङ्केत गर्दछ। गलगथामा प्रभु येशू पानीरूपी परमेश्‍वरको क्रोधबाट भएर जानुभयो। जोजति ख्रीष्ट येशूमा छन्, उनीहरू न्यायबाट बचाइएका छन्, तर ख्रीष्ट येशूदेखि बाहिर भएकाहरू सबै विनाशको निम्ति ठहरिएका हुन्छन् (१ पत्रुस ३ः२१)।

**उत्पत्ति ८ः१-१९ः** यस जलप्रलयको कालक्रम यस प्रकारको छः

- *उत्पत्ति ७ः१०ः* नूहले जहाजमा प्रवेश गरेको समयदेखि पानी पर्न शुरु भएको समयसम्म सात दिन बितेको थियो।
- *उत्पत्ति ७ः१२ः* चालीस दिन र चालीस रातसम्म पानी परेपछि मात्र थामियो।
- *उत्पत्ति ८ः३ः* पानी पर्न शुरु भएको दिनदेखि पानीको स्तर घटेको समयसम्म अर्थात् पानी-जहाज अराराटको पहाड़मा अड़िएको दिनसम्म एक सय पचास दिन थिए। (उत्पत्ति ७ः११ पद उत्पत्ति ८ः४ पदसित तुलना गर्नुहोस्!)
- *उत्पत्ति ८ः५ः* जलप्रलय शुरु भएको दिनदेखि पहाड़हरूका टुप्पाहरू देखा परेको समयसम्म दुई सय चौबीस दिन थिए। (उत्पत्ति ७ः११ पद उत्पत्ति ८ः५ पदसित तुलना गर्नुहोस्!)
- *उत्पत्ति ८ः६-७ः* पहाड़हरूका टुप्पाहरू फेरि देखा परेको समयदेखि नूहले एउटा कागलाई जहाजदेखि उड़ाइपठाएको दिन-सम्म चालीस दिनहरू बिते।
- *उत्पत्ति ८ः६-१०ः* अनि त्यस कागलाई उड़ाएको समयदेखि एउटा ढुकुरलाई जहाजदेखि उड़ाएको समयसम्म सात दिन बिते।
- *उत्पत्ति ८ः१०ः* नूहले त्यस ढुकुरलाई दोस्रोपल्ट जहाजदेखि उड़ाएको समयसम्म फेरि सात दिन बिते।
- *उत्पत्ति ८ः१०ः* नूहले अन्तिम पल्ट त्यस ढुकुरलाई उड़ाइ-पठाइएको समयसम्म सात दिन बिते।
- *उत्पत्ति ८ः१३ः* जलप्रलय शुरु भएको समयदेखि पानी रहेर नूहले यस पानीजहाजको छाना उघारेको समयसम्म तीन सय चौध दिन लागेका थिए। (तुलना गर्नुहोस् उत्पत्ति ७ः११ पद उत्पत्ति ८ः१३ पदसित तुलना गर्नुहोस्!)
- *उत्पत्ति ८ः१४ः* जलप्रलय शुरु भएको समयदेखि जमिन सुक्खा भएको समयसम्म तीन सय एकहत्तर दिन बिते। (उत्पत्ति ७ः११ पद उत्पत्ति ८ः१४ पदसित तुलना गर्नुहोस्!) यस समयमा नूहलाई यस पानीजहाजदेखि बाहिर निस्कने आज्ञा दिइएको थियो।

यो अशुद्ध काग (उत्पत्ति ८ः७) र त्यो शुद्ध ढुकुर (उत्पत्ति ८ः८) ख्रीष्ट-विश्वासीभित्र भएको उसको पुरानो स्वभाव र उसको नयाँ स्वभाव बुझाउने असल चित्रहरू हुन् । पुरानो स्वभावले फोहोर र सड़ेका कुराले पेट भर्न रुचाउँछ भने, नयाँ स्वभावले मृत्यु र न्यायको दृष्टिबाट कहिल्यै कुनै तृप्ति पाउनेछैन नै । पुनरुत्थानको भूमिमाथि पाइला नटेकेसम्म नयाँ स्वभावले कहीं कुनै विश्राम पाउँदैन ।

**उत्पत्ति ८ः२०-२२ः** नूहले एउटा वेदी निर्माण गरे; यसरी नै उनले परमेश्वरको अनुग्रहप्रति आफ्नो कृतज्ञाता प्रकट गरे, जुन अनुग्रहले उनलाई बचायो । हामी जतिजना आउने क्रोधबाट बचाइएका छौं, हामीले पनि नूहले गरेजस्तै परमेश्वरलाई हाम्रो हार्दिक धन्यवादरूपी आराधना चढ़ाउनुपर्छ । किनभने नूहको दिनमा यो उपासना जति ग्रहणयोग्य थियो, आजको दिनमा पनि हाम्रो विशुद्ध उपासना उहाँको सामु उत्तिकै ग्रहणयोग्य हुनेछ । परमप्रभुले प्रतिज्ञा गर्नुभयोः उहाँले अबदेखि उसो फेरि कहिल्यै भूमिलाई श्राप दिनुहुनेछैन, र नूहको दिनमा गरेझैं उहाँले फेरि कहिल्यै यस पृथ्वीबाट हरेक जीवित प्राणीलाई नाश गर्नुहुनेछैन । अनि पृथ्वी रहुन्जेलसम्म उहाँले नियमित रूपले ऋतुहरू कायम राख्ने प्रतिज्ञा पनि गर्नुभयो ।

उत्पत्ति ६ः५ र यहाँ, उत्पत्ति ८ः२१ पदमा पनि परमेश्वरले मानिसको अति भ्रष्ट हृदयको विषयमा बोल्नुभएको छ । उत्पत्ति छ अध्यायको समयमा यस पहिलो घटनामा परमेश्वरलाई खुशी पार्ने कुनै बलिदान थिएन; फलस्वरूप उहाँको न्याय मानिसहरूमाथि खनियो; तर यहाँ, दोस्रो घटनामा एउटा बलिदान थियो; यसकारण उहाँले मानिससित कृपाले पूर्ण व्यवहार गर्नुभयो ।

**च) उत्पत्ति ९ः जलप्रलयपछि नूहको जीवन**

**उत्पत्ति ९ः१-७ः** यसो हेर्दा जलप्रलयपछि पहिलो पल्ट मानिस जातिलाई मांसाहारी हुने अर्थात् मासु खाने अनुमति मिलेको थियो, कि के हो ? हरेक जीवधारीको रगत नै त्यसको प्राण भएको कारणले रगत खान मनाही गरिएको थियो र गरिएको छ; किनकि सबै प्राणहरू परमेश्वरका हुन् ।

यस खण्डमा मृत्युदण्ड दिने प्रथाको माग के हो भने, यसभन्दा पहिले यसको निम्ति सरकारी अधिकार स्थापित भएको हुनुपर्छ । यदि जोसुकैले पनि हत्याको बदला लिन सक्छ भने, यसको नतिजा अराजकता हुनेथियो । हत्याको बदला गर्नको निम्ति नियुक्त भएको र मान्यता प्राप्त सरकार चाहिन्छ; त्यसले मात्र उचित सजाय दिन्छ । नयाँ नियमले रोमी १३ः४ पदमा सरकारको सम्बन्धमा *'...तिनले तरवार व्यर्थमा भिर्दैनन्'* भनेर भन्दा त्यसको मृत्युदण्ड दिने अधिकार पुष्टि गर्छ र कायम राख्छ ।

**उत्पत्ति ९ः८-१७ः** परमेश्वरले यस पृथ्वीलाई फेरि कहिल्यै अर्को जलप्रलयद्वारा नष्ट गर्दिनँ भन्ने प्रतिज्ञाको रूपमा आकाशमा ईन्द्रेणी राखिदिनुभयो ।

**उत्पत्ति ९ः१८-२३ः** परमेश्वरको अनुग्रह नूहमाथि रहेको थियो; यसो भए पनि उनले पाप गरिपठाए; किनभने उनी दाखमद्य पिएर माते र आफ्नो पालमा नाङ्गै सुते । उनको छोरा हामले सो दृश्य देखेर आफ्ना दाजुभाइहरूलाई यो बताइहाले । जब शेम र येपेतले यो कुरा सुने, तब तिनीहरूले आफ्ना बुबाको नग्नता नहेरीकन उनको नाङ्गो शरीरलाई वस्त्रले ढाकिदिए ।

**उत्पत्ति ९ः२४-२५ः** जब नूह निद्राबाट बिउँझे, तब उनले हामका छोरा कनानलाई सरापे । यहाँबाट निम्न प्रश्न उठ्छः 'किन हामको सट्टामा कनानमाथि श्राप पर्‍यो त ?'

यसको विषयमा एउटा सम्भावित स्पष्टीकारण यो हुन सक्छः हाममा देखा परेको खराब प्रवृत्ति कनानमा अझै पनि बढ़ी भएको हुन सक्छ। यसो हो भने, कनानको श्राप एउटा भविष्यवाणी पो थियो, जुन भविष्यवाणीको विषयमा कनानको अनैतिक आचरण र त्यस अधर्मसित सुहाउँदो दण्ड भएको रहेछ। अर्को स्पष्टीकरण पनि छः कनान आफैले आफ्नो बाजेको विरुद्धमा केही अश्लील काम गरेको हुनुपर्छ, जुन कामको विषयमा नूहले पछिबाट मात्र थाह पाए। उनले आफ्नो कान्छो छोराले गरेको कर्तुत चाल पाए।

*'नूह आफ्नो दाखमद्यबाट बिउँझे, र उनले आफ्नो सानो छोराले उनकाई के गरेको थियो, सो थाह पाए।'* उत्पत्ति ९ः२४ पदको सन्दर्भ सायद नूहको माइला छोरा हाम होइन, तर उनको नाति कनान पो हुन सक्छ; किनकि पवित्र बाइबलमा 'छोरा' भन्ने शब्द नाति वा अरू कुनै साइनु लाग्ने सन्तानको निम्ति प्रयोग गरिएको छ। तर यस घटनाबाट बुझ्नुहोस्ः कनान आफ्नो बुबाको पापले गर्दा होइन, तर आफ्नै पापको कारणले श्रापित भएको हो। तर यस विषयमा अर्को व्याख्या पनि सम्भव देखिन्छः परमेश्वरले आफ्नो अनुग्रहमा नूहलाई हामको वंशको सानो अंशलाई मात्र सराप्ने अनुमति दिनुभयो, नत्र ता संसारका मानिसहरूको तेस्रो भाग श्रापित हुनेथियो।

**उत्पत्ति ९ः२६-२९ः** कनानले शेम र येपेतको कमारा बन्ने श्राप पाए। कनानीहरूले इस्राएलीहरूको चाकरी गरेको कुरा यहोशू ९ः२३ र न्यायकर्ता १ः२८ पदमा उल्लेख गरिएको छ। कालो वर्ण भएका मानिस-हरूलाई दासत्वमनि ल्याएको कुप्रथा पुष्टि गर्न यो खण्ड बेप्रयोग गरिएको छ। तर यस प्रकारको धारणा बिलकुल गलत हो, र यसले परमेश्वरको वचनबाट कुनै खास टेवा पाउँदैन। कनान कनानीहरूका पुर्खा थिए, जुन कनानीहरू इस्राएलीहरूले प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्नुभन्दा पहिले त्यहाँ बसोबास गर्थे। तिनीहरू कालो वर्णका मानिसहरू थिए भन्ने धारणाको निम्ति कुनै प्रमाण छैन। शेम र येपेतले ठूलो अधिकार-क्षेत्ररूपी आशीर्वाद पाए। अनि उत्पत्ति ९ः२७ पदले के सुझाउ दिन्छ भने, येपेतचाहिँ शेमको वंशबाट तिनीहरूको आत्मिक आशिषहरूमा सहभागी भए; किनकि इस्राएलीहरू शेमको वंश हुन्।

नूहका छोराहरूमा शेम वा येपेत, यी दुईजनामा को जेठा थिए, यस विषयमा मतभेद रहेको छ। उत्पत्ति १०ः२१ पदमा 'दाजु येपेतका भाइ शेम' अथवा 'येपेतको दाजु शेम' भनी पढ्न सकिन्छ। 'येपेतको दाजु शेम' भन्ने अनुवाद बढ़ी सम्भव भएको देखिन्छ; किनकि उत्पत्ति ५ः३२ र १ इतिहास १ः४ पदमा दिइएको वंशावलीमा शेमको नाम सधैं प्रथम स्थानमा देखा पर्दछ।

### छ) उत्पत्ति १०ः जातिहरूको सूचि


**उत्पत्ति १०ः१-३२ः** शेम, हाम र येपेत संसारका सबै जातिहरूका कुलपुरुष भए।

*शेमः* शेमबाट सेमिटिक जातिहरू आए, जस्तैः यहूदी, अरबी, बेबिलोनी, अश्शूरी, अरामी र फोनिसियावासी।

*हामः* हामबाट हामी जातिहरू भए, जस्तैः एथियोपियावासी, मिस्री, कनानी र पलिस्ती, साथै अफ्रिकावासी र पूर्ववासीहरू पनि हामीहरूमा समावेश गर्न सकिन्छ। तर धेरै विद्वान्हरूले पूर्ववासीहरूलाई येपेतका सन्तान भन्ठानेका छन्।

*येपेतः* येपेतबाट जन्मेका येपेती जातिहरू यस प्रकारका छन्ः मेदी, ग्रीक र साइप्रस-वासी इत्यादि। अनि हुन सक्छ, येपेतीहरूमा काफमा बसोबास भएका यूरोपेलीहरू र उत्तर एशियाका विभिन्न जातिहरू समावेश गर्नु-पर्ला। धेरै विद्वान्हरूले येपेतकै सन्तानमा पूर्ववासीहरूलाई पनि गाभ्दछन्।

**उत्पत्ति ४-५ र १० अध्यायअनुसार आदमको वंशावली**




यस अध्यायमा नूहका छोराहरूको वंशको क्रम यस प्रकारको दिइएको छः

**क)** उत्पत्ति १०:२-५: येपेतका छोराहरू

**ख)** उत्पत्ति १०:६-२०: हामका छोराहरू

**ग)** उत्पत्ति १०:२१-३१: शेमका छोराहरू

अनि पुरानो नियमको बाँकी भागमा परमेश्वरको आत्मा शेम र तिनका सन्तानहरूमाथि केन्द्रित रहिरहनुहुन्छ। अनि उत्पत्ति १०:५ पदमा *'आ-आफ्नो भाषा-अनुसार'* भनेर जुन भाषाहरू उल्लेख गरिए, ती भाषाहरूले वर्णनको कालक्रम नाघेर पछि बाबेलको धरहरामा घट्न लागिरहेको घटनाको विषयमा हामीलाई एउटा पूर्व-झलक दिएका छन् (उत्पत्ति ११:१-९)।

जातिहरूको विभाजनको सम्बन्धमा यस अध्यायमा दिइएका तीनवटा सान्दर्भित तथ्यहरू विचार गर्नुहोस्ः पहिलो सन्दर्भ उत्पत्ति १०:५ पद हो, जहाँ येपेतका सन्तानहरू कहाँ-कहाँ, कुन-कुन क्षेत्रमा बाँड़िए, सो कुरा वर्णन गरिएको छ भने, यसको दोस्रो सन्दर्भ उत्पत्ति १०:२५ पद हो, जब पेलेगको समयमा पृथ्वी बाँड़ियो। अनि तेस्रो सन्दर्भ-पद उत्पत्ति १०:३२ पद हो, जहाँ

यसो लेखिएको छः *'जलप्रलयपछि पृथ्वीमा नूहका छोराहरूबाट नै जातिहरू बाँड़िए।'* यस वाक्यले उत्पत्ति एघार अध्यायको परिचय दिन्छ, जहाँ बाबेलको धरहरामा भएको घटनाको बयान छ; किनभने त्यस अवसरमा नूहका छोराहरूका घरानाहरू विभिन्न भाषा-सहितका जातिहरूमा विभाजित भए।

**उत्पत्ति १०:८-१०:** निम्रोदको अर्थ विद्रोही हो। जलप्रलयपछि तिनीचाहिँ पृथ्वीमा प्रथम वीर पुरुषको रूपमा देखा परे (उत्पत्ति १०:८); अनि तिनले प्रथम राज्य स्थापना गरे (उत्पत्ति १०:१०)। तिनले परमेश्वरको विरुद्धमा विद्रोह गरेर बाबेल अर्थात् बेबिलोन र अश्शूर देशको नीनवे शहर निर्माण गरे (उत्पत्ति १०:११), जुन नीनवे शहरका मानिसहरू पछि परमेश्वरका जनहरूको कट्टर शत्रु बने।

हामीले अघि बताइसकेका छौं, कि उत्पत्ति १०:२१ पददेखि शेमका छोराहरूको आवली छ; अनि शेमचाहिँ येपेतको दाजु थिए।

ती विभिन्न जातिहरूले कुन-कुन जग्गामा बसोबास गरे, सो कुरा निश्चित रूपले भन्नु असम्भव छ; तर तल उल्लेख गरिएको सूचिचाहिँ हामीले अध्ययन गरिरहेका पाठहरूको निम्ति उपयोगी ठहरिनेछ होला भन्ने आशा छ।


*उत्पत्ति १०:४:* टर्शिशचाहिँ स्पेन हो, अनि कित्तीम साइप्रस हो।

*उत्पत्ति १०:६:* कूशचाहिँ एथोपिया हो; अनि मिस्रचाहिँ मिस्र देश हो। अनि पूतचाहिँ लीबीया हो; कनानचाहिँ पलिस्तीहरूको देश 'प्यालेस्टाइन्' हो।

*उत्पत्ति १०:११:* अश्शूरचाहिँ इराक हो।

*उत्पत्ति १०:२२:* एलामचाहिँ फारस अर्थात् पर्सिया हो; अनि अरामचाहिँ सिरिया र मेसोपोटामिया हो।

**उत्पत्ति १० अध्यायमा उल्लेख गरिएका जातिहरूको भौगोलिक विभाजनः**



**ज) उत्पत्ति ११ः बाबेलको धरहरा**

**उत्पत्ति ११ः१-४ः** हामीले उत्पत्ति दस अध्यायमा उल्लेख गरिएका सूचिहरू कालक्रमअनुसार एघार अध्यायमा घटेको घटनाको समयपछि राख्नुपर्ला, जहाँ लेखिएको छ कि मानिस-जातिचाहिँ आ-आफ्ना भाषाअनुसार विभाजित भयो (उत्पत्ति १०ः ५, २० र ३१)। किनभने अहिले मात्र हामी यस विभाजनको कारण के थियो, सो सिक्न र जान्न पाउँछौं। परमेश्वरको इच्छा-अनुसार नगरेर मानिसहरूले बेबिलोनरूपी शिनार देशमा एउटा शहर र एउटा धरहरा निर्माण गरे। किनभने तिनीहरू वृद्धि हुँदै पृथ्वीभरि फैलिँदै जानुपरेको थियो। तर तिनीहरूले आपसमा भनेः *'आओ, हामी आफ्ना निम्ति एउटा शहर निर्माण गरौं, र टुप्पा आकाशसम्म पुग्ने एउटा धरहरा, र आफ्नो निम्ति एउटा सुनाम कमाइराखौं; नत्रता हामी पृथ्वीको सतहमाथि तितरबितर हुनेछौं।'* आफ्नो निम्ति सुनाम कमाइराख्ने कुरा तिनीहरूको घमण्डको नीति र पृथ्वीको सतहमाथि तितरबितर नहुने तिनीहरूको प्रयासचाहिँ हामीले तिनीहरूको अवज्ञा ठान्नुपुरेको छ। अनि त्यो धरहाराचाहिँ ? त्यस धरहराले धर्मकर्म गरेर स्वर्गमा पुग्न खोजेको पतित भएको मानिस-जातिको नित्य प्रयास चित्रण गर्दछ। तर के गर्ने ? मुक्तिचाहिँ सित्तैंमा पाइने एउटा दान हो, परमेश्वरको निगाहको फल हो।

**उत्पत्ति ११ः५-९ः** परमेश्वरले मानिस-हरूको भाषामा खलबली ल्याउनुभयो र यसरी नै तिनीहरूको न्याय गर्नुभयो। आज यस संसारभरि भएका जेजति भाषाहरू छन्, ती किसिम-किसिमका भाषाहरूको शुरुआत-चाहिँ यही नै हो। तर पेन्टेकोष्टको दिनमा बाबेलको यो कार्य उल्टो गरियो (प्रेरित २ः१-११)। किनभने त्यस दिनमा त्यहाँ उपस्थित भएको हरेक मानिसले आ-आफ्नै भाषामा परमेश्वरका अचम्मका कामहरूको विषयमा सुन्यो। बाबलको अर्थ गड़बड़ हो। अनि यस प्रकारको गड़बड़ परमेश्वरलाई बाहेक गर्ने हरेक संघको नमीठो नतिजा हो; किनभने परमेश्वरको इच्छाअनुसार नभएको हरेक कुरा गड़बड़मा टुङ्गिन्छ।

**उत्पत्ति ११ः१०-२५ः** यी पदहरूले शेम-देखि अब्रामसम्म शेमका वंशको रेखा खिच्दछन्। यसरी नै ऐतिहासिक वृत्तान्त सारा मानिस-जातिदेखि साँघ्रिएर एउटै जातिमा, अँ, शेमको वंशमा टुङ्गिन्छ; अनि त्यहाँबाट अझै घटेर वृत्तान्त एकै व्यक्ति अब्राममा केन्द्रित रहन्छ, जो यहूदी जातिको शिर बने। अनि पुरानो नियमको बाँकी भाग प्रायः यस इस्राएली जातिको इतिहास हो।

**उत्पत्ति ११ः२६-३२ः** अब्राम विश्वासको शूरवीर हुनुको साथै मानव-इतिहासमा अति महत्त्वपूर्ण व्यक्तिहरूमध्ये एक थिए। संसारमा तीनवटा धर्महरूले – यहूदी धर्म, इसाई धर्म र मुसलमान धर्मले अब्रामलाई सम्मान दिन्छन्। पुरानो नियमका सोह्रवटा पुस्तकहरूमा र नयाँ नियमका एघारवटा पुस्तकहरूमा उनको नाम लिइएको छ। अब्राम नामको अर्थ 'उच्च पिता' र उनको परिवर्तित नाम अब्राहामको अर्थ 'धेरैको पिता' हो।

यस खण्डमा एउटा गणितीय समस्या छ। श्री डेरेक किड्नरले आफ्नो स्पष्टीकरण दिँदा यसो भनेका छन्ः

> 'तेरहको मृत्यु भएको समयमा तिनको उमेर दुई सय पाँच वर्ष भएको जुन जानकारी दिइएको छ, त्यस जानकारीले एउटा समस्या सृजना गरेको छ; किनकि यस हिसाबअनुसार तिनको मृत्यु हुने बेलामा तिनको जेठा छोराको उमेर १३५ वर्ष भएको थियो (उत्पत्ति ११ः२६), तर अब्रामको उमेर केवल ७५ वर्ष भएको थियो (उत्पत्ति १२ः४ र प्रेरित ७ः४)। यो समस्या हामी कसरी समाधान गरौं ? एउटा

समाधान गर्ने उपायचाहिँ यो होः अब्रामलाई तेरहको कान्छा छोरा मानिलिनु हो, जसको जन्म तेरहको जेठा छोराको जन्मभन्दा साठी वर्षपछि भएको थियो; तर उत्पत्ति ११ः२६-२७ पदको खण्डमा भएको वंशावलीमा अब्रामको नाम प्रथम स्थानमा राखियो; किनकि उनी यसमा प्रमुख व्यक्ति थिए। यो त एप्रैम मनस्सेभन्दा पहिले राखिएझैं भयो। दोस्रो उपाय यस प्रकारको छः सामरी नामक पाण्डुलिपिको सहारा लिएर केको नतिजा निस्कन्छ भने, तेरहको उमेर तिनको मृत्यु भएको बेलामा १४५ वर्ष भएको थियो अरे। यो बढ़ी उपयुक्त देखिन्छ। किनकि याद रहोस्, कि उत्पत्ति १७ः१७ पदमा अब्रामले मन-मनै आश्चर्य मान्दै गरेको उद्‌गारमा के मतलब हुनेथियो, यदि तेरह उनको बुबाले उनलाई १३० वर्षको उमेरमा जन्माए भने।' [12]

कल्दीहरूको ऊर भन्ने ठाउँ मेसो-पोटामियामा अवस्थित थियो (उत्पत्ति ११ः३१); अनि यो ऊर भन्ने ठाउँ मूर्तिपूजाको केन्द्र थियो। अनि तेरह र तिनको परिवार त्यहाँबाट निस्केर कनान देशतर्फको उत्तर-पश्चिमको यात्रामा हारानमा पुगे।

# खण्ड २

## उत्पत्ति १२-५०ः इस्राएलका पितापुर्खाहरू

## अ) उत्पत्ति १२ः१-२५ः११ः अब्राहाम

### क) उत्पत्ति १२ः१-९ः अब्रामको बोलावट

**उत्पत्ति १२ः१-३ः** ऊरमा छँदा अब्रामले परमप्रभुको बोलावट पाएका थिए (उत्पत्ति १२ः१; प्रेरित ७ः१-२ पदसँग तुलना गर्नुहोस्)। आफ्नो देश, आफ्नो कुटुम्ब र आफ्नो बुबाको घर छोड़ेर प्रवासी जीवन जिउनको निम्ति उनी बोलाइएका थिए (हिब्रू ११ः९)। परमेश्वरले उनीसँग अद्‌भुत करार बाँध्नुभयो, जुन करारअन्तर्गत निम्न महत्त्वपूर्ण प्रतिज्ञाहरू समावेश भएका थिएः एउटा देश, अनि त्यो देशचाहिँ कनान देश थियो; एउटा महान् जाति; अनि यो जाति यहूदी जाति थियो; अब्राम र उनका वंशको निम्ति आत्मिक र भौतिक समृद्धि हुनेछ; अब्राम र उनका सन्तानहरूलाई एउटा उच्च नाम प्रदान गरिनेछ; उनीहरू अरू मानिसहरूको निम्ति आशिषको कारण हुनेछन्; इस्राएली जातिका मित्रहरू आशिषित हुनेछन्, तर यहूदीहरूका विरोधीहरू श्रापित हुनेछन्। पृथ्वीका सबै जातिहरू अब्राममा नै आशिषित हुनेछन्। यहाँ यस कुरामा प्रभु येशू ख्रीष्टको पूर्वजानकारी दिइएको छ; किनभने उहाँ अब्रामको वंश भई जन्मनुभयो। अनि समयमा अब्रामसित बाँधिएको यस करारको नवीकरण, विस्तार र वृद्धि उत्पत्ति १३ः१४-१७, उत्पत्ति १५ः४-६ र उत्पत्ति १७ः१०-१४, साथै उत्पत्ति २२ः१५-१८ पदका खण्डहरूमा भयो।

**उत्पत्ति १२ः४-९ः** अब्रामले हारानमा बिताएका वर्षहरू 'हारानमा बर्बाद भएका वर्षहरू' भन्ने नामले चिनिन्छन्; किनभने यस अवधिमा उनको केही उन्नति भएन। यी वर्षहरू बितेपछि अब्राम आफ्नी पत्नी सारै, भतिजा लूत र अरू आफन्तहरू लिएर आफ्नो धनसम्पत्तिको साथमा कनान देशतिर लागे। तिनीहरू पहिले शेकेममा आइपुगे, जहाँ अब्रामले परमप्रभुको निम्ति एउटा वेदी बनाए। विश्वासको भरमा हिँड़िरहेका जनको निम्ति विरोधी कनानीहरूको उपस्थितिले कति पनि बाधा पुर्‍याएन। त्यसपछि अब्रामले त्यहाँबाट बेतेल र ऐको बीचमा आफ्नो डेरा सारे। (बेतेलको अर्थ 'परमेश्वरको घर' हो)। आफ्नो आदतअनुसार उनले त्यहाँ पनि आफ्नो पाल टाँग्नुको साथै परमप्रभुको निम्ति

एउटा वेदी पनि बनाइहाले। परमेश्वरको जनका प्राथमिकताहरू के-के हुन्, सो कुरा उनीबाट स्पष्ट बुझिन्छ। अनि उत्पत्ति १२:९ पदअनुसार अब्रामले नेगेवतिर दक्षिण यात्रा गरे।

### ख) उत्पत्ति १२:१०-१३:४: मिस्र देशमा अब्रामको प्रवेश र कनान देशमा उनी फर्केको

**उत्पत्ति १२:१०-२०:** कसैको विश्वास सधैं एकनाश रहँदैन। त्यसमा हेरफेर र भूलचूकहरू पनि आउँछन्। जब परमेश्वरले चुन्नुभएको ठाउँमा घोर अनिकाल पुग्यो, तब अब्राम त्यहाँबाट मिस्र देशमा गए; मिस्र देशचाहिँ संसारको आत्मिक चित्र हो। अनि यस यात्राले उनको निम्ति समस्याहरू पैदा गर्‍यो। किनभने 'फाराओले मेरी सुन्दरी पत्नी सारैको कारणले मलाई मारेर उसलाई आफ्नो दरवारमा लैजान्छन्' भन्ने डरले अब्रामलाई छोप्यो। यसकारण अब्रामले सारैलाई 'तिमी मेरी बहिनी हौ' भनेर भन्न पारे। हुनु पनि हो, उत्पत्ति २०:१२ पदअनुसार तिनी अब्रामकी सौतेनी बहिनी थिइन्, तरै पनि यो एउटा झूट नै थियो; किनकि यसमा उनीहरूको छल गर्ने अभिप्राय थियो। अब्रामको यस छली चालले उनको निम्ति उनलाई चाहिएको काम त गर्‍यो; किनकि यसको इनाम ठूलो थियो। तर यस चालले सारैको विरुद्धमा काम गर्‍यो; फलस्वरूप तिनी फाराओको जनानखानामा पुगिन्। अनि अब्रामको गुप्त चालले फाराओको विरुद्धमा पनि काम गर्‍यो; किनकि एउटा भयानक महामारीले यिनलाई र यिनको परिवारलाई पीड़ित तुल्यायो। अब्रामको व्यवहारभन्दा फाराओको व्यवहार बढ़ी धार्मिक थियो। उनीहरूले गरेको यो छल जब फाराओले थाह पाए, तब यिनले अब्रामलाई हपारे र उनलाई फेरि कनान देशमा पठाए।

यस घटनाले हामीलाई के सिकाउँछ भने, हामीले यहाँबाट आत्मिक लड़ाइँमा शारीरिक हातहतियारहरू चलाउनुहुँदैन भन्ने पाठ सिक्नुपर्छ। अनि लक्ष्य असल भएदेखि त्यहाँ पुर्‍याउने बेठीक साधनहरू पनि सठीक ठहरिन्छन् भन्ने सोच बिलकुल बेठीक हो। अनि यो पनि सुनिश्चित छः आफ्नो पापको दण्ड नपाई हामी छोड़िनेछैनौं।


परमेश्वरले अब्रामलाई छोड्नुभएन; तर उहाँले उनको जीवनमा पापलाई त्यसको काम गर्न दिनुभयो। उनले फाराओबाट खुल्लम-खुल्ला हप्काइ खानुपर्‍यो, साथै शर्मको साथ उनी त्यहाँबाट निर्वासित भए।

अर्को कुरा हामीले याद गर्नुपर्छः यहाँ 'फाराओ' शब्दले कसैको निश्चित नाम बोध गर्दैन, तर यो देशको सर्वोच्च अधिकारीलाई दिइने उपाधि हो, जस्तैः राजा, सम्राट वा राष्ट्रपति आदिको निम्ति प्रयोग गरिने उपाधि।


**उत्पत्ति १३:१-४:** अब्राम मिस्र देशदेखि बेतेलमा फर्केको अन्तर्निहित उद्देश्यचाहिँ उनलाई परमेश्वरको सङ्‌गतिमा पुनर्स्थापित गर्नु हो। यसकारण बुझ्नुहोस्ः प्रभुदेखि टाढ़ा गएकाहरू सबैका निम्ति 'परमेश्वरको घरमा फर्क' भन्ने जगजगाउने आव्हान दिइन्छ।

### ग) उत्पत्ति १३:१-१४:२४: लूत र मेल्किसेदेकसँग गरेका अब्रामका अनुभवहरू

**उत्पत्ति १३:५-१३:** अब्रामका गोठाला-हरू र लूतका गोठालाहरूको बीचमा झगड़ा भयो। उनीहरूका गाईवस्तुको निम्ति चरन गर्ने ठाउँहरू पर्याप्त भएनन्। अब्रामको व्यवहारमा साँचो शिष्टता, दया र निःस्वार्थ थियो; किनभने उनले लूतलाई सारा देशबाट आफ्नो ठाउँ छान्ने मौका दिए। उनको विनम्र हृदयअनुसार उनले अरूलाई आफूभन्दा श्रेष्ठ ठाने (फिलिप्पी २:३)। तब लूतले यर्दनको




अब्राहाम जिइरहेको उहिलेको संसारको भूभाग




प्रतिज्ञा गरिएको देश

मलिलो बेंसी रोजे, जुन बेंसीमा पापले भरिएका सदोम र गमोरा शहरहरू पनि परे। लूत एक साँचो विश्वासी त थिए (२ पत्रुस २:७-८); तर तिनी संसारको सिमानामा जिउने सीमावर्ती व्यक्ति थिए। एकजना अपरिचित भाइले यसो भनेः 'लूतले आफ्नो गाईवस्तुको निम्ति घाँसचाहिँ पाए; तर अब्रामले आफ्ना छोराछोरीहरूको निम्ति परमेश्वरको अनुग्रह प्राप्त गरे (उत्पत्ति १३:२५-२६)।'

*'सदोमका मानिसहरू परमप्रभुको दृष्टिमा साह्रै दुष्ट र पापी थिए'* भन्ने कुरासित लूतले कुनै पर्बाह राख्दैनथिए; यस कुराले तिनलाई कुनचाहिँ भूमि छान्नु हो, सो निर्णय गर्नुमा अलिकति पनि बाधा दिएको रहेनछ। तिनी सांसारिकतामा डुबे; त्यसका कदमहरू विचार गर्नुहोस्!

**क)** *उत्पत्ति १३:७:* तिनका गोठाला-हरूले झगड़ा गर्दैथिए;

**ख)** *उत्पत्ति १३:१०:* तिनले आफ्ना आँखाहरू उठाएर यर्दनको मैदान हेरे;

**ग)** *उत्पत्ति १३:११:* तब तिनले आफ्नो निम्ति यर्दनको सारा मैदान रोजे;

**घ)** *उत्पत्ति १३:१२:* तिनले सदोम-सम्म आफ्नो पाल टाँगे;

**ङ)** *उत्पत्ति १४:१२:* तिनी सदोममै बस्थे; अर्थात् तिनी परमेश्वरको घर र उहाँको पूजाहारीदेखि निक्कै टाँढ़ा बसे;

**च)** *उत्पत्ति १९:१:* तिनी सदोम शहरको मूलढोकामा बस्थे; तिनको राजनीतिक पद निक्कै बढ़ेको थियो; किनकि लूत त्यस शहरको स्थानीय अधिकारी भए।

**उत्पत्ति १३:१४-१८:** अब्रामले सबैभन्दा असल र मलिलो भूमि इन्कार गरे; तर परमेश्वरले कनान देशको सम्पूर्ण क्षेत्रफल उनलाई र उनका सन्तान-दरसन्तानलाई सधैंको निम्ति दिनुभयो। यसको साथसाथै परमेश्वरले उनीसित असंख्य भावी सन्तानहरू दिन्छु भन्ने प्रतिज्ञा पनि गर्नुभयो। आफ्नो बसाइ हेब्रोनमा सारेपछि अब्रामले तेस्रो चोटि परमप्रभुको निम्ति एउटा वेदी बनाए। उनले परमप्रभुको निम्ति सधैं एउटा वेदी बनाए, तर आफ्नो लागि कहिल्यै एउटा बस्ने घरचाहिँ बनाएनन्।

यहाँ एउटा कुरा याद गर्नुहोस्ः परमेश्वरले अब्रामलाई देशको चारैतर्फ घुम्दै आफ्नो अधिकारको भागरूपी भूमिलाई नियालेर हेर्ने निर्देशन दिनुभयो। यही प्रकारले हामीले पनि परमेश्वरका प्रतिज्ञाहरू विश्वासद्वारा नियालेर हेर्नुपर्छ र आफ्नै तुल्याउनुपर्छ।

**उत्पत्ति १४:१-१२:** यस अध्यायमा घटेको प्रमुख घटनाभन्दा तेह्र वर्षअघिको कुरा होः एलाम अर्थात् फारसको राजा कदोर्लाओमेरले क्षार-समुद्रको समतल भूमिमा बस्ने पाँचजना राजाहरूलाई लड़ाइँमा जितेका थिए। तर तेह्र वर्षपछि यी पाँचजना पराजित राजाहरूले तिनको विरुद्धमा विद्रोह गरे। यसकारण तिनले बेबिलोन क्षेत्रका अरू तीनजना राजाहरूको सहायता लिए, र क्षार-समुद्रको पूर्व किनाराबाट हुँदै दक्षिणतर्फ अघि बढ़े; क्षार-समुद्रको पुच्छरमा पुगेपछि तिनी त्यस समुद्रको पश्चिम किनाराहुँदा उत्तरतिर फर्के र सदोम, गमोरा र त्यस मैदानमा भएका शहरहरूको सामु आइपुगे। तब सिद्दीमको बेंसीमा तिनीहरूको बीचमा घमासान लड़ाइँ चल्यो। सिद्दीमको बेंसी अलकत्राका धापै-धापले भरिएको थियो। आक्रमणकारी सेनाहरूले ती विद्रोह गर्ने राजाहरूलाई परास्त गरे। त्यसपछि तिनीहरू आफूले जितेर लुटेका धनमाल र बन्दीहरू लिएर उत्तरतिर फर्के; बन्दीहरूमा विश्वासबाट पतित भएका लूत, अब्रामको भतिजा पनि थिए।

**उत्पत्ति १४:१३-१६:** जब अब्रामले यो खबर पाए, तब उनले तीन सय अठारजना तालिम पाएका लड़ाकुहरूलाई भेला पारे, र त्यस विजयी दललाई देशको उत्तरमा अवस्थित भएको दानसम्म पहिल्याउँदै गए। अन्तमा उनले तिनीहरूलाई सिरियाको दमस्कसनिर भेट्टाएर तिनीहरूलाई परास्त गरे, अनि लूतलाई, तिनका मानिसहरूलाई र अरू सबै धनमालहरू छुटाए। यसकारण बुझ्नुहोस्ः विश्वासबाट पछि हटेको मानिसले आफूमाथि विपत्ति मात्र कहाँ ल्याउँछ र, तर उसले अरूलाई पनि कष्ट दिलाउँछ। यहाँ, यस ठाउँमा अब्रामले लूतलाई तरवारको बलले छुटकारा दिए। केही समयपछि उनले तिनलाई अन्तर्विन्तीद्वारा छुटकारा दिलाउनेथिए (उत्पत्ति १८-१९:)।

**उत्पत्ति १४:१७-१८:** अब्राम विजय प्राप्त गरेर फर्किरहेको बेलामा सदोमको राजा उनलाई भेट गर्न निस्के; मानों शैतानले ठूलो आत्मिक विजय हासिल गरेको ख्रीष्टविश्वासीलाई पापको परीक्षामा पारेजस्तै; किनभने शैतानले घरिघरि हाम्रो जीवनमा आफ्नो दुष्ट दाउको निम्ति मौका खोज्दैछ। तर अर्कोतिर शालेमका राजा मल्किसेदेक, जो सर्वोच्च परमेश्वरका पूजाहारी थिए, आफ्नो हातमा रोटी र दाखमद्य लिएर अब्रामलाई बलवन्त तुल्याउनका निम्ति उनलाई भेट्न तयार थिए।

तब के गर्ने ? पवित्र बाइबलमा प्रथम चोटि रोटी र दाखमद्यको विषयमा पढ्न पाउँदा यी वस्तुहरूमा हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको कष्टको साङ्केतिक अर्थ नबुझी हामी सक्दैनौं; किनकि हामीलाई पापदेखि बचाउनको निम्ति उहाँले तिर्नुभएको मोलमाथि जब हामी आफ्नो ध्यान लगाउँछौं, तब हरेक पापको परीक्षाको सामना गरेर त्यसमाथि विजय बन्ने सामर्थ्य हामी आफ्ना प्रभुबाट पाउँछौं।

पवित्र धर्मशास्त्र बाइबलमा भएका नामहरू अर्थपूर्ण हुन्छन्। मल्किसेदेकको अर्थ 'धार्मिकताको राजा' हो भने, शालेमको अर्थ 'शान्ति' हो। (यरूशलेमको छोटो रूप शालेम हो)। यसर्थ शालेमको राजा मल्किसेदेकचाहिँ धार्मिकताको राजा र शान्तिको राजा थिए। यसरी नै तिनी येशू ख्रीष्टका प्रतीक थिए, जो हाम्रा साँचो धार्मिकताको राजा र शान्तिको राजा हुनुहुन्छ – हाम्रा महान् महापूजाहारी ! किनकि तिनको विषयमा हिब्रू ७:३ पदमा यसो लेखिएको छः *'तिनी विनापिता, विनामाता, विनावंशका हुन्; तिनका न दिनहरूको शुरु छ, न जीवनको अन्त; तर तिनी परमेश्वरको पुत्रतुल्य थिए; तिनी निरन्तर पूजाहारी भएर रहन्छन्।'* यहाँ, यस पदमा उल्लेख गरिएका कुराहरूको सम्बन्ध केवल तिनको पूजाहारी-पदसित सम्बन्धित थियो। प्रायः जसो पूजाहारीहरूले पूजाहारीको पद अधिकारको भागको रूपमा पाउँछन्, र एउटा सीमित अवधिसम्म मात्र पूजाहारीको सेवा गर्छन्। तर यस दिव्य विवरणअनुसार मल्किसेदेकको पूजाहारी-पद अद्वितीय थियो; किनभने तिनले त्यो पद आफ्नो बुबाआमाबाट हासिल गरेनन्, अनि तिनको पूजाहारी-सेवाको कुनै शुरुआत र अन्त पनि थिएन। अनि याद रहोस्ः ख्रीष्ट येशूको पूजाहारी-पद 'मल्किसेदेकको रीतिबमोजिम' भएको छ (भजन ११०:४; हिब्रू ७:१७)।

**उत्पत्ति १४:१९-२०:** मल्किसेदेकले अब्रामलाई आशीर्वाद दिए; त्यसको सट्टामा अब्रामले परमेश्वरको ती पूजाहारीलाई आफूसँग भएका सबै लुटको मालको दशांश दिए। अनि हिब्रूको पुस्तकको सात अध्यायबाट हामी के सिक्छौं भने, यस कार्यमा एउटा गहिरो अत्मिक अर्थ हुँदो रहेछ। किनकि अब्राम हारूनका कुलपिता भएको हुनाले उनले हारूनवंशी पूजाहारीगिरीको प्रतिनिधित्व

गर्छन्। मल्किसेदेकले अब्रामलाई आशीर्वाद दिएको मतलब के हो भने, मल्किसेदेकको पूजाहारी-पद हारूनको पूजाहारी-पदभन्दा महान् हुँदो रहेछ; किनकि आशीर्वाद दिने व्यक्तिचाहिँ आशीर्वाद लिने व्यक्तिभन्दा श्रेष्ठ हुन्छ। अनि अब्रामले मल्किसेदेकलाई दशांश दिएको कुराले के आत्मिक अर्थ लिन्छ भने, हारूनवंशी पूजाहारीगिरीभन्दा मल्किसेदेकको पूजाहारी-पद उत्कृष्ट हुँदो रहेछ; किनकि सानोले ठूलोलाई दशांश दिन्छ।

**उत्पत्ति १४:२१-२४:** सदोमको राजाले अब्रामलाई भन्न खोजेको कुरा यस प्रकारको छः 'मलाई मानिसहरू मात्र दिनुहोस्, तर धनसम्पत्तिचाहिँ तपाईं नै राख्नुहोस्!' यसर्थ बुझ्नुहोस्: हाम्रो वरिपरि मानिसहरू नाश भइरहेको बेलामा शैतानले आज पनि हामीलाई संसारका नाशवान् 'खेलौना'हरूमा भुलाउने परीक्षा गर्छ। यसैकारण यस विषयमा अब्रामको जवाफ सुन्नुहोस्: उनले तिनीबाट एउटा धागो अथवा जुत्ताको फिता-सम्म पनि नलिने अठोट गरे।

### घ) उत्पत्ति १५: अब्रामलाई प्रतिज्ञा गरिएको उत्तराधिकारी

**उत्पत्ति १५:१:** उत्पत्ति १४ अध्यायको अन्तिम भागसँग यस पहिलो पदको घनिष्ठ सम्बन्ध छ। कुलपिता अब्रामले सदोमको राजाबाट कुनै पनि इनाम नलिएका, तर त्यो सबै पूरापूर इन्कार गरेका हुनाले परमप्रभु परमेश्वरले उनलाई भन्नुभयो: *'अब्राम, नडराऊ! तिम्रो ढाल र तिम्रो अत्यन्त ठूलो इनाम म नै हुँ।'* यसो भनेर उहाँले अब्रामलाई सुरक्षित र असाध्य धनाढ्य तुल्याएर उनलाई दुईवटा आशिषहरू दिनुभयो।

**उत्पत्ति १५:२-६:** अब्राम निःसन्तान भएको कारणले उनलाई उनको दास दमस्कसको एलिएजर नै उनको उत्तराधिकारी बन्छ कि भन्ने डर थियो; किनकि त्यस बेलाको कानुन त्यस्तै थियो। तर परमेश्वरले अब्रामसँग 'तिमीलाई एउटा पुत्रलाई र ताराहरूजत्तिकै अनगिन्ती सन्तानहरू दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभयो। मानवीय दृष्टिकोणले यो असम्भव थियो; किनभने सारैले गर्भधारण गर्ने उमेर नाघिसकेकी थिइन्। तर अब्रामले परमेश्वरले उनलाई गर्नुभएको प्रतिज्ञा विश्वास गरे, अनि परमेश्वरले उनलाई उनको विश्वासको आधारमा धर्मी ठहऱ्याउनुभयो। विश्वासद्वारा धर्मी ठहरिएको जुन सत्यता यहाँ, यस ठाउँमा प्रकट गरिएको छ, त्यस सत्यताचाहिँ रोमी ४:३, गलाती ३:६ र याकूब २:२३ पदहरूमा फेरि दोहोरिएको छ। उत्पत्ति १३:१६ पदमा परमेश्वरले अब्रामलाई धूलोसरह असंख्य सन्तान हुने प्रतिज्ञा गर्नुभयो, र यहाँ, उत्पत्ति १५:५ पदमा चाहिँ तारासरह असंख्य सन्तान हुने प्रतिज्ञा गर्नुभयो। धूलोले अब्रामका प्राकृतिक सन्तानहरूको चित्रण गर्दछ, जो जन्मकै यहूदीहरू हुन्। ताराहरूले अब्रामका आत्मिक सन्तानहरूलाई सङ्केत गर्छन्, जो सबै विश्वासद्वारा धर्मी ठहरिएका हुन्छन् (गलाती ३:७)।

**उत्पत्ति १५:७-२१:** यस खण्डमा परमेश्वरले एउटा अनौठो, तर महत्त्वपूर्ण प्रतीकात्मक कामद्वारा अब्रामका सन्तानको विषयमा र भूमिको विषयमा गर्नुभएका प्रतिज्ञाहरू सुदृढ पार्नुभयो। अब्रामका सन्तानको विषयमा गरिएको प्रतिज्ञा उत्पत्ति १५:१-६ पदको खण्डमा, अनि भूमिको विषयमा गरिएको प्रतिज्ञा उत्पत्ति १५:७-८ र १८-२१ पदको खण्डमा उल्लेख गरिएको छ। यस सम्बन्धमा श्री डेविड बेरोन्‌ले यसो भनेका छन्:

> 'अब प्राचीन समयको कुरा आयो: पूर्वीय देशहरूमा करार बाँध्ने चलन यस प्रकारको थियो: कुनै करारभित्र प्रवेश गर्न चाहने दुईवटा दलहरू यस सिलसिलामा मारिएका पशुहरूका

दुई फ्याकहरूको बीचबाट भएर हिँड्नु-पर्दथियो। यसरी नै उनीहरूले आपसमा बाँधेको यो करार अवश्य पूर्ण भएको होस् भनेर दुवै दलले आफूले गरेको प्रतिज्ञाको साथसाथै आफ्नो जीवन पनि बन्धक राख्ने गर्थे (यर्मिया ३४:१८-१९)। तर यहाँ उत्पत्ति पन्ध्र अध्यायमा परमेश्वर मात्र यी मारिएका बलि-पशुहरूका दुई फ्याकहरूको बीचबाट भएर जानुभयो; जलिरहेको राँको र धूवाँ निस्कि-रहेको अँगेठीले यहाँ, यस घटनामा परमेश्वरको उपस्थिति सङ्केत गर्छन्। अनि अब्रामचाहिँ – उनले केवल यो अद्भुत दृश्य हेरिरहे, जुन दृश्यले उनलाई सित्तैंमा दिइएको परमेश्वरको अनुग्रह प्रदर्शन गरेको छ।' 13)

यस कुराले अब्रामसँग भएको परमेश्वरको यो करार एउटा सर्तरहित करार थियो भन्ने कुरा पुष्टि गर्छ – एउटा यस्तो करार, जसको पूर्ति केवल परमेश्वरमाथि निर्भर गर्छ।

यस खण्डको विषयमा अर्को धारणा पनि छ, जस्तैः बलि गरिएका पशुहरूका यी दुई फ्याकहरूले इस्राएली जातिलाई सङ्केत गर्छन् अरे। अनि यी गिद्धहरूले चाहिँ अन्यजाति राष्ट्रहरूलाई चित्रण गर्छन्; अनि निस्सन्देह जुन भूमि तिनीहरूको होइन भनिएको छ, त्यो भूमिचाहिँ मिस्र देश हो। अनि चौथो पुस्ताको समयमा इस्राएली जाति मिस्रीहरूको दासत्व-बाट छुटकारा पाई कनान देशमा फर्कन्छ। जलिरहेको राँको र धूवाँ निस्किरहेको अँगेठीले इस्राएली जातिको भाग्य के थियो, सो कुरा सङ्केत गर्छन्; किनभने तिनीहरू कष्ट भोग्न र साक्षी बन्न बोलाइएका थिए।

जुन बेलासम्म एमोरीहरूको अधर्मको नाप पूरा हुँदैनथियो, तबसम्म इस्राएली जातिको छुटकारा हुनेथिएन। यो गैर-यहूदी जाति अन्तिम आएर नामेट हुनुपर्ने रहेछ। तर यस विषयमा धेरै पल्ट कुरा यस्तो छः परमेश्वरले जुन खराबीको न्याय गर्न चाहनुहुन्छ, त्यसको न्याय गर्नुभन्दा अघि उहाँले त्यस खराबीलाई आफ्नो दौड़ पूरा गर्ने अनुमति दिनुहुन्छ; अनि उहाँको न्यायको विषयमा त्यो ढिलाइचाहिँ कहिलेकाहीं उहाँका जनहरूको हानि गरेको जस्तै देखा पर्ला। तर यस विषयमा कुरा यस्तो छः परमेश्वर धीरजी हुनुहुन्छ; कोही पनि नष्ट नभएको उहाँ चाहनुहुन्छ, यहाँसम्म कि यी भ्रष्ट एमोरीहरू पनि नष्ट भएका उहाँ चाहनुहुन्न (२ पत्रुस ३:९)। उहाँको झट्टै न्याय गरिनहाल्ने अर्को कारण पनि छः उहाँले कुनै खराबीलाई यस हेतुले पूरा विकसित हुन दिनुहुन्छ कि त्यस खराबीको भयानक प्रतिफल के हो, सो सबै मानिसहरूको अघि स्पष्टसँग देखा परोस्। किनकि त्यस बेलामा मात्र उहाँको क्रोध सम्पूर्ण रूपले धार्मिक देखा पर्दछ।

उत्पत्ति १५:१३-१४ पदमा *'तिम्रा सन्तानहरू एउटा पराई देशमा परदेशी भएर बस्नेछन्। ... अनि तिनीहरूले उनीहरूलाई चार सय वर्ष दुःख दिनेछन् ... त्यसपछि उनीहरू धेरै धनसम्पत्ति लिएर निस्कि-आउनेछन्'* भनेर लेखिएको कुराले कालक्रमको विषयमा हाम्रो सामु एउटा समस्या खड़ा गरेको छ। यी पदहरूले अब्रामका जनहरू विदेशमा चार सय वर्षसम्म कठोर दासत्वमनि पर्ने पूर्वजानकारी दिन्छन्; अनि त्यसपछि तिनीहरू त्यस विदेशदेखि धेरै धनसम्पत्ति लिएर निस्कि-आउनेछन्। अनि प्रेरित ७:६ पदमा पनि यो चार सय वर्षको कुरा दोहोरिएको छ।

तर प्रस्थान १२:४०-४१ पदमा हामीले के पढ़्छौं भने, त्यस दिनसम्म मिस्र देशमा बसेका इस्राएलीहरूको बसाइ ट्याक्कै चार सय तीस वर्ष भएको थियो। अनि गलाती ३:१६ पदमा प्रेरित पावलले अब्राहामसँग परमेश्वरको करारमा निश्चित भएको समय-देखि व्यवस्था दिइएको समयसम्मको अवधि ४३० वर्ष थियो भन्ने कुरा लेखेका छन्। यी

दुईवटा अङ्कहरूले सृजेको समस्या हामी कसरी समाधान गरौं त ?

तब बुझ्नुहोस्ः उत्पत्ति १५ः१३-१४ र प्रेरित ७ः६ पदमा उल्लेख गरिएको चार सय वर्षले इस्राएलीहरूले मिस्र देशमा भोगेको कठोर यातनाको अवधि सङ्केत गर्दछ। याकूब र तिनको परिवार मिस्र देशमा आएको बेलामा शुरुमा दासत्वको बन्धनमा परेका थिएनन्; तर त्यसको ठीक विपरीत उनीहरूलाई राजकीय सम्मान र सुविधा पो मिलेको थियो। अनि प्रस्थानको पुस्तक १२ः४०-४१ पदमा बताइएको ४३० वर्षले इस्राएलीहरूले मिस्र देशमा बिताएको कुलअवधि सङ्केत गर्दछन् अर्थात् मिस्र देशबाट निस्केको दिनसम्म गन्ती गर्दै आएको कुलसमय, त्यसको शुरुदेखि अन्तसम्म भएको जम्मै समयको पूरा हिसाब देखाइएको हो।

अनि गलाती ३ः१७ पदमा उल्लेख गरिएको समय र प्रस्थान १२ः४०-४१ पदमा उल्लेख गरिएको समय – यी चार सय तीस वर्षहरूले लगभग एकै अवधि बयान गरेका छन्। हिसाब कहाँबाट शुरु भयो? परमेश्वरले याकूबसँग अब्रामसित बाँधिएको करार पुष्टि गर्नुभएको समयदेखि, अर्थात् याकूब मिस्र देशमा जान तयार भएको समयदेखि यी वर्षहरूको हिसाब शुरु भएको हो (उत्पत्ति ४६ः१४)। अनि यो हिसाब कहाँ टुङ्गिएको छ? इस्राएलीहरू मिस्र देशबाट निस्केको लगभग तीन महिना मात्र भएको थियो, जब तिनीहरूलाई मोशाको व्यवस्था दिइयो। त्यस बेलासम्म चार सय तीस वर्ष लाग्यो।

उत्पत्ति १५ः१६ पदमा चार पुस्ताको कुरा गरिएको छ। अनि यो कुरा प्रस्थान ६ः१६-२० पदको खण्डमा पूरा भएको देखिन्छः लेवी, कहात, अम्राम र मोशा – चार पुस्ता। उत्पत्ति १५ः१८-२१ पदको खण्डमा प्रतिज्ञा गरिएको भूमिचाहिँ त्यस बेलासम्म अझै पनि इस्राएलीहरूको हातमा आएको थिएन। पछि मात्र राजा सुलेमानले यस भूमिमाथि शासन गरे (१ राजा ४ः२१ र २४)। यी राज्यहरू अधीनतामा त आए, तर इस्राएलीहरूले यी राज्यहरू पूरा कब्जा गर्न सकेनन्। यसकारण जबसम्म ख्रीष्ट येशू ठूलो महिमाको साथ राज्य गर्न यस संसारमा फर्केर आउनुहुनेछैन, तबसम्म यो करार पूरा हुनेछैन। त्यस बेलामा मात्र प्रतिज्ञा गरिएका सबै कुराहरू पूरा हुने नै छन्। परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुरा सुनिश्चित छ, अघिबाटै भइसकेको कुराजस्तो पक्का हुन्छ।

अनि सर्वमान्य धारणा अपनाउनु हो भने, यहाँ, उत्पत्ति १५ः१८ पदमा उल्लेख गरिएको मिस्रको नदी भनेको नील नदी होइन, तर गाजाको दक्षिणमा भएको एउटा सानो खहरे खोला हो, जसलाई 'वादी-एल-अरिश' भन्ने नामले चिनिन्छ।

### ङ) उत्पत्ति १६-१७ः ईश्माएलचाहिँ शरीर-अनुसार अब्रामको सन्तान हो

**उत्पत्ति १६ः१-६ः** यस खण्डमा पापी स्वभावको अधीरता देखिन्छ। परमेश्वरको बाटो हेर्नुको सट्टामा सारैले आफ्ना पति अब्रामलाई आफ्नी कमारी हागारबाट एक बालकलाई जन्माउन उस्काइन्। हुन सक्छ, उनीहरूले हागारलाई मिस्र देशको दुर्भाग्यपूर्ण प्रवासको समयमा पाएका थिए होलान्। परमेश्वर आफ्ना जनहरूको वैवाहिक सम्बन्धमा आएका अनियमितताहरूको वर्णन गर्नुमा उहाँ विश्वासयोग्य हुनुहुन्छ, यद्यपि यस प्रकारका अनियमितताहरू उहाँले कहिल्यै अनुमोदन गर्नुहुन्न। जब हागार गर्भवती भई, तब उसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न थाली; अनि सारैले आफ्ना पति अब्रामलाई यसको दोष लगाइन्। अनि त्यसपछि तिनले हागारलाई घरबाट निकालिदिइन्। यस कुराले अनुग्रहको करार

र व्यवस्थारूपी करारको बीचमा चलिरहेको संघर्षको चित्रण गर्छ। यी दुईवटा कराहरू एकैसाथ रहन सक्दैनन् (गलाती ४:२१-३२), तर एक-अर्कालाई बाहेक गर्छन्। हुन सक्छ, यस खण्डमा बयान गरिएका कति व्यवहारहरू त्यस जमानामा र त्यस बेलाको समाजमा ग्रहणयोग्य थिए होलान्, तर इसाई दृष्टिकोणले पूरापूर अयोग्य ठहरिएका छन्।

**उत्पत्ति १६:७-१५:** हागार घरबाट निकालिएपछि मिस्र देशतिर फर्किरहेकी थिई; अनि परमप्रभुका दूत उसकहाँ देखा पर्दा ऊ शूरको मरुभूमिमा आइपुगेकी थिई। परमप्रभुका दूतचाहिँ प्रभु येशूको पूर्व-अवतारीय प्रदर्शन थिए। (परमप्रभुका दूतको सम्बन्धमा बढ़ी जानकारीको निम्ति तपाईंले न्यायकर्ता छ अध्यायअन्तर्गत लेखिएको निबन्धमा हेर्नुहोला)। परमप्रभुका दूतले हागारलाई उसकी मालिक्नी सारैकहाँ फर्कि-गएर आफूलाई तिनको अधीनतामा सुम्पने सल्लाह दिए र ऊबाट जन्मन लागेको बालकचाहिँ एउटा ठूलो जातिको शिर बन्नेछ भन्ने प्रतिज्ञा गरे। अनि निस्सन्देह यो प्रतिज्ञा-चाहिँ अरबी जातिमा पूरा भएको हो। अनि यो याद रहोस्, कि जस-जससँग परमेश्वरले व्यवहार गर्नुभएको छ, तिनीहरूमध्ये धेरै-जनाको जीवनमा 'फर्क ... र आफूलाई प्रभुको हातमा सुम्प' भन्ने शब्दहरूले ठूलो भूमिका खेलेका छन्, र यी शब्दहरू तिनी-हरूको जीवनको एउटा महत्त्वपूर्ण मोड़ बनेका छन्।

उत्पत्ति १६:१३ पदमा हागारले गरेकी उद्गारको भावानुवाद यस प्रकारले गर्न सकिन्छः ' "मलाई देख्नुहुने परमेश्वर तपाईं पो हुनुहुँदो रहेछ;" किनकि उसले भनीः "के मैले यहाँ पनि उहाँलाई देखेको छु, जसले मलाई देख्नुहुन्छ।" यसकारण तिनले त्यस इनारको नाम 'बेर-लहै-रोइ' राखी, जसको अर्थ होः "जीवित हुनुहुनेको इनार, जसले मलाई देख्नुहुन्छ।" '14)

**उत्पत्ति १६:१६:** जुन बेलामा हागारले इश्माएललाई जन्माई, त्यस बेलामा अब्राम छयासी वर्ष भएका थिए। इश्माएलको अर्थ होः 'परमेश्वर सुन्नुहुन्छ'। यस सन्दर्भमा उहाँले हागारको कष्टको पुकारा सुन्नुभयो। यस खण्डको अध्ययन गर्दाखेरि हामीले याद गर्नुपर्ने कुरा यो हो, कि समस्त विवरणभरि हागारले व्यवस्था र व्यवस्थावाद सङ्केत गर्छे भने, सारैले परमेश्वरको अनुग्रहको करार चित्रण गर्छिन् (गलाती ४)।

**उत्पत्ति १७:१-१४:** यस अध्यायको पहिलो पदमा परमेश्वरले अब्रामसँग बोल्नुभएको वचनमा उहाँले उनलाई भन्न खोज्नुभएको निम्न अर्थ लुकिएको थियो, कि कसो हो ? 'तिमी आफ्नो बल र बुद्धि लगाएर आफ्नो चलाखी गर्न छोड़! मलाई, सर्वशक्तिमान् परमेश्वरलाई, तिम्रो जीवनमा, तिम्रो पक्षमा काम गर्न देऊ!' यसको लगातै परमेश्वरले अब्रामसँग बाँध्नुभएको जुन अघिको करार थियो, उहाँले त्यस पहिलेको करारको नवीकरण गर्नुभयो; अनि यस सुअवसरमा उहाँले अब्रामको नाम बदली गरेर उनलाई 'अब्राहाम' भन्ने नाम दिनुभयो। अब्रामको अर्थ 'उच्च पिता' हो भने, अब्राहामको अर्थ 'धेरैको पिता' हो। अनि खतनाचाहिँ केको लागि थियो ? त्यो त यस ईश्वरीय करारको चिन्हको रूपमा उनलाई र उनका सन्तानहरूलाई दिइएको थियो। खतनाचाहिँ नर-बालकहरूको लिङ्गमा गरिने चिरफार हो, जसद्वारा लिङ्गको टुप्पाको छाला काटिन्थ्यो। यसर्थ खतना शरीरमाथि लगाइएको एउटा चिन्ह थियो, जुन चिन्हद्वारा स्पष्ट बुझिन्थ्यो, कि खतना भएको मानिसचाहिँ पृथ्वीमा परमेश्वरको एकमात्र चुनिएको जातिको सदस्य थियो। खतनाको चलन मध्य-पूर्वी देशहरूमा पहिले पनि थियो,

तर अब्राहाम र उनका परिवारको निम्ति खतनाले एउटा नयाँ अर्थ पायो। यतिखेर अब्राहामको घरानाको प्रत्येक पुरुषको खतना भयो। तर त्यस समयदेखि उसो उनको परिवारमा जन्मिने हरेक नर-बालकको खतना उसको जन्मेको आठौं दिनमा गरिनेथियो, नभई त्यो व्यक्तिचाहिँ आफ्ना जनहरूको बीचबाट नामेट गरिनेथियो अर्थात् इस्राएली जातिबाट बहिष्कार गरिनेथियो। प्रस्थान ३१:१४-१५ पदअनुसार नामेट गर्ने शब्दले चाहिँ मृत्युदण्ड दिने अर्थ लिएको छ। पवित्र बाइबलका अन्य ठाउँहरूमा, यहाँजस्तो, यस शब्दको अर्थ 'प्रतिबन्ध लगाउने' वा 'बहिष्कार गर्ने' अर्थ लाग्छ।

रोमी ४:११ पदमा प्रेरित पावलले होशियारसाथ आफ्नो तर्क पेश गरेका छन्: अब्राहामको खतना हुनुभन्दा पहिले नै उनी धर्मी ठहरिएका थिए (उत्पत्ति १५:६)। अब्राहामको खतना हुनुभन्दा अघिको अवस्थामा उनको विश्वास थियो; अनि खतनाचाहिँ विश्वासद्वारा उनले हासिल गरेको धार्मिकताको छाप पो थियो। वर्तमान समयमा ख्रीष्ट-विश्वासीहरूमाथि यस प्रकारको शारीरिक छाप लगाइँदैन, तर प्रभु येशूकहाँ फर्केको बेलामा उनीहरूमाथि पवित्र आत्माको छाप लगाइन्छ (एफेसी ४:३०)।

**खतनाको चिन्ह**

खतना के हो त? परमेश्वरले आफू र आफ्ना जनहरूको बीचमा स्थापित गर्नुभएको करार एउटा शारीरिक चिन्हद्वारा पुष्टि गर्न रोज्नुभयो (उत्पत्ति १७:१०-१४)। यसरी अब्राहामका सबै सन्तानहरू 'खतनाका' भनिए (प्रेरित १०:४५), र अन्यजातिहरूले चाहिँ 'बेखतनाका' भन्ने नाम पाए (एफिसी २:११)। खतनाचाहिँ यस धार्मिकताको निम्ति एउटा चिन्ह र एउटा छाप थियो, जुन धार्मिकता अब्राहामले विश्वासद्वारा प्राप्त गरे (रोमी ४:५)।

तर पछिबाट 'खतना' र 'खतना भएका' आदि शब्दहरूको अर्थमा धेरै हेरफेर आयो, जस्तैः 'खतना नभएका ओठहरू' (प्रस्थान ६:१२), जसको अर्थ सार्वजनिक रूपले बोल्ने क्षमता नभएको हो। सुन्न नचाहने, प्रेम गर्न नचाहने र प्रभुको आज्ञापालन गर्न नचाहने मानिसहरूका 'खतना नभएका कानहरू' र 'खतना नभएका हृदयहरू' थिए (लेवी २६:४१; व्यवस्था १०:१६ र ३०:६; यर्मिया ६:१०; प्रेरित ७:५१)। इजकिएल ४४:७ पदमा 'शरीरमा खतना नभएका' शब्दले अशुद्ध हुने अर्थ लिन्छ।

अब नयाँ नियमको कुरा आयोः नयाँ नियममा 'ख्रीष्टको खतना' भन्ने शब्दले प्रभु येशूको क्रूसको मृत्यु सङ्केत गर्छ (कलस्सी २:११)। ख्रीष्ट-विश्वासीहरूको आत्मिक खतना त्यस बेलामा गरिन्छ, जुन बेलामा विश्वासद्वारा ख्रीष्ट येशूसँग उनीहरूको एकीकरण हुन्छ। पानीको बप्तिस्माद्वारा उनीहरू ख्रीष्ट येशूको मृत्यु र बौरिउठाइमा सहभागी भएका हुन्छन्। पावलले कुरा गरेको खतनाचाहिँ *'ख्रीष्टमा विनाहातले गरिएको खतना हो, जुन खतनाद्वारा शरीरका पापहरूको देह ख्रीष्टको खतनाद्वारा फालिएको छ'* (कलस्सी २:११)। अनि यस खतनाले पापी स्वभावको लेखि मरेको कुरा गरेको छ। 'ख्रीष्ट येशूमा' हरेक विश्वासीको ठहर पापी स्वभावको लेखि मरेको ठहर रहेछ। तर ख्रीष्ट-विश्वासीहरू यस ठहरअनुसार जिउनुपर्छ, अर्थात् तिनीहरूले आफ्ना शरीरका पापमय कार्यहरूलाई मारेर यो कुरा तिनीहरूको जीवनमा व्यावहारिक बन्नुपरेको छ (कलस्सी ३:५)। अर्को ठाउँमा प्रेरित पावलले ख्रीष्ट-विश्वासीहरूलाई 'साँचो खतना' भनेका छन् (फिलिप्पी ३:३)। यहूदी व्यवस्थावादीहरूको सिलसिलामा तिनले यो भनेका हुन्, जो 'खतनाका' भन्ने नामले सुपरिचित थिए (गलाती २:१२)।

खतना गर्ने नियमजस्तै अरू नियमहरू पनि छन्, जसका प्रतीकात्मक अर्थहरूबाहेक यी नियमहरूबाट अरू लाभहरू पनि छन्। किनभने परमेश्‍वरका कति नियमहरूमा हामी उहाँको दया देख्छौं, जुन नियमहरूद्वारा परमेश्‍वरले आफ्ना जनहरूलाई अन्यजातिहरूको बीचमा फैलिरहेका रोगहरूबाट बचाउन चाहनुभयो। अनि आजभोलि धेरै चिकित्साशास्त्रका विशेषज्ञहरू छन्, जसले मानेका छन् कि खतनाले लोग्ने-पत्नीमा कति प्रकारका क्यान्सरको रोकथाम गर्छ।

**उत्पत्ति १७ः१५-१७ः** परमेश्‍वरले सारैको नाम बदली गर्नुभयो र तिनको नाम 'सारा' राख्नुभयो। अनि यस अवसरमा उहाँले अब्राहामलाई नब्बे वर्ष पुगेकी उनकी पत्नी साराबाट एउटा छोरा हुनेछ भन्ने प्रतित्रा गर्नुभयो। कुलपिता अब्राहाम यो प्रतिज्ञा सुनेर मनमनै हाँसे; तर यो उनको हँसाइचाहिँ एउटा हर्षको, आश्‍चर्य लागेको हँसाइ थियो, अविश्‍वासको हँसाइ होइन; किनभने वचनले भन्दछ, कि उनको विश्‍वास अलिकति पनि डग्मगाएन (रोमी ४ः१८-२१)।

**उत्पत्ति १७ः१८-२७ः** जब अब्राहामले परमेश्‍वरलाई इश्माएलको विषयमा 'ऊ तपाईंको कृपा-पात्र भएको होस्' भनेर विन्ती गरे, तब उहाँले उनलाई 'तिम्रो छोरा इसहाक-द्वारा नै मेरो करार पूरा हुनेछ' भन्ने कुरा बताउनुभयो। तर इश्माएल आशिष नपाउने होइन; ऊ फलवन्त हुनेछ, संख्यामा अत्यन्तै बढ्नेछ र एउटा ठूलो जाति बन्नेछ। तर इसहाकचाहिँ ख्रीष्ट येशूको प्रतीक हो; अनि उहाँद्वारा नै परमेश्‍वरले अब्राहामसँग बाँध्नुभएको करार त्यसको सम्पूर्णतामा पुग्नेछ।

अब्राहामको आज्ञापालनमाथि ध्यान दिनुहोस्! उनले अलिकति पनि ढिलो गरेनन्; किनभने त्यही दिनमा अब्राहामको र उनको छोरा इश्माएलको खतना भयो।

### च) उत्पत्ति १८-१९ः सदोम र गमोरा

**उत्पत्ति १८ः१-१५ः** विगत अध्यायमा घटेको घटनाको केही समयपछि तीनजना मानिसहरू अब्राहामकहाँ देखा परे। वास्तवमा ती तीनजनामध्ये दुईजनाचाहिँ स्वर्गदूतहरू थिए, र एकजनाचाहिँ परमप्रभु आफै हुनुहुन्थ्यो। मध्य-पूर्वीय देशहरूमा अथिति-सत्कारको भूमिका ठूलो छ। यसकारण अब्राहाम र साराले अनजानमा स्वर्गदूत-हरूलाई, अँ, स्वर्गका दूतहरूभन्दा महान् एकजनालाई पनि अथिति-सत्कार गरे (हिब्रू १३ः२)। परमप्रभुका दूतले 'आउँदो वर्षमा साराको एउटा छोरा हुनेछ' भनेर अब्राहामलाई भनेको कुरा साराले संयोगवश सुनिन् र तिनी हाँसिन्। तिनको यस हँसाइले तिनको अविश्‍वास प्रकट गर्‍यो। परमप्रभुका दूतले सारालाई हप्काएर तिनलाई सोधेः *'के परमप्रभुको निम्ति कुनै कुरा असम्भव छ र?'* यो तिनको निम्ति तिनको हृदय तलाश गर्ने प्रश्‍न थियो। तिनको शङ्का जेसुकै होस्, परमप्रभुको प्रतिज्ञा दोहोरियोः 'आउँदो वर्षमा साराको एउटा छोरा हुनेछ' (उत्पत्ति १८ः९-१५)। तर यो क्षणिक चूकबाहेक हिब्रू ११ः११ पदले सङ्केत गरेअनुसार सारा एउटी विश्‍वासकी नारी थिइन्।

**उत्पत्ति १८ः१६-३३ः** जुन बेलामा परमप्रभुले सदोम र गमोरालाई नाश गर्ने लाग्नुभएको कुरा अब्राहामलाई प्रकट गर्नु-भयो, त्यस बेलामा यी दुईजना स्वर्गदूतहरू ती शहरहरूतिर गइसकेका थिए। यो कुरा सुन्नासाथ अब्राहामले परमप्रभुसँग अन्तर्विन्ती गर्न थाले। तिनको उल्टा-गन्ती पचासबाट शुरु भयोः पचास ...पैंतालीस ... चालीस ... तीस ... बीस ... दस। सदोम र गमोरामा

दसजना धर्मी जनहरू भएदेखि परमप्रभुले ती शहरहरू नाश गर्नुहुनेथिएन ।

अब्राहामको यो प्रार्थनाचाहिँ कति प्रभावशाली अन्तर्विन्ती थियो ! ! हाम्रो निम्ति कति उत्कृष्ट नमुना हो ! ! यो अन्तर्विन्ती सारा पृथ्वीका न्यायकर्ताको धार्मिक चरित्रमाथि आधारित थियो (उत्पत्ति १८ : २५); अनि परमेश्वरसँग बातचित गर्दा यत्रो साहस अब्राहामले कहाँबाट लिए त ? अनि उनको गम्भीर नम्रता कहाँबाट आयो ? यस प्रकारको साहस र नम्रता केवल परमेश्वरसँगको घनिष्ठ सम्बन्ध र पहिचानबाट आउँछ । अब्राहामले विन्ती गर्न छोड़ेपछि मात्र परमेश्वरले त्यो मामला बन्द गर्नुभयो र बिदा लिनुभयो (उत्पत्ति १८ : ३३) । हाम्रो जीवनको सम्बन्धमा रहस्यहरू धेरै, तर उत्तरहरू थोरै छन् । उत्पत्ति १८ : २५ पदमा प्रकट गरिएको सत्यता यस प्रकारका जवाफहीन प्रश्नहरूको एकमात्र सठीक उत्तर हो ।

उत्पत्ति १८ : १९ पदमा लेखिएको कुरा हामी ख्याल नगरी सक्दैनौं । *'म उनलाई चिन्छु, कि उनले आफ्ना छोराछोरीहरूलाई र उनको पछि हुने आफ्नो घरानालाई "तिमीहरू धार्मिकता र न्यायको काम गर्दै परमप्रभुको मार्गमा लागिरहनू" भन्ने आज्ञा गर्नेछन्'* भनेर परमेश्वरले अब्राहामको गुणानुवाद गर्नुभयो । उहाँको दृष्टिमा अब्राहाम उत्कृष्ट पारिवारिक मानिस थिए । यो हामी सबैजनाले लालसा गर्नुपर्ने कति योग्यको कुरा हो ।

**उत्पत्ति १९ : १-११ :** 'सदोम'को नाम पशुगमन र समलिङ्गगमनको पापको पर्यायवाचक शब्द बन्न पुगेको छ । तर यस प्रकारको यौन-विकृतिरूपी कुकर्ममा यस शहरको पतन ल्याउने पापहरू सीमित थिएनन् । इजकिएल १६ : ४९-५० पदको खण्डमा परमप्रभु परमेश्वरले यसो भनेर सदोमका पापहरूको बयान गर्नुभयो: *'त्यसमा घमण्ड, रोटीको भरपूरी र प्रशस्त अल्छीपना थियो ।'*

यता सदोममा लूतले ती दुईजना स्वर्गदूतहरूलाई स्वागत गरे । अनि ती पाहुनाहरूको निम्ति यस शहरको सड़कमा बस्न अति खतरा थियो; यो कुरा तिनलाई राम्री थाहा थियो । यसकारण तिनले तिनीहरूलाई तिनको घरमा वास बस्ने आग्रह गरे । यसो भए पनि सदोमका पुरुषहरू यी स्वर्गीय अतिथिहरूमाथि समलिङ्गी बलात्कार गर्न सुरिए । लूतले आफ्ना पाहुनाहरूको बचाउ जसरी पनि गर्ने आतुरीले आत्तिरहेका लूतले सङ्कोच नमानीकन आफ्ना दुईजना छोरीहरूलाई ती दुष्ट मानिसहरूको हातमा सुम्पे । यी स्वर्गदूतहरूले ती सदोमीहरूलाई भ्रमकारी अस्थायी अन्धोपनले प्रहार गरे; केवल यही आश्चर्यकर्मले त्यस दिनको दुर्घटना टरेको थियो ।

### समलिङ्गी यौनको सम्बन्धको विषयमा पवित्र बाइबलको शिक्षा के हो ?

पुरानो नियमको उत्पत्ति १९ : १-२६ ; लेवी १८ : २२ र २० : १३ पदहरूमा र नयाँ नियमको रोमी १ : १८-३२, १ कोरिन्थी ६ : ९ र १ तिमोथी १ : १० पदहरूमा — पवित्र बाइबलका दुवै नियमहरूमा परमेश्वरले समलिङ्गी यौनको सम्बन्ध पाप ठहऱ्याउनुभयो । उहाँले यस किसिमको पापको विरुद्ध आफ्नो क्रोध प्रकट गर्नुभयो अनि सदोम र गमोराका शहरहरू विध्वंस गर्नुभयो । अनि मोशाको व्यवस्थाअन्तर्गत समलिङ्गगामीहरूलाई मृत्युदण्ड दिइन्थ्यो । समलिङ्गी यौनभोगीहरूले स्वर्गको राज्यभित्र पस्न पाउनेछैनन् ।

पुरुषगामीहरू आफूले अपनाएको अनैतिक जीवन-शैलीको निम्ति ठूलो मोल चुकाउन परेका छन् । हामी यो कुरा प्रेरित पावलको शब्दमा भनौं ! *'यही प्रकारले पुरुषहरूले पनि स्त्रीहरूसितको*

*स्वाभाविक व्यवहार त्यागेर पुरुषहरूले पुरुषहरूसितै शर्मलाग्दो काम गरीकन एक-अर्काप्रति आफ्नो कामुकताले जले,* ***र आफ्नो भ्रष्ट चालको उचित दण्ड आफूमा पाए'*** (रोमी १:२७)। तिनीहरूले आफ्नो शरीरको लिङ्गमा भोग्नुपर्ने रोगहरूमध्ये यी हुन्, जस्तैः venereal diseases, pneumocystis, Kaposi's sarcoma cancer and AIDS आदि। यो कुरा छोड़ेर यस्ता दुष्कर्म गर्नेहरूलाई भूतले तर्सेझैं यी अपराधका दोषहरूले सताइरहेका हुन्छन्; तिनीहरूको मानसिक सन्तुलन हराउँछ र तिनीहरूको भावनामा गड़बड़ी आउँछ; अनि तिनीहरूको व्यक्तित्वमा पनि असामान्य परिवर्तनहरू आउँछन्।

अरू सबै पापी मानिसहरूले जस्तै पुरुषगामीले र समलिङ्गगामी स्त्रीले पनि आफ्नो पापको विषयमा कायल हुँदै साँचो पश्चात्ताप गरेर र प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरेर मुक्ति पाउन सक्छन्। किनकि परमेश्वरले समलिङ्गगमनको पापलाई घृणा गर्नुहुन्छ, तर पुरुषगामीहरू र समलिङ्गगामी स्त्रीहरूलाई प्रेम गर्नुहुन्छ।

समलिङ्गगामी हुनु एउटा कुरा हो, तर समलिङ्गगमनप्रतिको झुकाउ अर्को कुरा हो। पवित्र बाइबलले यस पापप्रतिको झुकाउ दोष्याउँदैन, तर यस पापमा क्रियाशील हुनेहरूलाई अपराधी ठहऱ्याउँछ। यस्ता धेरै मानिसहरू छन्, जो आफ्नै लिङ्ग भएको जातिप्रति आकर्षित भएका हुन्छन्, तर तिनीहरूले यस झुकाउअनुसार काम गर्दैनन्, आफूलाई यस पापमा सुम्पँदैनन्। पवित्र आत्माबाट शक्ति पाएर तिनीहरूले पापको परीक्षामा पर्दा त्यसको विरोध गर्न र शुद्ध जीवन व्यतीत गर्न आफैलाई अनुशासनमा राखिराख्छन्।

> 'समलिङ्गगमनप्रतिको झुकाउ भएका धेरै इसाईहरूले पूरा अफसोसी भई आफ्नो परिस्थितिको बारेमा पछुतो गरेका छन्। आफैलाई बदलाउन नसकेको कारणले तिनीहरूले सहनशील भई सम्पूर्ण शुद्धताको साथ जिउन सक्नको निम्ति पवित्र आत्मामाथि निर्भर रहन सिके। अनि यस्तो कुरालाई व्यावहारिक पवित्रता भनिन्छ। ... । ख्रीष्ट येशूमा तिनीहरूको समर्पण कहाँसम्म जान्छ? परमेश्वरले तिनीहरूलाई आफ्नो काममा प्रयोग गरून् र उहाँको ईश्वरीय शक्ति तिनीहरूको मानवीय दुर्बलतामा सिद्ध भएको होस् भन्ने उद्देश्यले तिनीहरूले आफूभित्र प्रबल भइरहने आफ्नो दुर्बलता परमेश्वरकहाँ सुम्पेका छन्।' **15)**

कसै-कसैले आफू यस प्रकारको झुकाउसित जन्मेकोमा परमेश्वरलाई दोष्याउँछन्; तर यसमा उहाँको गल्ती के पो छ त? यसको गल्ती मानिसको पापमय स्वभावमा छ। यस सम्बन्धमा हामीले बुझ्नुपर्छः आदमका सबै सन्तानहरू तिनका पतित भएका सन्तानहरू हुन्; यसर्थ तिनीहरू सबैमा कुनै न कुनै दुष्टतातर्फ सहजै ढल्किजाने स्वभाव हुन्छ। कसैको दुर्बलता एउटा क्षेत्रमा हुन्छ भने, अर्को मानिसको दुर्बलता अर्कै क्षेत्रमा हुन्छ। पापको परीक्षामा पर्नु पाप होइन, तर परीक्षामा हार्नु अर्थात् कुनै पापकर्ममा आफैलाई सुम्पनुचाहिँ पाप हो।

ख्रीष्ट येशूमा सबै किसिमका दुष्ट अभिलाषाहरूको निम्ति छुटकारा छ। यसकारण समलिङ्गगमन गर्ने भाइबहिनीहो, तपाईंको लागि पनि ख्रीष्ट येशूमा छुटकारा छ। तर हुन सक्छ, तपाईंलाई केही समयको निम्ति ईश्वरीय सरसल्लाह र परामर्शको खाँचो पर्ला; पूरा छुटकारा पाउनको निम्ति तपाईंलाई यस प्रकारको सहायता आवश्यक होला; किनभने यस क्षेत्रमा प्रायः सबैलाई आत्मिक सहायता चाहिन्छ।

अनि हामी इसाईहरूले के गरे ठीक होला? हामीले पुरुषगामीहरू र समलिङ्गगामी बहिनीहरूलाई ग्रहण गर्नुपर्छ, तर तिनीहरूले अपनाएको जीवन-शैलीचाहिँ होइन; किनभने उनीहरूको निम्ति ख्रीष्ट येशू मर्नुभयो। यसकारण हामी ख्रीष्ट-विश्वासीहरूले जसो भए पनि

यस्ताहरूलाई पवित्रताको जीवन जिउनलाई जित्ने कोशिश गर्नुपर्छ। किनभने यसो लेखिएको छः *'पवित्रताको पछि लाग, जुन पवित्रताविना कसैले पनि प्रभुलाई देख्न पाउनेछैन'* (हिब्रू १२ः१४)।

**उत्पत्ति १९ः१२-२९ः** यी स्वर्गदूतहरूले लूतलाई 'तिमी र तिम्रो परिवार यस शहरलाई छोड़िहाल' भन्ने आग्रह गरेर हतार गराए। तर जब तिनले आफ्ना जुवाइँहरूलाई त्यस शहरबाट निस्किजानलाई मनाउन थाले; (अनि हुन सक्छ, आर.एस.वी.को अनुवादअनुसार तिनीहरू तिनका हुनेवाला जुवाइँहरू थिए); तब तिनीहरूलाई तिनले तिनीहरूसँग ठट्टा गरेको लाग्यो। सङ्कष्ट आएको बेलामा लूतको विश्वासबाट पछि हटेको जीवनले तिनको साक्षी धमिल्याइदियो। जब बिहान भयो, तब यी स्वर्गदूतहरूले लूत, तिनकी पत्नी र तिनका छोरीहरूलाई सदोमदेखि बाहिर निस्कनमा साथ दिए। तर यति बेलामा पनि लूतले ढिलो-सुस्ती गरे। तिनले नजिकैको सोअर नाम गरेको शहरमा बस्न खोजे, जुन शहर सदोम र गमोराका छिमेकी शहरहरूमध्ये एउटा थियो। सदोममा धर्मी दसजना मानिसहरू पनि थिएन; यसकारण परमेश्वरले त्यो शहर नाश गर्नुभयो। तर अब्राहामको प्रार्थनाको उत्तरमा यस्तो भयोः *'परमेश्वरले अब्राहामको सम्झना गर्नुभयो; यसैले उहाँले लूतलाई विनाशको बीचबाट निकालिदिनुभयो।'*

लूतकी पत्नीले त्यस शहरलाई चाहिँ छोड़िन्, तर यिनको मन र हृदय अझै पनि सदोममा नै रहेको थियो। यसैले यिनीमाथि परमेश्वरको न्याय पऱ्यो। लूका १७ः३२ पदमा *'लूतकी पत्नीलाई सम्झ'* भन्ने वचन छ। ख्रीष्ट येशूले यिनको खराब उदाहरण लिएर यी सबैजनालाई चेताउनी दिनुहुन्छ, जसले उहाँमा उपलब्ध गरिएको मुक्तिको प्रबन्ध तुच्छ ठान्छन्।

**उत्पत्ति १९ः३०-३८ः** सोअरमा बस्न डराइरहेका लूत भागेर पहाड़को एउटा ओड़ारमा बस्न लागे। त्यहाँ तिनका दुईजना छोरीहरूले तिनलाई मत्याए, र तिनलाई मत्त लागेको बेलामा उनीहरूले तिनीसित कौटुम्बिक व्यभिचार गरे। तिनकी जेठी छोरी गर्भवती भई, र यसले तिनको निम्ति एउटा छोरा जन्माई, जसको नाम यसले 'मोआब' राखी; अनि कान्छी छोरीले पनि एउटा छोरा जन्माई, जसको नाम त्यसले 'बेन-अम्मी' राखी। इस्राएलको निम्ति घरिघरि बिझिरहने काँड़ारूपी मोआबी र अम्मोनी जातिहरूको शुरुआत यस प्रकारको भयो। अनि मोआबी स्त्रीहरू नै थिए, जसले पछिबाट इस्राएली पुरुषहरूलाई व्यभिचारमा फसाए (गन्ती २५ः१-३)। अनि अम्मोनीहरूचाहिँ? अम्मोनीहरूले इस्राएलीहरूलाई मिल्कोम अर्थात् मोलेक देवतालाई पुज्न लगाए, जुन पूजामा तिनीहरूले आफ्ना छोराछोरीहरूलाई बलि चढ़ाएर होम गरे (१ राजा ११ः३३; यर्मिया ३२ः३५)।

हामीले २ पत्रुस २ः७-८ पदको खण्डबाट यो जानकारी पाएका छौं, कि लूत धार्मिक मानिस थिए; तर तिनले आफ्नो सांसारिकतामा आफ्नो साक्षी गुमाए (उत्पत्ति १९ः१५), तिनले आफ्नी पत्नीलाई गुमाए (उत्पत्ति १९ः२६); तिनले आफ्ना जुवाइँहरूलाई र आफ्ना इष्टमित्रहरूलाई गुमाए; तिनले आफ्नो आत्मिक सङ्गति गुमाए; किनकि सदोममा यस्तो कुनै सङ्गति नै थिएन। तिनले आफ्नो धनसम्पत्ति गुमाए; किनभने तिनी धनसम्पत्ति सुसम्पन्न भएको अवस्थामा सदोम शहरमा पुगे, तर कङ्गाल भएर तिनी त्यहाँदेखि निस्के। तिनले आफ्नो

चरित्र गुमाए (उत्पत्ति १९:३५), आफ्नो जीवन-कार्य र झण्डै आफ्नो प्राण पनि गुमाइपठाए (उत्पत्ति १९:२२)। अनि तिनका छोरीहरूलाई विचार गर्दा के देखिन्छ भने, तिनीहरूको भ्रष्ट चरित्रले यही स्पष्ट देखाउँछ, कि तिनीहरू सदोमको नीच वातावरणले प्रभावित भए। तिनीहरू त्यसको प्रभावबाट उम्केनन्; किनभने तिनीहरूको निम्ति उम्कन कुनै बाटो नै थिएन (हिब्रू २:३)।

### छ) उत्पत्ति २०: अब्राहाम र अबिमेलेक

**उत्पत्ति २०:१-१८:** अब हाम्रो निम्ति पत्याउनै नसकिने कुरा पढ़िन्छः बीस वर्ष-भित्र अब्राहामले सारालाई फेरि आफ्नी बहिनीको रूपमा पेश गर्छन्, जुन गल्ती उनले अघि फाराओसित गरेका थिए। कति अविश्वसनीय कुरा ! ! तर बारम्बार पापतिर ढल्किरहने हाम्रो स्वभावको विषयमा कसो हो ? यो पनि अविश्वसनीय कुरा हो, होइन र ? गरारमा अबिमेलेकसँग भएको यस घटनामा अब्राहामले मिस्र देशमा गरेको गल्ती दुरुस्त रूपमा दोहोरिएको छ (उत्पत्ति १२:१०-१७)। इसहाकको जन्मको विषयमा परमेश्वरका अभिप्राय र उद्देश्यहरू जेजति थिए, ती अभिप्राय र उद्देश्यहरू विफल नहोऊन् भन्ने हेतुले उहाँले फेरि एकपल्ट यहाँ यस परिस्थितिमाथि हस्तक्षेप गर्नुभयो। उहाँले अबिमेलेकलाई मृत्युदण्ड दिन्छु भन्ने धम्की दिनुभयो; किनभने परमेश्वर इतिहासका घटनाहरूको दर्शक मात्र कहाँ हुनुहुन्छ र? उहाँ यसमा मुख्य भूमिका खेल्नुहुन्छ। विशेष गरी आफ्ना जनहरूको पक्षमा तिनीहरूले गरेको खराबी सुधार्नुहुन्छ, आवश्यक परेको खण्डमा उहाँले यसो गर्न नयाँ जन्म नपाएका मानिसहरूलाई प्रयोग गर्नुहुन्छ। यस घटनामा अबिमेलेकको व्यवहार परमेश्वरको मित्र अब्राहामको भन्दा बढ़ी धर्मी थियो। (याद रहोस्ः अबिमेलेक कुनै नाम होइन, तर एउटा उपाधि हो)। संसारको मानिसले कुनै ख्रीष्ट-विश्वासीलाई न्यायसँगत हप्कीले हप्काएकोचाहिँ कति लाजमर्दो कुरा हो ! जब कुनै अर्धसत्य कुरा सत्य कुराको रूपमा पेश गरिन्छ, तब त्यो कुरा पूरापूर असत्य ठहरिन्छ। हत्, 'परमेश्वरले मलाई आफ्नो बुबाको घर छोड़ेर हिँड्न लाउनुभयो' भनेर आफ्नो केही दोष परमेश्वर-माथि सार्न खोजेका अब्राहाम कस्तो मानिस ! उनले तत्कालै आफ्नो दोष मानिलिएका भए योचाहिँ उनको बुद्धि ठहरिनेथियो। तर जेजस्तो भए पनि उनी परमेश्वरको जन नै थिए; अनि यही कारणले परमप्रभुले अबिमेलेकलाई अब्राहामकहाँ, तिनको घरानामाथि जुन बाँझोपन परेको थियो, त्यस बाँझोपनबाट त्यो निको भएको होस् भनी प्रार्थना गर्न पठाउनुभयो।

*'मैले तिम्रा दाजुलाई हजार टुक्रा चाँदी दिएको छु; हेर, त्योचाहिँ तिम्रो निम्ति तिमीसँग भएका सबैजनाको सामु र अरू सबै मानिसहरूको सामु **आँखाहरूको पर्दा हुनेछ**।'* उत्पत्ति २०:१६ पदमा 'आँखाहरूको पर्दा हुनेछ' भन्ने वाक्यांशको अर्थ यस प्रकारको छः अबिमेलेकले यस उपहारद्वारा सबैलाई खुशी तुल्याउन खोजे। यसकारण यो पद यसरी पढ्न सकिन्छः 'तिमीलाई दिइएको यस रकमले तिम्रो क्षतिपूर्ति गरेको छ; तिमीसँग भएका सबैजनाको निम्ति र अरू सबै मानिसहरूको निम्ति यस रकमले बैनाको काम गर्छ; किनभने तिम्रो खराबी जेजति गरिएको थियो, यस रकमद्वारा यो सबै सठीक पारिएको हो।'

### ज) उत्पत्ति २१: इसहाकचाहिँ प्रतिज्ञा गरिएको पुत्र हुन्

**उत्पत्ति २१:१-१०:** जब आब्राहाम र साराको निम्ति प्रतिज्ञा गरिएको पुत्र जन्म्यो,

तब परमेश्वरले आज्ञा गर्नुभएअनुसार त्यस हर्षले प्रफुल्लित भएको परिवारले यस बालकको नाम 'इसहाक' अर्थात् 'हाँसो' राखे (उत्पत्ति १७ः१९ र २१)। यस नामले उनीहरूको मनमुद्रा प्रकट गर्नुको साथै यो खबर सुन्नेहरूको मनमुद्रा के हुने हो, सो पनि अवगत गराउँछ। आमाको दूध छुड़ाइएको बेलामा इसहाकको उमेर दुई वर्षदेखि पाँच वर्षभित्र भएको हुनुपर्ला, र इश्माएलको उमेरचाहिँ तेह्र वर्षदेखि सत्र वर्षभित्र भएको हुनुपर्ला। इसहाकले दूध छोड़ेको दिनमा एउटा भोज आयोजित गरियो। त्यस भोजको बेलामा साराले इश्माएललाई आफ्नो छोराको खिल्ली उड़ाएको देखिन्। यसकारण तिनले अब्राहामलाई 'हागार र उसको छोरालाई घरबाट निकाल्नुहोस्' भन्ने आदेश दिइन्। यस कुरामा प्रेरित पावलले निम्न आत्मिक अर्थ देखेका छन्ः मोशाको व्यवस्थाले ख्रीष्ट येशूमा भएको अनुग्रहको करारलाई खेदो गर्दो रहेछ; व्यवस्थारूपी पुरानो करार र अनुग्रहको नयाँ करारको बीचमा खिचड़ी गर्नुहुँदैन; अनि व्यवस्थावाद अपनाएर कसैले पनि आत्मिक आशिषहरू हासिल गर्न सक्दैन (गलाती ४ः२९)।

**उत्पत्ति २१ः११-१३ः** हागार र इश्माएललाई गुमाउनुपरेको कुराले अब्राहामलाई निक्कै दुःखित तुल्यायो; तर परमेश्वरले उनलाई सान्त्वना दिनुभयो र 'इश्माएल पनि एउटा ठूलो जातिको कुलपिता हुनेछ' भन्ने प्रतिज्ञा गर्नुभयो। यसो भए पनि कुरा स्पष्ट थियोः परमप्रभुको दृष्टिमा इसहाकचाहिँ प्रतिज्ञा गरिएको सन्तान थियो; करारमा प्रतिज्ञा गरिएका सबै कुराहरू इसहाकमार्फत पूरा हुनेछन् र उसमै बाँधिएका हुन्छन्।

**उत्पत्ति २१ः१४-२१ः** कनान देशको दक्षिणमा परेको मरुभूमिमा हागार र उसको छोरा तिर्खाले झण्डै मरे; तब परमेश्वरले तिनीहरूलाई एउटा पानीको कुवा फेला पर्नमा मद्दत गर्नुभयो, र तिनीहरू बाँचे। इश्माएल किशोर भइसकेको थियो; यसकारण उत्पत्ति २१ः१५ पदको अर्थ यस प्रकारको हुनुपर्छः हागारले उसलाई उसको शरीरको दुर्बलताले गर्दा एउटै धक्काले त्यहाँका पोथ्रापोथ्रीको एउटामनि धकेली। इश्माएल नामको अर्थ 'परमेश्वर सुन्दै हुनुहुन्छ' हो। अनि उत्पत्ति २१ः१७ पदमा 'परमेश्वरले त्यस केटाको सोर सुन्नुभयो' भनेर दुईपल्ट लेखिएको छ। जवान मानिसहरू र केटाकेटीहरूले यसबाट प्रार्थना गर्ने प्रोत्साहन लिनुपर्छ; किनकि परमेश्वर सुन्नुहुन्छ र हाम्रो प्रार्थना सुन्नुको साथमा त्यसको उत्तर पनि दिनुहुन्छ।

**उत्पत्ति २१ः२२-३४ः** याद रहोस्ः यस बाइसौं पदमा उल्लेख गरिएको अबिमेलेक र उत्पत्ति बीस अध्यायमा उल्लेख गरिएको अबिमेलेक एउटै हुनुपर्दैन। हुन सक्छ, यहाँको अबिमेलेक अर्को व्यक्ति थिए होलान्। यस मुखियाका सेवकहरूले अघि कुनै समयमा अब्राहामका मानिसहरूबाट पानीको एउटा इनार खोसेर लगेका थिए। जब अबिमेलेक र अब्राहामले आपसमा मित्रताको सन्धि गरे, त्यति बेलामा कुलपिता अब्राहामले अबिमेलेकलाई त्यस खोसिएको पानीको इनारको बारेमा जानकारी दिए। फलस्वरूप यस सन्धिअन्तर्गत अब्राहामलाई त्यो इनार फर्काइयो। उनले त्यस इनारको नाम बेर्शेबा अर्थाथ् 'शपथको इनार' राखे। पछिबाट यो ठाउँ एउटा शहर बन्यो, जुन शहरचाहिँ कनान देशको दक्षिणी सिमाना ठहरियो। सम्झनाको निम्ति अब्राहामले त्यहाँ एउटा झ्याउको रूख रोपे।

### झ) उत्पत्ति २२ः इसहाकरूपी बलिदान

**उत्पत्ति २२ः१-१०ः** सायद गलगथाको दृश्य छोड़ेर पवित्र बाइबलमा मोरियाहको दृश्यजस्तो हृदयलाई छुने अरू कुनै पनि दृश्य

छैन होला; अनि यस दृश्यले परमेश्वरको अति प्रिय एकमात्र पुत्रको क्रूसमा भएको मृत्युको सुस्पष्ट पूर्वाभास गराउँछ। अब्राहामको विश्वासको जाँच त्यस बेलामा चरमसीमामा पुग्यो, जब परमेश्वरले उनलाई 'आफ्नो छोरा इसहाकलाई मोरियाह देशमा लगेर होमबलि गर' भन्ने आज्ञा दिनुभयो। अब्राहामले आफ्नो छोरालाई बलि गरेको अभिप्राय परमेश्वरले कहिल्यै गर्नुभएन; किनभने उहाँले सधैं मानवीय बलिदानको घोर विरोध गर्नुहुन्थ्यो र अहिले पनि गर्नुहुन्छ। मोरियाहचाहिँ त्यो पर्वत-माला हो, जुन पर्वत-मालामा यरूशलेम शहर अवस्थित छ (२ इतिहास ३:१); गलगथा पनि त्यही ठाउँमा पर्छ। *'तिम्रो छोरा, तिम्रो एकमात्र छोरा इसहाकलाई लेऊ, जसलाई तिमीले प्रेम गर्छौ'* भनेर अब्राहामलाई भनेको परमेश्वरको यस वचनले उनको मुटुलाई कति छिया-छिया पारेको हुनुपर्छ। त्यस घाउको चोट उनलाई कति दुख्यो, कति हो कति? यसको साध्य छैन। इसहाक कुन हिसाबले अब्राहामको एकमात्र छोरा थियो? ऊ उनको एकमात्र प्रतिज्ञाको सन्तान थियो, उनको अलौकिक जन्म भएको अद्वितीय पुत्र थियो।

पवित्र बाइबलमा पहिलो पल्ट पढ़िएका कति प्रमुख शब्दहरू छन्, जुन शब्दहरूको अर्थ र प्रयोग पछि पवित्र धर्मशास्त्रभरि एकनाश भइरहन्छ। यहाँ, यस खण्डमा उत्पत्ति २२:२ पदमा 'प्रेम' र उत्पत्ति २२:५ पदमा 'आराधना' भन्ने शब्दहरू पहिलो पल्ट पढ़िन्छन्। यसो हो भने, आफ्नो छोराप्रति अब्राहामको प्रेमले प्रभु येशूप्रति भएको परमेश्वर पिताको प्रेम चित्रण गर्छ भने, इसहाकको बलिदानले आराधनाको चरमसीमा कहाँसम्म पुग्छ, सो कुराको सचित्रण गर्छ; किनभने परमेश्वरको इच्छा पूरा गर्नेको निम्ति मुक्तिदाता प्रभुको बलिदान हामीले सर्वोच्च आराधना मान्नुपर्छ।

**उत्पत्ति २२:११-१२:** *'अब्राहाम, हे अब्राहाम!'* पवित्र बाइबलमा दस पल्ट कसैको नाम यसरी दुईपल्ट दोहोरिएको पाइन्छ, जसमध्ये 'अब्राहाम, अब्राहाम' भन्नेचाहिँ पहिलो हो। सात पल्टचाहिँ परमेश्वरले मानिसहरूलाई सम्बोधन गर्दा तिनीहरूको नाम दोहोर्‍याउनुभयो, जस्तैः उत्पत्ति २२:११; उत्पत्ति ४६:२; प्रस्थान ३:४; १ शमूएल ३:१०; लूका १०:४१ र २२:३१ अनि प्रेरित ९:४)। मत्ती ७:२१-२२ पदमा 'प्रभु, प्रभु' भन्ने शब्द छ र मत्ती २३:३७ पदमा 'यरूशलेम, हे यरूशलेम' भन्ने शब्द छ र मर्कूस १५:३४ पदमा 'मेरा परमेश्वर, हे मेरा परमेश्वर' भन्ने शब्द छ; यस सन्दर्भमा यी पदहरू यसका अन्तिम तीनवटा पदहरू हुन्। जहाँ-जहाँ कसैको नाम दोहोरिएको हुन्छ, त्यस खण्डमा केही महत्त्वपूर्ण कुरा भनिएको हुनुपर्छ। अनि उत्पत्ति २२:११ पदमा याद गर्नुपर्ने अर्को कुरा पनि छः परमप्रभुको दूतचाहिँ परमेश्वर स्वयम् हुनुहुँदो रहेछ (उत्पत्ति २२:१२)।

**उत्पत्ति २२:१३-१५:** इसहाकलाई होमबलि चढ़ाउनुपर्ने कुरा निस्सन्देह अब्राहामको विश्वासको जाँचको चरमसीमा थियो। परमेश्वरले उनीसँग 'इसहाक तिम्रो छोराद्वारा म तिमीलाई असंख्य सन्तानहरू दिन्छु' भन्ने प्रतिज्ञा गर्नुभएको थियो। अनि यो घटना घटिरहेको बेलामा इसहाक पच्चीस वर्ष पुगेको हुनुपर्लो, र उसको विवाह भएको थिएन। अब्राहामले उसलाई मारेका भए यो प्रतिज्ञा कसरी पूरा हुनेथियो र? हिब्रू ११:१९ पदअनुसार अब्राहामले के विश्वास गरे भने, उनले इसहाकलाई मारे पनि परमेश्वरले उसलाई मरेकाहरूको बीचबाट बौराएर उठाउन सक्नुहुन्छ। उनको यो विश्वास अति असाधारण विश्वास थियो; किनकि त्यस बेलासम्म संसारको इतिहासमा कोही पनि मरेकाहरूको बीचबाट बौरिउठेको थिएन।

यसको निम्ति कुनै ठोस प्रमाणै थिएन। के तपाईंले याद गर्नुभयो ? उत्पत्ति २२ः५ पदमा उनको विश्वास निम्न शब्दद्वारा प्रकट भएको छः *'म र यो केटाचाहिँ – हामी अलिक पर जान्छौं र उपासना गर्नेछौं; त्यसपछि हामी तिमीहरूकहाँ फर्केर आउनेछौं।'* अब्राहाम विश्वासद्वारा धर्मी ठहरिए (उत्पत्ति १५ः६), त्यसपछि विश्वासका कामहरूद्वारा उनको विश्वास साँचो विश्वास ठहरियो (याकूब २ः२१)। उनको विश्वास उनलाई मुक्ति दिलाउने माध्यम थियो; अनि उनका कामहरूचाहिँ ? उनका कामहरू उनको विश्वासको वास्तविकताको प्रमाण थिए। जब इसहाकले यसो भन्दै उनलाई प्रश्न गऱ्योः 'हेर्नुहोस्, आगो र दाउरा त छन्, तर होमबलिको निम्ति पाठो कहाँ छ ?' तब उनको बुबाले उसलाई उत्तर दिएः 'छोरा, परमेश्वर आफैले होमबलिको निम्ति पाठोको प्रबन्ध गर्नुहुनेछ।' यो एउटा दिव्य प्रतिज्ञा थियो, जुन प्रतिज्ञाचाहिँ खास गरी उत्पत्ति २२ः१३ पदमा भनिएको भेड़ामा पूरा भएको होइन, तर अन्तमा संसारको पाप उठाइ-लैजानुभएको परमेश्वरको थुमामा पूरा भएको हो (यूहन्ना १ः२९)।

यस अध्यायमा ख्रीष्ट येशूलाई सङ्केत गर्ने दुईवटा उत्कृष्ट प्रतीकहरू छन्। यसको पहिलो प्रतीक इसहाक हो, त्यो एकमात्र पुत्र, जसलाई उसका बुबाले प्रेम गर्थे, र जो आफ्नो बुबाको इच्छा पूरा गर्न तयार थियो। पछिबाट अब्राहामले उसलाई फिर्ता पाए, मरेकाहरूको बीचबाट बौरिउठेझैं। अनि दोस्रो प्रतीक त्यो भेड़ा हो, त्यो निर्दोष पशु, जुनचाहिँ कसैको सट्टामा बलि भएर मऱ्यो, जसको रगत बहाइयो; अनि जुन भेड़ाचाहिँ परमेश्वरको निम्ति सर्वाङ्‌गीण होमबलि भयो। एकजना अपरिचित भाइले यसो भनेका छन्: 'इसहाकको सट्टामा बलिको पाठोको प्रबन्ध गर्नुभएको परमेश्वरले अब्राहामको हृदयलाई एउटा यस्तो पीड़ाबाट जोगाउनुभयो, जुन पीड़ादेखि उहाँ आफू जोगिनुभएन।'

उत्पत्ति २२ः११ र १५ पदमा र पुरानो नियमभरि परमप्रभुका दूतचाहिँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। अब्राहामले त्यस ठाउँको नाम 'यहोवा-यिरे' राखे, जसको अर्थ 'परमप्रभु जुटाउनुहुन्छ' हो (उत्पत्ति २२ः१४)। पुरानो नियममा भएका परमेश्वरका सातवटा यौगिक नामहरूमध्ये यो एउटा हो। परमेश्वरका अरू यौगिक नामहरू यस प्रकारका छन्ः

*यहोवा-रोफेकाः* परमप्रभु निको पार्नुहुन्छ (प्रस्थान १५ः२६)

*यहोवा-निस्सीः* परमप्रभु मेरो झण्डा हुनुहुन्छ (प्रस्थान १७ः८-१५)

*यहोवा-शलोमः* परमप्रभु हाम्रो शान्ति हुनुहुन्छ (न्यायकर्ता ६ः२४)

*यहोवा-रोईः* परमप्रभु मेरो गोठाला हुनुहुन्छ (भजन २३ः१)

*यहोवा-चिद्‌केनूः* परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ (यर्मिया २३ः६)

*यहोवा-सम्माहः* परमप्रभु उपस्थित हुनुहुन्छ (इजकिएल ४८ः३५)

**उत्पत्ति २२ः१६-१९ः** परमप्रभुले आफ्नै नाममा शपथ खानुभयो; किनभने शपथ खानको निम्ति उहाँभन्दा ठूलो अरू कोही पनि थिएन (हिब्रू ६ः१३)। यहाँ परमेश्वरको शपथद्वारा सुनिश्चित गरिएको उहाँको प्रतिज्ञामा ख्रीष्ट येशूद्वारा अन्यजातिहरूकहाँ आएको आशिष पनि समावेश गरिएको छ (गलाती ३ः१६)। अनि उत्पत्ति २२ः१७[ख] पदमा परमेश्वरले अब्राहामलाई अघिबाट प्रतिज्ञा गर्नुभएको बृहत् आशिषमा यो पनि थप्नुभयोः अब्राहामको वंशले आफ्ना शत्रु-हरूको मूलढोका पनि अधिकार गर्नेछ। यस वाक्यको अर्थ यस प्रकारको छः

'उनका भावी सन्तानहरूले उनीहरूलाई विरोध गर्नेहरूमाथि अधिकार जमाउनेछन्। अनि कुनै शहरको मूलढोका कब्जा भएमा यस सारा शहरको कब्जा भएको बुझिन्छ।' [16)]

**उत्पत्ति २२ः२०-२४ः** अब्राहामको भाइ नाहोरका बाह्रजना छोराहरू थिए भने, अब्राहामका केवल दुईजना छोराहरू थिए, इश्माएल र इसहाक। यस कुराद्वारा 'तिम्रा सन्तानहरू आकाशका ताराहरूजत्तिकै हुनेछन्' भन्ने परमेश्वरको प्रतिज्ञाको सम्बन्धमा अब्राहामको विश्वास कति धेरै जाँच भयो होला ! हुन सक्छ, यस कुराले उनलाई आफ्नो दास एलिएजरलाई इसहाकको निम्ति एउटी दुलही खोज्न पठाउने उत्साह दिलायो होला (उत्पत्ति २४)। यस सम्बन्धमा उत्पत्ति २२ः२३ पदमा रिबेकाको नाम ख्याल गर्नुहोस् !

### ञ) उत्पत्ति २३ः अब्राहामको परिवारको निम्ति निर्धारित कब्रस्तान

**उत्पत्ति २३ः१-१६ः** जब एक सय सत्ताइस वर्षको उमेरमा साराको मृत्यु भयो, तब अब्राहामले हेब्रोनका बासिन्दाहरूसँग, जो हेतवंशी हित्तीहरू थिए, मक्पेलाको ओड़ार कब्रस्तानको रूपमा किन्न विन्ती गरे। उनको लामो प्रवासी जीवनमा योचाहिँ उनले आफ्नो निम्ति किनेको एकमात्र जमिन थियो। यस खण्डले एउटा मूल्यवान् मोलतोलको विवरण दिन्छ, जुन प्रकारको मोलतोलचाहिँ पूर्वीय देशहरूमा उहिले भइरहन्थ्यो र अहिले पनि भइरहन्छ। शुरुमा यी हित्तीहरूले अब्राहामलाई तिनीहरूका समाधिस्थल-हरूमध्ये कुनै एउटा चुन्ने सल्लाह दिए। पूरा विनीत भएका अब्राहामले शिष्ट रूपले तिनी-हरूको यो सल्लाह इन्कार गरे र एप्रोनसँग भएको ओड़ार पूरा दाम दिएर किन्ने अठोट गरे। पहिले त एप्रोनले त्यस ओड़ारको साथमा त्यसको वरिपरि भएको जम्मै जमिन पनि अब्राहामलाई उपहारको रूपमा दिने कुरा व्यक्त गरे; तर अब्राहामले एप्रोनको कुरा बुझिहालेः यो त तिनको शिष्ट कृत्य मात्र रहेछ। तिनी त्यो जमिन उनलाई त्यसै दिन इच्छुक थिएनन्। तर जब अब्राहाम जमिन किन्ने कुरामा दृढ़ रहे, तब एप्रोनले त्यसको दाम चार सय चाँदीको शेकेल बताए, जुन दाम तिनले एउटा समुचित दाम सम्झे। वास्तवमा, यो मूल्य अति बढ़ी भएको थियो; अनि परिस्थिति अर्को भएको भए, अनि अब्राहामको ठाउँमा अरू कुनै ग्राहक भएको भए, उसले भाउ अझै कस्नेथियो। यसकारण उपस्थित भएका सबैजनाको निम्ति यो एउटा अचम्मको किनबेच थियो; किनकि अब्राहामले मोलतोल नगरी एकैपल्टमा एप्रोनले बताएको मूल्य स्वीकार गरे। अब्राहामले विश्वास नगर्ने मानिसको ऋणी बन्न चाहेनन्; अनि हामी पनि विश्वास नगर्ने कुनै मानिसको ऋणी हुनुहुँदैन।

**उत्पत्ति २३ः९-१७ः** पछिबाट मक्पेलाको ओड़ारचाहिँ अब्राहाम, इसहाक, रिबेका, याकूब र लेआको कब्रस्तान बन्न पुग्यो। यस ओड़ारको परम्परागत स्थानमा हालैमा मुसलमानहरूको एउटा मस्जिद अवस्थित छ।

### ट) उत्पत्ति २४ः इसहाकको निम्ति एउटी दुलही

**उत्पत्ति २४ः१-९ः** अब्राहामले आफ्नो सबैभन्दा जेठो-पाको सेवकलाई शपथ खुवाएर इसहाकको निम्ति एउटी दुलही खोज्न बाध्य तुल्याए; किनभने उनले इसहाकलाई कुनै कनानी स्त्रीलाई विवाह गर्न वा मेसोपोटामियामा बसोबास गर्न दिँदैनथिए। श्री चार्ल्स एफ. फ्फाइफरले उत्पत्ति २४ः२-७ र ९ पदमा वर्णन गरिएको यस शपथ गर्ने पुरानो चलनको स्पष्टीकरण यस प्रकारले गरेका छन्ः

'पवित्र बाइबलमा प्रयोग भएको मुहावरा-अनुसार छोराछोरीहरूचाहिँ बुबाको जाँघ, तिघ्रा वा कम्मरबाट निस्केर आउँछन् (उत्पत्ति ४६:२६)। अनि जाँघमाथि राखिएको हातको अर्थचाहिँ शपथ भङ्ग गरिएको खण्डमा जाँघबाट निस्किआएका वा निस्किआउने सन्तानहरूले यस प्रकारको विश्वासघातको बदला लिनेछन्। यस दस्तुरको नाम "भावी सन्तानको नाममा गरिएको शपथ" भनिएको छ। अनि यहाँको परिस्थितिमा यस प्रकारको शपथ उपयुक्त देखिन्छ; किनभने अब्राहामको सेवकको यस यात्राको मूलउद्देश्यचाहिँ इसहाकद्वारा अब्राहामका भावी सन्तान सुनिश्चित गराउनु थियो।' 17)

**उत्पत्ति २४:१०-१४:** अब्राहामको यस सेवकले पवित्र आत्मालाई सङ्केत गर्छ, जुन पवित्र आत्मा परमेश्वर पिताले 'स्वर्गीय इसहाक' अर्थात् प्रभु येशूको निम्ति एउटा दुलही खोज्न पठाउनुभयो। यस खण्डमा गरिएको कथनले यात्राको तयारी, यस सेवकले भोग्नुपर्ने उपहारहरू र परमप्रभुले चुन्नुभएको त्यो स्त्री कुन लक्षणले चिनिन्छ, सो विस्तृत विवरण दिएको छ। यसको बारेमा श्री मर्डक क्याम्पबेलले निम्न बेलीबिस्तार गरेका छन्:

'परमप्रभुले चुन्नुभएको यी स्त्रीलाई चिन्नाउने लक्षणको कुरा आयोः त्यस लक्षणले यी कन्याको चरित्र र स्वभावमाथि धेरै प्रकाश पार्दछ; किनभने यी कन्या आफ्ना मालिक अब्राहामको छोराको निम्ति एउटी सुयोग्य पत्नी हुनु थियो। यस सेवकले केवल एक घुट्की पानी पिउन पाऊँ भन्ने विन्ती गर्नुपरेको थियो, यहाँ प्रयोग गरिएको हिब्रू शब्दको अर्थअनुसार। तर जुन स्त्री परमेश्वरबाट महान् जातिकी आमा र येशू ख्रीष्टको वंशअन्तर्गत उहाँकी प्राचीन पूर्वज-स्त्री हुन चुनिएकी थिइन्, यी स्त्रीले आफ्नो उदारचित्तको स्वभाव र अरूको सेवा गर्ने आफ्नो तत्परता यस प्रकारले प्रकट गर्नेछिन्: यिनले उसलाई एक घुट्की पानी मात्र होइन, तर प्रशस्त पानी पिउन दिनेथिइन्। यसबाहेक यिनले ऊँटहरूको निम्ति पनि पानी उघाएर दिने प्रस्ताव गरिन्। कति अचम्म!! अब यो कुरा हामी राम्ररी विचार गरौंः ती दसवटा पशुहरूले मरुभूमिको कष्टपूर्ण लामो यात्रापछि कम्तीमा चार पिपा अर्थात् लगभग ६०० लिटर पानी रित्त्याउन सक्नेथिए। तब स्पष्ट देखिन्छ, कि यस मानिस र उसका पशुहरूको सेवा गर्ने यी कन्याबाट प्रकट भएको यिनको तत्कालिक तत्परताले यी कन्यामा भएको एउटा दयावन्त, निःस्वार्थ स्वभाव र उच्चस्तरीय चरित्र दर्साउँछ।' 18)

**उत्पत्ति २४:१५-५२:** अनि यी सुन्दरी रिबेकाचाहिँ अवश्य पनि यी असल सद्‌गुणहरूले युक्त कन्या थिइन्, जसले यस सेवकले राखेका सबै सर्तहरू पूरा गरिन् र यसैले यस सेवकका उपहारहरू हासिल गरिन्। यिनले अब्राहामको यस सेवकलाई आफ्नो बुबाको घरमा लगिन्। यी सबै कुराहरू देखेर यस सेवकले बुझिहाल्यो, कि उसको दुलही खोज्ने काम सिद्धिएको थियो। अनि जब रिबेकाले आफ्ना दाजु लाबानलाई यस सेवकसितको भेटमा के-के भइरहेको थियो, सो बताइन्, तब तिनले यस पाहुनालाई खुशीसाथ स्वागत गरे। अनि नभन्दै यस सेवकले तिनीबाट रिबेकालाई आफ्ना मालिकको छोराको निम्ति मागिहाल्यो। अब्राहामको यस सेवकले गरेको प्रार्थनाको उत्तरमा परिस्थितिहरूको अद्‌भुत संयोगले लाबान र रिबेकाका बुबा बतूएललाई ती सबै कुराहरू परमप्रभुले नै मिलाउनुभएको हो भन्ने निश्चयता दिलाए।

**उत्पत्ति २४:५३-६१:** त्यसपछि अब्राहामको यस सेवकले रिबेकाको निम्ति, लाबानको निम्ति र रिबेकाकी आमाको निम्ति अलग-अलग उपहारहरू निकाल्यो र यसरी आफ्नो तर्फबाट यस मगनीको कार्यमाथि आफ्नो छाप लगाइदियो। तर भोलिपल्ट

बिहान रिबेकाको परिवारले केही समयको निम्ति यिनको बिदाइ टार्न खोजे; तर कुरा मिल्यो, किनकि तत्कालै बिदा भएर जान रिबेका राजी भइन्। अन्तमा परिवारको आशीर्वादसाथ रिबेका घरबाट बिदा भइन्।

**उत्पत्ति २४:६२-६७:** इसहाकले मोरियाह-पर्वतमा गरेको अनुभवपछि हामी यहाँ मात्र फेरि इसहाकको विषयमा पढ्छौं, जब तिनी रिबेकालाई भेट्न निस्किरहेका थिए। यसर्थ हाम्रा मुक्तिदाता प्रभुको मृत्यु, दफन, बौरिउठाइ र स्वर्गारोहण भएपछि हामी उहाँलाई त्यस बेलामा मात्र फेरि देख्नेछौं, जब उहाँ आफ्नी चुनिएकी दुलहीलाई दाबी गर्न आउनुहुनेछ (१ थिस्सलोनिकी ४:१३-१८)। रिबेकासँग इसहाकको भेटघाट कति मनोरम दृश्य हो!! तिनले रिबेकालाई अघि कहिल्यै देखेका थिएनन्, तर तिनले यिनलाई तत्कालै विवाह गरे र यिनलाई प्रेम गरे; अनि अरू पुर्खाहरूको चालनको विपरीत रिबेकाबाहेक तिनका अरू पत्नीहरू भएनन्।

### ठ) उत्पत्ति २५:१-१८: अब्राहामको वंश

**उत्पत्ति २५:१-६:** १ इतिहास १:३२ पदअनुसार केतूराचाहिँ अब्राहामकी उपपत्नी थिई। अनि उत्पत्ति २५:६ पदले यो कुरा पुष्टि गर्छ। यसैले अब्राहामकी उपपत्नीको रूपमा उसले उनको घरपरिवारमा पत्नीका सबै विशेषाधिकार र सुविधाहरू उपभोग गर्न पाइन। परमेश्वरले यहाँ यस विवाहको सम्बन्धमा भएका कति अनियमितताहरू वर्णन गर्नुभयो, जसको अनुमोदन उहाँले कहिल्यै गर्नुभएको थिएन।

**उत्पत्ति २५:७-१८:** अब्राहामको उमेर एक सय पचहत्तर वर्ष पुगेर उनले अन्तिम श्वास लिए। अनि हेब्रोनको मक्पेलाको ओड़ारमा गाड़िएकाहरूमध्ये उनी दोस्रो व्यक्ति भए। उत्पत्ति २५:१२-१६ पदको खण्डमा उल्लेख गरिएको बयानमा इश्माएलका बाह्र छोराहरूको सूचि छ, जुन सूचिले अब्राहामसँग परमेश्वरले *'... अनि त्यसले बाह्रजना शासकहरूलाई जन्माउनेछ'* भन्दै गर्नुभएको प्रतिज्ञा पूरा भएको प्रमाणित गर्छ (उत्पत्ति १७:२०)। इश्माएलको मृत्यु भएपछि अब इसहाकचाहिँ ऐतिहासिक मञ्चको केन्द्र बन्छ।

## आ) उत्पत्ति २५:१९-२६:३५: इसहाक

### क) उत्पत्ति २५:१९-३४: इसहाकको परिवार

**उत्पत्ति २५:१९-२६:** प्रायः विवाह भएको बीस वर्षसम्म रिबेका बाँझी रहिन्। त्यसपछि इसहाकको प्रार्थनाको उत्तरमा तिनी गर्भवती भइन्। अनि तिनको गर्भमा जुम्ल्याहा बालकहरूले झगड़ा गरिरहेका रहेछन्। ती दुईजना छोराहरू दुईवटा विरोधी जातिका नायकहरू अर्थात् इस्राएल र एदोमका कुलपिताहरू हुनेछन् भन्ने कुरा परमेश्वरबाट सुनिश्चित नहोउन्जेल यस कुराले तिनलाई निक्कै समयसम्म अन्योलमा पारेको थियो। पहिले जन्मेको बालकको नाम एसाव राखियो, जुन नामको अर्थ 'रवैंरौं भएको भुत्लेदार' हो। अनि दोस्रो छोराको नाम याकूब थियो, जसको अर्थ 'अर्काको कुर्कुच्चा पक्रने' अर्थात् ठगेर अर्काको ठाउँ लिने हो। यी छोराहरूको जन्म हुँदा पनि याकूबले आफ्नो दाजुको कुर्कुच्चा पक्रेर उसबाट फाइदा उठाउन खोजे! इसहाकका यी दुई छोराहरू जन्मेको बेलामा उनको उमेर साठी वर्ष भएको थियो।

**उत्पत्ति २५:२७-२८:** यी दुईजना भाइछोराहरू हुर्किँदै गएपछि एसाव घरमा नरहने, तर वनमा घुमिहिँड्ने निपुण शिकारी भए; अनि याकूबचाहिँ? याकूब आफ्नो पाल कहिल्यै नछोड्ने, शान्त, सुशील मानिस

थिए। इसहाकले एसावलाई बढ़ी माया गर्थे, तर रिबेकाले याकूबलाई बढ़ी माया गर्थिन्। हुन सक्छ, उनी आमाको कुरा मानिहाल्ने तिनका ललित छोरा थिए कि कसो हो ?

**उत्पत्ति २५ः२९-३४ः** एसाव पहिले जन्मेको जेठा छोरा भएका हुनाले तिनी आफ्नो पिताको धनसम्पत्तिको दोबर भागको उत्तराधिकारी थिए। अंश बाँड्दा अरू भाइहरूले एक-एक भाग पाउँथे भने, जेठा छोराले पाउने भाग त्यसको दुईगुना हुन्थ्यो। अनि जेठा छोराचाहिँ आफ्नो कुलको मुखिया वा परिवारको शिर पनि हुन्थ्यो। यस प्रकारको नियमचाहिँ ज्येष्ठ-अधिकार वा पहिले जन्मेको छोराले पाउने जन्मसिद्ध अधिकार भनिन्छ। एसावको विषयमा कुरा यस्तो थियोः तिनी मसिह राजाको वंशावलीमा आउने उहाँको पूर्वज हुनेथिए।

एक दिनमा कुरा यस्तो थियोः एसाव शिकार खेलेर फर्केको बेलामा तिनले याकूबलाई देखे, जसले रातो दालको सुरुवा पकाइरहेका थिए। तिनले त्यस सुरुवाबाट पाऊँ भनेर मागेको-मागेकै हुनाले तिनले 'राते' अर्थात् 'एदोम' भन्ने बोलाउने उपनाम पाए र त्यस समयदेखि उसो तिनको नाम यही भयो; अनि तिनको यस 'एदोम' उपनामअनुसार तिनका भावी सन्तानहरू 'एदोमी' कहलिए। जब याकूबले एसावलाई तिनको ज्येष्ठ-अधिकारको सट्टामा सुरुवा दिन्छु भनेर भने, तब एसाव मूर्ख भए र तिनले यो प्रस्ताव स्वीकार गरे।

> 'असल र खराब ज्ञान दिने रूखको फल खान मनाही गरिएको थियो; त्यो मनाही गरिएको फल सबैभन्दा महङ्गो खानेकुरा ठहरियो; अनि यसको दोस्रो स्थानमा यो सुरुवा आउँछ, जसको निम्ति एसावले धेरै ठूलो रकम चुकाउनुपरेको थियो।' [19]

उत्पत्ति २५ः२३ पदमा *'... अनि जेठाले कान्छाको सेवा गर्नेछ'* भनेर गरिएको भविष्यवाणी उत्पत्ति २५ः२९-३४ पदको खण्डमा आंशिक रूपले पूरा भयो। याकूबले अपनाएको कुनीति परमेश्वर कहिल्यै अनुमोदन गर्नुहुन्न नै। तर यहाँबाट एउटा कुरा स्पष्ट छः याकूबले ज्येष्ठ-अधिकारको मूल्य बुझे र भक्त जनहरूको वंशक्रममा आफ्नो नाम पनि हालिने कुरा अमूल्य ठाने; तर एसावले चाहिँ आत्मिक आशीर्वादहरूभन्दा बढ़ी आफ्नो शारीरिक अभिलाषा तृप्त गर्न रुचाए।

यस अध्यायको अन्तमा एसावले आफ्नो ज्येष्ठ-अधिकार लत्याएको कुरामा बढ़ी जोर गरिएको छ। याकूबले आफ्नो दाजुसँग गरेको कुव्यवहार त्यसको ओझेलमा बसेको छ। अनि हामीले यो पनि याद गर्नुपर्छः एसावका सन्तानहरूचाहिँ इस्राएली जातिका घोर विरोधी शत्रुहरू भए। एदोमीहरूको सम्बन्धमा ओबदियाको पुस्तक पढ्नुहोस्; किनभने तिनीहरूको दुःखदय अन्त यस पुस्तकमा घोषणा गरिएको छ।

### ख) उत्पत्ति २६ः इसहाक र अबिमेलेक

**उत्पत्ति २६ः१-६ः** अनिकालमा परेको परिस्थितिमा इसहाकले आफ्नो बुबाले गरे-जस्तै ठीक त्यस्तै काम गरे (उत्पत्ति १२ र २०)। उनी दक्षिण दिशातर्फ यात्रा गरिरहेका थिए, जब परमप्रभु गरारमा उनीसँग देखा पर्नुभयो, र उनलाई मिस्र देशमा नजाने चेताउनी दिनुभयो। गरारचाहिँ मिस्र देश जाने यात्राको आधा बाटोमा परेको थियो। परमेश्वरले इसहाकलाई गरारमा अस्थायी रूपले बसेर प्रवासमा रहने आज्ञा दिनुभयो, तर उनले त्यहाँ बसोबास गर्न थाले। [20] अनि त्यस बेलामा परमेश्वरले उनीसँग त्यो करार सुदृढ़ गर्नुभयो, जुन करार उहाँले अब्राहामसँग बाँध्नुभएको थियो।

**उत्पत्ति २६ः७-१७ः** इसहाकलाई डर लागेको थियो; अनि आफ्नो डरमा उनले

आफ्नो बुबाले गरेको जस्तैको त्यस्तै काम गरे। अनि उनले आफ्नी पत्नीलाई गरारका मानिसहरूको सामु 'मेरी बहिनी' भनेर गलत रूपमा प्रस्तुत गरे। यो बुबामा भएको दुर्बलता आफ्नो छोरामा फेरि दोहोरिएको दुःखलाग्दो कथा हो। जब इसहाकको छल प्रकट भयो, र उनले यसको निम्ति हप्की खाए, तब उनले आफ्नो गल्ती मानिलिए। पापको स्वीकार गर्ने मानिस आशिषतर्फ गइरहेको छ। इसहाक गरारमा धनाढ्य भए, यतिसम्म कि गरारमा राज्य गर्ने अबिमेलेकले यो सहन नसकेर उनलाई त्यो ठाउँ छोड़ेर जाने आज्ञा गरे। यसकारण इसहाकले गरारको नजिकैको बेंसीमा आफ्नो बसाइ सारे।

**उत्पत्ति २६ः१८-२५ः** अब्राहामले पहिले खनेका इनारहरू यी पलिस्तीहरूले पुरिदिएका थिए। त्यहाँका बासिन्दाहरूले यस वैरभावपूर्ण व्यवहारद्वारा के देखाए भने, यी बाहिरबाट आएका प्रवासीहरू तिनीहरूको बीचमा स्वागत थिएनन्। इसहाकले यी इनारहरू फेरि खन्न लगाए, फलस्वरूप एसेक र सित्ना भन्ने ठाउँहरूमा पलिस्तीहरूसँग उनको झगड़ा भयो। एसेकको अर्थ 'झगड़ा' हो भने, सित्नाको अर्थ 'वैरभाव' हो। अन्तमा इसहाक पलिस्तीहरूदेखि टाढ़ो गएर अर्कै ठाउँमा बस्न लागे। यसपल्ट पनि उनले एउटा इनार खने, तर यसपालि कुनै झगड़ा भएन; यसकारण उनले त्यस ठाउँको नाम 'रहोबोत' राखे। रहोबोतको अर्थ 'खुला जग्गा' हो। अनि त्यस ठाउँदेखि इसहाकले बेर्शेबामा आफ्नो डेरा सारे, जहाँ परमप्रभुले आशिषको प्रतिज्ञा दिएर उनलाई आश्वासन दिनुभयो। अनि बेर्शेबामा उनले एउटा वेदी बनाए, आफ्नो पाल टाँगे र एउटा इनार खनेः यी तीनवटा कुराहरू क्रमैसँग उनले परमेश्वरको आराधना गरेका, स्थाही बसाइ पाएका र ताजापन उपभोग गरेका सङ्केतहरू हुन्। भौतिक हिसाबले पानी अति आवश्यक वस्तु हो, ठीक त्यस्तै आत्मिक जीवनको निम्ति परमेश्वरको वचनरूपी आत्मिक पानी पनि उत्तिकै आवश्यक हुन्छ।

**उत्पत्ति २६ः२६-३३ः** यी पदहरूको खण्डको बारेमा श्री जर्च विलियम्स्ले यसो भनेका छन्ः

> 'जब इसहाकले आफैलाई गरारका मानिसहरूबाट अलग राखे, तब तिनीहरू परमेश्वरबाट आशिष खोज्न उनीकहाँ आउँछन् ...। हे ख्रीष्ट-विश्वासीहरूहो, के तपाईंहरूले संसारका मानिसहरूको निम्ति आशिषको कारण बन्न चाहनुहुन्छ? तब बुझ्नुहोस्ः संसारका मानिसहरूका निम्ति हामी तब बढ़ी उपयोगी र उपकारी हुन्छौं, जब हामी संसारबाट अलग रहेर जिउँछौं।' [21)]

जुन दिनमा इसहाकले अबिमेलेकसित आपसमा मेलमिलापमा बस्ने सन्धि गरे, त्यस दिनमै उनका दासहरूले एउटा इनार खन्दाखेरि पानी भेट्टाए। पहिले अब्राहामले त्यस ठाउँको नाम 'बेर्शेबा' राखेका थिए, किनकि उनले त्यस समयको अबिमेलेकसँग एउटा वाचा बाँधेका थिए (उत्पत्ति २१ः३१)। अनि अहिले नै इसहाकले उस्तै परिस्थितिमा त्यस ठाउँको नाम 'शेबा' अथवा बेर्शेबा राखे।

**उत्पत्ति २६ः३४-३५ः** एसावले दुईजना अन्यजाति स्त्रीहरूलाई विवाह गरेः यूदित र बासेमत। यस कुराले तिनका बुबाआमालाई शोकित तुल्यायो। अनि त्यस समयदेखि उसो आजको दिनसम्म असमान जुवामुनि आएकाहरू धेरै छन्, जसले उस्तै-उस्तै दुःखहरू पाएका छन् र आफ्ना बुबाआमाहरूलाई असाध्य पीड़ा दिएका छन्। एसाव ज्येष्ठ-अधिकारको कति अयोग्य थिए, सो यस कुराले झन् प्रष्ट पारेको छ।

## इ) उत्पत्ति २७ः१-३६ः४३ः याकूब

### क) उत्पत्ति २७ः एसाव याकूबद्वारा ठगिएका

**उत्पत्ति २७ः१-२२ः** अघिल्लो अध्यायमा घटेका घटनाहरूदेखि लगभग सैंतीस वर्ष बिते। इसहाक अब एक सय सैंतीस वर्ष पुगे। अनि उनका आँखाहरूले देख्न छोड़ेछन्। यसैले 'अब मेरो मर्ने बेला आइसक्यो' भन्ने उनले ठाने। हुन पनि हो, उनको दाजु इश्माएलको मृत्यु पनि यही उमेरमा भएको थियो (उत्पत्ति २५ः१७)। तर इसाहक अझ तिर्चालीस वर्षसम्म बाँच्नेथिए।

जब इसहाकले एसावसँग 'मृगको मासु खान पाऊँ' भनेर विन्ती गरे र त्यसको निम्ति तिनलाई आशीर्वाद दिने प्रण गरे, तब याकूबलाई खूबै माया गरेकी रिबेकाले सो आशीर्वाद याकूबले पाउनैपर्छ भन्ने उद्देश्यले आफ्नो पतिसँग छल गर्ने युक्ति बनाइन्। यिनको यस युक्तिको निम्ति कुनै आवश्यकता थिएन; किनभने परमेश्वरले याकूबलाई अघिबाटै आशिष दिने प्रतिज्ञा गरिसक्नुभएको थियो (उत्पत्ति २५ः२३[ख])।

रिबेकाले मृगको मासुजत्तिकै स्वादिष्ठ बाख्राको पाठोको मासु पकाइन्, र एसावको नक्कल गर्न यस पाठोको छाला याकूबका पाखुराहरूमा लगाइदिइन्, किनभने एसाव रवैंरौं भएका थिए। अनि इसहाकचाहिँ – उनले आफ्नो भावनामाथि भर परेर गल्ती गरे; किनकि याकूबका रौंदार पाखुराहरू छाम्दा ती एसावकै जस्तै थिए। आत्मिक कुराहरूको सम्बन्धमा हामीले आफ्ना भावनाहरूमाथि भर पर्नुहुँदैन, जस्तो श्री मार्टिन् लुथरले यसरी व्यक्त गरेः

> 'भावनाहरू आउँछन्, भावनाहरू जान्छन्; अनि भावनाहरू धोकापूर्ण हुन्छन्; परमेश्वरको वचन हाम्रो अधिकार हो; अरू कुनै कुरा विश्वास गर्न लायक हुँदैन।' [22)]

इसहाकलाई छल गर्ने योजना रिबेकाको थियो; तरै याकूब पनि बराबर दोषी थिए; किनभने उनले यिनलाई यसमा साथ दिए। यसकारण उनले जे छरे, त्यसैको कटनी पनि गरे। यसको विषयमा श्री सी. एच. मेकिन्टोशले आफ्नो विचार यसरी व्यक्त गरेः

> 'हरेक जसले याकूबको जीवन नियालेर हेर्छ, उसले के महसुस गर्छ भने, याकूबले छल गरेर आफ्ना बुबाबाट त्यो आशिष हासिल गरेपछि आफ्नो जीवनभरि केवल कम्ती मात्रामा सांसारिक सुखहरू उपभोग गर्न पाए। किनभने उनको दाजुले उनलाई मार्न खोजे; आफ्नो हत्या हुने कुरा टार्नको निम्ति याकूब आफ्ना बुबाको घरबाट भाग्न बाध्य भए; आफ्नै मामा लाबानले उनलाई छल गरेर धोका दिए। ... गुप्त रूपले मामाबाट भाग्न उनलाई करै लाग्यो। ... आफ्नो जेठा छोरा रूबेनको नीचपना, अनि शिमोन र लेवीले शेकेमवासीहरूप्रति देखाएको विश्वासघात र निर्दयतापूर्ण व्यवहार उनले सहनुपर्‍यो। उनकी प्रिय पत्नी राहेलबाट उनको वियोग र उनले भन्ठानेको यूसुफको असामयिक निधनले उनलाई खूब सतायो; यति मात्र होइन, तर अन्तमा, कनान देशमा परेको अनिकालले उनलाई मिस्र देशमा प्रवासी हुने बाध्यतामा पार्‍यो, अनि त्यहाँ, त्यस विदेशमा उनको मृत्यु भयो।' [23)]

**यत्पत्ति २७ः२३-२९ः** इसहाकले याकूबलाई समृद्धि, राज्य गर्ने अधिकार र सुरक्षारूपी आशीर्वाद दिए। अनि यस सम्बन्धमा चाखलाग्दो कुरा के हो भने, इस्राएली पुर्खाहरूले दिएका आशीर्वादहरू भविष्यवाणी-आत्मक थिए; ती सबै आशीर्वादहरू भनेको जस्ताका त्यस्तै हुन आए; किनभने वास्तविक अर्थमा यी पवित्र जनहरूले परमेश्वरको आत्माको प्रेरणाले यी आशीर्वादका वचनहरू बोलेका थिए।

**उत्पत्ति २७ः३०-४०ः** जब शिकार खेलेका एसाव घर फर्के, र आफ्नो भाइले छल गरेको कुरा थाह पाए, तब तिनले रुँदै-रुँदै आफ्ना बुबाबाट कुनै आशीर्वाद खोजे। तर त्यो आशीर्वाद याकूबलाई दिइसकेको थियो; त्यो फेरि फिर्ता लिइनु असम्भव थियो (हिब्रू १२ः१६-१७)। तर इसहाकसँग एसावको निम्ति निम्न वाणी थियोः

*'हेर, पृथ्वीको उत्तम-उत्तम पदार्थ र माथि आकाशको शीतबाट तिम्रो वासस्थान टाढ़ा हुनेछ; अनि आफ्नो तरवारद्वारा तिमीले बाँच्नुपरेको र आफ्नो भाइको सेवा गर्नुपरेको छ; अनि यस्तो हुनेछः जब तिमी बेचैन हुनेछौ, तब तिमीले उसको जुवा आफ्नो गर्दनबाट भाँचेर फाल्नेछौ'* (उत्पत्ति २७ः३९-४०)।

यस वाणीबाट पाएको सङ्केतअनुसार एदोमीहरू उजाड़ स्थानहरूमा बस्नेछन्; तिनीहरू लड़ाकु हुनेछन्; तिनीहरू इस्राएली जातिको अधीनतामा बस्नुपर्नेछ, तर एकदिन तिनीहरूले इस्राएलीहरूको यस शासनको विरुद्ध विद्रोह गर्नेछन्। अनि ठीक यही जस्तै यो भविष्यवाणी यहूदाका राजा योरामको शासनकालमा पूरा भयो (२ राजा ८ः२०-२२)।

**उत्पत्ति २७ः४१-४६ः** एसावले आफ्नो बुबाको मृत्यु पर्खनेथिए र शोकको समय सिद्धिएपछि आफ्नो भाइ याकूबलाई मार्नेथिए; यो तिनको योजना थियो। जब रिबेकाले यो थाह पाइन्, तब यिनले याकूबलाई हारानमा आफ्ना दाजु लाबानकहाँ भागेर जाने सल्लाह दिइन्; किनकि यिनलाई के डर थियो भने, याकूबको हत्या हुनुको साथै एसाव घर छोड़ेर जालान्; अथवा रक्तपातको बदला लिनेहरूको हातद्वारा एसाव मारिएलान्, र यिनले एकैपल्टमा दुवै छोराहरूलाई गुमाउनुपर्ला। तर रिबेकाले याकूबलाई हारानमा पठाउनुपर्ने विषयमा इसहाकलाई अर्को कारण दिए र याकूबले पनि एसावले गरेझैं कुनै हित्ती स्त्रीलाई पो विवाह गर्छन् कि भन्ने बहाना गरिन्। अनि याकूबचाहिँ? उनले चाँड़ै घर फर्किआउने आशा गरे। तर उनले आशा गरेको जस्तो भएन। किनभने बीस वर्षभन्दा बढ़ी समय बितेर मात्र उनी घर फर्कनेथिए; अनि त्यस बेलामा उनका बुबा अझै जीवितै रहनेथिए, तर आमाचाहिँको मृत्यु भइसक्नेथियो।

## ख) उत्पत्ति २८ः याकूब हारानमा भागेर गएका

**उत्पत्ति २८ः१-९ः** इसहाकले याकूबलाई बोलाए र उनलाई आशीर्वाद दिएर पद्दन-अराममा यस हेतुले पठाए, कि उनले कनानीहरूको बीचबाट होइन, तर बरु आफ्नी आमाका मानिसहरूको बीचबाट कुनै कन्यालाई विवाह गरून्। पद्दन-अरामचाहिँ मेसोपोटामियाको उत्तरीय प्रदेशमा परेको एउटा जिल्ला थियो, जसमा हारान शहर अवस्थित थियो। यस कुराले एसावलाई आफ्ना बुबाबाट आफूले गुमाइपठाएको आशीर्वाद फेरि प्राप्त गर्ने कोशिश गर्न प्रेरणा दियो; यसकारण तिनले इश्माएलकी छोरीलाई विवाह गरे। असल नतिजा पाउन खोज्दा तिनले एउटा खराब नीति अर्थात् बहुविवाहको चाल अपनाए।

**उत्पत्ति २८ः१०-१९ः** बेतेलमा आइपुगेपछि याकूबले एउटा उदेकपूर्ण सपना देखे; त्यस सपनामा उनले एउटा सिँढ़ी वा खुड़किलाहरू देखे, जुनचाहिँ पृथ्वीदेखि स्वर्गसम्म पुगेका थिए।

> 'यस सिँढ़ीले के सङ्केत गर्छ भने, स्वर्ग र पृथ्वीको बीचमा साँच्ची नै एउटा अटुट र घनिष्ठ सङ्गति स्थापित भएको रहेछ; अनि विशेष गरी स्वर्गको महिमामा विराजमान हुनुभएको परमेश्वर र एक्लोपनमा जिइरहेका

मानिसको बीचमा सुनिश्चित रूपले सङ्गत भएको रहेछ।' 24)

नथनएलसँग प्रभु येशूको भेट हुँदाखेरि उहाँले यस घटनासित आफूले भन्न खोज्नुभएको कुराको सन्दर्भ राखेर यस घटनाको अर्थ आफ्नो दोस्रो आगमनसित र यस हजार वर्षको राज्यको महिमासित जोड्नुभयो (यूहन्ना १:५१)। तर अहिले पनि ख्रीष्ट-विश्वासीहरूले पलपलमा आफ्ना प्रभुसँगको सङ्गतिमा आनन्द उपभोग गर्न सक्छन्। याकूबको हृदयमा बितेको समयमा घटेका घटनाहरूको विषयमा पछुतो लागेको थियो होला, अनि वर्तमान समयमा उनले एक्लोपन महसुस गरे होलान् र भविष्यको विषयमा भइरहेको अनिश्चितताले उनलाई सताइरहेको थियो होला। अनि यति बेलामा अनुग्रही परमेश्वरले उनीसँग अब्राहाम र इसहाकसँग गर्नुभएझैं एउटा करार बाँध्नुभयो। याद गर्नुहोस्ः याकूबसँग बाँधिएको यस करारमा सहचारी मित्रताको प्रतिज्ञा छः *'अनि हेर, म तिम्रो साथमा छु'*; यसमा सुरक्षा दिने प्रतिज्ञा पनि छः *'अनि म तिमीलाई सबै ठाउँहरूमा, जहाँ तिमी जान्छौ, रक्षा गर्नेछु।'* अनि यसमा मार्गदर्शन दिने प्रतिज्ञा छः *'अनि म तँलाई यस भूमिमा फर्काएर ल्याउनेछु;'* अनि यसमा व्यक्तिगत आश्वासन र निश्चयता पनि छः *'जुन कुरा मैले तिमीलाई भनेको छु, सो पूरा नगरुन्जेल म तिमीलाई छोड्नेछैनँ।'* त्यस ठाउँमा परमेश्वरलाई भेटेकै कुरा महसुस गरेका याकूबले त्यस ठाउँको नाम 'लूज'देखि 'बेतेल'मा बदली गरे। लूजको अर्थ 'अलग्याइ' हो भने, बेतेलको अर्थ 'परमेश्वरको घर' हो।

'याकूबले आफूलाई परमेश्वरको भयले छोपेको, आफूलाई आश्चर्य र आनन्द लागेको बेतेलको अनुभव गर्नुभन्दा पहिले परमेश्वरसँग उनको व्यक्तिगत सम्पर्क थिएन, अनि सबै आत्मिक कुराहरू अरू कसैद्वारा उनीकहाँ आउँथे।'

Daily Notes of the Scripture Union

**उत्पत्ति २८:२०-२२ः** यहाँ, यस खण्डमा याकूब परमेश्वरसँग लेनदेन गरेका र भाउ कसेका देखा परे। उत्पत्ति २८:१४ पदमा लेखिएको कुरा हेर्दा उनले वास्तवमा परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुराभन्दा कम कुराको निम्ति भाउ कसिरहेका रहेछन्। 'परमेश्वरले भन्नुभएको उहाँको वचन मेरो लागि विश्वास गर्न यथेष्ट छ' भन्ने बलियो विश्वास उनको थिएन। यसकारण उनले निम्न सर्त हाले र परमेश्वरले यस करार-अनुसार गर्नुभएको खण्डमा 'म दशांश दिन्छु' भन्ने कुरा गरे। तर यहाँ अर्को व्याख्या पनि सम्भव भएको देखिन्छ। हिब्रूको 'यदि' शब्द भाकलमा प्रयोग गरिने शब्द हो, जसको अर्थ 'निश्चय' वा 'अवश्य' हुन सक्छ। तब याकूबले भन्न खोजेको कुराको अर्थ यस प्रकारको छः याकूबले सर्तरहित भाकल गरेर दशांश दिने प्रण गरे। (गन्ती २१:२, न्यायकर्ता ११:३० र १ शमूएल १:११ पदमा याकूबले गरेका जस्तै अरू यहूदीहरूले पनि गरेका भाकलहरू हेर्नुहोस्!)।

## ग) उत्पत्ति २९:१-३०:२४ः याकूब, उनका पत्नीहरू र उनका छोराछोरीहरू

**उत्पत्ति २९:१-१४ः** याकूब बेर्शेबादेखि हारानमा भागेर गएको समयमा उनको उमेर सतहत्तर वर्ष भएको थियो। अनि अबचाहिँ उनले आउँदा बीस वर्ष आफ्नो मामा लाबानको सेवामा बिताउनेथिए। त्यसपछि उनी कनान देशमा फर्केर आउनेथिए र त्यहाँ तेंतीस वर्ष बस्नेथिए, अनि अन्तमा, उनको बाँकी जीवनका सत्र वर्ष मिस्र देशमा बिताउनेथिए।

पद्दन-अराममा पुगेपछि उनी संयोगवश एउटा जग्गामा आइपुगे, जहाँ हारानका

गोठालाहरूले आफ्ना भेड़ाका बगालहरू चराइरहेका थिए। याकूबले यी गोठालाहरूसित बातचित गरिरहेकै बेलामा, परमेश्वरले निर्धारित गर्नुभएको सही समयमा, राहेल आफ्नो भेड़ाको बगाल लिएर त्यहाँ आइपुगिन्। याकूब आफै असल गोठाला भएका हुनाले छक्क परे; किनभने ती बगालहरू चराउनलाई दिनको उज्यालो अझै भइरहेको थियो। तब ती गोठालाहरूले यस इनारमा किन पर्खिबसे होलान्? ती गोठालाहरूले सबै बगालहरू आइनपुगुन्जेल इनारको ढकनी हटाइँदैन भन्ने कुरा गरे। जब याकूबले आफ्नो मामाकी छोरी राहेललाई भेटे, तब यो क्षण याकूबको निम्ति एउटा आवेग र भावनाले पूर्ण समय भएको थियो; ठीक त्यस्तै आफ्नो भानिजसँगको भेट उनको मामा लाबानको निम्ति पनि उत्तिकै आवेगपूर्ण एउटा स्मर्णीय क्षण ठहरियो।

**उत्पत्ति २९ः१५-३५ः** याकूबले सात वर्ष लाबानको सेवा गरेको सट्टामा तिनी उनलाई आफ्नी छोरी राहेल दिन राजी भए। याकूबले राहेललाई प्रेम गरेको कारणले यी सात वर्ष उनलाई केही दिन जस्तो मात्र लाग्यो। अनि ठीक त्यस्तै हामीलाई प्रभुको सेवा गर्दाखेरि पनि लाग्दैछ र लाग्नुपर्छ।

लेआका आँखाहरू कमजोर थिए, तर राहेलचाहिँ सुन्दरी थिइन्।

त्यस ठाउँ र त्यस जमानाको दस्तुरअनुसार दुलही विवाह गरेको रातमा घुम्टो ओढ़ेकी अवस्थामा दुलहाको कोठामा जानुपर्थ्यो; अनि सायद त्यो कोठा अँध्यारो थियो कि? भोलिपल्ट बिहान जब याकूबले लेआलाई आफ्नी दुलही राहेल होइन, तर लेआ पो भएछिन् भन्ने कुरा फेला पर्दा उनलाई कति झोक चल्यो होला, सो कुरा तपाईं सजिलोसँग कल्पना गर्न सक्नुहुन्छ। लाबानले उनलाई छल गरे; तर तिनले त्यस ठाउँको स्थानीय दस्तुरअनुसार जेठीको विवाह नभई कान्छीको विवाह हुन नसक्ने कुरा बताएर टारे। तब लाबानले याकूबलाई भनेः 'लेआको हप्ता पूरा गरिदेऊ' अर्थात् लेआसँगको वैवाहिक सम्बन्ध पुष्टि गर, ' ..र हामी तिमीलाई अर्की पनि दिइहाल्नेछौं, त्यस सेवाको सट्टामा, जुन सेवा तिमीले मसँग बसेर फेरि अर्को सात वर्ष गर्नुपर्छ।' साता दिनसम्म लागेको विवाहको भोज सकेपछि याकूबले राहेललाई पनि विवाह गरे, र अर्को सात वर्षसम्म लाबानको सेवा गरे। याकूबले अघि छलको बीउ छरेका थिए, र यस घड़ीमा उनले त्यसको कटनी गरिरहेका थिए। अनि जब परमप्रभुले लेआलाई अवहेलित भएकी अर्थात् राहेलको भन्दा कम प्रेम पाएकी देख्नुभयो, तब उहाँले तिनलाई छोराछोरीहरू दिएर त्यसको क्षतिपूर्ति गर्नुभयो। क्षतिपूर्तिको सम्बन्धमा यस प्रकारको ईश्वरीय नियम अहिले पनि क्रियाशील छँदैछः कुनै क्षेत्रमा कमी भएका मानिसहरूलाई परमेश्वरले अर्को क्षेत्रमा प्रशस्त दिनुहुन्छ। लेआले आफ्ना छोराहरूका नामहरू राखेर ती नामहरूद्वारा परमप्रभुप्रति आफ्नो कृतज्ञता प्रकट गरिन् (उत्पत्ति २९ः३२, ३३ र ३५)। लेआबाट नै लेवीमार्फत पूजाहारीगिरी आयो, र यहूदामार्फत राजकीय वंशको क्रम चल्यो, जसको वंशको रूपमा अन्तमा ख्रीष्ट येशू आउनुभयो। यस अध्यायमा हामी याकूबका पहिला चारजना छोराहरूको जन्मको विषयमा पढ्छौं। याकूबका छोराहरूको सम्पूर्ण सूचि यस प्रकारको छः

लेआबाट जन्मेका छोराहरूः

**क)** *उत्पत्ति २९ः३२ः* रूबेन; रूबेन नामको अर्थ होः 'हेर, एउटा छोरा भयो!'

**ख)** *उत्पत्ति २९ः३३ः* शिमोन; शिमोनको अर्थ होः 'मेरो सुनाइ भयो।'

**ग)** *उत्पत्ति २९ः३४ः* लेवी, जसको अर्थ होः 'मिल्ने भयो।'

**घ)** *उत्पत्ति २९:३५:* यहूदा। यस नामको अर्थ 'प्रशंसा' हो।

**ङ)** *उत्पत्ति ३०:१८:* इस्साकार। इस्साकारको अर्थ 'ज्याला' हो।

**च)** *उत्पत्ति ३०:२०:* जबूलून। जबूलूनको अर्थ 'निवास' हो।

राहेलकी दासी बिल्हाबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:६:* दान। दानको अर्थ 'न्याय' वा 'न्यायकर्ता' हो।

**ख)** *उत्पत्ति ३०:८:* नप्ताली। नप्ताली नामको अर्थ 'मेरो कुश्ती' हो।

लेआकी दासी जिल्पाबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:११:* गाद। गादको अर्थ 'फौज' वा 'भाग्य' हो।

**ख)** *उत्पत्ति ३०:१३:* आशेर। आशेरको अर्थ 'धन्य' हो।

राहेलबाट जन्मेका छोराहरू:

**क)** *उत्पत्ति ३०:२४:* यूसुफ। यूसुफको अर्थ होः 'उहाँ अझै थप्नुहुन्छ।'

**ख)** *उत्पत्ति ३५:१८:* बिन्यामिन। बिन्यामिनको अर्थ 'मेरो दाहिने हातको छोरा' हो।

**उत्पत्ति ३०:१-१३:** नैराश्यपूर्ण राहेलका निम्ति यिनको काखमा खेलिबस्ने छोरा नभई हुँदैनथियो; यसकारण यिनले आफ्नी दासी बिल्हा याकूबलाई उनकी उप-पत्नीको रूपमा दिइहालिन्। यस्तो प्रथा सामान्य थियो; तर यो चलन परमेश्वरको इच्छाको विरुद्धमा थियो। बिल्हाले दुईजना छोराहरू जन्माइन्ः दान र नप्ताली। 'राहेलले मलाई कुनै हालतमा पनि उछिन पाउँदिन' भन्ने विचारले प्रेरित भएकी लेआले आफ्नी दासी जिल्प याकूबलाई दिइहालिन्, अनि यस सम्बन्धबाट अझ दुईजना छोराहरू जन्मेः गाद र आशेर।

**उत्पत्ति ३०:१४-२४:** अब त्यस बेलाको अन्धविश्वासको कुरा आयोः एकदिन रूबेनले दूधे-फलहरू भेट्टाएको रहेछ। ती दूधे-फलहरूले स्त्रीहरूमा भएको बाँझोपन हटाएर गर्भधारण गर्ने शक्ति प्रदान गर्थे अरे। अनि राहेल बाँझी भएकी हुनाले यिनी ती दूधे-फलहरू खान पूरा उत्सुक थिइन्। ती दूधे-फलहरूको बदलीमा यिनी लेआसित राजी भइन्, कि तिनले केही समय याकूबसँग पत्नीको रूपमा रहन पाइन्। किनभने कुनै अज्ञात कारणवश लेआले पत्नीले पाउनुपर्ने सौभाग्यहरू गुमाएकी थिइन्। त्यसपछि लेआले अझ दुईजना छोराहरू अर्थात् इस्साकार र जबूलूनलाई, र दीना नामक छोरीलाई जन्माइन्। अन्तमा, राहेलले गर्भवती भएर एकजना छोरा जन्माइन्। 'परमेश्वर मलाई अझै पनि अर्को छोरा दिनुहुन्छ' भन्ने विश्वासअनुसार यिनले छोराको नाम 'यूसुफ' राखिन्।

### घ) उत्पत्ति ३०:२५-४३: याकूबले बुद्धिद्वारा लाबानलाई जितेका

**उत्पत्ति ३०:२५-३६:** जब याकूबले लाबानलाई कनान देशमा, आफ्नै घरमा फर्कने कुरा सुनाए, तब उनका मामाले उनलाई अझै केही समय बस्ने विन्ती गरे। लाबानले स्वीकार गरेः हो, याकूबकै कारणले परमप्रभुले तिनलाई आशिष दिनुभएको हो। त्यो कुरा तिनले अनुभवबाट थाह पाएका थिए। अनि याकूब अझै तिनीसँग बसेको खण्डमा उनले मागेको ज्याला तिनले उनलाई दिन स्वीकार गरे। यस सर्तमा याकूब आफ्नो मामाको सेवा गर्न राजी भए। याकूबले भनेः 'मलाई केही नदिनुहोस्, ... आज म तपाईंको सम्पूर्ण बगालको बीचबाट भएर जानेछु, र त्यसबाट सबै छिरबिरे र टाटेपाटे पशुहरू अनि भेड़ाहरूबाट सबै खैरा पाठाहरू र

बाख्राहरूबाट सबै टाटेपाटे र छिरबिरे बाख्राहरू अलग पार्नेछु। यी पशुहरू मेरो ज्याला हुनेछन्।' बगालका अरू सबै पशुहरू लाबानका भए। तब लाबान राजी भए, र यसो भनेः 'हेर, कुरा तिम्रो वचनअनुसार भएको होस्!' तब लाबान गए, र तिनले याकूबको भागमा पर्न सम्भव हुने जत्तिकै पशुहरू बगालबाट अलग पारेर आफ्ना छोराहरूको जिम्मामा सुम्पिदिए। तिनलाई थाहा थियो होला, कि छिरबिरे र टाटेपाटे पशुहरूले प्रायः फेरि छिरबिरे र टाटेपाटे लक्षण भएका पाठाहरू जन्माउँछन्। त्यसपछि लाबानले आफ्ना छोराहरूको हातमा सुम्पेका पशुहरूदेखि तीन दिने यात्राको अन्तरमा आफ्नो बाँकी बगाल याकूबको जिम्मामा सुम्पे। यसरी नै एक-अर्काबाट अलग राखिएका पशुहरू मिसिन असम्भव थियो; लाबानका छोराहरूको हातमा भएका झालेमाले पशुहरू र याकूबको हातमा भएका सिङ्गै रङ्गका पशुहरूको बीचमा प्रजननको सम्बन्ध हुन सक्दैनथियो।

**उत्पत्ति ३०ः३७-४३ः** अनि याकूबले फेरि पनि आफ्ना मामा लाबानको बगाल लिएर चढ़ाइरहे। तर अब पशुविज्ञानको कुरा आयोः यी पशुहरूको प्रजनन गराउन याकूबले ती पशुहरूको अघाड़ि छिलेका लट्ठीहरू राखिदिन्थे – केही लट्ठीहरूको भित्री भाग सेतो थियो भने, अरू लट्ठीहरूमा उनले धर्का र बुट्टाहरू निकाले। फलस्वरूप बगालबाट पाङ्ग्रे, छिरबिरे र टाटेपाटे पाठाहरू जन्मे; अनि यी झालेमाले पाठाहरू याकूबका भए। के यी धर्का र बुट्टा निकालिएका लट्ठीहरूले पाङ्ग्रे, छिरबिरे र टाटेपाटे पशुहरू जन्मिने कुरा निश्चित गर्थे? के यस प्रकारको तरिकाको निम्ति कुनै वैज्ञानिक ठोस कारण पाउन सकिन्छ? हालमा सुन्नमा आएको कुरा यो होः नयाँ आनुवंशिक प्रमाणले यस प्रकारको तरिका अनुमोदन गर्छ। यस्तो नभएको भए कसरी बगालबाट याकूबले चाहेका जस्तैका त्यस्तै पाठाहरू जन्मे?

एक त, यो एउटा अचम्मको काम हुन सक्नेथियो (उत्पत्ति ३१ः१२ हेर्नुहोस्)। दुई, यो याकूबको चतराइपूर्ण युक्ति पनि हुन सक्नेथियो। तर हामीलाई के लाग्छ भने, यस खण्डमा उल्लेख गरिएको बयानअनुसार याकूबसँग आफ्नो इच्छाअनुसारका पाठाहरू पैदा गराउन सक्ने वैज्ञानिक कला थियो। किनभने उनले आफ्नो प्रजनन गराउने तरिकाद्वारा झालेमाले पाठाहरू निकाल्नुको साथसाथै आफ्नो निम्ति बलिया-बलिया पाठाहरू र लाबानको निम्ति दुर्बल पाठाहरू पैदा गराउन सके।

अनि कसले जान्दछ? हुन सक्छ, ती बोक्रा ताछेका लट्ठीहरू याकूबसँग भएको पशुहरू मिसाउने प्रजनन-कला केमा थियो, सो अरूबाट लुकाउने युक्ति थियो कि? यसको निम्ति स्पष्टीकरण जेसुकै होस्, एउटा कुरा स्पष्ट छः याकूबले लाबानलाई सेवा गरेको अन्तिम छ वर्षमा उनको पशुधन असाध्य बढ़ेर गयो।

### ङ) उत्पत्ति ३१ः याकूब कनान देशमा फर्केका

**उत्पत्ति ३१ः१-१८ः** याकूबको धनसम्पत्ति बढ्दै गएकोमा लाबान र तिनका छोराहरू डाही भए र उनीसँग बेखुशी भए। जब याकूबले यो थाहा गरे, तब परमेश्वरले उनलाई 'तिम्रो कनान देशमा फर्कने समय आएको छ' भनी भन्नुभयो। तब उनले राहेल र लेआलाई बोलाए र तिनीहरूसँग यो कुरा छलफल गरे। यस छलफल हुँदा उनले तिनीहरूलाई निम्न कुराहरू सुनाएः कसरी लाबानले उनलाई ठगे र दस पल्टसम्म उनले पाउनुपर्ने ज्याला बदली गरे; तर परमेश्वरले यस परिस्थितिमाथि हस्तक्षेप गर्नुभयो र सधैं

उनकै पक्षमा काम गर्नुभयो र उनको निम्ति बगालबाट पाठाहरू पैदा गराउनुभयो। यसबाहेक परमेश्‍वरले उनलाई उनले बीस वर्षअघि गरेको भाकलको सम्झना गराउनुभयो (उत्पत्ति २८:२०-२२); अनि परमप्रभुले उनलाई 'कनान देशमा फर्क' भन्ने आज्ञा दिनुभयो। याकूबले तिनीहरूलाई यी सबै कुराहरू बताए। उनका पत्नीहरूले माने; हो, तिनीहरूका बुबा लाबानले याकूबसँग इमान्दार व्यवहार गरेनन्।

श्री ग्रिफिथ थोमस्ले यस खण्डबाट परमेश्‍वरको मार्गदर्शनको विषयमा सुनिश्‍चित हुने रोचक नियमहरू प्रस्तुत गरेका छन्, जस्तैः

> 'सर्वप्रथम कुराः याकूबसँग घर फर्कने चाहना थियो (उत्पत्ति ३०:२५)। दोस्रो कुराः कुनै न कुनै परिवर्तन हुनुपर्छ भन्ने कुरा परि-स्थितिहरूको माग थियो। तेस्रो कुराः परमेश्‍वरको सुस्पष्ट वचन प्रबलतापूर्वक उनीकहाँ आयो। अनि अन्तमा, छोरीहरू भएका नाताले उनका पत्नीहरूमा आफ्ना बुबाप्रति स्वाभाविक मायाको बन्धन भए ता पनि "यो कुरा परमेश्‍वरबाट नै भएको हो" भन्ने समर्थन उनलाई यी पत्नीहरूबाट मिल्यो।' [25)]

अनि याद गर्नुहोस्, परमेश्‍वरको दूत बेतेलको परमेश्‍वर हुनुहुँदो रहेछ (उत्पत्ति ३१:११ र १३)।

**उत्पत्ति ३१:१९-२१:** याकूब र उनको परिवार सुटुक्क भाग्नुभन्दा अघि राहेलले आफ्ना बुबाका घर-देवताहरू चोरेर ऊँटको काठीमा लुकाइन्। घर-देवताहरू भएको पुरुष घरानाको अगुवा मानिन्थे। अनि एउटी विवाहिता छोरीसँग घर-देवताहरू हुनु हो भने यी घर-देवताहरू उसका बुबाको सम्पत्ति उसका पतिको उत्तराधिकारको भाग हुनेछ भन्ने कुरा सुनिश्‍चित गर्ने बैनाको काम गर्छन्। [26)]

जुन बेलामा याकूब कनान देशमा भागे, त्यस बेलामा लाबानका आफ्ना छोराहरू थिए; अनि ती घर-देवताहरू तिनका यी छोराहरूको एकमात्र अधिकार थिए। यसकारण राहेलको चोरीको काम एउटा गम्भीर कुरा थियो। किनकि यसरी नै यिनले आफ्ना पतिको निम्ति लाबानको जायजेथाको प्रमुख हक बचाइराख्न खोजेकी थिइन्।

**उत्पत्ति ३१:२२-३०:** जब लाबानले याकूब र उनको परिवार भागेको कुरा थाह पाए, तब आफ्ना मानिसहरूलाई साथमा लिएर तिनी उनीहरूलाई सात दिनको बाटो खेद्दै गए। तर परमप्रभुले तिनलाई राति सपनामा 'याकूब र उनीसँग भएका यात्री-दललाई कुनै खराबी नगर्नू' भन्ने चेताउनी दिनुभयो। लाबानले उनीहरूलाई भेट्टाएपछि आफ्ना छोरीहरूलाई धुनधानसित बिदाइ गर्ने मौका किन नदिएको र आफ्ना घर-देवताहरू किन चोरी गरेको कुराबाहेक अरू कुनै गुनासो पोखेनन्।

**उत्पत्ति ३१:३१-३४:** तिनको पहिलो अभियोगको उत्तरमा याकूबले के भने भने, उनी सुटुक्कै भाग्ने कारण कतै लाबानले उनीबाट बलजफत गरेर राहेल र लेआलाई खोसेर राख्लान् कि भन्ने उनलाई लागेको डर थियो; अनि दोस्रो अभियोगको सम्बन्धमा उनले 'मैले यी मूर्तिहरू चोरेको होइनँ' भने, अनि 'जससँग यी मूर्तिहरू फेला पर्छन्, त्यो अपराधी मृत्युदण्डको योग्य हुन्छ' भनेर घोषणा गरिहाले। लाबानले यात्री-दलको सम्पूर्ण तलाश गरे, तर तिनले कसैबाट केही पनि फेला पारेनन्; किनकि राहेल यी मूर्तिहरूमाथि बसिरहेकी थिइन्। 'मेरो महिनावारी भएको कारणले म उठेर तपाईंको सम्मान गर्न सक्दिनँ' भन्ने बहाना गर्दै यिनी ऊँटको काठीबाट उठिनन्।

**उत्पत्ति ३१:३६-४२:** अब याकूबको रिसाउने पालो आयो। उनले बीस वर्षसम्म पूरा विश्‍वासयोग्यतासाथ र उदारचित्तले लाबानको सेवा गरिरहेका थिए; तर लाबानले

उनीसित दुर्व्यवहार गरे र उनीमाथि सम्पत्ति चोरी गरेको झूटो अभियोग लगाए। अनि यसमा याकूबले लाबानको दोष देखेर तिनलाई दोष्याए। यस खण्डबाट स्पष्टसँग बुझिन्छ कि याकूब खूब परिश्रम गर्ने मानिस थिए, र उनले गरेका सबै कामहरूमा परमप्रभुको आशिष उनीमाथि रहन्थ्यो। तब हाम्रो विषयमा प्रश्न उठ्छः हामीलाई काम दिने हाम्रा कामका मालिकहरूप्रति के हामी विश्वासयोग्य छौं, अँ, कति विश्वासयोग्य छौं? के परमेश्वरको आशिष हाम्रा कामहरू-माथि रहेको छ?

**उत्पत्ति ३१ः४३-५०ः** लाबानले यो कुरा बढ़ाउन चाहेनन्, तर त्यो मुद्दा टार्न खोजे। तिनले आफ्ना छोरीहरू र नातिनातिनीहरूलाई कहाँ हानि गर्नेथिए र? तिनले यस प्रकारको विचारको घोर विरोध गरे। 'होइन, होइन, आऊ, हामी एउटा सन्धि गरौं!' भनेर तिनले सुझाउ गरे। जुन सन्धि तिनले बाँध्न चाहे, त्योचाहिँ 'जबसम्म हामी एक-अर्काबाट अलग रहन्छौ र एक-अर्कालाई फेरि भेट्दैनौं, तबसम्म परमप्रभुले तिमीहरूलाई आशिष दिऊन् र रक्षा गरून्' भन्ने दया र मित्रताको भावनामाथि स्थापित भएको सन्धि थिएन। होइन, तर त्यो त दुईजना ठगहरूको बीचमा बाँधिएको थियो। तिनीहरू एक-अर्काको दृष्टिबाट लुकिरहेको बेलामा पनि दुवैजनाले परमेश्वरको दृष्टिमा जे असल छ, त्यही गर्नुपर्ने सर्तमाथि स्थापित भएको करार थियो। यो खास गरी एउटा अनाक्रमण-सम्झौता थियो, जसमा लाबानले याकूबलाई 'मेरा छोरीहरूप्रति कुनै दुर्व्यवहार गर्न पाउँदैनौ र मेरा छोरीहरूबाहेक अरू स्त्रीहरूलाई विवाह गर्न पाउँदैनौ' भन्ने सर्तहरूले बाँधे। अनि लाबानले साक्षीको निम्ति खड़ा गरिएका ढुङ्गाहरूको नाम अरामी भाषामा 'यगर-सहदूता' राखे भने, याकूबले यी ढुङ्गाहरूको नाम हिब्रूमा 'गलेद' राखे, अरामी र हिब्रू भाषाका दुवै नामको अर्थ 'साक्षीको राश' हो। यस सन्धिअनुसार हानि गर्नको निम्ति यो राश नाघेर याकूब लाबानकहाँ आउनेथिएन, र लाबान पनि खराबी गर्न यो राश नाघेर याकूबकहाँ आउनेथिएन।

**उत्पत्ति ३१ः५१-५५ः** तब लाबानले अब्राहामको परमेश्वर, नाहोरको परमेश्वर र तिनीहरूका पिता तेरहको परमेश्वरको नाममा शपथ खाए। यहाँ, यस ठाउँमा अनुवादको कुरा आयोः के लाबानले साँच्चै एकमात्र सत्य परमेश्वरको नाममा शपथ खाए त, जुन एकमात्र परमेश्वरलाई अब्राहामले पछि चिन्न र पुज्न पाए? यो कुरा हिब्रू भाषाका शब्दहरू र तिनको प्रयोगबाट स्पष्ट छैन। यसो हो भने, हुन सक्छ, लाबानले आफ्ना पुर्खाहरूले ऊर देशमा पुजेका देवताहरूको नाममा पो शपथ खाए कि भन्ने अर्थ पनि सम्भव छ।

याकूबले आफ्ना पिता इसहाकका भयको नाममा शपथ खाए, अर्थात् ती परमेश्वरको नाममा शपथ खाए, जसको भय इसहाकले मान्ने गर्थे; किनकि इसहाक कहिल्यै मूर्तिपूजक थिएनन्। पहिले याकूबले परमेश्वरलाई एउटा होमबलि चढ़ाए, त्यसपछि उनले त्यहाँ उपस्थित भएकाहरू सबैलाई भोज दिए, अनि त्यो रात त्यही डाँड़ामा बिताए। भोलिपल्ट बिहानै लाबानले आफ्ना छोरीहरू र आफ्ना नातिनातिनीहरूलाई बिदाइको म्वाइँ खाएर आशीर्वाद दिए, त्यसपछि तिनी आफ्नो घरतर्फ लागे।

## च) उत्पत्ति ३२-३३ः याकूब र एसावको मेलमिलाप

**उत्पत्ति ३२ः१-८ः** कनान देशतर्फ यात्रा गरिरहेको बेलामा याकूबले बाटोमा एक दल स्वर्गदूतहरूलाई भेटे; अनि उनले त्यस ठाउँको नाम 'महनैम' राखे, जसको अर्थ 'दुईवटा फौजहरू' वा 'दुईवटा छाउनीहरू' हो। हुन सक्छ, यी दुईवटा छाउनीहरूमध्ये

एउटाचाहिँ परमेश्वरको फौज र अर्कोचाहिँ याकूबसँग भएको यात्री-दल थियो होला (उत्पत्ति ३२ः२)। अथवा ‘दुईवाट फौजहरू’को अर्थ ‘ठूलो भीड़’ पनि हुन सक्छ (उत्पत्ति ३२ः१०)। जब याकूब कनान देशको नजिक आइपुगे, तब उनले आफ्ना दाजु एसावलाई सम्झे र तिनले साटो फेर्छन् कि भनेर उनी तिनीसँग डराए। के एसाव नमीठोसँग ठगिएको र आफ्नो आशीर्वाद खोसिएको कारणले अझै क्रोधित थिए कि ? यसकारण याकूबले पहिले आफ्ना दाजुकहाँ शान्तिको समाचार लाने दूतहरू पठाए। त्यसपछि जब उनले एसाव आफ्ना चार सय मानिसहरूको दलको साथ आउँदै गरेको खबर सुने, तब उनी डरले आतङ्कित भए, र उनले आफूसँग भएका परिवारलाई दुई दलमा बाँड़े, ताकि पहिलो दल मारिए तापनि दोस्रो दलले उम्कने मौका पाओस्।

**उत्पत्ति ३२ः९-१२ः** याकूबले प्रार्थना गरे। याकूबको यो प्रार्थना उनको मनको हताशको फल थियो; किनभने उनलाई ईश्वरीय सुरक्षाको अति आवश्यक थियो। यो उनको प्रार्थना परमप्रभुले उनीसित र उनका पितापुर्खाहरूसित बाँध्नुभएको त्यस करारमाथि आधारित प्रार्थना थियो; यो आत्माको दीनतामा चढ़ाइएको प्रार्थना थियो। उनले आफ्नो विन्ती परमप्रभुको वचनमाथि आधारित गरेर परमेश्वरका प्रतिज्ञाहरू दाबी गरे।

प्रबल भित्री खाँचोबाट सबैभन्दा असल प्रार्थनाहरू जन्मिँदो रहेछन्। तब मानवीय सुरक्षा-प्रणालीहरूभित्र रहेर हामी आफैलाई प्रभावकारी प्रार्थनाको जीवनबाट किन वञ्चित गरिपठाउँछौं ? हामी आफैलाई यस प्रकारको हानि किन गरिरहेका हुन्छौं ?

**उत्पत्ति ३२ः१३-२१ः** त्यसपछि याकूबले एक दलपछि अर्को दल हुने गरी जम्मै तीनवटा दलहरू एसावकहाँ तिनलाई खुशी पार्न पठाए, अर्थात् आफूसँग भएको बगालबाट उनले जम्मा पाँच सय अस्सीवटा पशुहरू उपहार-स्वरूप तिनीकहाँ पठाए। यसरी नै एसावले तीन भागमा आफ्नो उपहार पाउनेथिए। याकूबले अपनाएको यस युक्तिले उनमा भएको अविश्वास प्रदर्शन गरेको छ; नभई यसबाट उनीभित्र विश्वास र अविश्वासको मिश्रण भएको देखिन्छ।

**उत्पत्ति ३२ः२२-३२ः** आफ्नो घर-परिवारलाई यब्बोक खोलाको पारी पठाएपछि याकूबले पनिएलमा एकलै रात बिताए। यब्बोकको अर्थ ‘त्यसले रित्याउनेछ’ हो। अनि त्यो एकलो बिताएको रातचाहिँ उनको जीवनका अनुभवहरूमध्ये एउटा महान् अनुभव बन्न लागेको थियो। किनकि एकजना मानिस उनीसँग कुस्ती लड़े। अनि होशे १२ः६ पदअनुसार ती मानिस एकजना स्वर्गदूत थिए, खास गरी परमप्रभुका दूत अर्थात् परमप्रभु आफै हुनुहुन्थ्यो। परमप्रभुले बाँकी जीवनभरि खोच्याउँदै हिँड्ने गरी याकूबको जाँघको गेड़ी खुस्काइदिनुभयो। याकूबले यस भिड़न्तबाट शारीरिक हानि उठाए, तापनि उनले एउटा ठूलो आत्मिक जित हासिल गरे। उनले हारद्वारा जित्न र दुर्बलताद्वारा बलवान् हुन सिके। आफ्नो अहम् र आफ्नो चतुर्‍याइँमाथि भर परेको आत्मविश्वासको केही बाँकी नराखीकन उनले आफैलाई ‘म याकूब, छल गरेर अर्काको ठाउँ ओगट्ने मानिस हुँ; म एउटा ठग हुँ’ भनी स्वीकार गरे। तब परमेश्वरले उनको नाम बदली गरेर ‘इस्राएल’ राख्नुभयो। इस्राएल नामको अर्थ विभिन्न प्रकारले अनुवाद गरिएको छ, जस्तैः ‘परमेश्वर शासन गर्नुहुन्छ’, ‘परमेश्वरसँग भिड़न्त गर्ने’ अथवा ‘परमेश्वरको राजकुमार’। याकूबले त्यस ठाउँको नाम ‘पनिएल’ राखे; किनकि उनले परमप्रभुलाई देखेको कुरा महसुस गरे। पनिएलको अर्थ ‘परमेश्वरको अनुहार’ हो।

श्री प्फाइफरले उत्पत्ति ३२ः३२ पदको विषयमा निम्न टिप्पणी लेखेका छन्ः

> 'जुन पशुको मासु परम्परानिष्ठ यहूदीहरूले खानलाई तयार गर्छन्, त्यस मारिएको पशुबाट तिनीहरूले पहिले त्यसको जाँघ वा फिलाको नसो निकालेर फ्याँक्छन् ।' 27)

यसर्थ 'इस्राएलीहरूले आजको दिनसम्म जाँघको जोर्नीमाथि भएको मूल-नसा खाँदैनन्' भनेर त्यस पदमा लेखिएको कुरा अझै पनि जारी रहेको रहेछ ।

**उत्पत्ति ३३ः१-११ः** अनि त्यत्ति बेलामा एसाव आइपुगेका रहेछन् । तब याकूब आफ्नो स्वभावअनुसार आफ्नो पुरानो आदतमा फर्के र भयभीत भए; यसैले उनले बढ़ी प्रेम गरिएका सदस्यहरूलाई सबैभन्दा धेरै सुरक्षा मिलोस् भन्ने हेतुले आफ्नो परिवार त्यसकै ढाँचामा मिलाएर राखे । एसावको छेउमा नपुगुन्जेल याकूब सात चोटि भुइँसम्म घोप्टो परे । उनको तुलनामा एसावचाहिँ आफ्नो भाइलाई भेटेको बेलामा कति कुशल, कति न्यानो र कति स्वतन्त्र देखिन्थे ! तिनले पहिले त पशुहरूको यत्रो उपहार लिन अस्वीकार गरे, तर अन्तमा तिनी याकूबको यो सौगात ग्रहण गर्न राजी भए। याकूबले आफैलाई आफ्ना दाजुको सामु 'हजुरको दास' भनेर मानिलिँदा चाहिएको भन्दा बढ़ी दीनता देखाए। कति-जनाको विचारमा, 'परमेश्वरको दर्शन पाएझैं मैले हजुरको दर्शन पाएँ' भन्ने याकूबका यी शब्दहरूमा उनले खुसामाद र बढ़ाइचढ़ाइको झूटो प्रशंसाको आड़ लिइरहेका थिए। अनि अरू पनि छन्, जसले 'मैले तपाईंको अनुहार परमेश्वरको अनुहारजस्तै देखें' भन्ने वाक्यमा मेलमिलापमा आएको शान्त मुहारको अर्थ पो देखेका छन् ।

**उत्पत्ति ३३ः१२-१७ः** जब एसावले आफ्नो भाइलाई 'आऊ, हामी सँगै फर्कौं' भन्ने सल्लाह दिए, तब याकूबले 'कलिला बालबालिकाहरू र मसिना पशुहरूले गर्दा हामी तपाईंहरूसँग-सँगै हिँड्न सक्दैनौं भन्ने बहाना गरेर यो कुरा टारिदिए। यद्यपि याकूबलाई यस्तो कुनै विचार नभए ता पनि उनले एसावलाई सेईरमा अर्थात् एदोममा भेट्न आउँछु भन्ने प्रतिज्ञा गरे । अनि 'यसो भए तिम्रो परिवारको साथमा म केही मानिसहरू छोड़िराखूँ' भन्ने एसावको प्रस्तव पनि याकूबले इन्कार गरे; किनकि उनीभित्र अझ पनि आफ्ना दाजुप्रति डर र शङ्का छँदैथियो ।

**उत्पत्ति ३३ः१८-२०ः** दक्षिण दिशा सेईरतर्फ यात्रा गर्नुको सट्टामा याकूब उत्तरी-पश्चिमतर्फ लागे, अनि अन्तमा उनी शेकेममा आइपुगे, जहाँ उनी बस्न लागे । त्यहाँ उनले एउटा वेदी बनाए, जसको नाम उनले 'एल-एलोही इस्राएल' भन्ने नाम दिए । 'एल-एलोही इस्राएल'को अर्थ होः 'इस्राएलको परमेश्वर-चाहिँ परमेश्वर हुनुहुन्छ ।' हुन सक्छ, यो नाम उनको अभिमानको फल थियो। बीस वर्षअघि, जब परमेश्वर बेतेलमा उनीकहाँ देखा पर्नुभएको थियो, त्यस समयमा याकूबले 'परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ, अनि परमप्रभुले मलाई दिनुभएका सबै सम्पत्तिको दशांश चढ़ाउनुको साथसाथै बेतेलचाहिँ परमेश्वरको घर तुल्याउनेछु' भन्ने भाकल गरेका थिए (उत्पत्ति २८ः२०-२२)। तर बेतेलमा फर्कनुको सट्टामा उनी अब तीस माईल टाढ़ा भएको शेकेमको मलिलो क्षेत्रमा, यो आफ्नो बगालको भलाइ सम्झेर रहन लागे । तर शेकेमचाहिँ संसारलाई सङ्केत गर्छ। अनि केही वर्षसम्म परमेश्वर उनीसँग खुलस्त रूपले बोल्नुभएन । त्यसपछि उहाँले याकूबलाई 'तिम्रो भाकल पूरा गर' भन्ने आह्वान दिनुभयो (उत्पत्ति ३५)। तर अन्तराल समयमा उनको परिवारमा उत्पत्ति ३४ अध्यायमा वर्णन गरिएका दुःखद घटनाहरू घटे ।

### छ) उत्पत्ति ३४ः शेकेममा हुन गएका पापहरू

**उत्पत्ति ३४ः१-१२ः** यस सम्पूर्ण अध्यायभित्र परमेश्वरको नाम लिइएको छैन। याकूब आफ्नो परिवारको साथ शेकेममा बसेको बेलामा अन्यजाति स्त्रीहरूसँग उनकी छोरी दीनाको सामाजिक हेलमेल भयो। भक्तिहीन मानिसहरूसित सङ्गत नगरेर तिनीहरूबाट आफूलाई अलग राख्नुपर्छ भन्ने कुरा कहाँ गयो यहाँ? यहाँ परमेश्वरको स्पष्ट नियम उल्लङ्घन भयो। यस्तो अवसरमा हमोरका छोरा शेकेमले दीनाको बलात्कार गरे; त्यसपछि तिनले उससँग विवाह गर्ने आफ्नो ठूलो इच्छा प्रकट गरे। याकूब र उनका छोराहरू क्रोधित भएको कुरा हमोरले बुझेर यो समस्या शान्तिपूर्ण रूपले समाधान गर्ने प्रस्ताव राखेः इस्राएलीहरू र कनानीहरूले आपसमा अन्तर-विवाह गरून्; अनि यसरी इस्राएलीहरूले त्यस ठाउँको नागरिकता र सबै नागरिक अधिकारहरू हासिल गर्न सक्नेथिए। अब उत्पत्ति ३४ः९ पदको कुरा आयोः शैतानले परमेश्वरका भक्तजनहरूको वंश अपवित्र पार्न खोज्ने त्यसका दाउपेचहरू अनेक छन्, आफ्नो लक्ष्य पूरा गर्न त्यसले अपनाएका युक्तिहरूमध्ये एउटाचाहिँ यहाँ देखिन्छ। अनि शेकेमले दीनासँग विवाह गर्न दिएको खण्डमा जेजति दाइजो र सौगात मागे पनि तिनी दिन राजी भए।

**उत्पत्ति ३४ः१३-२४ः** आफ्नी बहिनीको विवाह शेकेमसँग गरिदिने याकूबका छोराहरूको इच्छा थिएन; ता पनि उनीहरूले त्यस शहरका सबै पुरुषहरूको खतना भएदेखि आफ्ना छोरीचेलीहरू तिनीहरूलाई दिने सर्त राखे। परमेश्वरको करारको निम्ति अलग गरिएको त्यो पवित्र चिन्ह उनीहरूले यसरी नै दुरुपयोग गर्न खोजे। सद्भावी हमोर, शेकेम र त्यस शहरका सबै मानिसहरूले यो सर्त पूरा गरे।

**उत्पत्ति ३४ः२५-३१ः** निको हुँदै गरेका शेकेमवासीहरू पीड़ित भएको अवस्थामै याकूबका छोराहरू शिमोन र लेवीले तिनीहरूसित विश्वासघात गरीकन तिनीहरूलाई मारेर तिनीहरूको धनसम्पत्ति लुटे। जब याकूबले यी छोराहरूलाई हल्का गरी हप्काए, तब तिनीहरूले 'त्यसले हाम्री बहिनीसँग वेश्यासँग जस्तै व्यवहार किन गरेको' भन्ने कड़ा उत्तर दिए। यसो हेर्दा याकूब शेकेमका मानिसहरूलाई गरिएको यस घोर अन्यायको विषयमा भन्दा आफ्नै भलाइको बारेमा बढ़ी चिन्तित थिए। किनभने उनले 'म', 'मेरो' र 'मलाई' भन्ने प्रथम-पुरुषको सर्वनाम उत्पत्ति ३४ः३० पदमा जम्मा आठ पल्ट प्रयोग गरेको तथ्यले यो स्पष्ट पारेको छ।

### ज) उत्पत्ति ३५ः याकूब बेतेलमा फर्कन्छन्

**उत्पत्ति ३५ः१-८ः** उत्पत्ति पैंतीस अध्यायको शुरुमा याकूबले परमेश्वरबाट 'तीस वर्षअघि गरेको भाकल पूरा गर' भन्ने आज्ञा पाए (उत्पत्ति २८ः२०-२२)। परमप्रभुले चौतीस अध्यायमा घटेका दुःखद घटनाहरू प्रयोग गरेर अधिपति याकूबलाई त्यो भाकल पूरा गर्न तयार पार्नुभयो। याद रहोस्ः चौतीस अध्यायमा परमेश्वरको नाम एकपल्ट पनि नलेखिएको तुलनामा यस पैंतीस अध्यायभित्र उहाँको नाम बीस पल्ट लेखिएको छ। परमेश्वरको आज्ञाअनुसार बेतेलमा फर्कनुभन्दा पहिले याकूबले आफ्नो परिवारलाई 'अन्यजातिहरूका घर-देवताहरू फ्याँकेर सफा वस्त्रहरू पहिराओ' भन्ने आदेश दिए। यसो गर्नसाथ उनीहरू अन्यजाति छिमेकीहरूको निम्ति आतङ्कको कारण बने। अनि बेतेलमा आइपुगेपछि याकूबले एउटा

वेदी बनाए। आफ्ना दाजु एसावको हातबाट बचाइराख्नुहुने परमेश्‍वरको निम्ति 'एल-बेतेल'मा एउटा वेदी बनाएर उहाँलाई दण्डवत् गर्नु उनको निम्ति समुचित ठहरियो।

**उत्पत्ति ३५ः९-१५ः** परमेश्‍वरले फेरि एकपल्ट याकूबको नाम 'इस्राएल' भनेर त्यो नयाँ नाम सुदृढ़ पार्नुभयो, अनि उनीसित अब्राहाम र इसहाकसँग बाँध्नुभएको यस करारको नवीकरण गर्नुभयो। अधिपति याकूबले यस पवित्र भूमिमा त्यसको स्मारकको रूपमा एउटा ढुङ्गाको खाँबा खड़ा गरे, र फेरि पनि त्यस ठाउँको नाम 'बेतेल' राखे।

**उत्पत्ति ३५ः१६-२०ः** याकूब र उनको परिवार बेतेलदेखि दक्षिणतर्फ यात्रा गरिरहेको बेलामा प्रसवमा राहेलको मृत्यु भयो। मृत्युको घड़ीमा तिनले यस बालकको नाम 'बेन-ओनी' अर्थात् 'मेरो वेदनाको छोरा' राखिन्, तर याकूबले आफ्नो बाह्रौं छोराको नाम 'बिन्यामिन' अर्थात् 'मेरो दहिने हातको छोरा' राखे। यी दुईवटा नामहरूले येशू ख्रीष्टको कष्ट र उहाँले कष्ट सहनुभएपछि उहाँले पाउनुभएको महिमाको पूर्वचित्रण गर्छन्। यरूशलेमदेखि बेतलेहेम जाने बाटोमा राहेलको परम्परागत चिहान अझै पनि देख्न सकिन्छ। परम्परागत चिहान भन्नाले तिनको वास्तविक चिहान नभएको सम्भवना देखिन्छ। तर यसभन्दा महत्त्वपूर्ण अर्को कुरा छः किन तिनको लास अब्राहाम, सारा र रिबेकासँगै राखिएन? हुन सक्छ, तिनले परिवारभित्र मूर्तिहरू ल्याएकी हुनाले यसो भएको होला।

**उत्पत्ति ३५ः२१-२९ः** यहाँ, यस ठाउँमा रूबेनले आफ्ना बुबाकी उपपत्नी बिल्हासँग व्यभिचार गरेको पापको संक्षिप्त वर्णन हालिएको छ, जुन पापले गर्दा तिनले आफ्नो जन्मसिद्ध ज्येष्ठ-अधिकार गुमाइपठाए (उत्पत्ति ४९ः३-४)। *'अनि याकूबका बाह्रजना छोराहरू थिए'* भनेर उत्पत्ति ३५ः२२ पदको अन्तिम वाक्यसँग एउटा नयाँ अनुच्छेद शुरु भएको छ। अनि यसको लगायत आउँदा दुईवटा पदहरूमा उनका यी बाह्रजना छोराहरूको सूचि दिइएको छ। 'यिनीहरू याकूबका छोराहरू हुन्, जो पद्दन-अराममा उनका निम्ति जन्मेका थिए' भनेर उत्पत्ति ३५ः२६ पदमा लेखिएको ता पनि यो विदितै छ, कि बिन्यामिनचाहिँ पद्दन-अराममा जन्मेनन् (उत्पत्ति ३५ः२४)। यिनी कनान देशमा जन्मे (उत्पत्ति ३५ः१६-१९)। याकूब इसहाक आफ्ना बुबाको मृत्यु हुनुभन्दा हेब्रोनमा फर्केर उनले धन्न तिनलाई भेट्न पाए। याकूबकी आमा रिबेकाको मृत्यु केही वर्षअघि नै भइसकेको थियो। यस अध्याय-भित्र तीनवटा मृत्युहरूको बयान छः रिबेकाकी धाई दबोराको मृत्यु (उत्पत्ति ३५ः८), राहेलको मृत्यु (उत्पत्ति ३५ः१९), र इसहाकको मृत्यु (उत्पत्ति ३५ः२९)।

### झ) उत्पत्ति ३६ः याकूबको दाजु एसावका सन्तानहरू

**उत्पत्ति ३६ः१-३०ः** छत्तीस अध्यायचाहिँ एसावको वंशावलीमा केन्द्रित छ, जुन एसावचाहिँ एदोम देशमा बसे, जुन देश खारा समुद्रको दक्षिण-पूर्वमा अवस्थित थियो। एसावचाहिँ एउटा जातिको शिर बन्नेछ भन्ने प्रतिज्ञा पूरा भएको साक्षी यो वंशावली बसेको छ (उत्पत्ति २५ः२३)। एसावका तीनजना, हुन सक्छ, तिनका चारजना पत्नीहरू थिए। हुन सक्छ, तिनका पत्नीहरूमध्ये कसैका दुईवटा नामहरू भएका पनि सम्भव छ (उत्पत्ति २६ः३४, २८ः९ र ३६ः२-३ तुलना गर्नुहोस्!)। अनि उत्पत्ति ३६ः२४ पदको कुरा आयोः अनाले तातो पानीका मूलहरू भेट्टाए।

उत्पत्तिको पुस्तकको लेखक मोशाले ईश्‍वरीय प्रकाशद्वारा के जान्दथिए भने,

अन्तमा इस्राएली जातिबाट राजाहरू उत्पन्न हुने नै छन् (उत्पत्ति ३५ः११)। जसरी उत्पत्ति चार अध्यायमा कयिनका सातवटा दुष्ट पुस्ताहरूको वंशावली दिइएको थियो, त्यसरी नै यहाँ, यस खण्डमा पनि एसावका सात दुष्ट पुस्ताहरूको वंशावली दिइएको छ (उत्पत्ति ३६ः३३-३९)। सातचाहिँ सम्पूर्णताको अङ्क हो; यसो हो भने, यहाँ यसले एसावको सम्पूर्ण वंशावली यही हो भन्न खोजेको होला। एसावका सन्तानहरूमध्ये एकैजना पनि विश्वासी भएको नाताले परमेश्वरको पञ्जीकरणको पुस्तकमा उल्लेख गरिएको छैन; तिनीहरू सबैजना अन्धकारमा गुमनाम भए, जसरी जीवित परमेश्वरबाट टाढ़ा गएकाहरू हराउँदा रहेछन्। तिनीहरूसँग लौकिक, क्षणभरको धनसम्पत्ति थियो र हुन सक्छ, तिनीहरूसँग यस संसारमा कुनै सुनाम र बितिजाने प्रसिद्धि थियो होला, तर अनन्तताको निम्ति तिनीहरूसँग केही पनि थिएन।

## ई) उत्पत्ति ३७ः१-५०ः२६ः यूसुफ

### क) उत्पत्ति ३७ः यूसुफ कमारा हुनलाई मिस्र देशमा बेचिएका


**उत्पत्ति ३७ः१-१७ः** यस अध्यायको दुई पदमा 'याकूबका वंशहरू यी हुन्' भन्ने वाक्यांश नभन्दै एक्कासी पढ़िएको जस्तै लाग्छ। तर बुझ्नुहोस्ः याकूबको इतिहासमा (उत्पत्ति २५-३५ः) एसावको वंशावली बीचमा आएको छ (उत्पत्ति ३६ः); अनि त्यसपछि उत्पत्ति सैंतीस अध्यायदेखि याकूबका वंशहरूको इतिहास अघि बढ़ेको छ र उत्पत्तिको पुस्तकको अन्तसम्मै विशेष गरी उनका छोरा यूसुफको जीवन-वृत्तान्तले यसमा महत्त्वपूर्ण स्थान ओगटिरहेको छ।

पवित्र बाइबलको पुरानो नियममा यूसुफचाहिँ येशू ख्रीष्टको परम सुन्दर प्रतीक मानिएका छन्, यद्यपि तिनी प्रभु येशूको प्रतीक हुन् भनेर कहिल्यै यस प्रकारको वर्गीकरण गरिएको छैन। यस विषयमा श्री ए. डब्ल्यू. पिङ्कले येशू ख्रीष्ट र यूसुफको बीचमा एक सय एकवटा मिल्ने-जुल्ने सादृश्यहरूको सूचि[28)] बनाएका छन् भने, श्रीमती अदा आर. हेबर्सन्ले एक सय एकाईसवटा सादृश्यहरू भेट्टाएकी छिन्। यहाँ यसको निम्ति एक-दुईवटा उदाहरण दिन्छौं, जस्तैः यूसुफ आफ्ना बुबाको प्रेम गरिएका छोरा थिए (उत्पत्ति ३७ः३); तिनले आफ्ना दाजुहरूलाई उनीहरूको पापको विषयमा हप्काए (उत्पत्ति ३७ः२); तिनी दाजुभाइ-हरूको दृष्टिमा घृणित भए, अनि शत्रुहरूको हातमा बेचिए (उत्पत्ति ३७ः४ र २६-२८); तिनले अन्याय, साथै दण्ड पनि भोगे (उत्पत्ति ३९ः); तिनी उच्च पारिए र संसारको मुक्तिदाता बने; किनभने सबै संसारका मानिसहरू अन्न किन्नको निम्ति तिनीकहाँ आउनुपरेको थियो (उत्पत्ति ४१ः५७); तिनका दाजुभाइहरूले तिनलाई इन्कार गरिरहेको बेलामा तिनले एउटी अन्यजाति दुलहीलाई प्राप्त गरे (उत्पत्ति ४१ः४५) इत्यादि।

त्यो रङ्गबिरङ्गी लबेदा अथवा आर.एस.वी.अनुसार लामा-लामा बाहुला भएको वस्त्रचाहिँ तिनका बुबाले तिनलाई कति बढ़ी माया गर्थे, त्यसको निम्ति एउटा प्रेमको चिन्ह थियो। यसकारण यस लबेदाले तिनका दाजुभाइहरूमा डाहा पैदा गर्‍यो र यसको निम्ति उनीहरूले तिनलाई घृणा गर्न थाले। यूसुफले आफ्नो पहिलो सपनामा के देखे भने, एघारवटा अन्नका बिटाहरूले बाह्रौं बिटालाई ढोगे। पहिलो सपनाचाहिँ एउटा भविष्यवाणी थियो; किनकि एक दिन

तिनका एघारैजना दाजुभाइहरूले तिनलाई ढोग्नुपर्नेथियो ।

तिनको दोस्रो सपना यस प्रकारको थियोः सूर्य, चन्द्रमा र एघारवटा ताराहरूले यूसुफलाई ढोगे । सूर्य र चन्द्रमाले याकूब र लेआलाई सङ्केत गर्छन्; किनभने राहेल मरिसकेकी थिइन् । अनि यी एघारवटा ताराहरूले तिनका एघारजना दाजुभाइहरूलाई सङ्केत गर्छन् (उत्पत्ति ३७ः९-११) ।




**यूसुफको मिस्र देशतर्फको यात्राको बाटो**

**उत्पत्ति ३७ः१८-२८ः** एक दिन यस्तो भयोः यूसुफ आफ्ना दाजुभाइहरूको हाल लिन उनीहरूकहाँ पठाइए । तब उनीहरूले तिनलाई मार्ने मतो गरे; तर रूबेनचाहिँ यस कुरामा सहमत थिएनन्; यसकारण आफ्नो भाइलाई दोतानमा भएको एउटा गहिरो खाड़लमा फ्याँकिदिने यिनको सल्लाह सबैजनाले माने । उनीहरू खाना खान बस्न लागिरहेको बेलामा हेर, इश्माएलीहरूको एक दल मिस्र देशतर्फ गइरहेको उनीहरूले देखे; अनि यहूदाको सुझावअनुसार उनीहरूले आफ्नो भाइलाई ती व्यापारीहरूको हातमा बेचिदिने निर्णय गरे । न्यायकर्ता ८ः२२-२४ पदको खण्डमा जस्तै यहाँ पनि इश्माएलीहरूलाई मिद्यानीहरू पनि भनिएको छ । जब यी मिद्यानीहरू उनीहरूको नजिकबाट भएर गए, तब यूसुफका दाजुभाइहरूले तिनलाई त्यस खाड़लबाट निकाले र तिनलाई ती व्यापारीहरूको हातमा बेचिदिए ।

**उत्पत्ति ३७ः२९-३६ः** यूसुफलाई ती व्यापारीहरूको हातमा बेचिदिने काम रूबेनको अनुपस्थितिमा भएको थियो । यसकारण जब यिनी घटनास्थलमा आइपुगे, तब यिनले यूसुफलाई खाड़लमा नदेख्दा यिनी डराए; किनकि यूसुफ हराएकोमा यिनी आफ्ना बुबाप्रति जवाफदेही थिए । यसकारण उनीहरूले आफ्नो भाइको त्यो लबेदा बाख्राको रगतमा चोपेर निर्दयी हृदयको साथ त्यो वस्त्र आफ्ना बुबाकहाँ ल्याए, जसले जङ्गली पशुहरूले यूसुफलाई मारे भन्ने अड़कल काटे; यो एउटा स्वाभाविक कुरा थियो । याकूबले एक समयमा बाख्राकै छाला लिएर आफ्ना दाजुका पाखुराहरूको नक्कल गरेका र आफ्ना बुबालाई छल गरेका थिए (उत्पत्ति २७ः१६-२३) । अनि ओहो, अहिलेचाहिँ यूसुफको वस्त्रमा लगाइएको बाख्राको रगतद्वारा उनी कति नमीठो गरी ठगिए । छलको पीड़ा कस्तो हुँदो रहेछ, सो उनले फेरि एकपल्ट चाख्नुपर्‍यो । अनि ती मिद्यानीहरूचाहिँ ? तिनीहरूले अनजानमा परमेश्वरका उदेश्यहरू पूरा गरे; किनभने तिनीहरूले यूसुफको निम्ति मिस्र देशसम्म निःशुल्क यातायातको प्रबन्ध गरे, र तिनलाई त्यहाँ फाराओका भारादार, तिनका अङ्गरक्षकहरूका प्रधान पोतिफरको हातमा बेचिदिए । यसरी परमेश्वरले मानिसको क्रोध आफ्नो प्रशंसा गर्ने तुल्याउनुहुन्छ, र जुन कुराले उहाँलाई प्रशंसा गर्दैन, त्यो कुरा उहाँले रोकिराख्न जान्नुहुन्छ (भजन ७६ः१० पद हेर्नुहोस् !) ।

## ख) उत्पत्ति ३८ः यहूदा र तामार

**उत्पत्ति ३८ः१-११ः** जब हामी येशू ख्रीष्टको जन्म यहूदा-कुलबाट भएको कुरा विचार गर्दछौं, तब यहूदाले तामारसँग गरेको पापको यस घिनलाग्दो कथाले परमेश्वरको अनुग्रह महिमित तुल्याउने काम गर्छ (लूका ३ः३३)। मत्तीको सुसमाचारको पहिलो अध्यायमा येशू ख्रीष्टको वंशावलीको सूचिमा भएका पाँचजना स्त्रीहरूमध्ये तामार एउटी हुन्; ती पाँचजना स्त्रीहरूमध्ये तीनजनालाई व्यभिचार गरेको दोष लागेको थियोः तामार, राहाब (मत्ती १ः५) र बेतशेबा (मत्ती १ः६)। तब अरू दुईजना स्त्रीहरू बाँकी रहे। एउटीचाहिँ अन्यजाति रूथ थिइन् (मत्ती १ः५), र मरियम थिइन् – एउटी ईश्वरभक्त कन्या (मत्ती १ः१३)। श्री ए. डब्ल्यू. पिङ्कले यहूदाको नैतिक पतन प्रस्तुत गरेको यस कथाको विषयमा अझ गहिरा अर्थहरू निकालेर यसो टिप्पणी गरेका छन्ः

> 'उत्पत्ति सैंतीस अध्यायको अन्तमा याकूबका छोराहरूले आफ्नो भाइ यूसुफलाई कसरी मिद्यानीहरूको हातमा बेचे, र ती मिद्यानीहरूले तिनलाई लगेर फेरि मिस्र देशमा बेचे, सो विवरण दिइएको छ। यस कुरामा निम्न सङ्केतात्मक अर्थ छ; किनकि इस्राएली जातिले कसरी ख्रीष्ट येशूलाई तिरस्कार गरेर अन्यजातिहरूको हातमा सुम्पिदियो, सो यस कुराले चित्रण गर्छ। किनभने यहूदीहरूका अगुवाहरूले आफ्ना ख्रीष्ट राजालाई राज्यपाल पिलातसको हातमा सुम्पेको समयदेखि यताचाहिँ उहाँसित यहूदीहरूको कुनै सरोकार छैन, राष्ट्रको रूपमा; अनि परमेश्वर-चाहिँ? उहाँ यहूदीहरूबाट तर्केर अन्यजाति-हरूकहाँ फर्कनुभयो। यसकारण बुझ्नुहोस्ः सङ्केतात्मक दृष्टिले हेर्नु हो भने, यो कथा एउटा महत्त्वपूर्ण मोड़मा आइपुगेको छ। अब यूसुफ अन्यजातिहरूको हातमा परेका छन्। अनि मिस्र देशमा पुगेपछि यूसुफलाई के-के भयो, सो कुराको विषयमा हामीलाई जानकारी दिनुभन्दा अघि पवित्र आत्माले हामीलाई त्यस अवधिको विषयमा यहूदीहरूको इतिहासको रूपरेखा दिनुहुन्छ, जुन अवधिमा ख्रीष्ट येशूको प्रतिरूप लिएका यूसुफचाहिँ निज देशमा अनुपस्थित थिए।' 29)

यसकारण उत्पत्ति अठतीस अध्यायमा यूसुफको जीवनीमा अन्तराल आएकोमा आत्मिक अर्थ हुँदो रहेछ। किनभने यूसुफको परिवारका अन्य सदस्यहरूको अप्रशंनीय व्यवहारको विपरीत तिनको सुचरित्र एउटा घिनलाग्दो, नीच संसारमा उज्यालो ज्योति-जस्तै चम्किरहेको छ।

यहूदाको पहिलो गल्ती के थियो भने, तिनले अदुल्लामवासी शूअकी छोरी, एउटी कनानी स्त्रीलाई विवाह गरे। यिनले यहूदाको निम्ति तीनजना छोराहरू जन्माइन्ः एर, ओनान र शेलाह। एरले तामार नाम भएकी एउटी कनानी स्त्रीलाई विवाह गरे; तर उनले गरेको कुनै अज्ञात दुष्टताको खातिर परमप्रभुले उनलाई प्रहार गरेर उनको प्राण लिनुभयो। अनि त्यस जमानाको परम्परा यस प्रकारको थियोः मृतकको भाइ वा अरू कनै नजिकको नातेदारले सो विधवा स्त्रीलाई विवाह गरीकन मरेको दाजुको निम्ति सन्तान खड़ा गर्नुपर्थ्यो। अब ओनानको कुरा आयो। ओनानले एकपल्ट मात्र होइन, तर हिब्रू भाषाअनुसार निरन्तर यसो गर्न अस्वीकार गरे; किनभने पहिले जन्मेको छोरा तिनको होइन, तर कानुनी हिसाबले आफ्ना दाजु एरको हुनेथियो अर्थात् एरको उत्तराधिकारी हुनेथियो। तिनको पापचाहिँ यौनिक पाप थिएन, तर तिनको स्वार्थ पो थियो। अनि तिनको अस्वीकृतिले चाहिँ त्यस वंशक्रममा गड़बड़ ल्याएको थियो, जुन वंशाक्रमअनुसार ख्रीष्ट राजाले जन्म लिएर दाऊदको सिंहासनको कानुनी उत्तराधिकार प्राप्त गर्नुहुनेथियो। यस कुराले परमप्रभु दुःखित

हुनुभयो, र उहाँले ओनानलाई प्रहार गरेर तिनको प्राण लिनुभयो। यो देखेर यहूदाले तामारलाई 'मेरो कान्छा छोरा शेलाहको विवाह गर्ने उमेर नहोउन्जेल आफ्नो माइतमा गएर बस' भनेर भने। वास्तवमा तामारसँग शेलाहको विवाह टार्ने यो उनको एकमात्र युक्ति थियो। यहूदाले दुईजना छोराहरूलाई गुमाइसकेको कारणले शेलाहको विवाह तामारसँग गर्न चाहेनन्, किनकि तिनको विचारमा, तामारचाहिँ एउटी अशुभ ल्याउने अलक्ष्मी स्त्री थिइन्।

**उत्पत्ति ३८ः१२-२३ः** शेलाहको विवाह गर्ने उमेर भइसकेको थियो, तर यहूदाले आफ्नो कान्छा छोराको विवाह तामारसँग मिलाउने कुनै कदम उठाएनन्। यसकारण तामारले आफ्ना ससुरालाई एउटा जालमा फसाउने निर्णय गरिन्। यिनी वेश्याको वस्त्र पहिरेर तिम्ना जाने बाटोको एउटा खुला जग्गामा बसिन्, जुन बाटोबाट भएर यहूदा आफ्ना भेड़ाहरूको ऊन कत्रनेहरूकहाँ आइरहेका थिए। अनि ठीक यिनले सोचेको जस्तै भयो; किनकि त्यो स्त्री आफ्नी बुहारी तामार हुन् भन्ने कुरा तिनलाई थाह नभएको हुनाले तिनले यिनीसँग अवैध सम्भोग गरे। तिनीहरूले एउटा बाख्राको पाठोमा आपसमा शुल्क मिलाए; यहूदा यिनलाई यति दिन राजी भए। तर यस वेश्याले पाठो नपाउन्जेल तिनीबाट केही थोक बन्धकको रूपमा मागिन्, जस्तैः तिनको छापऔंठी, तिनका जुराहरू र तिनको लौरो। जुराहरू अनुवाद गरिएको शब्दचाहिँ डोरी पनि हुन सक्छ। अनि मलाई लाग्छ, त्यो त्यही डोरी हुनुपर्ला, जुन डोरीमा त्यो छापऔंठी झुन्डिन्थ्यो। पछिबाट यहूदाले बन्धकीका यी सामानहरू निकाल्ने कोशिश गरे, तर तिनले त्यस वेश्यालाई भेट्न सकेनन्।

**उत्पत्ति ३८ः२४-२६ः** तीन महिना-पछिको कुरा होः तामारमाथि वेश्यावृत्तिको दोष लगाइयो; किनकि यिनी विधवा थिइन्, र पनि गर्भवती भइन्। तर जब यहूदाले यिनलाई जलाएर मार्ने आदेश गरे, तब तामारले ती बन्धकीका चीजहरू झिकाएर फर्काइन्, अनि ती चीजहरूको मालिकचाहिँ यिनको गर्भमा भएको बालकको बुबा हुनुहुन्छ भन्ने उद्घोषणा गरिन्। यहूदाले तामारसँग मैथुन गरेको विषयमा ती चीजहरूले ठोस प्रमाण दिए। श्री वल्टर सी. व्राइटले यस दृश्यलाई सजीवतासाथ यसरी नै बयान गरेका छन्ः

> 'यहूदाका मित्रहरूले तिनीकहाँ यसो भन्दै गरेको खबर ल्याएः "सुन्नुहोस्, तपाईंकी बुहारी तामारले वेश्याकर्म गरिन् है।" तब तुरुन्तै यहूदाबाट "त्यसलाई जलाउनुपर्छ" भन्ने निर्णायक न्यायको फैसला भयो। त्यसको विषयमा न ता हिच्किचाउने केही कुरा थियो, न सम्झौतामा आउने कुनै कुरा नै थियो। जब तिनले यो डरलाग्दो फैसला उच्चारण गरे, तब तिनको आवाजमा कुनै डर वा कम्पन थिएन। किनकि इस्राएली समाजलाई यस्तो मूर्खता र दुष्टताबाट जोगाएर राख्नुपरेको थियो। यहूदाको मुखबाट न्यायका शब्दहरू निस्केपछि तामारलाई जलाउने दिन तोकियो, र त्यसको तयारी गरियोः अग्निदण्ड दिने खाँबो गाड़ियो, साथै दाउराको थाक लगाइयो। जब त्यो दिन आयो, तब जुलुसको निम्ति मानिसहरूको भीड़ लाग्यो; अनि यी नारी? विचरा, यी नारी आफ्नो दण्ड भोग्नुपर्ने ठाउँतिर अघि बढ़िरहेकी रहिछिन्! तर यिनका हातहरूमा यी बन्धकीका चीजहरू छँदैथिएः यहूदाको लौरो र तिनको छापऔंठी! अनि यिनका हातमा भएका यी बन्धकीका चीजहरूले चाहिँ यिनको न्याय-कर्ताको दोष साबित गरे। अब यहूदाको न्यायको फैसलाको विषयमा के-कसो भयो? निस्सन्देह यसमा कुनै महत्त्व रहेन।' [30)]

**उत्पत्ति ३८ः२७-३०ः** जब तामारको जन्माउने बेला आयो, तब यिनको गर्भमा भएका जुम्ल्याहामध्ये एकजनाले आफ्नो हात

बाहिर निकाल्यो। अनि सुँड़ेनीले 'त्यही बालक पहिले जन्मन्छ' भन्ठानेर त्यसको हातमा एउटा रातो धागो बाँधी। तर त्यस बालकले आफ्नो हात फेरि भित्र तानेपछि अर्को बालक पहिले जन्म्यो। तामारले त्यसको नाम 'पेरेज' राखिन् र अर्को बालकलाई 'जेरह' भन्ने नाम दिइन्। पेरेजको अर्थ 'धाँदो' हो भने जेरहको अर्थ 'उदय' हो। मत्ती १:३ पदमा येशू ख्रीष्टको वंशावलीमा यी दुवै जुम्ल्याहाका नामहरू उल्लेख गरिएका छन्, तर पेरेजमार्फत वंशक्रम अघि बढ़ेर ख्रीष्ट येशूमा टुङ्गिएको छ। जेरहचाहिँ आकानका बाजेबराज्यू थिए (यहोशू ७:१)। आउनुहोस्, हामी यस विषयमा श्री ग्रिफिट थोमसको टिप्पणी सुनौं, जसले यसो भनेका छन्ः

> 'यो कति आश्चर्यचकित पार्ने कुरा होः परमेश्वरले कसरी यस प्रकारको झमेलारूपी गाँठो परेको धागोको डल्लाबाट धागोहरू लिएर आफ्नो तानमा हालीकन आफ्नै बुट्टा निकालेर एउटा सुन्दर कपड़ा बुन्न सक्नुभयो ! !' 31)

उत्पत्ति ३८:२ पदमा यहूदाले एउटी कनानी स्त्रीलाई विवाह गरेको कुरा लेखिएको छ। अनि यही कुराचाहिँ परमेश्वरको प्रजा र घोर अनैतिकताद्वारा प्रख्यात भएको कनानी जातिको बीचमा अवैध मिश्रण हुनुमा प्रथम कदम मानिन्छ। प्रशस्त, अति प्रशस्त कामुकताले पूर्ण, असाध्य दुष्ट, फोहोर र घिनलाग्दो प्रकृति-पूजाद्वारा इस्राएली जाति दूषित हुनेथियो। परमेश्वर पापदेखि अलग बस्नुहुने परमेश्वर हुनुहुन्छ। यसकारण जब हामी संसारसँग मित्रता गाँस्छौं, तब हामीले त्यसको निम्ति भयानक मूल्य चुकाउनुपर्छ।

### ग) उत्पत्ति ३९ः यूसुफको परीक्षा र विजय

**उत्पत्ति ३९:१-१९ः** यस अध्यायदेखि कहानीले मिस्र देशतर्फ कोल्टो फेर्छ, जहाँ फाराओको दरवारका एकजना पोतिफर नाम गरेका अधिकारी अर्थात् तिनको अङ्गरक्षक-सेनाको कप्तानको घरमा यूसुफ निरीक्षकको रूपमा नियुक्त भए। अनि उत्पत्ति ३९:२ पदअनुसार परमप्रभु उनको साथमा हुनुहुन्थ्यो; अनि उनी उन्नतिशील मानिस थिए, अनि सन् १५३४ सालमा प्रकाशित टिन्डेलको अनुवादअनुसार 'उनी भाग्यशाली व्यक्ति थिए'। पोतिफरकी पत्नीले उनलाई बारम्बार व्यभिचारको पापमा फसाउने कोशिश गरिन्, तर यूसुफले दृढ़तासँग यो इन्कार गरे। उनले न ता आफ्ना मालिकको भरोसा धोका दिन, न परमेश्वरको विरुद्धमा पाप गर्न चाहे। एकदिन पोतिफरकी पत्नीले उनलाई उनको वस्त्रमा पक्रिन्; तर बलजफत गरी यूसुफ उम्कन त उम्के, तर उनको वस्त्र तिनको हातमा नै छोड़ियो। उनले आफ्नो वस्त्र गुमाए, तर आफ्नो चरित्र बचाइराखे, अनि अन्तमा, उनले एउटा मुकुट प्राप्त गरे। पोतिफरकी पत्नीले यूसुफमाथि बलात्कारको अभियोग लगाइ-हालिन् र उनको त्यो वस्त्र प्रमाणको रूपमा पेश गरिन्।

ख्रीष्ट-विश्वासीहरूले व्यभिचार, मूर्ति-पूजा र जवानीका अभिलाषाहरूदेखि भाग्ने आदेश पाएका छन्। पतित हुनुभन्दा भाग्नु नै निको !

**उत्पत्ति ३९:२०-२३ः** कुनै उचित जाँच नगरीकन पोतिफरले यूसुफलाई झ्याल-खानामा हाल्ने आदेश दिए; तर त्यस ठाउँमा पनि परमप्रभुले यूसुफलाई आशिष दिनुभयो र उनलाई जिम्मावार पदमा राख्नुभयो। यूसुफलाई मृत्युदण्ड नदिएको कारण यसमै थियोः पोतिफरले आफ्नी पत्नीको कुरा पूरा रूपले विश्वास नगरेको हुन सक्छ; किनभने तिनले आफ्नी पत्नीको कुचरित्रको विषयमा पूरा जानेका-बुझेका हुनुपर्छ। रोमी ८:२८ पदमा प्रस्तुत गरिएको सत्यताको प्रदर्शन यस अध्यायमा अद्भुत रीतिले प्रकट भएको छ।

परमेश्वरले अदेख रूपमा यूसुफको पक्षमा काम गरिरहनुभएको थियो। अनि यूसुफचाहिँ? उनी पापको परीक्षासित हारेनन्, तर त्यसको विरोध गरे। उनी पाप गर्ने अवसरहरूदेखि टाढ़ा बसे (उत्पत्ति ३९:८-१०)। उनले यसो गरे पनि उनलाई व्यभिचारको पापमा फसाउन खोज्ने स्त्रीले निहुँ पाइन्। अनि उनले आफैलाई दोस्रो पल्ट नेलजेलमा परेको फेला पारे (भजन १०५:१७-१९)। यस्ता परिस्थितिहरूमा उनी खिन्न हुनुपर्नेथियो; तर यस्तो भनेन; किनभने उनी परिस्थितिहरूको अधीनतामा आएनन्, तर आफ्ना परिस्थितिहरूभन्दा माथि नै रहेका थिए; किनकि उनले यी सबै कुराहरूमा परमेश्वरको हात भएको देख्न सके। यूसुफले झ्यालखानामा बिताएको समयचाहिँ 'राज्य गर्ने समयको निम्ति उनलाई तालिम दिने समय थियो'। यसकारण जुन कुराहरूमा अरूले उनलाई खराबी गर्न खोजे, ती कुराहरू उनको निम्ति भलाइ नै भलाइ बने।

### घ) उत्पत्ति ४०: यूसुफले मिस्रका राजाका मद्य टक्राउने नोकर र रोटी पकाउने नोकरका सपनाको अर्थ खोलिदिएका

**उत्पत्ति ४०:१-१९:** झ्यालखानाभित्र यूसुफका दुईजना सहकैदीहरू थिएः मिस्र देशका राजाको मद्य टक्राउने नोकर र तिनको रोटी पकाउने नोकर (उत्पत्ति ४०:१-४)। अनि जब तिनीहरूले आ-आफ्नो सपना देखे, तब यूसुफले ती सपनाहरूको अर्थ खोलिदिऊँ भन्ने सुझाउ दिए (उत्पत्ति ४०:५-८)। फाराओलाई मद्य टक्राउने नोकरले देखेको दाखको बोटको सपनाको अर्थ यस प्रकारको थियोः तीन दिनभित्र फाराओको निगाहमा उसको पदोन्नति हुन लागेको थियो (उत्पत्ति ४०:९-१५)। तर रोटी पकाउने नोकरको सपनाको अर्थ केकस्तो थियो? उसले देखेका तीनवटा सेता रोटीका टोकरीहरूको अर्थ यस प्रकारको थियोः तीन दिनभित्र फाराओले उसलाई रूखमा झुण्डाएर उसको टाउको उड़ाउन लागेका थिए (उत्पत्ति ४०:१६-१९)।

यहाँ यस कुरामाथि ध्यान दिनुहोस्: यूसुफ परमेश्वरको काम गर्न आफ्ना परिस्थितिहरू कहिले सुल्टिन्छन् कि भनेर पर्खिरहेनन्। तर उनले यी परिस्थितिहरूमा परमेश्वरको महिमा र अरूको सेवा गरिरहे।

**उत्पत्ति ४०:२०-२३:** जब मद्य टक्राउनेहरूको हाकिम झ्यालखानाबाट स्वतन्त्र भए, तब यिनले आफ्नो प्रतिज्ञाअनुसार गरेनन्, र यूसुफको निम्ति फाराओसँग अन्तर्विन्ती गर्न भुलिपठाए (उत्पत्ति ४०:२३)। तर परमप्रभुले यूसुफलाई भुल्नुभएन। *'तर जब तपाईंको भलो हुनेछ, तब मेरो सम्झना गर्नुहोस्!'* (उत्पत्ति ४०:१४)। के हाम्रा मुक्तिदाता प्रभुलाई विश्वासघात गरिएको रातमा उहाँले बोल्नुभएको शब्द उस्तै थिएनन् र? 'मेरो सम्झनामा यो गर' भन्ने उहाँका यी शब्दहरू हामी पालन गर्न सक्छौं, जब हामी त्यो रोटी र त्यो दाखमद्य लिन्छौं, जुन रोटी र जुन दाखमद्यले उहाँको शरीर र उहाँको रगत सङ्केत गर्छन्।

### ङ) उत्पत्ति ४१: यूसुफले मिस्रका राजाका सपनाहरूको अर्थ खोलिदिएका

**उत्पत्ति ४१:१-१३:** मिस्र देशभरिका विद्वान् र जादुगरहरूमध्ये कसैले पनि फाराओले देखेका सपनाहरूको अर्थ खोल्न सकेन। तिनका सपनाहरू यस प्रकारका छन्: तिनले एउटा सपनामा मोटा-मोटा, स्याहार पुगेका सातवटा सुन्दर गाईहरू र सातवटा दुब्ला र पत्ला गाईहरू देखेका थिए; अनि दोस्रो सपनामा तिनले अन्नका सातवटा खूबै भरिला, असल बालाहरू र सातवटा प्रायः खोस्टा मात्र भएका निकम्मा अन्नका बालाहरू देखेका थिए। यति बेलामा मद्य टक्राउने-

हरूको हाकिमले बल्ल यूसुफलाई सम्झे, किनभने यूसुफसँग यी सपनाहरूको अर्थ खोलिदिने क्षमता थियो । उत्पत्ति ४१:१ पदमा लेखिएको 'पूरा दुई वर्ष बितेपछि' भन्ने शब्दको अर्थ कि त यूसुफ कैदमा परेको समय, कि त मद्य टक्राउनेहरूको हाकिम झ्यालखानादेखि स्वतन्त्र भएको समय बुझ्नुपर्छ ।

**उत्पत्ति ४१:१४-३२:** यूसुफ फाराओको सामु ल्याइए। अनि उनले तिनका सपना-हरूको अर्थ यसरी खोलिदिए: 'आउने सात वर्षभरि मिस्र देशमा प्रशस्त फसल हुनेछ; त्यसपछि अर्को सात वर्ष लाग्ने अनिकालले देशलाई उजाड़ पार्नेछ।' राजाको सपना दोहोरिएको मतलब के थियो भने, परमेश्वरले दिनुभएका ती सपनाहरूको अर्थ पक्का थियो, अनि निस्सन्देह उहाँले चाँड़ै यो पूरा गर्न लाग्नुभएको थियो ।

यूसुफले आफ्नो भविष्यको सम्बन्धमा देखेका दुईवटा सपनाहरूमा (उत्पत्ति ३७:६-९), अनि दानियलको पुस्तकको दुई अध्यायमा र सात अध्यायमा उल्लेख गरिएका सपनाहरूमा पनि हामी यही कुरा देख्छौं। पवित्र बाइबलमा अङ्क दुईचाहिँ साक्षीको अर्थ लिने अङ्क हो ।

फाराओको शाही हलमा यूसुफले त्यही प्रकारको उत्तर दिए, *'म होइन; तर परमेश्वरले हजुरलाई उत्तर दिनुहुनेछ'*, जसरी झ्याल-खानामा बसेको बेलामा उनले फाराओका नोकरहरूलाई जवाफ दिएका थिए (उत्पत्ति ४१:१६ पद उत्पत्ति ४०:८ पदसित तुलना गर्नुहोस्) । यो यूसुफमा भएको नम्रता हो, जुन नम्रताको खातिर परमेश्वरले उनलाई यत्रो ठूलो जिम्मेवारी सुम्पिदिन सक्नुभयो; किनकि उच्च पदमा पुगेका यूसुफलाई घमण्डले भ्रष्ट पार्न सक्दैनथियो भन्ने कुरामा उहाँ ढुक्कै हुनुहुन्थ्यो, यसको विषयमा उहाँलाई कुनै डर वा चिन्ता लाग्नुपर्दैन-थियो ।

**उत्पत्ति ४१:३३-३६:** यूसुफले फाराओलाई पहिला सात वर्षमा हुने अन्नको प्रशस्त उब्जनीबाट अतिरिक्त अन्न भण्डार-हरूमा राखेर अनिकालका सात वर्षको निम्ति जगेड़ा गरिराख्ने सल्लाह दिए । यसरी भण्डार गरिएको अन्न अनिकालभरि पुग्नेथियो । उनले बनाएका यस योजनालाई 'नित्य-सामान्य अन्नको भण्डार' भनी नामोकरण गरियो। त्यस समयदेखि यस प्रकारको सरकारी योजना 'अन्तःस्थ रसद-योजना' नामले चिनिन्छ।

**उत्पत्ति ४१:३७-४६:** फाराओ अत्यन्त खुशी भए; यसैले तिनले यूसुफलाई आफूपछिको दोस्रो शासनकर्ताको रूपमा नियुक्त गरिहाले र उनलाई यस सरकारी रसद-योजनाको सम्पूर्ण जिम्मेवारी सुम्पे (उत्पत्ति ४१:४०)। अनि यूसुफको अनुमतिविना कसैले केही पनि गर्न पाउँदैनथियो (उत्पत्ति ४१:४४)। अनि फाराओले उनलाई एउटा नयाँ नाम दिए: 'सापनत-पानेह' (उत्पत्ति ४१:४५[क])। यस नामको अर्थ अनिश्चित छ। यस नामको विषयमा कसैले यसको अर्थ 'संसारको मुक्तिदाता' र अरू कसैले चाहिँ 'परमेश्वर जीवित हुनुहुन्छ र बोल्नुहुन्छ' भन्ने सुझाव दिएका छन्। अनि फाराओले यूसुफलाई आसनत उनकी पत्नी हुन दिए (उत्पत्ति ४१:४५)। आसनत एउटा अन्यजाति स्त्री थिइन्।

एउटा सपनाको अर्थ खोलिदिएको भरमा, र समय पर्खेर बताएअनुसार त्यो सपना पूरा हुन्छ कि हुँदैन, सो नहेरीकन कसरी फाराओले एउटा हिब्रू कैदीलाई सारा मिस्र देशको अधिकारी तुल्याउन सके? यसको उत्तर हामीले हितोपदेश २१:१ पदमा पाउँछौं, जहाँ यस्तो लेखिएको छ: *'राजाको हृदय परमप्रभुको हातमा हुन्छ ... ।'* दूधको तर उठेर सतहमा नै जम्छ। अन्यजातिका सरकारहरू-

अन्तर्गत उठेर उच्च ओहदामा बस्ने भक्त यहूदीहरूमध्ये यूसुफ प्रथम हुन्। मिस्र देशमा आफ्नो शासन शुरु गरेको बेलामा यूसुफ तीस वर्ष पुगेका थिए (उत्पत्ति ४१:४६); उनका दाजुभाइहरूले उनलाई बेचेको समयदेखि तेह्र वर्ष बितेका थिए (उत्पत्ति ३७:२)।

**उत्पत्ति ४१:४७-५२:** पहिला सात वर्षमा अन्नको उब्जनी यति प्रशस्त थियो, यहाँसम्म कि त्यसको ठीक हिसाब गर्नु असम्भव भयो। अनि त्यही अवधिभित्र यूसुफका दुईजना छोराहरू जन्मेः मनस्से र एप्रैम। मनस्सेको अर्थ 'बिर्साइदिने' र एप्रैमको अर्थ 'दुई गुणा फलवन्त' हो। यसर्थ यूसुफले आफ्नो विरुद्ध गरिएका सबै गल्ती र खराबीहरू बिर्से, र उनी फलवन्त बने।

**उत्तपत्ति ४१:५३-५७:** जब अनिकालको सात वर्ष शुरु भयो, तब मिस्र देश र अरू सबै देशहरूका भोकले पीड़ित भएका मानिसहरू अन्न किन्न यूसुफकहाँ आए। अनि यसैमा हामी यूसुफलाई ख्रीष्ट येशूको प्रतीक र पूर्व-नमुना लिएका देख्छौं; किनभने वर्तमान समयमा ख्रीष्ट येशूमार्फत परमेश्वरका सबै आशिषहरू सारा पृथ्वीमा भएका सबै भोकाएका मानिसहरूकहाँ पुग्दा रहेछन्। परमेश्वरका जनहरूलाई अनिकालबाट बचाउनको निम्ति उहाँकै पूर्वनिर्धारित प्रबन्ध यस प्रकारको थियोः उहाँले ठीक समयमा यूसुफलाई मिस्र देशमा ल्याउनुभयो। अनि यसमा अर्को उद्देश्य पनि थियोः उहाँले तिनीहरूलाई कनान देशको फोहोर नैतिक वातारणबाट अलग राख्न चाहनुभयो। किनभने उत्पत्ति ३८ अध्यायचाहिँ इस्राएलीहरूलाई कनान देशमा के-कसो भएको थियो, सो कुरा बयान गर्ने वृत्तान्त हो। परमेश्वरले तिनीहरूलाई मिस्र देशमा ल्याएर यो समस्या समाधान गर्नुभयो; किनकि यहाँ तिनीहरू प्रायः अन्यजातिहरूको सम्बन्धदेखि विच्छेद हुन्थे (उत्पत्ति ४३:३२)।

### च) उत्पत्ति ४२-४४: यूसुफका दाजु-भाइहरू मिस्र देशमा आएका

**उत्पत्ति ४२:१-५:** अब उत्पत्ति ४२ अध्यायमा घटनास्थल कनान देशमा याकूबकहाँ फर्कन्छ, जहाँ घोर अनिकाल परिरहेको थियो। याकूबले मिस्र देशमा प्रशस्त अन्न छ भन्ने कुरा सुने। तर यूसुफ मिस्र देशमै छन् भन्ने कुरा उनलाई थाह थिएन; यसैले उनले आफ्ना दसजना छोराहरूलाई अन्न किन्न मिस्र देशमा पठाए। केवल बिन्यामिन बुबासँग घरमा बसे। किनभने याकूबको विचारमा, उनले प्रेम गरेका राहेलबाट जन्मेका दुईजना छोराहरूमध्ये केवल बिन्यामिन जिउँदो थिए।

**उत्पत्ति ४२:५-२५:** जब यूसुफका दाजुहरू यूसुफको सामु हाजिर भए, तब उनले तिनीहरूसँग कड़ा व्यवहार गरे, र तिनी-हरूलाई जासुसी गरेको आरोप लगाएर तिनीहरूलाई जेलमा हाले। त्यसपछि उनले तिनीहरूलाई 'तिमीहरूको कान्छा भाइ बिन्यामिनलाई यहाँ मेरो सामु ल्याओ' भन्ने आदेश गरे। अन्तमा, शिमोनलाई कैदमा बन्धकीको रूपमा छोड़ेर अरू नौजनाचाहिँ कनानमा बिन्यामिनलाई लिन भनी फर्के। तिनीहरूका धोक्राहरूभरि मुखैसम्म टन्न अन्न हालियो; तिनीहरूले थाहै नपाई अन्नको रुपियाँपैसा पनि तिनीहरूका धोक्राहरूमा हालेर फर्काइयो; अनि बाटोको निम्ति तिनीहरूलाई खानेकुराको प्रबन्ध गरियो। यस वृत्तान्तमा यूसुफको हृदयमा आफ्ना दाजुहरूप्रति भएको प्रेम र सहानुभूतिको झलक देखिन्छ (उत्पत्ति ४२:२४[क] र २५); अनि तिनीहरूको विषयमा चाहिँ? बीस वर्षभन्दा अघि तिनीहरूले बेपत्ता भएका भाइलाई के-के गरेका थिए, त्यस पापको विषयमा तिनीहरू कायल भएको झल्को दिइएको छ (उत्पत्ति ४२:२१-२२)। अनि

उनका दाजुहरूले आफ्नो दोष मानिलिऊन् भन्ने कुरा यूसुफ जरुर चाहन्थे ।

हाम्रो विचारमा, यहाँ यूसुफचाहिँ येशू ख्रीष्टको प्रतीक हुन् । उहाँले आउँदो सङ्कष्टकालमा आफ्ना यहूदी भाइहरूसँग कसरी व्यवहार गर्नुहुनेछ, सो कुरा आफ्ना दाजुहरूसित गरेको यूसुफको बरतावबाट स्पष्ट बुझिन्छ । आफ्ना दाजुहरूसँग यूसुफको पुनर्मिलन र त्यससित सम्बन्धित घटनाहरूचाहिँ पवित्र बाइबलको सबैभन्दा हृदयस्पर्शी भाग हो । पवित्र बाइबलमा अन्तरङ्ग आत्मीयताले भरिएको, विस्तृत बेलीबिस्तारले भरपूर भएको र ख्रीष्ट येशूलाई पूरा रूपले चित्रण गरेको अरू यस्तो कुनै वृत्तान्त छैन ।

**प्रतीकात्मक व्याख्या**

पुरानो नियममा भएका कति व्यक्ति, घटना र वस्तुहरू छन्, जुन व्यक्ति, घटना र वस्तुहरूले नयाँ नियममा प्रतीक वा छायाचित्रको रूप लिएका छन् । हामी यसको एउटा उदाहरण दिन्छौंः आदमचाहिँ ख्रीष्ट येशूको एक प्रतीक हो (रोमी ५:१४) । पवित्र बाइबलका अन्य व्यक्तिहरू पनि छन्, जसको विषयमा तिनीहरू प्रतीक हुन् भन्ने जानकारी छैन, यूसुफजस्तै । तर तिनीहरूका समानान्तरहरू यति प्रशस्त छन्, कि तिनीहरू प्रतीक होइनन् भन्न सकिँदैन । पवित्र बाइबलमा यूसुफ प्रभु येशूको प्रतीकको रूपमा प्रस्तुत गरिएका छैनन् । तरै पनि प्रभु येशू र यूसुफको बीचमा एक सयभन्दा पनि बढ़ी मिल्दा-जुल्दा समानान्तरहरू छन् ।

जब प्रभु येशूले इम्माउस जाने बाटोमा दुईजना उदासी चेलाहरूसँग बातचित गर्नुभयो, तब *'उहाँले मोशा र सबै भवष्यवक्ताहरूबाट शुरु गरेर* ***सबै पवित्र शास्त्रहरूमा*** *आफ्नो विषयमा भएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो'* (लूका २४:२७) । देहधारी ख्रीष्ट येशूले भन्नभयोः *'पवित्र पुस्तकमा मेरो विषयमा लेखिएको छ'* (हिब्रू १०:७) । यसकारण पवित्र धर्मशास्त्र बाइबलभरि येशू ख्रीष्टलाई प्रतीकात्मक दृष्टान्तको रूपमा खोजेर भेट्टाउने हाम्रो प्रयास सठीक ठहरिन्छ ।

इस्राएलीहरूले गरेका अनुभवहरूको विषयमा प्रेरित पावलले यसो लेखेका छन्ः *'अब उदाहरणको निम्ति यी सबै कुराहरू तिनीहरूमाथि आइपरे, र हाम्रो चेताउनीको निम्ति लेखिएका हुन्, जसमाथि संसारका अन्तहरू आइपुगेका छन्'* (१ कोरिन्थी १०:११) । पवित्र बाइबलमा भएका निर्धारित पूर्वनमुना र प्रतीकहरूले मात्र यसो हेर्ने वा यसो लिने मान्यता प्राप्त पाएका छन् भन्ने कुरा ठीक नहोला, तर ती सुस्पष्ट प्रतीक र छायाचित्रहरूभन्दा अझै यस्तै धेरै प्रतीकात्मक कुराहरू छन् ।

प्रेरित पावलले तिमोथीलाई *'परमेश्वरको प्रेरणाद्वारा दिइएका सबै पवित्र शास्त्रहरू उपयोगी हुन्छन्'* (२ तिमोथी ३:१६) । हामीसँग देख्ने आँखाहरू भएका भए पवित्र बाइबलमा हामीले सिक्नुपर्ने आत्मिक पाठहरू धेरै हुन्छन् ।

हिब्रूको पुस्तकको अधिक भागमा पुरानो नियमको मन्दिर र त्यसका समाग्रीहरूको प्रतीकात्माक व्याख्या छ । यस सम्बन्धमा यो कुरा सत्य होः प्रतीकात्मक व्याख्याको विषयमा साँघुरो विचारधारणा अपनाएको विश्वासीले पुरानो नियमबाट बढ़ी आत्मिक लाभ उठाउन सक्दैन होला । तर अर्को कुरा उत्तिकै सत्य ठहरिएको छः पुरानो नियममा लेखिएको हरेक कुरामा प्रतीकात्मक अर्थ देख्नु पनि गलत हो । हामीले इतिहासको वृत्तान्त र दृष्टान्तको बीचमा छुट्ट्याउन सक्नुपर्छ ।

पवित्र बाइबलमा भएका प्रतीकहरूको विषयमा हददेखि बाहिर गएको काल्पनिक व्याख्याले यस कलामाथि हानि र अपवाद ल्याएको छ। पुरानो नियममा भएको आत्मिक धन कसैले अतिवाद गरेर हामीबाट लुट्न पाउँदैन। यसकारण यस सम्बन्धमा यो बुझ्नुहोस्ः जुन व्याख्याले ख्रीष्ट येशूलाई उच्च पार्छ र परमेश्वरका जनहरूको आत्मिक उन्नति गर्छ, त्यो व्याख्या सत्यताको सदुपयोग भनिन्छ। बाइबलको खाँटी व्याख्याले मुक्ति नपाएका मानिसहरूलाई ख्रीष्टको सुसमाचार स्पष्ट पार्नुपर्छ र परमेश्वरको वचनको सम्पूर्ण शिक्षा-समूहसित मेल खानुपर्छ।

**उत्पत्ति ४२ः२६-२८ः** तिनीहरू घर फर्किरहेका थिए, जब याकूबका ती छोराहरूमा एकजनाले आफ्नो गधालाई दाना दिन आफ्नो धोक्रा खोले र यस धोक्राभित्र आफ्नो पैसा फिर्ता भएको देखे। यस कुराले तिनीहरूलाई भयत्रस्त तुल्यायो; किनभने अब तिनीहरूमाथि चोरीको आरोप लगाइनेछ-लगाइनेछ भन्ने कुरा सुनिश्चित थियो।

**उत्पत्ति ४२ः२९-३८ः** जब तिनीहरू घरमा आइपुगे, तब तिनीहरूले यस यात्रामा तिनीहरूलाई के-के भएको थियो, सो कुराको सारा विवरण सुनाए। अनि अरूले पनि आ-आफ्नो धोक्राभित्र आफ्नो रुपियाँपैसा फिर्ता भएको भेट्टाए। तब तिनीहरूलाई अझ बढ़ी डर भयो। याकूब शोकातुर भए। रूबेनले आफ्ना दुईजना छोराहरूको प्राण जमानीको रूपमा राखेर पनि बिन्यामिनलाई आफ्ना दाजुहरूसँग मिस्र देशमा जान दिनुदेखि याकूब डराए; किनकि कतै आफ्नो कान्छा छोरालाई कुनै हानि पो हुन्छ कि भन्ने उनको डर थियो।

**उत्पत्ति ४३ः१-१५ः** अन्तमा, घोर अनिकाल परेको कारणले याकूब आफ्नो कान्छा छोरा बिन्यामिनलाई दाजुहरूको साथमा पठाउन बाध्य बने। किनकि मिस्र देशको शासकको सर्त सुस्पष्ट थियोः बिन्यामिनलाई साथमा नल्याईकन तिनीहरूले यी शासकको सामु देखा पर्न पाउनेछैनन्। यसकारण यहूदाले 'म आफ्नो भाइको जमानी बस्छु' भनी राखेको प्रस्ताव याकूबले स्वीकार गरे। कम्तीमा यस सन्दर्भमा यहूदाले हामीलाई तिनका भावी सन्तान येशू ख्रीष्टको सम्झना दिलाउँछन्, जो गलगथाको क्रूसमा हाम्रो जमानी बन्नुभयो। याकूबले मिस्र देशका शासकलाई कनान देशबाट अनिकालले असर नपारेका केही सामानहरू उपहार-स्वरूप पठाए, जस्तैः मलहम, मह, मसलाहरू, गन्धरस, पेस्ता र हाड़े-बदामहरू; साथै चुकेर पैसा फर्काएको खण्डमा तिनीहरूले अन्नको दोबर दाम तिर्न सकून् भन्ने उद्देश्यले उनले तिनीहरूलाई पहिले भन्दा बढ़ी पैसा लैजाने आग्रह गरे।

**उत्पत्ति ४३ः१६-२५ः** आफ्ना दाजुभाइ-हरूलाई दोस्रो पल्ट देख्दाखेरि यूसुफ साह्रै प्रभावित भए र उनको हृदय तिनीहरूप्रति पग्लेर आयो; तर उनले अझै पनि आफूलाई तिनीहरूकहाँ प्रकट गरेनन्। उनले आफ्ना सेवकहरूलाई एउटा भोज तयार गर्ने आदेश दिए। अनि जब यूसुफका सबै दाजुभाइहरू उनको घरमा ल्याइए, तब तिनीहरूलाई के लाग्यो भने, पक्का पनि तिनीहरू आफ्ना धोक्राहरूमा भेट्टाएको रुपियाँपैसाको खातिर पक्रा परे। यसकारण तिनीहरूले घरको मुख्य प्रबन्धकलाई सबै कुराहरू बताइदिए, र तिनले तिनीहरूलाई 'यसको बारेमा तिमीहरूले कुनै चिन्ता गर्नुपर्दैन' भन्ने आश्वासन दिए। तिनको हिसाबअनुसार तिनीहरूले पहिले अन्नको निम्ति पूरा दाम तिरेका थिए। तब शिमोन कैदबाट छोड़िए, र आफ्ना दाजुभाइहरूसँग सामिल भए, जब तिनीहरूले आफूलाई भोजको निम्ति तयार गरे। तिनीहरूले आफ्ना बुबाले पठाएका उपहारहरू यूसुफ दिउँसो

घरमा आएको बेलामा उनलाई दिन तयार राखे।

> 'अब तिनीहरूका धोक्राहरूमा राखिएको रुपियाँपैसाको कुरा आयोः तिनीहरूलाई त्यसको जानकारी कनान देशमा फर्किरहेको बेलामा भयो कि? (उत्पत्ति ४२ः२७; ४३ः२१) कि के घर पुगेपछि मात्र तिनीहरूले यो चाल पाए? (उत्पत्ति ४२ः३५)। दुवै कुरा सत्य हुन्; किनभने तिनीहरूलाई त्यसको जानकारी दुईवटा कदममा भएको होः तिनीहरूमध्ये एकजनालाई चाहिँ यो कुरा बाटोमा थाह लाग्यो; अनि अरूले घर पुगेपछि मात्र यो कुरा थाहा पाए। अनि यो पनि हामीले बुझ्नुपर्छः जब तिनीहरूले यूसुफका मुख्य प्रबन्धकलाई आफ्नो बेलीबिस्तार गरे (उत्पत्ति ४३ः२१), तब तिनीहरूले तिनलाई सबै कुरा छोटकरीमा बताए।'
>
> Daily Notes of the Scripture Union

**उत्पत्ति ४३ः२६-३४ः** जब यूसुफ घरमा आइपुगे, तब उनका दाजुभाइहरूले उनलाई ढोगे; उत्पत्ति ३७ः७ पदमा उनले देखेको सपना यहाँ पूरा भयो। उनले आफ्नो परिवारको हालखबर सोध्दा र आफ्नो कान्छा भाइ बिन्यामिनलाई भेट्दा उनले आफ्नो मनोभाव समाल्न सकेनन्। खाना खाँदा उनले अलग्गै खाए; अनि उनका एघारजना दाजुभाइहरूले अलग्गै खाए; अनि मिस्री-हरूले पनि अलग्गै खाए। यूसुफले तिनी-हरूलाई उमेरअनुसार बसाएका थिए। अनि मिस्र देशमा को मानिस थिए होलान्, जसले तिनीहरूको एक-एकजनाको जन्म मिति जानेका थिए? यस कुरामा तिनीहरू वाल्ल परे। अनि यस शुभ अवसरमा यूसुफको साखै भाइ बिन्यामिनलाई विशेष उपकार गरिएको थियो।

**उत्पत्ति ४४ः१-१३ः** जब यूसुफका दाजुभाइहरू कनान देशमा फर्कन बिदा भए, त्यस बेलामा उनले आफ्नो चाँदीको कचौरा बिन्यामिनको धोक्रोभित्र लुकाइराख्ने आदेश गरे। यो कचौरा उनको पिउने कचौरा मात्र नभएर साइत हेर्नको निम्ति पनि प्रयोग गरिन्थ्यो। साइत हेर्नुको अर्थ हामीले यहाँ उनले देखेका सपनाहरूको व्याख्या बुझ्नुपर्ला।

पछिबाट परमेश्वरले आफ्ना जनहरूलाई साइत हेर्न मनाही गर्नुभयो (व्यवस्था १८ः१०-१२)। तर यूसुफले आफ्नो पालोमा मिस्रीहरूले अपनाएको शकून-अपशकूनको विद्या प्रयोग गरे भन्ने कुरा असम्भव भएको देखिन्छ। किनभने उनमा भएको अन्तर्ज्ञान र दूरदृष्टि परमप्रभुबाट नै आउँथ्यो। यसकारण हुन सक्छ, उनले त्यो कचौरा एउटा निहुँको रूपमा प्रयोग गरेर आफ्ना दाजुभाइहरूलाई 'उनी मिस्री नै हुन्' भन्ने कुरा निश्चय गराउन चाहे होलान्।

त्यसपछि जब यूसुफका दाजुभाइहरूलाई उनको यो कचौरा चोरेको दोष लगाइयो, तब तिनीहरूले आफ्नो निर्दोषता दाबी गरे र आफूहरूमाथि लागेको अभियोग अस्वीकार गरे, अनि जसकसैसँग चाँदीको यो कचौरा भेटिन्छ, त्यही व्यक्तिले मृत्युदण्ड भोग्नुपर्छ भनी तिनीहरूले आफ्नो बेहोशमा प्रण गरे। यूसुफका प्रबन्धक 'दोषी साबित भएको व्यक्ति उनको दास हुनेछ' भन्ने सर्तमा तिनी-हरूको कुरामा सहमत भए। अनि जब कचौरा बिन्यामिनको धोक्रोमा भेट्टाइयो, तब सबै दाजुभाइहरू चकनाचूर भए र फेरि शहरमा फर्के।

**उत्पत्ति ४४ः१४-१७ः** यूसुफले आफ्ना दाजुभाइहरूलाई गाली गरे; तब यहूदाले 'हामी सबै हजुरका दास हौं' भन्ने सुझाउ दिए। तर यूसुफले 'म बिन्यामिनलाई मात्र राख्छु, र तिमीहरू सबैजना घर फर्कन सक्छौ' भन्ने कुरा घोषणा गरे। बिन्यामिनको धोक्रोमा आफ्नो चाँदीको कचौरा लुकाउन लाउँदा र तिनलाई बन्दीको रूपमा राख्दा उनका

दाजुभाइहरूले आफ्नै रगतको दोष मानिलिऊन् भन्ने हेतुले यूसुफले यो सबै कारवाही गरेका हुन्। यसको विषयमा श्री जर्च विलियम्सले यसो लेखेका छन्ः

> 'यूसुफले बिन्यामिनको धोक्रोमा चाँदीको कचौरा लुकाउने कामचाहिँ उनका दाजुभाइहरूले गरेका पाप तिनीहरूको सम्झनामा दिलाउने र तिनीहरूलाई आफ्नै मुखले त्यो पाप मानिलिने गराउने हेतुले गरेका थिए ...। उनले पहिले शिमोनलाई, र त्यसपछि बिन्यामिनलाई बन्दी राख्ने काम निपुणताको साथमा गरे। के कमाराको रूपमा बेचिएका आफ्ना भाइको गोहार गर्ने पुकाराहरूले र पुत्र-वियोगको शोकमा डुबेका आफ्ना बुबाका आँसुहरूले कतै तिनीहरूको हृदय असर पार्न सके त ? अचम्म, यूसुफले गरेको योजना सफल भयो ! धन्न, उनले तिनीहरूप्रति देखाएको कठोरता र दयापूर्ण व्यवहार दुवै मिलेर आफ्ना दाजुभाइहरूलाई बेचैनी तुल्याउन सके; अनि उनले तिनीहरूप्रति देखाएको दयाले तिनीहरूलाई पश्चात्तापमा डोऱ्याउन मद्दत गऱ्यो।' [32)]

यस दृश्यले हामीलाई यस घटनाको पूर्वझलक दिन्छ, जुन बेलामा बाँकी रहेका इस्राएलीहरूले येशू ख्रीष्टको मृत्युको सम्बन्धमा आफ्नो दोष मानिलिनेछन् र एकमात्र छोराको निम्ति विलाप गरेझैं ख्रीष्टको निम्ति विलाप गर्नेछन् (जकरिया १२:१०)।

**उत्पत्ति ४४:१८-३४ः** अब यहूदाको कुरा आयोः यूसुफको छेउमा उभेर तिनले उनलाई बिन्यामिनको सिलसिलामा समस्त बेलीबिस्तार सुनाइदिए, जस्तैः यूसुफ स्वयम्ले 'कान्छो भाइ यहाँ उपस्थित गराउनुपर्छ' भन्ने माग गरेको, अनि अझ पनि हराएको छोराको निम्ति शोकित भएका तिनीहरूका बुबाले 'बिन्यामिनलाई मिस्र देशमा नलैजाओ' भनेर यस योजनाको घोर विरोध गरेको, साथै यहूदा आफै कसरी बिन्यामिनको सुरक्षाको निम्ति जमानी बसेको, यो सबको सब उनलाई बताइदिए। अनि यदि तिनीहरू बिन्यामिनविना घर फर्के भने, तिनीहरूका वृद्ध बुबा अवश्य शोकले मर्नेछन् भन्ने कुरा यूसुफको सामु राखे। यसकारण 'बिन्यामिनको सट्टामा बरु म मिस्र देशमा बस्छु र हजुरको दास हुन्छु' भन्ने प्रस्ताव तिनले राखे।

यहूदाको हृदयभित्र कति ठूलो परिवर्तन आएको, हेर्नुहोस् ! सैंतीस अध्यायमा आफ्ना बुबाको हृदयलाई बढ़ी चोट लाग्नेछ भन्ने कुराको केही वास्ता नगरीकन तिनले आफ्नो फाइदा मात्र खोजेर दयामायाविना नै यूसुफलाई बेचेका थिए। अनि अठतीस अध्यायमा तिनी छलको काममा र व्यभिचारको पापमा संलग्न भए। तर त्यस समयदेखि परमेश्वरले तिनको हृदयमा काम गरिरहनुभएको थियो। यसकारण तिनी तिर्चालीस अध्यायमा बिन्यामिनको जमानी बने। अनि अहिले चवालीस अध्यायमा आएर तिनले बिन्यामिनको निम्ति अन्तर्विन्ती गरेर आफ्नो हृदय यूसुफको सामु पोखाए। बिन्यामिनलाई पनि गुमाइपठाएको शोकद्वारा आफ्ना बुबाको हृदयमा आघात नपुऱ्याऊँ भन्ने उद्देश्यले तिनले आफ्नो भाइको सट्टामा दासत्वमा बस्ने प्रण गरे। तिनी आफ्नो भाइलाई दासत्वमा बेचेको कुरादेखि अब आफ्नो भाइको निम्ति आफै दासत्वमा रहने इच्छासम्म पुगे; अनि तिनले अघि आफ्ना बुबाप्रति देखाएको निर्दय व्यवहारको सट्टामा अहिले उनको कुशलता चाहने निस्वार्थ त्याग र वास्ताले यहूदाको जीवनमा परमेश्वरको अनुग्रहको प्रगति कहाँसम्म पुग्यो, सो देखाउँछ।

### छ) उत्पत्ति ४५ः यूसुफले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरेका

**उत्पत्ति ४५:१-८ः** मेरो विचारमा, पवित्र बाइबलभरि योजस्तो हृदयस्पर्शी दृश्य अरू

कुनै पनि छैन होला। अब यूसुफले सबै कार्मचारीहरूलाई कोठादेखि बाहिर जाने आज्ञा गरे; त्यसपछि उनले आफूलाई आफ्ना दाजुभाइहरूकहाँ प्रकट गरे। यसो हुँदा उनले आफैलाई सम्हाल्न सकेनन्, तर उनी खूबै रोए। उनले आफूप्रति देखाएको तिनीहरूको दुर्व्यवहारको खातिर तिनीहरूलाई व्याकुल नहुने आश्वासन दिए; किनभने परमेश्वरले ती सबै कुराहरू भलाइकै निम्ति प्रयोग गरि- दिनुभएको थियो।

**उत्पत्ति ४५ः९-१५ः** उनले तिनीहरूलाई 'कनान देशमा फर्की गएर तिनीहरूले आफ्ना बुबालाई, आ-आफ्ना परिवारहरू र सबै धनसम्पत्ति ल्याएर अनिकालका बाँकी पाँच वर्षको निम्ति मिस्र देशको गोशेनमा बस' भन्ने सुझाव दिए। 'तिमीहरूले मिस्र देशमा मेरो सबै महिमाको विषयमा र तिमीहरूले देखेका सबै कुराहरूको विषयमा मेरा बुबालाई भन्नू!' यो एउटा आज्ञा हो, जुनचाहिँ हामी पालन गर्न सक्छौं, जब हामी परमेश्वरको सामु उहाँको अति प्रिय पुत्रको सर्वश्रेष्ठ महिमाको गुनानुवाद गर्छौं। यूसुफको हृदयमा वर्षौंदेखि आफ्नो परिवारसँग भेट्ने तिर्सना र तिनी- हरूप्रति भएको भ्रातृप्रेमका गहिरा फोहोराहरू त्यस बेलामा फुट्ट निस्केर आए; अनि उनले आफ्नो भाइ बिन्यामिनलाई अँगालो हाले र दाजुहरूलाई म्वाई खाए।

यस दृश्यले हामीलाई इस्राएलीहरूको यस खुसीयालीको समयको पूर्वदृष्टि दिन्छ, जुन समयमा क्रूसमा बलि हुनुभएको ख्रीष्ट येशू तिनीहरूकहाँ देखा पर्नुहुनेछ, र उहाँले आफैलाई तिनीहरूको अभिषिक्त राजाको रूपमा प्रकट गर्नुहुनेछ।

**उत्पत्ति ४५ः१६-२४ः** जब फाराओले यूसुफको घरमा भइरहेको कुरा थाह पाए, तब तिनले यूसुफका दाजुभाइहरूलाई 'कनानबाट तिमीहरूका बुबा र तिमीहरूका परिवार- हरूलाई ल्याओ, तर बोक्न नसक्ने गह्रौं सरसामानहरू छोड़िराख' भन्ने आदेश दिए; किनकि तिनीहरूलाई चाहिने सबै थोकको निम्ति मिस्र देशमै बन्दोबस्त गरिनेथियो। यसकारण फाराओले प्रबन्ध गरेका चारचक्के घोड़ागाड़ीहरू, साथै सुन्दर वस्त्रहरू, पशुहरू र यूसुफले पठाइदिएका खानेकुराहरू लिएर तिनीहरू कनान देशमा फर्के। बिन्यामिनले चाहिँ आफ्ना दाजुहरूले भन्दा बढ़ी उपहार पाएः चाँदीका तीन सय टुक्रा र पाँच जोड़ा वस्त्र। अनि यूसुफले आफ्ना दाजुभाइरूलाई घर फर्किरहेको बेलामा बाटोमा झगड़ा नगर्ने चेताउनी दिए; किनभने वर्षौंअघि तिनीहरूले उनलाई देखाएको त्यस दुर्व्यवहारले गर्दा तिनीहरूले एक-अर्कालाई दोष्याउँछन् कि भन्ने डर थियो।

**उत्पत्ति ४५ः२५-२८ः** अनि घरमा पुगेपछि तिनीहरूले याकूब आफ्ना बुबालाई सबै खबर सुनाए। शुरुमा उनले यो कुरा पत्याउन सकेनन्। तर जब उनले सम्पूर्ण वृत्तान्त सुने, र सरसामानले लादिएका गाड़ाहरू देखे, तब उनले यो कुरा वास्तविक रहेछ भन्ने चाल पाएः यूसुफ अझै जीवितै थिए, र अब बुबा-छोराको पुनर्मिलन सुनिश्चित थियो।

यस अध्यायमा यूसुफले पाँच पल्ट आफ्ना बुबाको चर्चा गरे। यस कुराले र तिनले आफ्ना दाजुभाइहरूलाई तिनीहरूको पाप सर्तरहित क्षमा गरेको कुराले तिनी कति ख्रीष्टतुल्य थिए, सो प्रकट गर्छ। हाम्रा प्रभु येशूमा भएको पिताप्रतिको प्रगाढ़ प्रेम र पिताको इच्छा पूरा गर्ने उहाँको ठूलो चाहनाले उहाँलाई यस धरतीमा आउने र हामी पापमा पतित भएका मानिसहरूको निम्ति मुक्तिको काम गरिसिद्ध्याउने प्रेरणा दिलायो। यूसुफमा भएको आफ्ना बुबाप्रतिको प्रेमचाहिँ यस ईश्वरीय प्रेमको तुलनामा एउटा धमिलो छाया मात्र हो।

**ज) उत्पत्ति ४६ः आफ्ना परिवारसँग यूसुफको पुनर्मिलन**

**उत्पत्ति ४६ः१-७ः** अब मिस्र देशको यात्रा शुरु भयो; अनि इस्राएल ऐतिहासिक ठाउँ बेर्शेबामा आइपुगे, जहाँ उनले समस्त यात्री-दललाई रोके र आफ्ना बुबा इसहाकका परमेश्वरलाई बलिहरू चढ़ाएर उहाँको उपासना गरे । । बेर्शेबाचाहिँ त्यही ठाउँ थियो, जहाँ इसहाकलाई बलिदान गर्ने सम्बन्धमा परमेश्वर अब्राहामकहाँ देखा पर्नुभएको थियो (उत्पत्ति २१ः३१-३२); अनि यही ठाउँमा परमेश्वर इसहाककहाँ पनि देखा पर्नुभएको थियो (उत्पत्ति २६ः२३-२४) । अनि अहिले यस घड़ीमा उहाँ याकूबकहाँ उनलाई उत्साह दिन फेरि देखा पर्नुभयो। अनि यो देखा-पराइचाहिँ उनको जीवनमा परमप्रभुको अन्तिम देखापराइ थियो; किनकि उहाँ उनको जीवनभरि उनीकहाँ सात पल्ट देखा पर्नुभयो । उत्पत्ति ४६ः४ पदमा *'अनि निश्चय नै म तिमीलाई फर्काएर ल्याउनेछु'* भन्ने प्रतिज्ञाले याकूब फेरि कनान देशमा फर्केर आउने रहेछन् भन्ने सङ्केत दिए जस्तै लाग्छ। तर वास्तवमा उनको मृत्यु मिस्र देशमा नै भयो । तर बुझ्नुहोस्ः यो प्रतिज्ञा दुई प्रकारले पूरा भयोः एक, उनको मृत शरीर कनान देशमा गाड़िन लगियो; अनि दुई, एक अर्थमा यहोशूको समयमा उनका भावी वंश कनान देशमा फर्केको बेलामा याकूब पनि फर्के। *'अनि यूसुफले आफ्नो हात तिम्रा आँखाहरूमाथि राख्नेछ'* भन्ने यस वाक्यांशले उनको शान्तिले पूर्ण मरण सङ्केत गरेको छ। यस विषयमा श्री बसिल एफ. सी. एटकिन्सले सुन्दर प्रकारले यसो भनेका छन्ः

> '... याकूबको मृत्यु भएको बेलामा यूसुफले आफ्ना बुबाका आँखाहरू बन्द गर्नेथिए। यसर्थ उनको मृत्यु हुने समयमा यूसुफ उनकै साथमा हुनेथिए। याकूबसँग गरिएको यो व्यक्तिगत प्रतिज्ञाको विषयमा यो याद गर्नुहोस्ः यस प्रतिज्ञाले उनले यूसुफको निम्ति शोकचिन्ता र विलाप गरेका धेरै वर्षहरूको क्षतिपूर्ति गर्ने-थियो। परमेश्वरले आफ्ना सेवकहरूको व्यक्तिगत खाँचोगाह्रोको निम्ति साँच्चै फिक्री गर्नुहुँदो रहेछ (१ पत्रुस ५ः७)।' [33)]

अनि यसरी याकूब आफ्ना सबै सन्तान-दरसन्तानहरूको साथमा, आफ्नो पशुधनको साथमा र आफ्ना घरेलु सरसामानको साथमा मिस्र देशमा पुगे ।

**उत्पत्ति ४६ः८-२७ः** यस खण्डमा हामी याकूब र उनका छोराहरूको वंशको विवरण पढ़्न पाउँछौं (उत्पत्ति ४६ः८-२७)। याकूबसँग मिस्र देशमा आएका परिवारका जम्मा छयसट्ठी सदस्यहरू थिए (उत्पत्ति ४६ः२६)। तर उत्पत्ति ४६ः२७ र प्रस्थान १ः५ पदहरूअनुसार सत्तरीजना थिए भने, प्रेरित ७ः१४ पदअनुसार पचहत्तरजना थिए। भिन्नै ठाउँमा भिन्नै अङ्कहरू लेखिएको कुराले बुझ्नुमा समस्या सृजना नगरेको होइन; त्यो हामी मानिलिन तायर छौं। तर यसको सबैभन्दा सरल व्याख्या यस प्रकारको छः याकूबको वंशको हिसाब उनका नजिक र टाढ़ा रहेका सन्तानहरू समावेश गरेको वा नगरेको लेखा लिएअनुसार तिनीहरूको कुल-शङ्ख्या पनि भिन्न निस्कन्छ नि ।

**उत्पत्ति ४६ः२८-३४ः** इस्राएल र यूसुफको ऐतिहासिक भेट गोशेनमा भयो। अनि गोशेनचाहिँ नील नदीको मुखभूमिमा अवस्थित भएको मिस्र देशको सबैभन्दा मलिलो र फलाइलो भूमि थियो। याकूब र उनका छोराहरूले त्यहाँ बस्न रुचाए; किनकि त्यहाँ उनीहरूका गाईवस्तुको निम्ति सर्वोत्तम चरन थियो। हो, याकूब र उनका छोराहरू गोठालाहरू थिए; अनि मिस्रीहरूले गोठाला-हरूलाई घृणित दृष्टिले हेर्ने हुनाले फाराओले उनीहरूलाई गोशेनमा राजमहलदेखि टाढ़ा बस्न दिए। अनि त्यहाँ, गोशेनमा उनीहरू

मिस्री समाजदेखि अलग हुनेथिए; किनभने उनीहरूको जात अलग र उनीहरूको पेसा घृणित थियो (उत्पत्ति ४३ः३२)। उनीहरू परमेश्वरले उनीहरूका पितापुर्खाहरूसँग प्रतिज्ञा गर्नुभएको देश कब्जा गर्न सक्ने बलियो राष्ट्र नहोउन्जेल उहाँले उनीहरूलाई गोशेनमा यस असल, फलाइलो वातावरण-भित्र राखिछोड्नुभयो।

**झ) उत्पत्ति ४७ः मिस्र देशमा भएको यूसुफको परिवार**

**उत्पत्ति ४७ः१-६ः** जब यूसुफका पाँचजना दाजुहरूले फाराओलाई 'हामी गोठाला हौं' भनेर भने, तब तिनीहरूले चिताएअनुसार फाराओबाट प्रतिक्रिया आयोः तिनले तिनीहरूलाई गोशेनमा भएका हरिया-भरिया, मलिला खर्कहरूमा बस्न लगाए। यसबाहेक फाराओले यूसुफलाई उनका दाजुभाइहरूको बीचबाट कोही सुयोग्य व्यक्तिहरू भए यिनीहरूलाई शाही बथान-हरूको जिम्मा दिन लगाए।

**उत्पत्ति ४७ः७-१२ः** यूसुफले आफ्ना बुबालाई फाराओको सामु उपस्थित गराए। त्यस बेलामा उनी एक सय तीस वर्ष पुगेका थिए। याकूबले फाराओलाई आशीर्वाद दिएको कुराबाट के बुझिन्छ भने, यी वृद्ध यहूदी मानिसचाहिँ मिस्र देशको राजाभन्दा महान् थिए; किनकि सानोले ठूलोबाट आशीर्वाद पाउँछ (हिब्रू ७ः७)। याकूबको आफ्ना शब्दअनुसार उनको जीवनका वर्षहरू थोरै र कष्टदायक थिए। वास्तवमा उनको प्रायः सबै दुःखको जिम्मेवार उनी आफै थिए। यूसुफले आफ्ना परिवारकाहरूलाई मिस्र देशको सबैभन्दा असल ठाउँमा बसोबास गर्न लगाए र तिनीहरूको निम्ति सबै प्रकारको बन्दोबस्त पनि गरिदिए। तिनीहरूको जीवन साँच्चै नै भरपूर जीवन थियो।

**उत्पत्ति ४७ः१३-२३ः** जब मिस्र देश र कनान देशका मानिसहरूको सबै रुपियाँ-पैसा सिद्धियो, तब यूसुफले तिनीहरूका पशुहरू मोल तिरेर किने। त्यसपछि मिस्र देशका पूजाहारीहरूको जमिन छोड़ेर उनले सबै मानिसहरूका जग्गाजमिनहरू पनि किने। मानिसहरूको जमिनको सट्टामा उनले तिनी-हरूलाई तिनीहरूका बारीहरूमा छर्नको निम्ति अन्नको बीउ दिए; अनि उनले मानिसहरूबाट तिनीहरूको उब्जनीको पाँचौं भाग तिरोको रूपमा फाराओलाई दिने आदेश गरे – यो एक न्यायसङ्गत कारोबार थियो।

**उत्पत्ति ४७ः२७-३१ः** जब इस्राएल आफ्नो जीवनको अन्तिम घड़ीमा आइपुगे, तब उनले यूसुफलाई 'मेरो मृत शरीर कनान देशमा दफन गर' भन्ने प्रतिज्ञा गर्न लगाए। त्यसपछि उनले आफ्नो शिर पलङको सिरानमा झुकाए अथवा हिब्रू ११ः२१ पदअनुसार आफ्नो लहुरोको टुप्पोमा अड़ेस लाएर दण्डवत् गरे। हिब्रू भाषाको व्यञ्जन वर्णको नियमअनुसार यो शब्द 'खाट' या 'लौरो' पढ्न सकिन्छ; यसको अर्थ जोड़िएका स्वरवर्ण चिन्हहरूमाथि निर्भर गर्दछ। हिब्रूको परम्परागत पाण्डुलिपिमा खाट लेखिएको छ, तर 'सेप्टवजिन्ट'अनुसार हिब्रूको पुस्तकमा 'लहुरो' लेखिएको हो। यस सम्बन्धमा श्री डेरेक किड्नरले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'उत्पत्ति ४८ः२ पदमा दुवै संस्करणहरूको "खाट" भन्ने शब्द छ भने, यहाँ यसको भूमिका अर्को छः यहाँ याकूबको अन्तिम बिरामी अवस्थाभन्दा अघिको कुरा छ (उत्पत्ति ४८ः१)। यसकारण यहाँ "लहुरो" नै यसको सठीक शब्द हुन्छ होला; किनभने तब त्यो लहुरोचाहिँ याकूबको प्रवासी जीवनको उचित प्रतीक हुनेथियो (उत्पत्ति ३२ः१० पदमा उनका कृतज्ञाताले पूर्ण शब्दहरूमाथि ध्यान दिनु-होस्!); तब नयाँ नियमको यस खण्डमा लहुरो

भन्ने शब्द कहाँबाट आयो र त्यसले कसरी त्यहाँ आफ्नो ठाउँ पायो, सो कुरा तत्कालै स्पष्ट बुझिनेथियो।' 34)

अनि यसरी नै याकूब ती भूतपूर्व ठगले परमेश्वरलाई दण्डवत् गरेर आफ्नो जीवन अन्त्याए। अनि हिब्रूको पुस्तकको एघार अध्यायमा भएको विश्वासका शूरवीरहरूको सूचिमा केवल याकूबको नाम छ, जसले परमेश्वरको उपासकको रूपमा एउटा सुनाम कमाए। परमेश्वरको अनुग्रहले उनलाई उनको जीवनको लामो यात्रामा साथ दियो; अनि अब चाँड़ै उनी उज्ज्वल महिमाको तेजले सुशोभित भई यस धरती छोड़ेर परलोकमा पुग्नेथिए।

**ञ) उत्पत्ति ४८: याकूबले यूसुफका छोराहरूलाई आशीर्वाद दिएका**

**उत्पत्ति ४८:१-७:** जब यूसुफले आफ्ना बुबा बिरामी भएका खबर पाए, तब उनी तुरुन्तै आफ्ना दुईजना छोराहरू एप्रैम र मस्सेलाई साथमा लिएर ओछ्यानमा पड़िरहेका आफ्ना बुबाकहाँ पुगे। मर्न लागेका याकूबले पलङ्मा बसेर आफ्ना दुईजना नातिहरूलाई आफ्नै छोराको रूपमा अपनाए। यसो गरेर उनले भविष्यमा इस्राएलका सबै कुलहरूले आ-आफ्नो उत्तराधिकारको भाग पाउने बेलामा यूसुफको कुलले कनान देशको दोबर भाग पाउने प्रबन्ध मिलाए। यसरी नै यूसुफले जमिनको हिसाबमा जेठाक अर्थात् ज्येष्ठ-अधिकारको भाग हासिल गरे। अनि जुन सन्तानहरू अबदेखि उसो यूसुफको निम्ति जन्मिनेथिए, ती सन्तानहरू याकूबका होइन, तर यूसुफकै हुनेथिए; अनि यूसुफका ती भावी सन्तानहरूचाहिँ एप्रैम र मनस्सेलाई मञ्जुर गरिएका भागहरूको साँधसिमानाभित्र रहनेथिए। याकूबले यूसुफका ती दुईजना छोराहरूलाई आफ्नै छोराहरू तुल्याउन चाहेको कारण के थियो, सो कुरा उत्पत्ति ४८:७ पदले बताउँछ। यूसुफका ती दुईजना छोराहरू उनकी अति प्रिय मानिएकी पत्नी राहेल-बाटका नातिहरू थिए, जुन राहेलको असामयिक मृत्यु भएको थियो।

**उत्पत्ति ४८:८-२२:** तब याकूबले आफ्ना नातिहरूलाई आशीर्वाद दिए। यसो गर्दा उनले जेठाक अर्थात् ज्येष्ठ-अधिकारको भाग यूसुफका कान्छो छोरा एप्रैमलाई दिए। यसको विषयमा यूसुफले आफ्ना बुबालाई सुधार गर्न चाहे; किनभने मनस्सेचाहिँ उनको पहिले जन्मेको छोरा थिए, जसको निम्ति यूसुफले कृपादृष्टि पाउन खोजे। तर याकूबले यो काम जानी-बुझी गरेका रहेछन्। उनले विश्वासद्वारा कान्छालाई आशीर्वाद दिँदाखेरि उनको मनमा कस्ता-कस्ता सम्झनाहरू ओरिए होलान्? वर्षौंअघि उनका बुबाले अनजानमा उनलाई, जो कान्छा थिए, आशीर्वाद दिएका थिए। तर यस घड़ीमा याकूबले अनजानमा कान्छालाई आशीर्वाद दिएनन्; किनभने उनको घनिष्ठ सम्पर्क उही परमेश्वरसँग रहेको थियो, जुन परमेश्वरको हातमा भविष्य रहेको थियो। इस्राएलका भावी सन्तानहरू एकदिन भविष्यमा प्रतिज्ञाको देशमा फर्कनेछन् भन्ने निश्चित विश्वास उनमा थियो। याकूबले यूसुफलाई एमोरीहरूबाट जितेर लिएका पहाड़ी क्षेत्र दिए। हुन सक्छ, यस क्षेत्रमा त्यो इनार थियो, जुन इनार पछिबाट 'याकूबको इनार' भन्ने नामले चिनिन्थ्यो (यूहन्ना ४:५)।

**ट) उत्पत्ति ४९: आफ्ना छोराहरूको सम्बन्धमा याकूबको भविष्यवाणी**

**उत्पत्ति ४९:१-२:** याकूबका अन्तिम शब्दहरू उत्पत्ति ४९:१ पदअनुसार एउटा भविष्यवाणी थिए भने, उत्पत्ति ४९:२ पदअनुसार ती शब्दहरू एउटा आशीर्वाद थिए।

**उत्पत्ति ४९:३-४:** रूबेन याकूबको सबैभन्दा पहिले जन्मेको जेठा छोरा थिए, जो

आफ्ना बुबाको पुरुषार्थी बलको पहिलो फल थिए र जसले अधिकार र मर्यादाको स्थान पाएका थिए। ज्येष्ठ-अधिकार तिनको थियो; यसर्थ उत्तराधिकारका दुई भागरूपी जेठाक तिनकै हुनेथियो। तर तिनले अशुद्ध कामवासनाले प्रेरित भएर आफ्नै बुबाकी उपपत्नी बिल्हासँग व्यभिचारको पाप गरे, र यसरी नै आफ्नो प्रमुख स्थान गुमाइपठाए (उत्पत्ति ३५ः२२)।

**उत्पत्ति ४९ः५-७ः** शिमोन र लेवीचाहिँ यी दुईजना दाजुभाइहरू थिए, जसले शेकेमका मानिसहरूलाई निर्दयतापूर्वक हत्या गरे। अनि मनपरी गर्ने चालमा तिनीहरूले एउटा गोरुको ढोड़-नसा काटिदिए। तिनीहरू याकूबमा बाँड़िनेथिए र इस्राएलमा तितरबितर हुनेथिए। इस्राएलीहरूको दोस्रो जनगणनामा यी दुई कुलहरू सबैभन्दा अल्प सङ्ख्यामा थिए (गन्ती २६ः)। यो भविष्यवाणी यहोशू १९ः१-९ पदको खण्डमा पनि पूरा भएको देखिन्छ, जब यहूदा-कुलले शिमोन-कुललाई आफ्नो अधिकारको भागभित्र राखे; अनि लेवी-कुललाई देशभरि जम्मा अठचालीस शहरहरू अधिकारको भागको रूपमा दिइए। याकूबले यी दुईजनाको डरलाग्दो रिस र निष्ठूर क्रोध सरापे, तर यी दुईवटा कुलहरूका मानिसहरूलाई होइन।

**उत्पत्ति ४९ः८-१२ः** यहूदाको अर्थ प्रशंसा हो। यसैले तिनले आफ्ना दाजुभाइ-हरूबाट प्रशंसा पाउनाको साथै तिनलाई आदर पनि मिल्नेथियो; किनकि तिनले आफ्ना सबै शत्रुहरूमाथि विजय हासिल गर्नेथिए। तिनी एउटा जवान सिंहजस्तै हुन्, जो आफ्नो शिकार मार्न निस्किजान्छन् र फर्केर आउँछन्; कसैले भङ्ग गर्न नसक्ने गरी तिनले विश्राम लिनेथिए। जसरी यूसुफले जमिनको हिसाबले ज्येष्ठ-अधिकार पाए, ठीक त्यस्तै यहूदाले शासन-अधिकाररूपी ज्येष्ठ-अधिकार पाए। शीलोको अर्थात् ख्रीष्टको आगमन नहोउन्जेल यहूदा-कुलसित शासन-अधिकार रहिरहनेथियो, अनि उहाँमा सो सत्ता सदा-सर्वदाको निम्ति स्थिर रहिरहनेथियो। ख्रीष्टको शासनकालमा उहाँका प्रजाहरूले राजीखुशीसाथ उहाँको आज्ञापालन गर्नेछन्। 'शीलो' नामको अर्थ स्पष्ट छैन। कसै-कसैले यस प्रकारका सुझाउहरू दिएका छन्ः 'शान्तिको राजकुमार', 'शान्त', (यहूदाको) 'सन्तान' , 'तिनको वंशज', 'यो तिनको हो' इत्यादि (इजकिएल २१ः२७ पदसँग तुलना गर्नुहोस्!)।

**उत्पत्ति ४९ः१३ः** जबूलूनले समुद्री व्यापार-वाणिज्यद्वारा प्रशस्त समृद्धि उपभोग गर्नेथिए। पुरानो नियमका समयहरूमा यस कुलको साँधसिमाना कहिल्यै समुद्रको छेउमा भएको थिएन, तर भूभागले घेरिएको हुनाले हुन सक्छ, यसको खास सन्दर्भ ख्रीष्ट येशूको हजार वर्षको राज्य हुनुपर्ला।

**उत्पत्ति ४९ः१४-१५ः** इस्साकार एउटा बलियो गधाजस्तो हो, जुन गधा मनोहर खर्कहरूरूपी वातावरणमा बस्न सन्तुष्ट हुनेथियो। यिनीसँग स्वतन्त्रताको निम्ति लड़ाइँ गर्ने इच्छा नभएको कारणले शत्रुको जुवा यिनीमाथि रहिरहनेथियो।

**उत्पत्ति ४९ः१६-१८ः** दान आफ्नो नामअनुसार मानिसहरूको न्याय गर्दै व्यस्त रहनेथिए। उत्पत्ति ४९ः१७ पदको अर्थ लाउन हामीलाई निक्कै कठिन पर्छ। हुन सक्छ, यस कुराले दानले इस्राएली जातिलाई मूर्तिपूजाको परिचय दिलाउनेथिए भन्ने सङ्केत गर्ला, जुन मूर्तिपूजाचाहिँ यस राष्ट्रलाई पतित गराउनेथियो (न्यायकर्ता १८ः३०-३१)। तर धेरैजनाको विचार यस प्रकारको छः यो पद दान-कुलबाट ख्रीष्ट-विरोधी निस्किआउने अस्पष्ट सन्दर्भ-पद हो। यसकारण १ इतिहास २ः३ र ८ः४०, साथै प्रकाश ७ः३-८ पदको खण्डमा दान-कुलको नाम हराएको छ अरे।

*'हे परमप्रभु, तपाईंको उद्धारको निम्ति म पर्खेर बसेको छु।'* यहाँ, उत्पत्ति ४९:१८ पदमा बीचमा आएर याकूबले कि त आफ्ना जनहरूको छुटकाराको निम्ति, कि त आफ्नो छुटकाराको निम्ति प्रार्थना गरे।

**उत्पत्ति ४९:१९:** गादचाहिँ यर्दनदेखि पारि, पूर्वमा आफ्नो सिमानाभित्र असुरक्षित रहनेथियो; यसकारण उसमाथि बारम्बार शत्रुहरूको हमलामाथि हमला आइपर्नेथियो। तर अन्तमा यस कुलले आफ्ना शत्रुहरूका सेनाहरू कुल्चीमिल्ची पार्नेथियो।

**उत्पत्ति ४९:२०:** आशेरको अर्थ 'खुशी' हो। यस कुलले खेतीपातीको निम्ति मलिलो भूमि पाउनेथियो, जसबाट तिनीहरूले राजाको निम्ति स्वादिष्ठ-स्वादिष्ठ खानेकुराहरू तयार गर्नेथिए। आशेरको निम्ति यो एउटा खुशीको कुरा थियो।

**उत्पत्ति ४९:२१:** नप्ताली बन्धनबाट छोड़िएको मृगीजस्तो हुँदा रहेछन्। खुशीले उफ्री-उफ्री यिनले हतार-हतारसँग शुभ सन्देश फैलाउनेथिए। याद रहोस्: प्रभु येशूलाई धोका दिने यहूदा इस्करयोतीबाहेक उहाँका अरू सबै चेलाहरू नप्तालीबाट आए; अनि प्रभु येशूको सेवकाइको अधिक भागचाहिँ यस क्षेत्रमा भएको थियो (मत्ती ४:१३-१६)।

**उत्पत्ति ४९:२२-२६:** यूसुफचाहिँ एउटा फलवन्त हाँगा थिए, जुन हाँगाका मुनाहरूले एप्रैम र मनस्सेका सिमानाहरू अङ्गाल्नेथिए, अनि जुन हाँगाले आफ्ना आशिषहरू आफ्नो सिमानादेखि बाहिर पनि, अँ, टाढ़ो-टाढ़ोसम्म पठाउनेथियो। उनी तिक्त शत्रुताको निशाना बने, तरै पनि उनले हरेस खाएनन्; किनभने याकूबका सर्वशक्तिमान् परमेश्वरले उनलाई बलियो तुल्याउनुभएको थियो। उहाँबाट यी गोठाला, इस्राएली जातिको चट्टान आउनुहुनेथियो, जुन गोठाला र जुन चट्टानचाहिँ मसीह राजा हुनुहुन्छ। परमेश्वरले यूसुफलाई प्रशस्त झरी पठाउनुहुनेथियो, धेरै इनारहरू र उम्रिरहने पानीका मूलहरू, साथै असंख्य सन्तानहरू दिनुहुनेथियो। याकूबको विचारमा, उनी आफै आफ्ना पितापुर्खाहरूको तुलनामा बढ़ी आशिषित थिए। यहाँ आएर यो उनको विनम्र स्वीकार थियो। तर अबचाहिँ उनले पाएका आशिषहरू सरेर उनको छोरा यूसुफमाथि आउनुपर्नेथियो, जो आफ्ना दाजुभाइहरूदेखि अलग पारिएका थिए।

**उत्पत्ति ४९:२७:** अन्तमा बिन्यामिनको कुरा आयो: बिन्यामिनचाहिँ लड़ाकुहरूको कुल थियो; तिनीहरूले निरन्तर विजयमाथि विजय हासिल गर्नेथिए र लुटको माल आपसमा बाँड्नेथिए। एकजना अज्ञात भाइको भनाइअनुसार बिन्यामिनले आफूचाहिँ अरू सबै कुलहरूभन्दा साहसी, लड़ाकु कुल थियो भन्ने कुरा प्रमाणित गरे।

**उत्पत्ति ४९:२८-३३:** अन्तमा, याकूबले आफ्ना छोराहरूलाई आफ्नो मृत शरीरको विषयमा यसो भन्दै आदेश दिए: 'मलाई हेब्रोनमा, मेरो घरको छेउमा भएको मक्पेलाको ओड़ारमा दफन गर, जहाँ अब्राहाम र सारा, इसहाक र रिबेका अनि लेआ पनि दफन गरिएका थिए।' त्यसपछि उनी आफ्नो पलङमा फेरि पल्टे, र उनले अन्तिम श्वास फेरे।

### ठ) उत्पत्ति ५०: मिस्र देशमा याकूबको मृत्यु र त्यसपछि यूसुफको मृत्यु

**उत्पत्ति ५०:१-१४:** याकूबको मृत्युमा मिस्रीहरूले पनि सत्तरी दिनसम्म शोक गरे। राजकीय वैद्यहरूले उनको मृत शरीरमा सुगन्धित द्रव्य लगाए। त्यसपछि फाराओले यूसुफलाई शव-यात्रामा भाग लिने अनुमति दिए; यसरी तिनले मिस्रका भारादारहरू, आफन्तहरू र नोकरचाकरहरूको ठूलो मलामीको समूहको साथ आफ्ना बुबाको मृत शरीर कनान देशमा लैजान पाए। यर्दनको

पूर्वपट्टि आइपुगेपछि तिनीहरूले त्यहाँ रोके र त्यस ठाउँमा सात दिनसम्म यति गहिरो प्रकारले शोक-विलाप गरे, कि कनानीहरूले त्यस ठाउँको नाम 'आबेल-मिस्रैम' राखे। 'आबेल-मिस्रैम'को अर्थ 'मिस्रीहरूको विलाप' हो। अनि मक्पेलामा आफ्ना बुबाको मृत संस्कार गरेपछि यूसुफ आफ्नो यात्री-दलको साथ मिस्र देशमा फर्के।

**उत्पत्ति ५०:१५-२१:** याकूबको मृत्युपछि यूसुफका दाजुभाइहरू उनीसँग डराए; किनकि अबचाहिँ उनले मौका छोपेर तिनीहरूले वर्षौंअघि उनीमाथि गरेका दुर्व्यवहारको साटो फेर्छन् कि भन्ने तिनीहरूले सम्भे। यसकारण तिनीहरूले उनीकहाँ निम्न खबर पठाए: 'हाम्रा पिताजीको वचनअनुसार उहाँको अन्तिम इच्छा यस प्रकारको छः तिमीले हामीलाई क्षमा दिनुपर्छ।' तब उनले तिनीहरूलाई भने: 'म तिमीहरूको खराबी साटो फेर्नेछैनँ र तिमीहरूको न्याय पनि गर्नेछैनँ; त्यो परमेश्वरको काम हो; तिमीहरू डराउनुपर्दैन।' अब यूसुफको स्मरणयोग्य शब्द सुन्नुहोस्: *'तिमीहरूले चाहिँ मेरो विरोधमा खराबी गर्ने विचार गर्‍यौ, तर यसैमा परमेश्वरले भलाइ गर्ने विचार गर्नुभयो।'*

**उत्पत्ति ५०:२२-२६:** कुरा स्पष्ट छः याकूबका बाह्र छोराहरूमध्ये यूसुफचाहिँ पहिले मरे। उनको मृत्यु उनका बुबाको मृत्युभन्दा चवन्न वर्षपछि भएको थियो। हिब्रू ११:२२ पदमा यूसुफको विश्वासको गुणगान गरिएको छ; किनभने उनीसँग 'परमेश्वरले इस्राएलीहरूलाई कनान देशमा फर्काइ-लैजानुहुनेछ' भन्ने विश्वास थियो। यसकारण उनले आफ्ना हड्डीहरूको विषयमा 'मेरा हड्डीहरू कनान देशमा गाड़' भन्ने आदेश दिए।

कसैले आफ्नो तर्क यस प्रकारले पेश गरे: 'उत्पत्तिको पुस्तक परमेश्वरको सिद्ध सृष्टिदेखि शुरु भयो, तर अब मिस्र देशमा लास हाल्ने कफिनको वर्णन दिएर त्यसको अन्त भएको छ।' उत्पत्तिको पुस्तकचाहिँ विभिन्न मानिसहरूको जीवनीहरूले भरिएको पुस्तक हो। त्यसका दुईवटा अध्यायहरूमा आकाश र पृथ्वी सृष्टि गरिएको वृत्तान्त छ; तर त्यसका बाँकी अठचालीस अध्यायहरूमा पुरुष र स्त्रीहरूका जीवनीहरू हालिएका छन्; किनभने परमेश्वर मानिसहरूमा चासो राख्नुहुन्छ। मानिसहरू उहाँको प्राथमिकता हुन्छन्। के तपाईं उहाँलाई चिन्नुहुन्छ? तब यो उक्त कुरा अवश्य तपाईंको निम्ति ठूलो सान्त्वनाको कारण बन्छ, साथै यस कुराले निश्चय तपाईंलाई चुनौती पनि दिन्छ।

## ENDNOTES:


1) **Introduction:** Anton Hartmann (1831). See Merrill F. Unger, *Introductory Guide to the Old Testament*, p. 244.
2) **Introduction:** See, e.g., Gleason Archer, *Archaeology and the Old Testament*.
3) **1:2:** Others put the catastrophe before v. 1 and see v. 1 as a summary statement.
4) **1:2:** However, the Hebrew verb *hayah* usually is followed by the preposition *le* when it means ‘‘become,” and that is not the case here.
5) **2:15–23:** Hebrew has only two tenses (plus participles): perfect and imperfect. Context determines the precise verb form that is best in translating into English.
6) **3:7–13:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 33.
7) **3:22–24:** Merrill F. Unger, *Unger's Bible Dictionary*, p. 192.
8) **4:7:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 42.
9) **4:7:** F. W. Grant, *"Genesis," The Numerical Bible*, I:38.
10) **5:25–32:** George Williams, *The Student's Commentary on the Holy Scriptures*, p. 12.
11) **6:4-5:** Merrill F. Unger, *Bible Dictionary*, p. 788.
12) **11:26–32:** Derek Kidner, *Genesis*, p. 112.
13) **15:7–21:** David Baron, *The New Order of the Priesthood*, pp 9–10 footnote.
14) **16:7–15:** F. Davidson, *The New Bible Commentary*, p. 90.
15) **Excursus:** Bennett J. Sims, *"Sex and Homosexuality," Christianity Today*, February 24, 1978, p. 29.
16) **22:16–19:** Charles F. Pfeiffer, *The Book of Genesis*, p. 6.
17) **24:1–9:** Ibid., p. 62.
18) **24:10–14:** Murdoch Campbell, *The Loveliest Story Ever Told*, p. 9.
19) **25:29–34:** D. L. Moody, *Notes From My Bible*, p. 23.
20) **26:1–6:** The word dwell in verse 3 is a different verb in Hebrew from that in verse 6 and suggests a less settled stay.
21) **26:26–33:** George Williams, *Student's Commentary*, p. 31.
22) **27:1–22:** Martin Luther, further documentation unavailable.
23) **27:1–22:** C. H. Mackintosh, *Genesis to Deuteronomy*, p. 114.
24) **28:10–19:** H. D. M. Spence and J. S. Exell, *"Genesis," in 'The Pulpit Commentary'*, pp. 349–50.
25) **31:1–18:** W. H. Griffith Thomas, *Genesis: A Devotional Commentary*, p. 288.
26) **31:19–21:** Merrill F. Unger, *Bible Dictionary*, p. 550.
27) **32:22–32:** Charles F. Pfeiffer, *The book of Genesis*, p. 80.
28) **37:1–17:** Arthur W. Pink, *Gleanings in Genesis*, pp. 343–408.
29) **38:1–11:** Arthur W. Pink, *Gleanings in Genesis*, pp. 343–408.
30) **38:24–26:** Walter C. Wright, *Psalms*, II:27.
31) **38:27–30:** Griffith Thomas, *Genesis*, p. 366.

**32) 44:14–17:** George Williams, *Student's Commentary*, p. 39.
**33) 46:1–7:** Basil F. C. Atkinson, *The Pocket Commentary of the Bible, The Book of Genesis*, p. 405.
**34) 47:27–31:** Derek Kidner, *Genesis*, p. 212.

## BIBLIOGRAPHY

Atkinson, Basil F. C. The Pocket Commentary of the Bible. The Book of Genesis. Chicago: Moody Press, 1957.

Campbell, Murdoch. The Loveliest Story Ever Told. Inverness: Highland Printers Ltd., 1962.

Grant, F. W. Genesis in the Light of the New Testament. New York: Loizeaux Bros. Inc., n.d.

_____. "Genesis." In The Numerical Bible, Vol. 1. Neptune, NJ: Loizeaux Brothers, 1977.

Keil, C. F. and Delitzsch, F. "Genesis." In Biblical Commentary on the Old Testament, Vol. 3. Grand Rapids: Wm. B. Eerdmans Publishing Company, 1971.

Kidner, Derek. Genesis. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1973.

Pfeiffer, Charles F. The Book of Genesis. Grand Rapids: Baker Book House, 1976.

Pink, Arthur W. Gleanings in Genesis. Chicago: Moody Press, 1922.

Ross, Allen P. "Genesis." In The Bible Knowledge Commentary. Wheaton: Victor Books, 1985.

Spence, H. D. M., and Exell, J. S. "Genesis." In The Pulpit Commentary, Genesis. New York: Funk and Wagnalls, n.d.

Thomas, W. H. Griffith. Genesis: A Devotional Commentary. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1973.

Yates, Kyle M., Sr. "Genesis." In The Wycliffe Bible Commentary. Chicago: Moody Press, 1968.